# दंगीशरण गाउँपालिकाको आवधिक विकास योजना

## Periodic Development Plan of Dhangisharan Rural Municipality

२०७८/०७९–२०८३/८४

# अन्तिम प्रतिवेदन

## FINAL REPORT


**आर्थिक तथा प्राविधिक सहयोग**

प्रदेश प्रशिक्षण प्रतिष्ठान

नेपालगंज, बाँके

लुम्बिनी प्रदेश,

**प्राविधिक सहजिकरण**

स्ट्रेन्थ इन्जिनियरिङ्ग कम्पनि प्रा.लि.

पुरानो बानेश्वर, काठमाडौं, नेपाल

२०७९ असार

## आभार

प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगंजले आवधिक विकास योजना तर्जुमा गर्ने गहन जिम्मेवारीपूर्ण कार्य प्रदान गर्नु भएकोमा यस प्रतिष्ठान कार्यालय, लुम्बिनी प्रदेश, नेपालगंज, नेपाललाई आवधिक योजना कार्यदल हार्दिक आभार प्रकट गर्दछ ।

यस आवधिक विकास योजना तर्जुमाको शिलशिलामा आफ्ना अमूल्य समय दिई सम्पूर्ण भेलाहरुमा, वडा गाउँ भेलाहरुमा उपस्थित भई दिनु हुन सम्पूर्ण दंगीशरणपालिका वासीहरु प्रति यस आवधिक योजना कार्यदल सम्पूर्ण गुनासो, राय, सुझाव तथा प्रतिकृयाहरुको हार्दिकता साथ स्वागत एवंम आशा गर्दछौँ ।

अन्त्यमा यस आवधिक विकास योजना तर्जुमाको शिलशिलामा आवश्यक तथ्याङ्क तथा सूचना प्रदान गरी सहयोग गरिदिनु हुन सम्पूर्ण कार्यालय, कर्मचारी लगायतका सम्पूर्ण महानुभाव प्रति हार्दिक अनुरोध प्रकट गर्दछौँ ।

आवधिक विकास योजना तर्जुमा कार्यदल

स्ट्रेन्थ इन्जिनियरिङ्ग कम्पनि प्रा.लि.

काठमाण्डौ, नेपाल

# विषय सूची

१.१ पृष्ठभूमि ........ १

१.१.१ आवधिक विकास योजना तर्जुमाको परिचय ........ ३

१.२ आवधिक योजना तर्जुमाको उद्देश्य ........ ४

१.३ आवधिक विकास योजना तर्जुमा प्रक्रिया ........ ४

१.३.१ सन्दर्भ सामग्रीको अध्ययन ........ ४

१.३.२ वहुसरोकारवालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण ........ ५

१.३.३ वडागत छलफल ........ ५

१.३.४ तथ्याङ्क संकलन तथा GIS Mapping ........ ६

१.३.५ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी ........ ७

१.३.५.२ आवधिक विकास योजनाको खाका सहित भू-उपयोग तथा विविद्य शहरीकरण ........ ७

१.३.६ विषयगत समिति बैठक कार्यशाला ........ ८

१.३.७ प्रमाणीकरण कार्यशाला ........ ८

सम्पन्न भेला तथा गोष्ठी ........ १०

१.३.८ अन्तिम प्रतिवेदन पेश ........ १०

अध्याय २ गाँउपालिकाको विकासको विद्यमान स्थिती र उपलब्धिको समीक्षा ........ ११

२.१ गाँउपालिकाको परिचय ........ ११

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ........ ११

२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा ........ १३

२.१.३ जनसांख्यिक अवस्था ........ १४

२.२ आर्थिक बिकास अवस्था ........ १६

२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ १७

२.२.३.उद्योग, व्यापार व्यवसाय र आपूर्ति ........ १९

२.२.४ आम्दानी, रोजगारी र वित्तिय सेवा ........ २०

२.२.५ सहकारी ........ २१

२.३ सामाजिक बिकास ........ २१

२.३.१ स्वास्थ्य तथा पोषण ........ २१

**२.३.२ शैक्षिक बिकास** ............ २३

**२.३.३ खानेपानी तथा सरसफाइ** ............ २५

**२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था** ............ ३१

२.४.१ सडक पुल तथा यातायात ............ ३१

**२.४.२ विद्युत तथा बैकल्पिक ऊर्जा** ............ ३४

**२.४.३ सूचना सञ्चार तथा प्रविधि** ............ ३६

**२.४.५ बस्ति, आवास, भवन तथा सार्वजनिक निमार्ण** ............ ३६

**२.५ वन, वातावरण तथा विपद जोखिम न्यूनिकरण र व्यवस्थापनको अवस्था** ............ ३७

**२.५.१ वन तथा जैविक विविधता** ............ ३७

**२.५.२ भू- संरक्षण तथा जलाधार व्यवस्थापन** ............ ३८

**२.५.३ महामारी तथा विपद व्यवस्थापन** ............ ४०

अध्याय ३ सोच तथा विकासको अवधारणा ............ ४३

**३.१ पृष्ठभूमी** ............ ४३

**३.२ प्रमुख समस्या तथा चुनौती** ............ ४३

**३.३ प्रमुख सम्भावना तथा अवसर** ............ ४५

**३.४ सोच, लक्ष्य तथा उद्देश्य** ............ ४६

**३.४.१ दीर्घकालीन सोच (दूरदृष्टि)** ............ ४७

**३.४.२ समष्टिगत लक्ष्य** ............ ४७

**३.४.३ समष्टितग उद्देश्य** ............ ४८

**३.४.४ विकासका मुख्य चालकहरु** ............ ४९

**३.५ परिमाणात्मक तालिका** ............ ५०

**३.६ रणनीति तथा प्राथमिकता** ............ ५४

**३.७ लगानी, स्रोत, अनुमान र बाडँफाट** ............ ५५

अध्याय चार आर्थिक क्षेत्र ............ ५७

**४.१ कृषि तथा पशुपन्छी** ............ ५७

**४.१.१ पृष्ठभूमी** ............ ५७

**४.१.२ समस्या तथा चुनौती** ............ ५८

**चुनौती** ............ ५९

**४.१.३ संभावना तथा अवसर** ............ ५९

**४.१.४ लक्ष्य ,उद्देश्य, रणनीति कार्यकम तथा आयोजना** ............ ६०

रणनीति र कार्यनीति ........ ६०

४.१.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ६४

४.२ सिँचाई ........ ६४

४.२.१ पृष्ठभूमी ........ ६४

४.२.२ समस्या तथा चुनौती ........ ६४

चुनौती ........ ६५

४.२.३ संभावना तथा अवसर ........ ६५

४.२.४ लक्ष्य ,उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ६५

४.२.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ६७

४.३ पर्यटन, संस्कृति तथा सम्पदा ........ ६७

४.३.१ पृष्ठभूमी ........ ६७

४.३.२ समस्या तथा चुनौती ........ ६८

४.३.३ संभावना तथा अवसर ........ ६८

४.३.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ६९

४.३.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ७१

४.४.१ पृष्ठभूमी ........ ७१

४.४.२ समस्या तथा चुनौती ........ ७२

४.४.३ संभावना तथा अवसर ........ ७२

४.४.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ७३

- अन्तरपालिकाको समन्वयमा औद्योगिक नीति निर्माण गर्ने ........ ७३

४.४.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ७५

४.५ श्रम, रोजगार र सामाजिक सुरक्षा ........ ७५

४.५.१ पृष्ठभूमी ........ ७५

४.५.२ समस्या तथा चुनौती ........ ७६

४.५.३ संभावना तथा अवसर ........ ७६

४.५.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ७६

४.५.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ७८

अध्याय पाँच सामाजिक क्षेत्र ........ ७९

५.१ स्वास्थ्य तथा पोषण ........ ७९

५.१.१ पृष्ठभूमी ........ ७९

५.१.२ समस्या तथा चुनौती ........ ७९
५.१.३ संभावना तथा अवसर ........ ८०
५.१.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ८०
५.१.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ८३
५.२ शिक्षा ,विज्ञान तथा नवप्रवर्तन ........ ८३
५.२.१ पृष्ठभूमी ........ ८३
५.ंर.२ समस्या तथा चुनौती ........ ८३
५.२.३ संभावना तथा अवसर ........ ८४
५.२.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ८४
५.२.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ८७
५.३ खानेपानी तथा सरसफाई ........ ८८
५.३.१ ........ ८८
५.३.२ समस्या तथा चुनौती ........ ८८
५.३.३ संभावना तथा अवसर ........ ८९
५.३.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ८९
५.३.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ९१
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ९१
५.४.१ पृष्ठभूमी ........ ९१
५.४.२ समस्या तथा चुनौती ........ ९२
५.४.३ संभावना तथा अवसर ........ ९३
५.४.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ९३
५.४.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ९६
५.५ युवा तथा खेलकुद ........ ९६
५.५.१ पृष्ठभूमी ........ ९६
५.५.२ समस्या तथा चुनौती ........ ९६
५.५.३ संभावना तथा अवसर ........ ९७
५.५.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ९७
५.५.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ १००
अध्याय छ पूर्वाधार क्षेत्र ........ १०१
६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ १०१

६.१.१ पृष्ठभूमी ........ १०१
६.१.२ समस्या तथा चुनौती ........ १०२
६.१.३ संभावना तथा अवसर ........ १०३
६.१.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ १०४
६.१.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ १०६
६.२ सडक, पुल तथा यातायात ........ 106
६.२.१ पृष्ठभूमी ........ १०६
६.२.२ समस्या तथा चुनौती ........ १०७
६.२.३ संभावना तथा अवसर ........ १०८
६.२.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ १०८
६.२.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ १११
६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा ........ १११
६.३.१ पृष्ठभूमी ........ १११
६.३.२ समस्या तथा चुनौती ........ ११२
६.३.३ संभावना तथा अवसर ........ ११३
६.३.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ११३
६.३.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ११५
६.४ सूचना, सञ्चार तथा प्रविधि ........ ११५
६.४.१ पृष्ठभूमी ........ ११५
६.४.२ समस्या तथा चुनौती ........ ११५
६.४.३ संभावना तथा अवसर ........ ११६
६.४.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ ११७
६.४.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ ११८
अध्याय सात वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ १२०
७.१ वन तथा जैविक विविधता ........ १२१
७.१.१ पृष्ठभूमी ........ १२१
७.१.२ समस्या तथा चुनौती ........ १२१
७.१.३ संभावना तथा अवसर ........ १२१
७.१.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ १२२
७.१.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ १२३

**७.२ भू संरक्षण तथा जलाधार व्यवस्थापन ........ १२३**
**७.२.१ पृष्ठभूमी ........ १२३**
**७.२.२ समस्या तथा चुनौती ........ १२४**
**७.२.३ संभावना तथा अवसर ........ १२४**
**७.२.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ १२४**
**७.२.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ १२६**
**७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ १२६**
**७.३.१ पृष्ठभूमी ........ १२६**
**७.३.२ समस्या तथा चुनौती ........ १२६**
**७.३.३ संभावना तथा अवसर ........ १२७**
**७.३.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ १२८**
**७.३.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ १३०**
**७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ १३०**
**७.४.१ पृष्ठभूमी ........ १३०**
**७.४.२ समस्या तथा चुनौती ........ १३१**
**७.४.३ संभावना तथा अवसर ........ १३१**
**७.४.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ १३२**
**७.४.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ १३४**
अध्याय आठ संस्थागत विकास तथा सुशासन क्षेत्र ........ १३५
**८.१ संस्थागत विकास तथा सुशासन ........ १३५**
**८.१.१ पृष्ठभूमी ........ १३५**
**८.१.२ समस्या तथा चुनौती ........ १३६**
**८.१.३ संभावना तथा अवसर ........ १३७**
**८.१.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना ........ १३७**
**८.१.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका ........ १४३**
अध्याय नौ कार्यन्वयन व्यवस्था ........ १४४
**९.१ पृष्ठभूमी ........ १४४**
**९.३ विषय क्षेत्रगत अनुसार अनुमानित बजेट ........ १४५**
**९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ १४६**
**९.६ आवधिक योजना कार्यन्वयन ........ १५०**

**९.७ अनुगमन तथा मूल्यांकन योजना** ........ १५४

**९.७.१ अनुगमन तथा मूल्यांकनको आवश्यकता** ........ १५५

**९.७.२ अनुगमन तथा मूल्यांकनको प्रकृया** ........ १५६

## तालिका सूची

तालिका १: पालिकामा सम्पन्न भेला तथा गोष्ठी........ १७

तालिका २: गाउँपालिकाको भू–उपयोगिता ........ २०

तालिका ३: वडा अनुसार जनसंङ्ख्याको अवस्था ........ २१

तालिका ४: उमेर समुह अनुसार जनसंङ्ख्या ........ २२

तालिका ५: बालीको उत्पादन र बिक्रि परिणाम ........ २४

तालिका ६:वडागत खाद्य सुरक्षाको अवस्था ........ २५

तालिका ७ : उद्योग व्यवसायहरुको विवरण ........ २६

तालिका ८:उत्पादन तथा सेवामूलक उद्योग ........ २६

तालिका ९:पालिकामा कार्यरत स्वास्थ्य जनशक्ति ........ २९

तालिका १०: नवजात शिशु तथा परिवार नियोजनको अवस्था ........ ३०

तालिका ११: वडागत शैक्षिक स्तर ........ ३१

तालिका १२ : तहगत रुपमा शैक्षिक संस्थाको विवरण ........ ३२

तालिका १३: विद्यालय जाने र विद्यालय नजानेको विवरण ........ ३२

तालिका १४:वडागत खानेपानीको अवस्था ........ ३३

तालिका १५: खानेपानीको स्रोत........ ३४

तालिका १६: शौचालय प्रयोगको अवस्था ........ ३४

तालिका १७: शौचालयको किसिमको आधार ........ ३५

तालिका १८: लिङ्ग अनुसार बाल विवाह ........ ३६

तालिका १९:सडक सञ्चालनको अवस्था ........ ३८

तालिका २०: दंगीशरण गाउँपालिका भित्र रहेका सडकहरुको सारांश विवरण ........ ३९

तालिका २१: झोलुङ्गे पुल तथा पुलपुलेसाको विवरण ........ ४०

तालिका २२: खाना पकाउने इन्धनको आधारमा विवरण........ ४१

तालिका २३: विद्युत उपलब्ध घरपरिवार विवरण........ ४२

तालिका २४: वडागत रुपमा भवन/आवासको विवरण........ ४३

तालिका २५: दंगीशरण भित्रका वन क्षेत्र........................................................................................४४

तालिका २६: दंगीशरण गाउँपालिकाको प्रमुख जलाधार.........................................................................४६

तालिका २७: गाउँपालिकाको जोखिमयुक्त स्थान..................................................................................४७

तालिका २८: विपद्को किसिम अनुसार जोखिमको समय.......................................................................४७

तालिका २९ : दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरु ..............................................................................५४

तालिका ३० : राष्ट्रिय र प्रदेशको परिमाणात्मक लक्ष्यका आधारमा दंगीशरण गाउँपालिकाको परिमाणात्मक लक्ष्य निर्धारण....................................................................................................................५९

तालिका ३१ : सार्वजनिक स्रोत व्यवस्था.........................................................................................६३

# अध्याय १ परिचय

## १.१ पृष्ठभूमि

आर्थिक समानता, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायबाट निर्देशित वर्तमान संविधानले सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलव्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदै समाजवाद उन्मुख समून्नत र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ[1] ।

उक्त उद्देश्यलाई सार्थक पार्न संविधानले सम्पूर्ण शासन व्यवस्थालाई सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई अंगिकार गर्दै संघ प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरेको छ । यी तीन तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गिण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने कुराको प्रत्याभूति गरेको छ[२] ।

वर्तमान संविधानले अनुसूची-५ मा संघीय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका २१ वटा अधिकार सूची, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रसस्त गरिदिएको छ ।

संबिधानको अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ वमोजिम स्थानीय सरकारहरुले आवश्यक पर्ने वार्षिक, दीर्घकालीन, तथा रणनीतिक योजनाहरु निर्माण गरि लागु गर्न सक्ने कुरा उल्लेख छ । त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यकालिन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने तथा वित्तिय अनुशासन कायम गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ दफा ५.५.३ ले वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा

---

[1] नेपालको संविधान, २०७२, भाग ४ राज्यका निर्देशक सिद्धान्त

[२] नेपालको संविधान, २०७२

गर्दा (क) स्थानीय तहको आवधिक विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, राणनीति र ख) स्थानीय तहको खर्च संरचनालाई आधार वनाउनु पर्ने कुरा उल्लेख छ ।

संघीय सरकारले जारी गरेका ऐन तथा दिग्दर्शनहरुले स्थानीय सरकारको वजेट आवधिक विकास योजनासँग र बार्षिक कार्यसम्पादनसँग जोडिनु पर्ने कुरामा जोड दिएको छ भने स्थानीय सरकारले बनाउने वार्षिक योजनाहरु मध्यकालिन खर्च संरचना र दीर्घकालिन रुपमा निर्माण गरिएका योजनाहरुको भाग (अंश)को रुपमा रहनुपर्ने नीतिगत व्यवस्था छ । तसर्थ स्थानीय सरकारले मध्यकालिन खर्च संरचना लगायतका व्यवस्थाहरुको अन्तरवस्तुलाई सम्बोधन गर्नका लागि आवधिक विकास योजना वनाउन आवश्यक देखिन्छ ।

स्थानीय सरकारले अव आ-आफ्नो अधिकार क्षेत्र भित्र रही कानुन बनाउने, नीति तथा योजना तयार गर्ने, वार्षिक बजेट बनाउने, आन्तरिक तथा बाह्य स्रोतको अनुमान मात्र होइन आफ्नै परिवेश सुहाउदो शिक्षा नीति, रोजगार नीति, पूर्वाधार नीति लगायतका महत्वपुर्ण नीतिहरु तथा दीर्घकालीन योजनाहरु बनाएर कार्यान्वयनमा लैजान सक्छन, जसले उनीहरुको कामलाई उदाहरणीय बनाउन सक्छ ।

वैज्ञानिक र दुरदर्शी योजनाले मात्र सर्वाङ्गिण र दिगो विकासलाई अघि वढाउन सहयोग पुऱ्याउँछ । विना योजना सिमित स्रोत साधनबाट निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न सकिँदैन । संविधानले स्थानीय सरकारलाई सेवा प्रवाह गर्ने शक्तिशाली सरकारको रुपमा परिकल्पना गरेको छ । तसर्थ, सेवाको प्रभावकारितालाई गुणस्तरीय र चिरस्थायी वनाउन तथा सन्तुलित विकासलाई मुर्तरुप दिन एवम्  विद्यमान विभिन्न प्रकृतिका समस्याहरूको दिगो र समयानुकूल समाधानको प्रयासलाई अगाडि वढाउन आवधिक विकास योजनाको आवश्यकता अपरिहार्य हुने  गर्दछ ।

अर्कोतर्फ संयुक्त राष्ट्र संघका दीगो विकासका लक्ष्य, राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यहरुलाई व्यवहारिक रुपमा सम्बोधन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हुने भएकाले स्थानीय सरकारले एकीकृत विकास योजना निर्माण गर्नुपर्ने अपरिहार्यता रहेको छ । यसै सन्दर्भमा दंगीशरण गाँउपालिकाले प्रचलित कानून र राष्ट्रिय अन्तराष्ट्रिय अभ्यासहरुको आधारमा गाँउपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा विकासको खाका कोर्ने उद्देश्यले पाँच बर्षे आवधिक विकास योजना तर्जुमा गरेको छ ।

जिल्लाको वस्तुगत अवस्थामा आधारित यो योजनाले राष्ट्रिय स्तरको योजनाको उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउनुका साथै जिल्लाको आफ्नो विशेषता, सबलताको पहिचान गरी प्राथमिकताका साथ स्थानीय अभाव र आवश्यकता पूर्ति गर्न ठूलो टेवा पुग्ने विश्वास लिइएको छ । जिल्लाको दीर्घकालीन सोंच र आवश्यकता अनुसार प्राथमिकताको निर्धारण गरी ५ वर्षमा कार्यान्वयन गरिने योजना र कार्यक्रमहरू यस दस्तावेजमा समावेश गरिएको हुँदा सबै विषयगत मन्त्रालय तथा राष्ट्रिय योजना आयोगलाई समेत जिल्लाको आवश्यकता र प्राथमिकताको आधारमा केन्द्रीय स्तरको आयोजना तर्जुमा गर्न सहयोग पुग्ने आशा गरिएको छ ।

### १.१.१ आवधिक विकास योजना तर्जुमाको परिचय

गाँउपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न ५ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज गाँउपालिकाको आवधिक विकास योजना हो । यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न, सिद्धान्त, रणनीति र कार्य नीति तथा प्रमुख क्रियाकलापहरू समेत पहिचान गरी उल्लेख गरिनेछ ।

विकास योजना पूर्वनिर्धारित आर्थिक/सामाजिक उद्देश्य र लक्ष्यहरु प्राप्त गर्न निर्धारित अधिकार प्राप्त निकायले आधिकारिक तथ्यहरुको व्यापक सर्बेक्षणका आधारमा व्यवस्थित रुपमा तयार गर्ने बैधानिक दस्तावेज (Document) हो । यसलाई कार्यक्रम वा क्रियाकलापहरुको प्रक्षेपित लक्ष्यहरु प्राप्त गर्ने प्रभावकारी कार्यन्वयनको मार्गदर्शन पनि भन्न सकिन्छ । आवधिक योजनालाई दीर्घकालीन योजनाको कार्यान्वयनको अल्पकालीन र मध्यमकालीन समयवद्ध खाका, विद्यमान श्रोतको उपयुक्त वाँडफाँड र क्रियाकलापहरुको कार्यान्वयनको चरणवद्ध कार्यक्रम भन्न सकिन्छ । स्थानीय निकायको आवधिक योजना भनेको जनताका विकासका चाहना र आकांक्षाहरुको सर्वेक्षणका आधारमा जनताकै प्रत्यक्ष सहभागिता र संग्लनतामा बनाइने तलबाट उठेको (Bottom up) ढाँचा, श्रोत साधनहरुको समयवद्ध र क्षेत्रगत बाँडफाँडका आधारमा पूर्व निर्धारित उद्देश्य र लक्ष्यहरुको प्राप्तिका लागि बनाइएका सुस्पष्ट, विशिष्ट कार्यक्रम र कार्य योजनाहरुको खाका र रणनीतिको रुपमा बुझ्न सकिन्छ । यस्तो योजना प्रकृयामा सम्वद्ध आवधिक योजना जनता र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी, स्थानीय श्रोतहरु र संभावनाहरुको उपयोगबाट स्थानीय आवश्यकताहरुको परिपूर्ति तथा स्थानीय जनताको विकास निर्माणमा प्रत्यक्ष गिाउँनी, अनुगमन र मूल्यांकनको स्थानीय ढाँचा र जिम्मेवारीको वाँडफाँड महत्वपूर्ण हुन्छ ।

केन्द्रिकृत योजना निर्माणको माथिबाट लादिएको (Top-down) प्रकृयाभन्दा तलबाटै उठेका (Bottom-up) योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनको वैकल्पिक प्रकृया अन्तराष्ट्रिय तथा राष्ट्रिय/प्रादेशिक योजना र विकासका अनुभवहरुले सिद्ध गरेको जनमुखी प्रकृया हो । यसमा दिगो विकासका आधारभूत मान्यताहरु समेटिनुका साथै आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत योजनाहरुको उपयुक्त सन्तुलन स्थापित गर्ने प्रयत्न हुन्छ । यस्तो योजनामा योजनाको प्रारम्भदेखि आवश्यकता पहिचान, दीर्घकालीन सोच, ध्येय र उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरुको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोत र साधनहरुको व्यवस्थापन, कार्यान्वयन प्रकृयाको अनुगमन र मूल्याकंनमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता योजनाहरुमा आम जनसमुदायको अपनत्व र स्वामित्व स्थापित भै योजनावद्ध कार्यक्रमहरुको अधिकतम प्रतिफल प्राप्ति हुने र त्यसबाट समयमै आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुने कुराको सुनिश्चितता हुन्छ । यस्ता योजनाले आयोजना र कार्यक्रमहरुबाट प्राप्त हुने अपेक्षित प्रतिफलको वितरण समन्यायिक र दीगो समेत हुने विश्वास गरिनेछ ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना) ले निर्देशित गरे बमोजिमको सहभागिता मूलक विधि तथा प्रक्रियाहरु अवलम्बन गरी आवस्यक बिषयगत क्षेत्र तथा अन्तरसम्बन्धित (Cross cutting) विषयहरू समेटिएको गाँउपालिकाको आवधिक विकास योजना (पाँच वर्षे) तयार गर्ने ।
- गाँउपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको पहिचान र विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा गाँउपालिकाको विकासको खाका कोर्ने,
- पन्ध्रौ पञ्चबर्षीय योजनाको आधार पत्र तथा संयुक्त राष्ट्र संघका दीगो विकासका लक्ष्यहरु तथा लुम्बिनी प्रदेशका लक्ष्यहरु प्राप्तिका लागि योगदान पुऱ्याउने,
- गाँउपालिकाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने,
- आवधिक विकास योजनाको कार्यान्वयनकालागि मध्यकालीन तथा वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने,
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्गनिर्देशित गर्ने,
- समष्टि र विषय क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने ।
- गाँउपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मुर्तरुप दिनसक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।
- विद्यमान पूर्वाधारहरुको अधिकतम उपयोग गर्दै शहरी विस्तारलाई उपयुक्त दिशामा योजना बद्ध तवरले विकास गर्न निर्देश गर्ने ।

## १.३ आवधिक विकास योजना तर्जुमा  प्रकिया

### १.३.१ सन्दर्भ सामग्रीको अध्ययन

आवधिक विकास योजना तर्जुमाका लागि दंगीशरण गाँउपालिकासँग सम्बन्धित अभिलेख तथा उपलब्ध लेख रचना तथा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी गाँउपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरियो । यसका अतिरिक्त दंगीशरण गाँउपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग अन्तर्गतका ऐन, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम,आवधिक जिल्ला विकास योजना दाङ्ग २०७२, दंगीशरण गाँउपालिका सँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग अन्तर्गतका आवधिक विकास योजना तर्जुमा निर्देशिका तथा अन्य

सम्बन्धित स्रोत सामग्रीको अध्ययन गरियो । उल्लिखित अध्ययनहरुको आधारमा दंगीशरण गाँउपालिकाले अंगिकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरियो ।

### १.३.२ वहुसरोकारवालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण

प्रारम्भिक चरणमा गाँउपालिका कार्यालयको सहयोगमा गाँउपालिका स्थित बहुसरोकारवालाहरुसँग योजना निर्माणको सैद्धन्तिक पक्षलाई समेटेर गाँउपालिकाका सरोकारवाला (राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समुह, महिला तथा आमा समुह, लक्षित वर्गका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफलमा संघिय संरचना अन्तरगत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा अन्तरकृया भयो । वहुसरोकारवालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण मिति **२०७८ फागुन २९** मा करीव ४५ जनाको सहभागितामा भएको थियो ।





### १.३.३ वडागत छलफल

आवधिक विकास योजना तर्जुमा पूर्व गाँउपालिकाको जनसांखिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनका लागि संस्थागत सर्वेक्षण गरियो । तथ्यमा आधारित योजनाले मात्र गाँउपालिकाको सोच र लक्ष्यलाई दिशाबोध गर्न सक्ने भएकाले तथ्याङ्कका आधारमा गाँउपालिकाको वस्तुस्थिती विश्लेषणको कार्यलाई पनि अघि बढाईयो । वस्तुस्थिती विश्लेषणका लागि **मिति २०७८ चैत्र १ देखि १० गते** सम्म अन्तरकृया कार्यक्रम गरियो । अन्तरकृया पालिका क्षेत्रका करीव **१०० भन्दा वढी** गाउँबासीहरु सँग गरिएको थियो । वस्तुस्थिती विश्लेषणको मुख्य उद्देश्य गाँउपालिकाको विविध क्षेत्रको धरातलीय यथार्थको जानकारी लिनु थियो ।



### १.३.४ तथ्याङ्क संकलन तथा GIS Mapping

विश्व व्यापी कोभिड १९ माहामारी बाट सिर्जित असामान्य अवस्थाका कारण त्रिवेणी नगरपालिकाको आर्थिक, सामाजिक, सास्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानविय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क सुचना प्रबिधिको माध्यमबाट संकलन गरियो । दंगीशरण गाँउपालिकाको वस्तुगत विवरण, गाउँपालिकाको क्षेत्रगत अवस्थासँग सम्वन्धित विवरण गाउँपालिकाले कार्यान्वयन गर्न चाहेका योजना तथा नगरक्षेत्रलाई दीर्धकालिन रुपमा समृद्ध वनाउन सहयोग गर्ने गौरवका योजनाहरुको संकलन सुचना प्रविधिको माध्यमबाट गरियो । सुचना संकलनमा गाउँकार्यपालिका, क्षेत्रगत शाखा प्रमुख तथा बुद्धिजिविहरुको संलग्नता रहेको थियो ।

भू-उपयोग, खुलेका सडकहरु र सो को गुणस्तर तथा वातावरणीय समस्याहरु जस्ता प्राथमिक तथ्याङ्कहरु, डिजिटल तथ्यांक **GIS data**, स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिने छ । वडा तहका समस्याहरु र खाँचोहरु वडा बासीहरु बीच सहभागिता मूलक छिटो मूल्यांकन पद्दति Participatory Rapid Appraisal अपनाई जानकारी लिइने छ । यसका साथै गाउँपालिका स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुका पदाधिकारीहरु, वृद्धिजिवीहरु उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरुसँग छलफल एवं अर्न्तवार्ता गरी गाउँका प्रमुख समस्या एवं विकासका सम्भावनाहरु माथि जानकारी लिईने छ । गाउँका समग्र तथ्यांकहरु जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्यांकहरु नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरुको रेकर्डबाट र केही तथ्यांकहरु विभाग तथा अन्य निकायहरुबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरु अध्ययन गरी संकलन गरिने छ । विश्लेषणको हकमा मूख्य रुपमा विकासको SWOT विश्लेषण, समस्याहरुको विश्लेषणहरु रहेको छ र यस प्रयोजनका लागि कम्प्यूटरमा आधारित **GIS** पद्दतिहरु प्रयोग गरी गाउँपालिकाको वर्तमान अवस्थाको तथ्याङ्कीय चित्रण गरीयो ।

### १.३.५ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

पालिकाले निर्धारण गरेको दूरदृष्टी, लक्ष्यलाई दृष्टिगत गरि बिषयगत क्षेत्रहरुका अवसर र चुनौतीको विश्लेषणका आधारमा नगरपालिकाबाट आएका विषयगत उदेश्य, रणनीति र प्रमुख कार्यक्रमहरु, उपलव्ध मापनका सुचकहरु लाई प्लेनरी छलफल गरि अन्तिमरुप दिईयो । यसको अलावा अन्तर पालिका, प्रदेश तथा संघीय सरकारसँग सरोकार राख्ने योजनाहरु, पालिकाले सेवाग्राहीलाई सेवा प्रदान गर्न आवश्यक पर्नजाने पालिकाको प्रशासनिक, भौतिक पूर्वाधार, संस्थागत विकास र मानव श्रोत संसाधनको विकास र ब्यबस्थापनलाई पनि छलफल गरिएको थियो । गाउँपालिकको पार्श्व चित्र तथा कार्यशालाबाट निर्माण गरिएका दस्ताबेजको सहयोगमा नगरपालिकाको पाँच बर्षे (२०७७/०७८-२०८२/०८३) मसौदा योजना तयार गरियो ।

### १.३.५.१ सम्भावित स्रोत मुल्याङ्कन

प्रतिबेदनमा सामाजिक तथा आर्थिक क्रियाकलापसँग सम्बन्धित खानेपानी, जल क्षेत्र, कृषि क्षेत्रका साथै बिभिन्न खानीका स्रोतहरुको मुल्याङ्कन गरिएको छ । त्यसैगरी नगर क्षेत्रको सामाजिक स्थिति जस्तै जनसंख्या (उमेर, लिङ्ग, जातिगत, दलित तथा पिछडिएका वर्ग), शिक्षण अवस्था, प्रमुख आय आर्जनका स्रोत तथा रोजगार, बजारकेन्द्र तथा ग्रामिण बसोबासको अवस्थाको चित्रण गरिएको छ । साथै महिला, अपेक्षित, उत्पीडित, दलित तथा पिछडिएका वर्गहरुको स्वास्थ्य खर्च, रोजगारका अवसरहरु तथा आय आर्जनका अवसरहरुका एवम् वर्तमान सीप, आर्थिक अवस्था तथा ईच्छा चाहनाहरुका साथै सो क्षेत्रमा अवस्थित स्थानिय संस्था, महिला समूहहरुको यकिन गरी स्रोत परिचालन गर्न सकिने व्यवस्था छुट्याउन प्रतिबेदनमा उल्लेख गरिएको छ ।

### १.३.५.२ आवधिक विकास योजनाको खाका सहित भू-उपयोग तथा विविद्य शहरीकरण

गाउँ क्षेत्रको मूख्य पूर्वाधारहरुको अध्ययन गर्दा रणनैतिक विकासका तरिका तथा भू-उपयोगलाई निर्देशित गरी मूख्य भू-उपयोग क्रियाकलापलाई मध्यनजर गरिएको छ । यस्ता योजनाले रणनैतिक विकास आयाम तथा त्रिवेणी नगर क्षेत्रको मुख्य भू-उपयोग क्रियाकलापको बिभाजनलाई समेत समेटिएको छ । साथै उक्त रणनैतिक विकास आयामले थेग्न सक्ने जनसंख्याको प्रस्ताब समेत गरिएको छ । सो क्षेत्रमा निर्माण गरिनुपर्ने पूर्वाधार सुविधाको किसिम तथा अवधारणा समेत प्रष्ट रुपले खुलाइएको छ ।

### १.३.५.३ योजना दस्तावेज तयारी

आवधिक योजना परामर्श तथा छलफल कार्यक्रमको निचोड तथा विवरणका आधारमा योजना दस्तावेजको मस्यौदा तयार गरिएको थियो। योजना दस्तावेजलाई मुख्य रूपमा परिचय, स्थानीय तहको योजना, समष्टिगत आर्थिक नीति, आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, लोकतन्त्र र सुशासन, अन्तर सम्बन्धित (Cross cutting) विषय र योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन गरी जम्मा ९ परिच्छेदमा विभाजन गरिएको छ । साथै योजनामा योजनाविद्‌तथा विषय विज्ञहरूको सुझाब लिई आवधिक योजना दस्तावेज लेखन तथा दस्तावेज मस्यौदा तयारी गर्ने कार्य सम्पन्न भएको थियो।

नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सवै विषयहरू प्राविधिक पक्षहरूलाई तार्किक र वस्तुनिस्ठ रूपमा प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको थियो । आवस्यक राय सुझाव र पृष्ठपोषणको लागि दंगीशरण गाँउपालिकामा उक्त मस्यौदा दस्तावेज पेश गरिएको थियो ।

### १.३.६ विषयगत समिति बैठक कार्यशाला

माथि उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक विकास योजना सम्बन्धि प्रारम्भिक खाका तयार पारियो । तयार पारिएको प्रारम्भिक खाकाको **विषयगत समिति संग २०७८ चैत्र ११** गते दंगीशरण गाँउपालिकाको सभा हलमा सम्वन्धित **विषयका** सरोकारहरुको सहभागितामा गोष्ठीको आयोजना गरियो । उक्त गोष्ठीमा गाँउपालिकाको आवधिक विकास योजनामा समाबेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत गरि सरोकारवाला बाट प्राप्त सुभावलाई सँग्रहित गरियो ।

### १.३.७ प्रमाणीकरण कार्यशाला

माथि उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक योजनाको प्रारम्भिक खाका तयार पारिनेछ । तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि दंगीशरण गाँउपालिकाको सम्वन्धित सरोकारहरुको सहभागितामा **२०७९ असार १४ गते** प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरिएको थियो । प्रमाणीकरण गोष्ठीमा गाँउपालिकाको आवधिक योजनामा समाबेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत भएको थियो ।




चित्र नं. १.१ आवधिक योजना तर्जुमा प्रक्रिया

**सम्पन्न भेला तथा गोष्ठी**

आवधिक योजना तयार गर्ने शिलशिलामा निम्न भेला तथा गोष्ठी सम्पन्न गरिएको थियो :

**तालिका १: पालिकामा सम्पन्न भेला तथा गोष्ठी**

| क.स | विषय | स्थान | मिति | उपस्थिति संख्या |
|---|---|---|---|---|
| १ | परिचयात्मक कार्यशाला गोष्ठी | गाँउपालिकाको कार्यालय | २०७८ फागुन २९ गते | ४५ जना |
| २ | वडा भेला | सम्बन्धित वडा कार्यालयहरुमा | २०७८ चैत्र १ देखी १० सम्म | १५० (सरदर प्रत्यक वडामा १६ जना |
| ३ | विषयगत समिति बैठक | गाँउपालिकाको कार्यालय | २०७८ चैत्र ११ गते | २० जना |
| ४ | मस्यौदा प्रतिवेदनमाथि छलफल | दंगीशरण गाँउपालिकाको कार्यालय | २०७९ जेठ १४ गते | |
| ५ | अन्तिम प्रतिवेदन माथि छलफल | दंगीशरण गाँउपालिकाको कार्यालय | २०७९ असार | २५ जना |

## १.३.८ अन्तिम प्रतिवेदन पेश

प्रतिवेदनको प्रारम्भिक खाकामा भएको छलफल तथा सुझावहरुको सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार पारी प्रदेश प्रशिक्षण प्रतिष्ठान, बाँके, नेपालगंजमा पेश गरिने छ ।

# अध्याय २ गाँउपालिकाको विकासको विद्यमान स्थिती र उपलब्धिको समीक्षा

## २.१ गाँउपालिकाको परिचय

यस दंगीशरण गाँउपालिका सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको लुम्बिनी प्रदेश स्थित दाङ्ग जिल्लामा पर्दछ।जिल्लामा रहेका १० स्थानीय तहमध्ये यस गाउँपालिका सदरमकाम घोराही उपमहानगरपालिकाको पश्चिम दिशामा अवस्थित छ ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

दंगीशरण गाउँपालिका भौगोलिक हिसाबले ८२ डिग्री ६ मिनेट देखि ८२ डिग्री १४ मिनेट पूर्वी देशान्तर सम्म र २८ डिग्री २ मिनेट देखि २८ डिग्री १० मिनेट उत्तरी अक्षांशमा अवस्थित भइ ११०.७ वर्ग.कि.मी.क्षेत्रफिमा फैलिएको छ । समथर तराई र पहाडी क्षेत्रमा पर्ने यस गाउँपालिकाको अधिकांस क्षेत्र खेतीयाग्य र उर्वर जमिनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा शहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ । जंगल तथा जलाधार क्षेत्रको कमि नभएको यस गाउँपालिका भएर साना तथ ठूला खोलानालाहरु बग्ने गर्दछन् ।

नेपालको संविधान धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार संघिय मामिला तथा स्थानिय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले २०७३/११/२२को घोषणामा साविकको हेकुली,गोल्टाकुरी र श्रीगाँउ गा.वि.स गरि ३ वटा गा.वि.स समावेश गरि दंगीशरण गाउँपालिका निर्माण भएको हो । सात वटा वडा रहेको यस गाउँपालिकाको केन्द्र साविक हेकुली गा.वि.स हेकुलीमा रहेको छ ।




**चित्र १: वडा तथा गाँउपालिका सिमाना**

भू–उपयोग प्राकृतिक तथा मानव सृजित गतिविधि दुवै किसिम बाट भएको हुन्छ । विकासको क्रमसँगै भू–उपयोग पनि परिर्वतन भइरहेको छ । नगर क्षेत्रमा सञ्चालन हुने विभिन्न किसिमका भौतिक , सामाजिक तथा आर्थिक क्रियाकलापहरुले यस क्षेत्रको भू उपयोगलाई असर गर्दछ । भू–उपयोगको वर्तमान स्थितिले त्यस क्षेत्रको विकासको स्तरलाई पनि प्रतिविम्वित गर्दछ । वर्तमान भू उपयोगको स्थितिको विश्लेषणको आधारमा नै भावी भौतिक विकास योजनाको खाका कोर्न सकिन्छ । त्यसैले पनि भौतिक विकास योजना तथा कार्यक्रम तर्जुमामा वर्तमान भू–उपयोगको अध्ययन तथा विश्लेषण महत्वपूर्ण मानिन्छ ।

भू उपयोग योजना तथा नीति सहित वस्ती बिकास मापदण्ड







**चित्र २: दंगीशरण गाउँपालिकाको भू–उपयोग नक्शा**

दंगीशरण गाउँपालिकाको विद्यमान भू–उपयोग हेर्दा गाउँपालिकाको ४९.७१ प्रतिशत वनले ओगटेको छ भने ४२.०५ खतीयोग्य जमिनले ओगटेको छ । त्यस्तै यस पालिकामा चरण क्षेत्र ०.६९ प्रतिशत र जल क्षेत्र १.०३ प्रतिशत ओगटेको छ । यस क्षेत्रमा ग्राभेल, बालुवा, फुस्रो, रातो हल्का दोमट तथा अलि चिम्टाइलो किसिमको माटो पाइन्छ । गाउँपालिकाको दक्षिण क्षेत्रमा खस्रो बालुवा, सिल्ट र सेल लगायत stand stone र Conglomerates को बाहुल्यता रहेको छ ।

**तालिका २: गाउँपालिकाको भू–उपयोगिता**

| **विवरण** | **क्षेत्रफल(वर्ग कि.मी.)** | **प्रतिशत** |
|---|---|---|
| खतीयोग्य जमिन | ४६.६ | ४२.०५ |
| वनजंगल | ५५.० | ४९.७१ |
| चरन | ०.८ | ०.६९ |
| पानी | १.१ | १.०३ |
| अन्य | ७.२ | ६.५२ |
| कुल क्षेत्रफल | **११०.७** | **१००.०** |

*(स्रोत नापी कार्यलय)*

## २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

प्राकृतिक स्रोतका हिसाबले यस गाउँपालिका बाँके राष्ट्रिय निकुञ्ज नजिक रहेको, सिमार क्षेत्र, उत्तरको पहाडी भ-भाग तथा पूर्व-दक्षिण तर्फ सममथर भू-भागले जोडिएको छ, यस गाउँपालिकामा पातु खोला,कलङ,अम्बापुर, हेकुली, काला खोला, तिल कन्या, तुई खोला लगायतका थप्रै खोला नालाहरु रहेका छन् भने गाउँपालिकामा बनहरिया,सुजनियाँ,बुट्टीपुर ताल र अन्य पोखरीहरू रहेको पाइन्छ ।

यहाँ रहेका प्रमुख प्राकृतिक तथा पर्यटकिय क्षेत्रहरु निम्म अनुसार रहेका छन्

### (क) वाह्रवडिउन्हक लठ्ठा

दंगीशरण गाउँपालिका वडा न. १ बुट्केसालमा बबई नदीको दक्षिणी तटमा रहेका चार वटा सालका रुखहरु रहेको स्थान लाई वाह्रवडिउन्हक लठ्ठा भनेर चिनिन्छ । सो स्थान लाई प्राकृतिक तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ र यस ठाँउ १२ जना गोठालाले गाडेको लठ्ठी बाट सालको रुख उम्रेको भन्ने किबदन्ती रहेको पाइन्छ ।

### (ख) बुलबुल्या ताल

दंगीशरण गाउँपालिका वडा न. ३ चखोरको सिमसार क्षेत्रमा रहेको एउटा जरुवाबाट उत्पत्ति भएको काललाई बुलबुल्या ताल भनिएको हो । यहाँ हलोले जोत्दा माटोको भाँडाका टुका, थारु देवता, घोडाका मुर्ति र तामाको घोडा मुर्ति फेला परेको भन्ने भनाई छ ।

दंगीशरण गाउँपालिकामा अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र समाजिक विबिधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण रहेको छ र यहाँ रहेका रैथाने थारु समुदाय मौलिक सँस्कृतिको दृष्टिले धनी छन् । खासगरी रैथाने आदीवासी थारु समुदायको मौलिक सँस्कृति, चालचलन, भेषभूषा,भाषा, लवाइखवाइ दंगीशरण गाउँपालिकाको साँस्कृतिक सम्पदा बनेको छ । थारु समुदायमा मुखिया, बडघर वा चौधरी प्रथा हाल सम्म पनि कायम छ । यस गाउँपालिकामा भेषभूषाका रुपमा पुरुषहरुले मुख्य रुपमा दौरा सरुवाल, टोपी, पाइन्ट तथा कोट र महिलाहरुले गुन्यू चोली र पटुकी लगाउने गर्दछन् भने थारु समुदायको आफ्नै विशेष मौलिक भेषभूषा रहेको पाइन्छ । थारु जतिमा ऋतु अनुसारका नाचगान रहेका छन् । थारुहरुले माघिमा मघौटो नाच, दशैंमा संख्या नाच, बर्का नाच,ढोलहा नाच नाच्ने गर्दछन् । त्यसैगरी सजना, मैना, धमार, धम्रु अथवा जन्माअष्टमी र दशैंमा गाइने सखिया गित, विवाहमा गाइने माङगर आदि थारु समुदायमा रहेका गित सँगीतका उत्कृष्ट नमुना हुन् ।

### २.१.३ जनसांख्यिक अवस्था

### क) जनसंङ्ख्या वितरणको अवस्था

घरपरिवार सर्वेक्षण २०७७ अनुसार गाउँपालिकाको समावेश जनसंङ्ख्या २६१२९२ समावेशी घरधुरी ५३११ रहेको देखिन्छ । वडा अनुसार सबैभन्दा उच्च घरधुरी वडा नं. ६ मा ९१४ रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं.१ मा ५७२ रहेको देखिन्छ । जनसंङ्ख्यालाई हेर्ने हो भने उच्च जनसंङ्ख्या भएको वडा नं.६ मा ४५३० र न्युन जनसंङ्ख्या वडा नं.१ म २७६५ रहेको देखिन्छ । हाल सर्वेक्षण अनुसार जनसंङ्ख्याको अवस्थालाई देहायको तालिका बमोजिम उल्लेख गरिएको छ ।

**तालिका ३: वडा अनुसार जनसंङ्ख्याको अवस्था**

| वडा नं. | घरधुरी | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात | औषत परिवार आकार |
|---|---|---|---|---|---|---|
| १ | ५७२ | १४२४ | १३४१ | २७६५ | १०६.१९ | ४.८३ |
| २ | ७११ | १७८० | १७०३ | ३४८३ | १०४.५२ | ४.९ |
| ३ | ७७७ | २०१२ | १९९० | ४००२ | १०१.११ | ५.१५ |
| ४ | ६१० | १६२९ | १५३७ | ३१६६ | १०५.९९ | ५.१९ |
| ५ | ८२२ | १९७७ | १९२१ | ३८९८ | १०२.९२ | ४.७४ |
| ६ | ९१४ | २३१८ | २२१२ | ४५३० | १०४.७९ | ४.९६ |
| ७ | ९०५ | २२३२ | २१४३ | ४३७५ | १०४.१५ | ४.८३ |
| **जम्मा** | **५३११** | **१३३७२** | **१२८४७** | **२६२१९** | **१०४.०९** | ४.९४ |

*(स्रोत घरधधुरी सर्वेक्षण २०७७)*

### ख) उमेरको आधारमा  जनसंङ्ख्या विवरण

यस दंगीशरण गाउँपालिकामा उमेरको आधरमा जनसंङ्ख्या विवरण हेर्ने हो भने धेरै २०-२४  वर्ष उमेर जनसंङ्ख्या रहेको देखिन्छ । यो उमेरको जनसंङ्ख्या पुरुष १४१९ जना र महिला १४४८ जना गरी जम्मा २८६७ जना रहेको पाईन्छ भने दोश्रोमा २५-२९ वर्ष उमेर समूहको जनसंख्या रहेको देखिन्छ जसमा पुरुष १३११ जना र महिला १४४६ जना गरी जम्मा २७५७ जना रहेको पाईन्छ । यसै गरी उमेरको आधारमा क्रमशः १५-१९ वर्ष उमेर समूह ,१०-१४ वर्ष उमेर समूह,३०-३४ वर्ष उमेर समूह तेश्रो ,चौथो र पाँचौ स्थानमा रहेको देखिन्छ भने सबैभन्दा  कम जनसंङ्ख्या ७५ बषृ भनदा माथीका रहेको देखिन्छ जसमा महिलाको जनसंख्या १९५ र पुरुषको जनसंख्या १९६ जना गरी जम्मा ३९१ जना रहेको पाईन्छ । लिङ्गको आधारमा हेर्ने हो भने २०-२४ वर्ष उमेर समूहमा महिलाको संख्या अन्य उमेर समूहमा भन्दा धेरै देखिएको छ । यो उमेर समुहमा जम्मा १४४८ जना महिला रहेको देखिन्छ भने दोश्रोमा १५-१९ वर्ष उमेर समूह , तेश्रोमा २५-२९ वर्ष उमेर समूहका महिला रहेको देखिन्छ । यसै गरी पुरुषको जनसंङ्ख्या सबैभन्दा धेरै २५-२९ वर्ष उमेर समूहका रहेको देखिन्छ । यो उमेर समूहमा १४४६ जना पुरुषहरु रहेका छन् भने दोश्रो र तेश्रोमा क्रमशः २०-२४ वर्ष उमेर समूह र १५-१९ वर्ष उमेर समूह रहेका छन् । ७५ बर्ष भन्दा माथीका उमेर समुहमा सबै उमेर समुह भन्दा कम महिला र पुरुष रहेको रहेका छन् ।

**तालिका ४: उमेर समुह अनुसार जनसंङ्ख्या**

| उमेर | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ०-४ | ९४५ | ९९० | १९३५ |
| ५-०९ | १०३४ | १११९ | २१५३ |
| १०-१४ | १०८४ | ११८३ | २२६७ |
| १५-१९ | १३५२ | १३५० | २७०२ |
| २०-२४ | १४४८ | १४१९ | २८६७ |
| २५-२९ | १३११ | १४४६ | २७५७ |
| ३०-३४ | ९६२ | ११९७ | २२६० |
| ३५-३९ | ७८० | ९५७ | १९१९ |
| ४०-४४ | ६८४ | ८४८ | १६२८ |
| ४५-४९ | ६२५ | ६५७ | १३४१ |
| ५०-५४ | ४८० | ६२८ | १२५३ |
| ५५-५९ | ३७२ | ४८८ | ९६८ |

| | | | |
|---|---|---|---|
| ६०-६४ | ३०० | ३९४ | ७६६ |
| ६५-६९ | २१२ | २८८ | ५८८ |
| ७०-७४ | १९५ | २१२ | ४२४ |
| ७५ भन्दा माथि | १२८ | १९६ | ३९१ |
| जम्मा | | १३३७२ | २६२१९ |

*(स्रोत घरधुरी सर्वेक्षण २०७७)*

### ग) मातृभाषको आधारमा  जनसंङ्ख्या विवरण

यस दंगीशरण गाउँपालिकामा रहेका जनसङ्ख्या मध्ये सबैभन्दा धेरै १६३६६ नेपाली भाषीहरु रहेको देखिन्छ । प्रतिशतको आधारमा हेर्ने हो भने लगभग ५९ प्रतिशत  विवरण जनसंङ्ख्या नेपाली भाषीहरु रहेको देखिन्छ भने दाश्रोमा थारु भाषी र तेश्रोमा चौधरी भाषीहरु रहेको देखिन्छ ।  थारु भाषीको जनसंङ्ख्या ७९९९ अर्थात् ३०.५१ प्रतिशत र चौधरी भाषीहरुको जनसंङ्ख्या २८४७ अर्थात् १०.८२ प्रतिशत रहेको देखिन्छ । अन्यमा नेवारी , मैथिली ,भोजपुरी , रानाथारु,डोटेली,हिन्दि छन्थ्याल भाषीहरु रहेका छन्  तर यिनीहरुको संख्या नगन्य मात्रामा रहेको देखिन्छ ।

### घ) धर्म अनुसार जनसंङ्ख्या विवरण

यस पालिकामा  धेरै सबैजसो हिन्दु धर्म मान्ने जनसङ्ख्या रहेको देखिन्छ । हिन्दु धर्म मान्ने जम्मा जनसङ्ख्या २५९८६ रहेको देखिन्छ  यो कुल जनसङ्ख्याको ९९.११ प्रतिशत हुन आँउछ  भने क्रिश्रियन धर्म मान्नेकको संख्या २०३ जना अर्थात् कुल जनसङ्ख्याको ०.७७ प्रतिशत रहेको देखिन्छ । अरु धर्महरु बौद्ध , इस्लाम,किराँत,शिख,वोन,जैन,बहाइ मान्नेहरुको नगन्य मात्रामा रहेको पाईन्छ ।

### ङ) जातिगत आधारमा जनसंङ्ख्या विवरण

यस गाउँपालिकामा बसोबास गर्ने जातजातिहरुमा सबैभन्दा धेरै संख्या अर्थात् कुल जनसङ्ख्याको ४१.३६ प्रतिशत जनसङ्ख्या चौधरी थारुहरुको रहेको पाइन्छ । दोश्रोमा क्षेत्रिको जनसङ्ख्या रहेको छ । यसै गरी जनजाति ७.३४ प्रतिशत र ब्राम्हण ५.१५प्रतिशत रहेका छन् भने परियार ,सन्यासी/दशनामी लगायत अरु जातजातिको जनसङ्ख्या नगन्य मात्रामा रहेका छन् ।

## २.२ आर्थिक बिकास अवस्था

यस दंगीशरण गाँउपालिकाको आर्थिक पक्षको मुल आधार कृषिक्षेत्र नै हो भने सहायक रूपमा वैदेशिक रोजगार रहेको देखिन्छ । यस गाँउपालिका पर्यटन व्यवसायको लागि पनि सम्भावना बोकेको गाँउपालिका रहेको देखिन्छ । यस गाउाँपालिकाको २०.३२ प्रतिशत मानिसहरू प्रत्यक्ष कृषि पेशामा संलग्न रहेका छन् भन प्रायजसो सबै जनसंङख्या कृषिमा आश्रित रहेको पाइएको छ । यस गाउँपालिकाका कृषि बाहेक ज्यालादारी तथा मौसमी रोजगार, व्यापार व्यवसाय ,जागिर तथा अन्य सापटीबाट जीविकोपार्जन गने गरेको पाईएको छ । यो गाँउपालिका अन्न बालि र तेल(तोरी सुर्य ) उत्पादनको रूपमा अब्बल रहेको छ ।

## २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस दंगीशरण गाउँपालिकामा जम्मा १४६७ विघा क्षेत्रफल अन्नबाली खेती गरिएको छ । १४६७ विघामा गरिएको अन्नबालि खेतीबाट १३३२५६ के.जी. उत्पादन हुन्छ भने २११५२ के.जी.मात्र विक्री हुने छ । यसै गरी दलहन बालीको हकमा भने जम्मा ६९ विघामा मात्र खेती हुन्छ भने ६९ बिघाबाट दलहनको उत्पादन २९०० के.जी. र बिक्री १४३८ के.जी. हुने गरेको छ ।

### क) बालि अनुसार कृषि विवरण (तरकारी र तेलहन)

यस दंगीशरण गाउँपालिकामा जम्मा ४६ विघा क्षेत्रफलमा तरकारी खेती गरिएको पाइन्छ । ४६ बिघामा गरिएको तरकारी खेतीबाट १०२४९० के.जी. उत्पादन हुन्छ भने ८४८६ के.जी. मात्र बिक्री हुने गरेको देखिन्छ । यसै गरी तेलहन बालिको हकमा भने जम्मा ३४६ विघामा खेती हुन्छ भने ३४६ विघाबाट तेलहनको उत्पादन ३८६२३ के.जी. र बिक्री १५५१० के.जी. हुने गरेको देखिन्छ ।




| | क्षेत्रफल (विघा) | | उत्पादन (के.जी ) | विक्री (के.जी ) |
|---|---|---|---|---|
| अन्नवाली | १४६७ | | १३३२५६ | २११५२ |
| दलहन | ६९ | | २९०० | १४३८ |

### ख) नगदेबालि अनुसार विवरण

यस गाउँपालिकाको कुल खेतियोग्य जमिन मध्ये २६ बिघामा नगदेबाली उत्पादन तथा बिक्रिवितरण गरिन्छ जसमा अदुवा, बेसार , लसुन ,प्याज र च्याउ रहेको छ ।

**तालिका ५: बालीको उत्पादन र बिकि परिणाम**

| बाली | उत्पादन ( के.जि.) | बिक्रि परिमाण( के.जि.) | खेति गरिएको क्षेत्रफल ( बिघा) |
|---|---|---|---|
| नगदेबाली | ३४५७९ | ३८३९९ | २६ |
| अदुवा/बेसार | ४९५९ | ६८७६ | |
| लसुन /प्याज | २९६०१ | १५२३ | |
| च्याउ | १९ | ० | |

ग) **फलफुल बालि**

यस दंगीशरण गाउँपालिकामा फलफुल आँप, अनार, अम्बा, नसापाती,सुन्तला/जुनार/कागतीको उत्पादन हुने गरेको पाइन्छ भने बिक्री वितरण भने फलफुल र आाँपको मात्र हुने गरेका देखिन्छ । फलफुल उत्पादन ७६५ के.जी. हुन्छ भने बिक्री ५०० के.जी. हुने गरेको देखिन्छ । यसै गरी आँप ६०० के.जी. उत्पादन हुन्छ भने ५०० के.जी. बिक्री हुन्छ । फलफलू खेतीबाट वार्षिक आम्दानी ५० हजार हुने गरेको पाइन्छ भने फलफुल खेति गर्न ४१ हजार २०० रुपैंया खर्च हुने गरेको देखिन्छ ।

**घ) सार्वजनिक पोखरी तथा माछापालन**

यस पालिकामा जम्मा ९ वटा पोखरीमा माछापालन व्यवसाय गरिएको छ जसमध्ये ३ वटा निजि पोखरी ,५ वटा सामुदायिक पोखरी र १ वटा साझेदारी रुपमा संञ्चालनमाा रहेको छ । र यी ९ वटा पोखरीबाट वार्षिक ६१७०० के.जि. माछा उत्पादन हुने गर्दछ र यी सबै पोखरीले कुल ६३ कट्ठा जमिन ओगटेको छ ।

**ङ) खाद्य सुरक्षाको अवस्था**

खाद्य सुरक्षा दृष्टिकोणले विश्लेषण गर्दा यस दंगीशरण गााँउपालिकामा लगभग आधाजसो घरधुरी ( ४५.७३ प्रतिशत) आफ्नो उत्पादनबाट ९ महिना भन्दा बढी खान पुग्ने रहेका छन् । ७ महिनादेखि ९ महिनासम्म खान पुग्ने ८.३४ प्रतिशत, ४ देखि ६ महिनासम्म खान पुग्ने ११.८६ प्रतिशत, ३ महिनासम्म खान पुग्ने ८.२ प्रतिशत रहका छन् भने आफ्नो उत्पादन नै नगर्ने एक चौथाइ २५.८५ प्रतिशत घरधुरी रहका छन् ।

**तालिका ६:वडागत खाद्य सुरक्षाको अवस्था**

| वडा नं. | ३ महिना | ४-६ महिना सम्म | ७-९ महिना सम्म | ९महिना भन्दा माथि | आफुले उत्पादन नगर्ने | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३५ | ९२ | ३८ | ३०० | १०७ | ५७२ |
| २ | १५४ | १८१ | ९९ | २०९ | ६८ | ७११ |
| ३ | ६२ | ६३ | ४१ | ४४३ | १६८ | ७७७ |
| ४ | ३ | १५ | १८ | ४९९ | ७५ | ६१० |
| ५ | ६६ | ४१ | ५२ | ४०० | २६३ | ८२२ |
| ६ | ७९ | ९५ | ९९ | ३५३ | २८८ | ९१४ |
| ७ | ३७ | १४३ | ९६ | २२५ | ४०४ | ९०५ |
| **जम्मा** | **४३६** | **६३०** | **४४३** | **२४२९** | **१३७३** | **५३११** |
| **प्रतिशत** | **८.२** | **११.८६** | **८.३४** | **४५.७३** | **२५.८५** | **१००** |

*(स्रोत घरधधुरी सर्वेक्षण २०७७)*

## २.२.३.उद्योग, व्यापार व्यवसाय र आपूर्ति

### क)औद्योगिक विकास

यस दंगीशरण गााँउपालिका भित्र जम्मा १० वटा उद्योग व्यवसाय रहेका छन् । जसमा किराना पसल, मासु पसल, कुटानी पिसानी उद्योग, निर्माण सेवा, कंक्रिट उद्योगहरू रहेका छन् । तलको तालिकामा सबै उद्योग व्यवसायहरुको विस्तृत विवरण उल्लेख गीरएको छ ।

**तालिका ७ : उद्योग व्यवसायहरुको विवरण**

| क्र.स. | उद्यम व्यवसाय | व्यवसायको प्रकार | संख्या |
|---|---|---|---|
| १ | कृषि व्यवसाय | कृषि | ३१ |
| २ | किनारा पसल | बिक्रि केन्द्र | ३७ |
| ३ | नास्ता पसल | होटेल | १३ |
| ४ | मासु | मासु बिक्रि केन्द्र | ४ |
| ५ | रेस्टुरेन्ट | होटेल | ३ |
| ६ | इन्टरनेट सर्विस प्रोभाईडर | इन्टरनेट सर्विस | १ |
| ७ | निर्माण | निर्माण | ८ |
| ८ | एग्रोभेट | | २ |
| ९ | होम पाइप कंक्रिट तथा तार जाली उद्योग | | १ |
| १० | कुटानी पिसानी उद्योग | | १ |

*(स्रोत घरधुरी सर्वेक्षण २०७७)*

### ख) उत्पादन तथा सेवामूलक उद्योग

यस दंगीशरण गााँउपालिका भित्र जम्मा ६ वटा उत्पादन तथा सेवामलूक उद्योगहरू रहेको छ जसमा ग्रील उद्योगदेखि ह्मुमपाईप उद्योगहरू रहेका छन । सबै उद्योगहरूको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ८:उत्पादन तथा सेवामूलक उद्योग**

| क्र.स. | उद्योगको नाम | वडा नं. | उद्योगको स्वामित्व | उद्योग रहेको स्थान | उद्योगको प्रकार |
|---|---|---|---|---|---|
| १ | मिलन ग्रिल उद्योग | ३ | निजि | हेकुली | घरेलु |
| २ | रावतगाउँ ग्रिल उद्योग | ३ | निजि | रावतगाउँ | घरेलु |
| ३ | अरुण ग्रिल उद्योग | ५ | निजि | मिरौली | घरेलु |
| ४ | भगवति सिलाइकटाइ सेन्टर | ५ | निजि | मिरौली | लघु |
| ५ | याली राइस मिल | ५ | निजि | बालापुर | साना |
| ६ | मध्यपश्चिम होमपाइप कंक्रिट तथा तार जाली उद्योग | ७ | निजि | बेकटि | मध्यम |

*(स्रोत घरधुरी सर्वेक्षण २०७७)*

**ग)स्थानिय बजार तथा व्यापारिक केन्द्र**

यस पालिकाको बासिन्दाको मुख्य बजार भनेको तुलसीपुर हो भने पालिका मुख्य आन्तरिक व्यापारिक केन्द्र हेकुली रहेको छ । यस बाहेक साना व्यापारिक केन्द्रका रुपमा श्रीगाउँ , पोटली, बाँकि र बालापरु हो ।

**घ) व्यापार र व्यवसाय**

यस पालिकामा विशेष गरी किराना वा व्यापारिक वस्तुको व्यापार व्यवसाय धेरै मात्रामा रहेको छ र जुन व्यवसाय एकल स्वामित्वमा छ । यसका अलावा यस पाालिकामा होटेल तथा रेष्टुरेन्ट, फोटो स्टुडियो,मदिरा पसलको व्यापार पनि हुने गर्दछ ।

**ङ)औद्योगिक कच्चा पदार्थ उत्पादनको अवस्था**

यस पालिका क्षेत्र भएर बग्ने पातु खोला , कलङ,खोला,तिल कन्या खोला,तुई खोला बाट सामान्य रुपमा गिट्टि ,बालुवा प्रशोधन गरेको पाईन्छ र यिनै नदिजन्य पदार्थ नै यहाँमा औद्योगिक कच्चा पदार्थका रुपमा रहेको छ र यसका अलावा यहाँ अन्य कुनै धातु तथा औद्योगिक कच्चा पदार्थ पाईदैन ।

## २.२.४ आम्दानी, रोजगारी र वित्तिय सेवा

यस गाउँपालिकामा बसोबास गर्ने प्राय जसो बासिन्दाको मुख्य पेशा भनेको कृषि तथा पशुपालन व्यवसाय रहेको पाइन्छ जुन कुल जनसङ्ख्याको २०.३२ % रहेको छ त्यस्तै वैदेशिक रोजगारीमा ४.६८ % रहेको छ र ज्याला मजदुरीमा ४.४७ % रहेको देखिन्छ र यस सम्बन्धी विवरण तल चार्टमा प्रस्तुत गरिएको छ ।




**(क)कृषि बाहेकको पेशामा औसत वार्षिक आम्दानी विवरण**

घरपरिवार सर्वेक्षण २०७७ को अनुसार यस दंगीशरण गाँउपालिकामा जम्मा ५३११ घरधुरीहरू बसोबास गर्दछन् । उनीहरूको औसत आम्दानीको विश्लषेण गर्दा एक तिहाई भन्दा धेरै अर्थात् ३५.६६% (१८९४)घरधुरीको वार्षिक आम्दानी ५० हजार देखि १ लाख ५० हजार सम्म रहको देखिन्छ । दोश्रोमा १९.५४ % (१०३८)घरधुरीको वार्षिक आम्दानी ५० हजार भन्दा कम रहेको छ । वार्षिक २ लाख ५०

हजार देखि ५ लाख सम्म आम्दानी हनेु घरधुरी १८.४५ %(९८०), १ लाख ५० हजार देखि २ लाख ५० हजार सम्म आम्दानी हनेु घरधुरी १७.२ % (९१४) तथा वार्षिक ५ लाख भन्दा बढी आम्दानी हनेु घरधुरी जम्मा ३८ रहेको छ भने बाँकी ४४७ घरधुरीको तथ्याङ्कमा उपलब्ध छैन ।




चित्र औसत आम्दानी विवरण

### (ख) वैदेशिक रोजगार

यस पालिकामा कुल जनसङ्ख्याको १६७९ जना बिदेश गएको देखिन्छ जसमा खाडी मुलुक,युरोप अमेरिका र कोरिया तिर धेरै मात्रामा गएका छन् । त्यस्तै वैदेशिक रोजगारीमा जाने सङ्ख्या पुरुषको तुलनामा महिलाको निकै थोरै रहेको छ जुन १७९ मात्र छ र वडागत रुपमा हेर्दा वडा न. ६ का बासिन्दा धेरै वैदेशिक रोजगारीमा गएका छन् भने सबभन्दा कम वडा न. ३ मा रहेका छन् जहाँ ७ महिला र १३३ पुरुष गरी कुल १४० जना रहेका छन् ।

### २.२.५ सहकारी

यस दंगीशरण गाउँपालिका भित्र ११ वटा सहकारी संस्थाहरु रहेका छन् जसमा सबै संस्थाहरुको कुल बचत रकम रु ६,८२,८३,०४१ रहेको छ । यि सबै संस्थाहरुमा गरेर १४६४ महिला, १४३ पुरुष गरी जम्मा १६०७ जना सदस्यहरु रहेको देखिन्छ भने ५ महिला र ४ पुरुष गरी जम्मा ९ जनाले प्रत्यक्ष रुपमा रोजगारी पाएका छन् । यहाँ रहेका सहकारी मध्ये बचतको हिसाबले साना किसान सहकारी संस्था अग्रणी स्थानमा रहेको छ ।

## २.३ सामाजिक बिकास

### २.३.१ स्वास्थ्य तथा पोषण

#### क) स्वास्थ्य संस्था तथा उपलब्ध जनशक्तिको विवरण

यस दंगीशरण गाँउपालिकाभित्र जम्मा ८ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् जसमा ८ जना हेल्थ अलिस्टेन्ट, १ जना नर्स, ७ जना अ.हे.व., ९ जना अ.न.मी. र २ जना ल्याब टेक्निसियनहरु कार्यरत

देखिन्छ भने यसका अलावा श्री गाउँ प्रा स्वास्थ्य केन्द्रमा २ जना सामान्य चिकित्सकको दरबन्दी भइ २ जनाकै संख्यामा चिकित्सक कार्यरत रहेको छ ।

**तालिका ९:पालिकामा कार्यरत स्वास्थ्य जनशक्ति**

| **वडा नं.** | **स्वास्थ्य संस्था नाम** | **ठेगाना** | **उपलबध संख्या** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **हे.अ** | **नर्स** | **अहेव** | **अनमी** | **ल्याब टेक्निसियन** |
| १ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | बाकी | | | १ | १ | |
| २ | स्वास्थ्य चौकी गोल्टाकुरी | गोल्टाकुरी | १ | | | | |
| ३ | हेकुली स्वास्थ्य चौकी | हेकुली | ३ | | १ | | १ |
| ४ | आधारभुत स्वास्थ्य सेवा केन्द्र मौलि | मैली | | | १ | ३ | |
| ४ | नगरिक आरोग्य स्वास्थ्य केन्द्र | बैबांग | १ | | १ | १ | |
| ५ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | बालापुर | १ | | | | |
| ६ | श्री गाउँ प्रा.स्वास्थ्य सेवा केन्द्र | श्री गाउँ | १ | १ | ३ | ३ | १ |
| ७ | श्री गाउँ आधारभुत स्वास्थ्य सेवा केन्द्र | श्री गाउँ | १ | | | | |
| **जम्मा** | | | **८** | **१** | **७** | **९** | **२** |



**चित्र वडा न. ३ स्थित हेकुली स्वास्थ्य चौकी**

## ख) बाल स्वास्थ्य तथा कुपोषणको अवस्था

यस पालिका अस्थायी परिवार नियोजनको साधन प्रयोग गर्ने महिला ११२७ जना रहेका छन भने पुरुष १६५ जना छन् ।

**तालिका १०: नवजात शिशु तथा परिवार नियोजनको अवस्था**

| वडा नं. | गर्भावस्था /प्रसुति अवस्था/ सुत्केरी पछिको ६ हप्ताभित्र मृत्यु भएका महिला | जीवित नवजात शिशु संख्या | मृत जन्म नवजात शिशु | जन्मेको२८ दिनभित्र मृत्यु भएका नवजात शिशु | १५-५९ बर्षका महिला को संस्या | परिवार नियोजन साधन प्रयोग गर्ने | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | स्थायी | अस्थायी | स्थायी | अस्थायी |
| १ | ० | ० | ० | ० | ० | | ५९ | | |
| २ | | | | | | | | | |
| ३ | | १३ | | | ११८० | ५ | १०३६ | | १५० |
| ४ | | | | | | | ३२ | | १५ |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| **जम्मा** | **०** | **१३** | **०** | **०** | **११८०** | **५** | **११२७** | | **१६५** |

## ग) खोप सेवा तथा सुरक्षित मातृत्व सम्वन्धि विवरण

यस दंगीशरण गााँउपालिकाभित्र १ बर्षको समयावधिमा गर्भावस्थाको समयमा स्वास्थ्य जाँच गराउने संख्या ७३ जना रहेको छ भने स्वास्थ्य संस्थामा गएर सुत्केरी गराउनेको संख्या मात्र १५ जना रहेको छ ।

## २.३.२ शैक्षिक बिकास

### क) समग्र पालिकाको शैक्षिक अवस्था

यस पालिकामा सबै भन्दा धेरै आधारभूत तह अध्ययन गर्ने जनसंख्या रहेका छन् जसमा कुल जनसंख्याको ३५.५२% जनसंख्या रहेका छन् । यसै गरी माध्यामिक तह अध्ययन गर्ने जनसंख्या कुल जनसंख्याको २८.६५%,साधरण लेखपढ ९%,बाल विकास कक्षा पढ्ने ४.९८% र स्नातक तह पढ्ने

२.२४ प्रतिशत जनसंख्या रहेका छन । यसै गरी स्नातकोत्तर गर्ने १२९ जना, प्राविधिक डिप्लोमा ४१ जना, प्राविधिक एस.एल.सी गर्ने ३८ जना, एमफिल गर्ने १८ जना र विद्याबारिधि गर्ने ११ जना रहेका छन  भने कुल जनसंख्याको ११.३४% अर्थात् २९७३ जना अझै पनि निरक्षर रहेका छन् ।

**तालिका ११ः वडागत शैक्षिक स्तर**

| शैक्षिक स्तर | वडा नं. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| बाल विकास कक्षा | ८१ | ११० | २१६ | ५७ | ११९ | ४०५ | ३१७ | १३०५ | ४.९८ |
| निरक्षर | २५८ | ४३५ | ३७१ | ४४४ | ५१२ | ६३३ | ३२० | २९७३ | ११.३४ |
| साधरण लेखपढ | ३४७ | २९५ | ४०७ | ३६० | ५०८ | १३८ | ३०४ | २९५१ | ९.०० |
| आधारभुत तह | ९६६ | १२७९ | १३४६ | १०४३ | १२४२ | १६०८ | १८२९ | ९३१३ | ३५.५२ |
| माध्यामिक तह | ८६० | ९७७ | १२१० | ९१८ | ११३८ | १२९९ | ११०९ | ७५११ | २८.६५ |
| | ३ | १५ | २ | ८ | २ | १ | ७ | ३८ | ०.१४ |
| स्नातक तह | २४ | ५२ | १२२ | ६८ | १२० | ८४ | ११६ | ५८६ | २.२४ |
| स्नाकोत्तर तह | ५ | २२ | ३२ | ८ | १७ | १३ | ३२ | १२६ | ०.४९ |
| एमफिल | २ | ५ | २ | ० | २ | ० | ७ | १८ | ०.०७ |
| विधा बारिधि | १ | ० | २ | ० | १ | २ | ५ | ११ | ०.०४ |
| प्राविधिक डिप्लोमा | १३ | ६ | ३ | ५ | ८ | १ | ५ | ४१ | ०.१६ |
| उमेर कम | २०५ | २८७ | २८९ | २५५ | २२९ | ३४६ | ३२४ | १९३५ | ७.३८ |
| जम्मा | २७६५ | ३४८३ | ४००२ | ३१६६ | ३८९८ | ४५३० | ४३७५ | २६२१९ | १००.०० |

*(स्रोत शैक्षिक बुलेटिन २०७७)*

**ख) तहगत रुपमा शैक्षिक  संस्थाको विवरण**

यस दंगीशरण गाउँपालिकाभित्र जम्मा २४ वटा विद्यालयहरु रहेका छन । संस्थागत विद्यालयको संस्या ८ वटा छ भने सामुदायिक विद्यालयको संस्या  १६ वटा रहेको देखिन्छ । वडागत रूपमा हेर्दा वडा नं. ६ सबैभन्दा धेरै ५ वटा विद्यालय रहेका छनु जसमा ३ वटा संस्थागत र २ वटा सामुदायिक विद्यालय रहेका छन भने सबैभन्दा कम वडा नं. ४ मा २ वटा रहेका छन जसमध्ये एउटा संस्थागत र एउटा सामुदायिक विद्यालय रहेको देखिन्छ । वडा नं. ७ मा  संस्थागत विद्यालय छैन भने ५ वटा सामुदायिक विद्यालयहरु रहेका छन । यस गाउँपालिकाभित्र मदरसा  र गुम्बा रहेका छैनन् ।

**तालिका १२ : तहगत रुपमा शैक्षिक  संस्थाको विवरण**

| **वडा नं.** | संस्थागत विद्यालय | सामुदायिक विद्यालय | जम्मा |
|---|---|---|---|
| १ | १ | २ | ३ |
| २ | १ | २ | ३ |
| ३ | २ | २ | ४ |
| ४ | १ | १ | २ |
| ५ | १ | ३ | ४ |
| ६ | २ | ३ | ५ |
| ७ | ० | ३ | ३ |
| **जम्मा** | ८ | १६ | २४ |

### ग) ४-१८ वर्षका बालबालिका विद्यालय जाने/नजाने सम्वन्धि

स्थागत सवेक्षण २०७७ अनुसार यस दंगीशरण गाँउपालिका भित्र ४ देखि १८ वर्ष उमेरका विद्यालय जान बालाबलिकाको जम्मा संख्या ७०३३ रहेको देखिन्छ, जसमध्ये ३६१८ बालक र ३४१५ बालिकाको संख्या रहेको देखिन्छ । यो उमेरका विद्यालय जाने  बालबालिकाको जम्मा संख्या ६४७५ जना रहेका छन जसमा ३२९३ बालक र ३१८ बालिकाको संख्या रहेको देखिन्छ । यसै गरी यो उमेरका विद्यालय नजाने बालबालिकाको जम्मा संख्या  ५५८ जना रहकोमा बालक ३२५ र बालिका २३३ रहेका छन ।

**तालिका १३: विद्यालय जाने र विद्यालय नजानेको विवरण**

| **क्र.स.** | **विद्यालय जाने** | | | **विद्यालय नजाने** | | | जम्मा बालबालिका |
|---|---|---|---|---|---|---|---|
| | बालिक | बालिका | जम्मा | बालिक | बालिका | जम्मा | |
| १ | ३४० | ३२५ | ६६५ | २७ | २४ | ५१ | ७१६ |
| २ | ४३६ | ४०२ | ८३८ | ६२ | ४६ | १०८ | ९४६ |
| ३ | ४८४ | ५२६ | १०१० | ३१ | २२ | ५३ | १०६ |
| ४ | ४०६ | ३७५ | ७८१ | ३३ | २२ | ५५ | ८३६ |
| ५ | ४७४ | ४४९ | ९२३ | ४७ | ३५ | ८२ | १००५ |
| ६ | ५९२ | ५६७ | ११५९ | ७१ | ४१ | ११२ | १२७१ |
| ७ | ५६१ | ५३८ | १०९९ | ५४ | ४३ | ९७ | ११९६ |
| **जम्मा** | **३२९३** | **३१८२** | **६४७५** | **३२५** | **२३३** | **२३३** | **७०३३** |

*(स्रोत शैक्षिक बुलेटिन २०७७)*

## २.३.३ खानेपानी तथा सरसफाइ

### (क) खानेपानीको अवस्था

यस दंगीशरण गाँउपालिकाभित्र रहेको जम्मा ५३११ घरधुरीहरुमा खानेपानी सुविधाको विश्लेषण गर्दा आधाभन्दा धेरै अर्थात् २८५५ घरधुरीहरु (५३.७५%) को घरआँगनमै खानेपानी सुविधा उपलब्ध भएको पाइन्छ भने लगभग एक तिहाई अर्थात् १६२४ घरधुरी (३०.५७ %) लाई पानी भर्न जान, पानी भर्न र पानी लिएर फर्कनको लागि जम्मा १० मिनेट समय लाग्ने रहेछ । यसैगरी पानी भर्न जान,पानी भर्न र

पानी लिएर फर्कनको लागि आधाघण्टा समय लाग्ने घरधुरीहरु जम्मा ७३२ (१३.७८ %) र एक घण्टा वा सोभन्दा बढी समय लाग्ने घरधुरीको सङ्ख्या १०० (१.८९ %) रहेको देखिन्छ । यसरी हेर्दा यस गाँउपालिकाभित्र अझैपनि ८३२ घरधुरीलाई खानेपानीको चरम समस्या देखिएको छ ।

**तालिका १४:वडागत खानेपानीको अवस्था**

| वडा नम्बर | घर आँगनमा | पिउनेपानी लिन जान र फर्कन लाग्ने समय अवधि (पैदल) | | | जम्मा |
|---|---|---|---|---|---|
| | | १० मिनेट | आधा घण्टा | १ घण्टा वा सो माथि | |
| १ | २१८ | १९६ | १५४ | ७ | ५७२ |
| २ | १९२ | २९६ | १९८ | २५ | ७११ |
| ३ | ६०८ | १४२ | २३ | ४ | ७७७ |
| ४ | ३९० | २१२ | ८ | ० | ६१० |
| ५ | ४२३ | २३६ | १३३ | ३० | ८२२ |
| ६ | ४८५ | ३५० | ७८ | १ | ९१४ |
| ७ | ५३९ | १९५ | १३८ | ३३ | ९०५ |
| **जम्मा** | **२८५५** | **१६२४** | **७३२** | **१००** | **५३११** |
| **प्रतिशत(%)** | **५३.७५** | **३०.५७** | **१३.७८** | **१.८९** | **१००** |

(स्रोत :घरधुरी सर्वेक्षण, २०७७)

## (ख) खानेपानीको स्रोत

यस दंगीशरण गाँउपालिकाभित्र रहेको जम्मा ५३११ घरधुरीहरुको पानीको स्रोत विश्लेषण गर्दा १९३६ घर (३६.४५%) ले नढाकिएको इनार कुवाबाट पानी खाने गरेको देखिन्छ । यसरी हेर्दा यस गाउँपालिकामा बसोबास गर्ने आधाभन्दा धेरै ३११४ घरधुरी अर्थात् ( ५८.६३% ) घरधुरीले इनार अथवा कुवाको पानिको निर्भर हुनु परेको देखिन्छ । सार्वजनिक धाराबाट पानी खाने जम्मा ७०६ घरधुरी ( १३.२४ %) मुलको पानी खाने ६०६ घरधुरी (११.४१%) र घर कम्पाउन्डमै पाइपधारा हुने जम्मा ५६४ घरधुरी (१०.६२%) हरु रहेका छन् । यस गाँउपालिका भित्र २५१ घरधुरी ट्युवेल, ३९ नदी वा खोला र अन्य स्रोतको पानी प्रयोग गर्ने ३४ घर रहेका छन् र यस सम्बन्धी वृत्तित विवरण तल तालिकामा दिएको छ ।

**तालिका १५: खानेपानीको स्रोत**

| खानेपानी स्रोत | वडा नम्बर | | | | | | | जम्मा | प्रतिशत (%) |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| पाइप धारा र कम्पाउन्डमा | ० | ० | ३८ | १३९ | १४४ | १५० | ९३ | ५६४ | १०.६२ |
| पाइप धारा सार्वजनिक | १० | ० | ४२६ | २७ | ७७ | ४ | १५९ | ७०६ | १३.२४ |
| टयुबेल/ हेन्डपम्प | ९३ | १२ | ० | ९९ | ४ | ३७ | ६ | २५१ | ४.७३ |
| ढाकिएको इनार | २१८ | ३०० | १०१ | ६९ | ३६० | ५३५ | ३५३ | १९३६ | ३६.४५ |
| मूलको पानी | १७१ | २०८ | ९ | ० | ४० | ९१ | ८७ | ६०६ | ११.४१ |
| नदि खोला | २१ | ९ | ४ | ० | २ | २ | १ | ३९ | ०.७३ |
| नढाकिएको इनार/कुवा | ५९ | १७१ | १९९ | २७६ | १९३ | ९१ | १८१ | ११७८ | २२.१८ |
| अन्य | ० | ३ | ० | ० | २ | ४ | २५ | ३४ | ०.६४ |
| **जम्मा** | **५७२** | **७११** | **७७७** | **६१०** | **८२२** | **९४१** | **९०५** | **५३११** | **१००** |

(स्रोत :घरधुरी सर्वेक्षण, २०७७)

### (ग) शौचालय प्रयोगको अवस्था

यस पालिकामा ९४.६ प्रतिशत घरधुरीमा चर्पी भएको देखिएको छ भने अझै पनि ५.०५ प्रतिशत अर्थात २६७ घरधुरीमा चर्पी छैन भने २० घरमा चाँहि चर्पी छ तर प्रयोगमा आएको छैन । चर्पी नहुने सबै भन्दा धेरै घर वडा नं २ मा रहेका छन् । वडा नं २ का ५८ घरमा चर्पी नभएको पाईएको छ भने वडा नं ६ का ५६ घर, वडा नं ७ का ५० घर, वडा नं ४ का ४१ घर, वडा नं १ का १८ घर र वडा नं ३ का १५ घरमा चर्पी नभएको तथ्याङ्कले देखाएको छ । चर्पी भएर पनि प्रयोग नगर्ने सबै वडामा रहेका छन्न जसमा ६ घर वडा नं ३ का रहेका छन् ।

**तालिका १६: शौचालय प्रयोगको अवस्था**

| वडा नं | शौचालय भएको | शौचालय नभएको | छ तर प्रयोग गरेको छैन | जम्मा |
|---|---|---|---|---|
| १ | ५५१ | १८ | ३ | ५७२ |

| | | | | |
|---|---|---|---|---|
| २ | ६५० | ५८ | ३ | ७११ |
| ३ | ७५६ | १५ | ६ | ७७७ |
| ४ | ५६८ | ४१ | १ | ६१० |
| ५ | ७९० | २९ | ३ | ८२२ |
| ६ | ८५६ | ५६ | २ | ९१४ |
| ७ | ८५३ | ५० | २ | ९०५ |
| **जम्मा** | **५०२४** | **२६७** | **२०** | **५३११** |
| **प्रतिशत** | **९४.६०%** | **५.०३%** | **०.३८%** | **१००.००%** |

*(स्रोत घरधुरी सर्वेक्षण २०७७)*

### (घ) शौचालयको किसिमको आधारमा विवरण

चर्पीहरुको विभिन्न किसिम विश्लेशण गर्दा आधाभन्दा धेरै अर्थात् २९६९ (५९.१०%) चर्पीहरु फ्लस भएको र सेप्टिक टंकिमा मिसिने खालका छन् भने त्यसपछि १७२३ (३४.३०%) चर्पीहरु खाल्डे चर्पीहरु रहेका छन् । १४९ चर्पी सोक्ता भएका छन् भने १४८ चर्पीमा गोबर ग्याँस जोडिएको छ भने ३५ वटा चर्पीहरु फ्लस भएको र सार्वजनिक ढलमा मिसिने किसिमका रहेका छन् जुन निम्न अनुसार तालिकामा देखाईएको छ ।

**तालिका १७: शौचालयको किसिमको आधार**

| वडा नं | फ्लस भएको सार्वजनिक ढल मिसिने | फ्लस भएको सेफ्टी टयाङ्कीमा मिसिने | खाल्डे चर्पी | सोक्ता भएको | गोबर ग्याँस जडित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ० | २०९ | २७३ | २ | ६७ | ५५१ |
| २ | ० | ६२६ | २२ | १ | १ | ६५० |
| ३ | १ | ३२४ | ४०३ | १७ | ११ | ७५६ |
| ४ | ० | २८१ | २४२ | १ | ४४ | ५६८ |
| ५ | १७ | ६४२ | १०२ | ७ | २२ | ७९० |
| ६ | १६ | ५९३ | २४४ | ३ | ० | ८५६ |
| ७ | १ | २९४ | ४३७ | ११८ | ३ | ८५३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **जम्मा** | **३५** | **२९६९** | **१७२३** | **१४९** | **१४८** | **५०२४** |
| **प्रतिशत** | **०.७०%** | **५९.१० %** | **३४.३० %** | **२.९७ %** | **२.९५ %** | **१००.०० %** |

(स्रोत :घरधुरी सर्वेक्षण, २०७७)

### (ङ) फोहोर मैला व्यवस्थापन

हाल सम्म यस पालिकामा ढल निकासको उचित प्रबन्ध भएको छैन र फोहोर वर्गिकरण नगरि खाल्डोमा व्यवस्थापन गर्ने प्रचलन हाल सम्म विद्दमान रहेको छ जहाँ कुल घरधुरी मध्य १६६५ घरधुरीले वर्गीकरण नगरि खाल्डोमा व्यवस्थापन गर्ने गरेका छन् । त्यस्तै हाल ठोस फोहोरलाई पालिकाले व्यवस्थापन गरेको पाईंदैन ।

## २.३.४ लैङ्गिक समानता तथा समावेशीकरण

### (क) लिङ्ग अनुसार बाल विवाह (२० वर्ष मुनिका)

यस दंगिशरण गाँउपालिका भित्र जम्मा ४७२८ जनाले बिस विर्ष भन्दा कम उमेरमा विवाह गरेको पाइएको छ । बाल विवाह गर्ने लगभग आधा नै रहेका छन् । लगभग ५१ प्रतिशत युवती र ४९ प्रतिशत युवकले १८ वर्ष भन्दा कम उमेरमा विवाह गरेको देखिन्छ ।

**तालिका १८: लिङ्ग अनुसार बाल विवाह**

| वडा नं | बलिका वा युवती | बलक वा युवक | जम्मा |
|---|---|---|---|
| १ | २२५ | २४३ | ४६८ |
| २ | ३४५ | ३१९ | ६६४ |
| ३ | ३५३ | ३५७ | ७१० |
| ४ | ३११ | २७७ | ५८८ |
| ५ | ३०२ | २७५ | ५७७ |
| ६ | ४६० | ४२८ | ८८८ |
| ७ | ४१४ | ४१९ | ८३३ |
| **जम्मा** | **२४१०** | **२३१८** | **४७२८** |
| **प्रतिशत (%)** | **५०.९७ %** | **४९.०३ %** | **१००.०० %** |

(स्रोत :घरधुरी सर्वेक्षण, २०७७)

### २.३.५ युवा खेलकुद तथा कला

#### (क) खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जन स्थल सम्बन्धी

यस गाँउपालिका भित्र जम्मा तिन वटा खेल मैदान र एउटा पिकनिक स्थल रहेका छन् । सबै स्थलहरुको स्वामित्व सरकारी रहेको छ। वडा नं ३,५ र ६ मा खेलकुद मैदान र वडा नं ७ मा पिकनिक स्थल रहेको छ ।

| वडा नं | खेला मैदानको नाम | उपयोग | क्षेत्रफल | स्वामित्व | आगन्तुक सङ्ख्या (जना) | प्रमुख विशेषता | प्रकार | ठेगाना | खेल मैदानको किसिम |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | हेकुली खेल मैदान | खेलकुद | ४ विघा | सरकारी | १५० | खेलकुद प्रतियोगिता | प्राकृतिक | हेकुली | भलिबल, फुटबल,अन्य |
| ५ | सलौरा खेल मैदान | खेलकुद | ५ कट्ठा | सरकारी | १३० | खेलकुद, प्रदर्शनी, मनोरञ्जन | प्राकृतिक | सलौरा | भलिबल, फुटबल,अन्य |
| ६ | श्री गाउँ | खेलकुद | ४ विघा | सरकारी | २०० | खेलकुद, प्रदर्शनी, मनोरञ्जन | प्राकृतिक | श्री गाउँ | भलिबल, फुटबल,अन्य |
| ७ | श्री गाउँ सामुदायिक वन पार्क | पिकनिक | ६७६ वर्ग मि. | पब्लिक लि. | १०० | पिकनिक | प्राकृतिक | श्री गाउँ | पिकनिक, खेलकुद अन्य |

*स्रोत : संस्थागत सर्वेक्षण, २०७७*

#### (ख) स्थानिय चाडपर्व तथा जात्रा र मेलाहरु

यस दंगीशरण गाँउपालिकामा मनाउने चाडपर्वहरु बडा दशैं, तिहार, रामनवमि, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्री कृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होलि, चैते दशैं, साउने-माघे सक्रान्ती, माघी, मातातिर्थ औंसी, अक्षत तृतीय, हरिशयनी-हरिबोधन एकादशी, नागपञ्चमि, रक्षाबन्धन (जनै पूर्णीमा), कुशे औंसी, बालचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, संकट पूजा, बुद्ध जयन्ति, ईद, वकर ईद, ईदुलाफितर, क्रिशमर डे, अग्रेंजी नयाँ वर्ष आदि चार्डपर्व रहेका छन् ।

यसै गरि धार्मिक तथा साँस्कृतिक महत्वका निकै आकर्षक र बृहत जात्रा एवं मेलाहरु पनि लाग्दछन् । फिरफिरे मेला, लरैना मेला, पिपरी मेला, रिहार मेला, सूवाकोटी मेला, मण्डली, टीकरी मेला, धानखोला मेला आदि यस गाउँपालिका तथा दाङ जिल्लामा लाग्ने मेलाहरु हुन् ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

२.४.१ सडक पुल तथा यातायात

**(क) सडक सञ्चालनको अवस्था :**

यस दंगीशरण गाउँपालिका भित्र हाल सम्म जम्मा ९४.८६ किलोमिटर सडक रहेको छ जसमध्य कच्ची सडक २९.५ कि.मी., कालोपत्रे सडक ४३.७ कि.मि र ग्राभेल २१.६३ कि.मी. रहेको छ । यो सडक सञ्जालबाट जम्मा ७०२४० जनाले फाईदा लिई रहेका छन् ।

तलको तालिकामा सडक सञ्जालको विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका १९:सडक सञ्चालनको अवस्था :**

| सडकको नाम | वडा नं | सडकले जोडेको वस्तीहरु | | प्रकार | लम्बाई | लाभाम्वित जनसङ्ख्या |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| बखरिया बुर्केसाल सडक खण्ड | २ | लुउमपा | दंगीशरण २ | ग्राभेल | ७ कि.मी | १२०० |
| दमारगाउँ गोल्टाकुरी सडक खण्ड | २ | दमार गाउँ | गोल्टाकुरी | ग्राभेल | ४ कि.मी | ८०० |
| बंग्लापुर रिंग रोड | २ | बंग्लापुर | सिमल डाडा | ग्राभेल | ८०० मिटर | १३० |
| बंग्लापुर नदि जाने बाटो | २ | बंग्लापुर | नदि सम्म | ग्राभेल | ५२५ मिटर | २५० |
| बंग्लापुर नमुना बस्ति सडक | २ | बंग्लापुर | नमुना बस्ति | ग्राभेल | ८०० मिटर | ३६० |
| तुलसीपुर रोड | ७ | श्री गाउँ | तुलसिपुर | कालो पत्रे | १३ कि.मी | १०००० |
| बुटनिया श्रीगाउँ सडक खण्ड | ७ | श्री गाउँ | श्री गाउँ | कच्ची | २ कि.मी | ३०० |
| बका रचप्ल रोड | ७ | रचप्ल | बाका | कच्ची | १ कि.मी | १०० |
| मन्त्रि डाडा सिमठाना | ७ | मन्त्रि डाडा | सिमठाना | कच्ची | ४ कि.मी | ५०० |

| **सडकको नाम** | **वडा नं** | **सडकले जोडेको वस्तीहरु** | | **प्रकार** | **लम्बाई** | **लाभाम्वित जनसङ्ख्या** |
|---|---|---|---|---|---|---|
| | | **देखि** | **सम्म** | | | |
| बगर सिम्ठाना सडक | ६ | बागर | पर्सदुवा | कालो पत्रे | १५०० मिटर | २०० |
| उत्तर मार्ग | ६ | श्री गाउँ | लेटार | कालो पत्रे | १२०० मिटर | ५०० |
| लेटार सडक | ६ | सुर्खेत मार्ग | धरमपुर | ग्राभेल | १५०० मिटर | ४०० |
| बागर सडक | ६ | सुर्खेत मार्ग | नयाँ बस्ति | कच्ची | ३००० मिटर | ५०० |
| थाम्गाउँ सडक | ६ | दामोदर मार्ग | थाम्गाउँ | ग्राभेल | १००० मिटर | १२०० |
| भैरव सडक | ६ | पर्सडूवा | मैरता | कच्ची | २००० मिटर | ५०० |
| दामोदर सडक | ३ | बैबांग | थपगाउँ | कालो पत्रे | ४ किलोमिटर | १०००० |
| हेकुली सडक | ३ | पोतली | बैबंग | कालो पत्रे | ३ किलोमिटर | १०००० |
| चकौरा मार्ग | ३ | मिरौली | एकली | ग्राभेल | ६ किलोमिटर | २०००० |
| दामोदर सडक | ३ | बैबांग | तुलसीपुर | कालो पत्रे | १६ किलोमिटर | ४५०० |
| सुर्खेत तुलसीपुर मार्ग | ५ | लाबस्ता | पोतली | कालो पत्रे | ५ किलोमिटर | ६०० |
| फुर्केसल्ली सडक | १ | छर्कत्ता | फुर्केसल्ली | कच्ची | २० किलोमिटर | १००० |

**तालिका २०: दंगीशरण गाउँपालिका भित्र रहेका सडकहरुको सारांश विवरण**

| **सडक प्रकार** | **लम्बाइ** | **लाभान्ति जनसङ्ख्या** | **एकाइ** |
|---|---|---|---|
| कच्ची | २९.५ | २९०० | किलोमिटर |
| कालो पत्रे | ४३.७ | ४३००० | किलोमिटर |
| ग्राभेल | २१.६३ | २४३४० | किलोमिटर |
| जम्मा | ९४.८३ | ७०२४० | किलोमिटर |

### (ख) झोलुङ्गे पुल तथा पुलपुलेसा

**तालिका २१: झोलुङ्गे पुल तथा पुलपुलेसाको विवरण**

| विवरण | वडा नम्बर | ठेगाना | पुल भएको खोला वा खोल्सेको नाम | जोडिने बस्तिहरु | | प्रकार | अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| बंग्लापुर झुलुंगे पुल | २ | बंग्लापुर | तुइसोता | तुलसीपुर | बंग्लापुर | झोलुङ्गे | ठिकै |
| बागर पुल | ६ | बागर | बागर खोला | बागर | सिरौला | पक्की | ठिकै |
| चिर्याघाट | ३ | एकला | चिर्याघाट | एकली | थपागाउँ | पक्की | राम्रो |
| बिजुलिपुर पुल | ३ | रहरपुर | जिंगगदा खोला | बिजुलिपुर | रहरपुर | झोलुङ्गे | राम्रो |
| मायाखोला पुल | ४ | बिजुलिपुर | माया खोला | बैबांग | बिजुलिपुर | पक्की | राम्रो |
| बैबागं झोलिंगे पुल | ४ | बैबांग | बबई नदि | बैबांग | रामपुर | झोलुङ्गे | राम्रो |
| बबई पुल | ४ | बैबांग | बबई नदि | बैबांग | बाँकी | पक्की | राम्रो |
| पातोखोला पुल | ४ | सुकदेबा | पातोखोला | सुकदेबा | सुकौरा | पक्की | राम्रो |
| भमके खोला | ५ | लबस्ता | भ्मके | बतलपुर | लबस्ता | पक्की | राम्रो |
| बबर पुल | ५ | बाबर | बाबर खोला | बाबर | पोतली | पक्की | राम्रो |
| बैंबाग पुल | १ | बाँकी | बबई नदि | बैबंग | बाँकी | पक्की | राम्रो |
| बबई झोलुङ्गे पुल | १ | टाकुरी | बबई नदि | गोल्टाकुरी | सुकौरा | झोलुङ्गे | राम्रो |
| आमारबारी झोलुङ्ग पुल | १ | तिल्लबारी | मलै खोला | कल्लितारा | तिल्लबारी | झोलुङ्गे | राम्रो |

### (ग) टाढाको बस्तीबाट सम्बन्धित वडा केन्द्र सम्म पुग्न लाग्ने अनुमानित समय

यस दंगीशरण गाउँपालिकाको विभिन्न बस्तीहरुबाट सम्बन्धित वडाको केन्द्रसम्म पुग्नको लागि लाग्ने समय र दुरी निम्न अनुसार तालिकामा उल्लेख गरिएको छ।

| वडा नम्बर | टाढाको बस्ती | पुग्न लाग्ने समय | | दुरी (कि.मी) |
|---|---|---|---|---|
| | | पैदल | सवारीसाधन | |

| | | | | |
|---|---|---|---|---|
| १ | कालितारा | ३ घण्टा | १.३० घण्टा | ६ कि.मि. |
| २ | मघपुर | १.३० घण्टा | ४५ मिनेट | ४.५ कि.मि. |
| ३ | सरैया | १ घण्टा | ३० मिनेट | ४ कि.मि. |
| ४ | मौलि | १ घण्टा | २० मिनेट | ३.५ कि.मि. |
| ५ | मिरौली | ४५ मिनेट | १५ मिनेट | ३ कि.मि. |
| ६ | थप गाउँ | १ घण्टा | २५ मिनेट | ४ कि.मि. |
| ७ | सिमठानी | १.३० घण्टा | ३० मिनेट | ४.५ कि.मि. |

### २.४.२ विद्युत तथा बैकल्पिक ऊर्जा

### (क) खाना पकाउने इन्धनको आधारमा विवरण

यस दंगीशरण गाउँपालिकामा बसोबास गर्ने जनसङ्ख्याको इन्धनको प्रमुख स्रोत दाउरा र एल.पी. ग्याँस रहको छ । दाउरा प्रयोग गर्ने लगभग आधाजसो घरधुरी रहेका छन् । २५९२ घरधुरी अर्थात् ४८.८१ प्रतिशत घरधुरीले इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेको पाईएको छ । यसै गरी ४७.८३ प्रतिशत अर्थात् २५४० घरधुरीले इन्धनको रुपमा एल.पी ग्याँसको प्रयोग गर्ने गरेको पाईएको छ । वायो ग्याँस प्रयोग गर्ने ९६ घर, गुँइटा प्रयोग गर्ने ४५ घर, विद्युत् तथा सौर्य ऊर्जा प्रयोग गर्ने ३ घर रहेका छन् ।

**तालिका २२: खाना पकाउने इन्धनको आधारमा विवरण**

| वडा नं | दाउरा | मट्टीतेल | एल पी ग्याँस | बायो ग्याँस | विद्युत | सौर्य ऊर्जा | गुइठा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३२६ | १ | २१६ | २७ | ० | ० | २ | ० | ५७२ |
| २ | ४९४ | १ | २१० | १ | ५ | ० | ० | ० | ७११ |
| ३ | २९८ | १ | ४५९ | ११ | १ | ० | ७ | ० | ७७७ |
| ४ | ३०१ | ० | २५८ | ४६ | २ | १ | २ | ० | ६१० |
| ५ | २७६ | ६ | ५२३ | ३ | १ | २ | १० | १ | ८२२ |
| ६ | ५१७ | १ | ३७८ | २ | ५ | ० | ११ | ० | ९१४ |
| ७ | ३८० | ४ | ४९६ | ६ | ६ | ० | ११ | ० | ९०५ |
| **जम्मा** | **२५९२** | **१४** | **२५४०** | **९६** | **२०** | **३** | **४५** | **१** | **५३११** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिशत** | **४८.८१** | **०.२६** | **४७.८३** | **१.८१** | **०.३७** | **०.०६२** | **०.८४** | **०.०१८** | **१००.००** |

### (ख) जलविद्युत, सौर्य ऊर्जा, वायु ऊजाएबाट विद्युत् उत्पादन

यस दंगीशरण गाउँपालिका क्षेत्रभित्र जलविद्युत उर्जा, सौर्य वायु उर्जा आदि उत्पादन गरिएको छैन । घरेलुस्तरमा बिद्युत सेवा नपुगेको स्थान र राष्ट्रिय प्रसारण लाईन अवरुद्ध भएको बेला निजी प्रयोगको लागि घरेलु सौर्य विद्युत केहि घरहरुमा जडान गरिएको छ । यद्धपी यसको व्यबसायिक उत्पादन भने गरिएको छैन ।

### (ग) विद्युत उपलब्ध घरपरिवार विवरण

यस दंगीशरण गाउँपालिकामा प्राय सबै जसो घरहरुमा विद्युत सेवा पुगेको देखिन्छ । ५३११ घरहरु मध्ये ४९९५ घरधुरीमा विद्युत सेवा पुगेको पाइएको छ । यी घरधुरीहरु मध्ये ४३१५ घरधुरीमा विद्युत मिटर जडान भएको छ भने ६८० घरधुरीमा विद्युत भएर पनि हालसम्म मिटर जडान भएको छैन । विद्युत नपुगेको घर सङ्ख्या ३१६ रहेको देखिन्छ, जसमध्ये वडा नं १ मा मात्र ११७ घरमा विद्युत सुविधा पुगेको छैन । यसै गरि वडा नं २ को ४२ घर, वडा नं ३ को ३० घर, वडा नं ४ को १८ घर, वडा नं ५ को ३० घर, वडा नं ६ को ४० घर र वडा नं ७ को ३९ घरमा हाल सम्म विद्युत सेवा पुगेको छैन ।

**तालिका २३: विद्युत उपलब्ध घरपरिवार विवरण**

| वडा नं | मिटर जडान भएको | | विजुलि भएको तर मिटर जडान नभएको | | बिजुलि नभएको घर | | जम्मा घर |
|---|---|---|---|---|---|---|---|
| | घर सङ्ख्या | प्रतिशत | घर सङ्ख्या | प्रतिशत | घर सङ्ख्या | प्रतिशत | |
| १ | ४०५ | ७.६३ | ५० | ०.९४ | ११७ | २ | ५७२ |
| २ | ६०८ | ११.४५ | ६१ | १.१५ | ४२ | १ | ७११ |
| ३ | ६४३ | १२.११ | १०४ | १.९६ | ३० | १ | ७७७ |
| ४ | ४९७ | ९.३६ | ९५ | १.७९ | १८ | ० | ६१० |
| ५ | ६५३ | १२.३ | १३९ | २.६२ | ३० | १ | ८२२ |
| ६ | ७४० | १३.९३ | १३४ | २.५२ | ४० | १ | ९१४ |
| ७ | ७६९ | १४.४८ | ९७ | १.८३ | ३९ | १ | ९०५ |
| **जम्मा** | **४३१५** | **८१.२५** | **६८०** | **१२.८** | **३१६** | **६** | **५३११** |

### २.४.३ सूचना सञ्चार तथा प्रविधि

#### (क) हुलाक तथा पत्रपत्रिका

यस दंगीशरण गाउँपालिकामा जम्मा २ वटा हुलाक कार्यलयहरु रहेका छन् । एउटा आन्तरिक हुलाक कार्यलय वडा नं.२ को गोल्टाकुरीमा रहेको छ भने अर्को इलाका हुलाक वडा नं.३ को हेकुलीमा रहेको छ । दंगीशरण गाउँपालिकाका सातै वडा कार्यलयमा इन्टरनेटको पहुँच पुगेको छ ।

| कार्यलय | नाम | स्थान | वडा नम्बर |
|---|---|---|---|
| हुलाक | गोल्टाकुरी आन्तरिक हुलाक | गोल्टाकुरी | २ |
| हुलाक | ईलाका हुलाक कार्यलय | हेकुली | ३ |

*(स्रोतः संस्थागत सर्वेक्षण , २०७७)*

#### (ख) आधुनिक प्रविधिमा पहुँच

यस पालिकामा सूचना तथा संचारको राम्रै पँहुच रहेको छ जसमा यस पालिका भित्र मोबाइल सेवा प्रदायक ४९०० जना रहेका छन् भने घरधुरी सर्वेक्षण २०७७ अनुसार ल्यापटप/कम्प्युटर प्रयोगकर्ता १८२ जना रहेका छन् भने इन्टरनेट सुविधा प्रयोग गर्ने मात्र २०% रहेको छ जुन ५१ जना प्रयोगकर्ता छन् । यस पालिकामा दुई दुई वटा नेपाल टेलिकमको टावर र N-Cell को टावर रहेको छ । पालिका भित्र रहेका सहकारी निकाय बाहेक न्यून व्यक्तिले मात्र इन्टरनेट प्रयोग गरेका छन् ।

### २.४.५ बस्ति, आवास, भवन तथा सार्वजनिक निमार्ण

#### आवास तथा भवन

यस आवास तथा भवन अन्तर्गत बसोबास गरेको घरको बनावट आधारमा घरपरिवार सम्बन्धी विवरणलाई समावेश गरिएको छ ।

#### (क) भवन/आवास अनुसार विवरण

यस दंगीशरण गाउँपालिका भित्र रहेका जम्मा ५३११ घरधुरीहरु मध्ये घरको तला अनुसार विश्लेषण गर्दा आधा भन्दा धैरै घर अर्थात ३१४५ घरहरु दुई तले रहको देखिन्छ । यसै अनुसार १७४० घरहरु एकतले रहेको देखिन्छ । तीनतले घरको सङ्ख्या रहेको देखिन्छ ।

**तालिका २४: वडागत रुपमा भवन/आवासको विवरण**

| वडा नं | १ तला | २ तला | ३ तला | ४ तला वा माथि | जम्मा |
|---|---|---|---|---|---|
| १ | १७१ | ३८९ | १२ | ० | ५७२ |
| २ | ३७० | ३३९ | १ | ० | ७१० |
| ३ | २९१ | ४८३ | ३ | १ | ७७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | १२८ | ३६४ | ११८ | ० | ६१० |
| ५ | ३१४ | ४७६ | ३३ | ० | ८२३ |
| ६ | २६७ | ५३३ | १११ | २ | ९१३ |
| ७ | १९९ | ५६१ | १४५ | ३ | ९०५ |
| दंगीशरण | १७४० | ३१४५ | ४२३ | ३ | ५३११ |

### (ख) छानोको प्रकारको आधारमा विवरण

यस दंगीशरण गाउँपालिकामा आधाभन्दा धेरै घरधुरीहरुमा जस्तापाताको छानो लगाएका छन् । ३४४९ घर अर्थात ६४.९% घरधुरीमा जस्तापाताको छानो रहेको देखिन्छ । यस पछि खापडाको छानो भएको घर ८२१ वटा (१५.४५%) रहेको देखिन्छ । यसै गरि आरसीसी ढलान भएको घरहरु जम्मा ५७२ वटा ( १०.७८%) रहेका छन् भने फुसको छानो भएको घर ३३५ वटा, टायलको छाना भएको घर १२३ वटा र काठको छानो भएको घर २ वटा रहेका छन् ।

## २.५ वन, वातावरण तथा विपद जोखिम न्यूनिकरण र व्यवस्थापनको अवस्था

नेपालको लुम्बिनी प्रदेश क्षेत्रमा तराईको जिल्ला दाङ वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ । दाङ जिल्लाको यस दंगीशरण गाउँपालिकामा कुल क्षेत्रफल ११०.७ वर्ग कि.मि मध्ये ४९.७१ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएकोछ । जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ ।

### २.५.१ वन तथा जैविक विविधता

### (क) दंगीशरणका वन क्षेत्र

यस दंगीशरण गाउँपालिका भित्र जम्मा ९ वटा वनहरु रहेका छन् । यि वनहरु मध्ये सबैभन्दा ठूलो भवानी सामुदायिक वन रहेको छ ,जसको क्षेत्रफल १६०० रहेको छ भने बाँकी ८ वटाको तलको तालिकामा सबै वनहरुको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका २५: दंगीशरण भित्रका वन क्षेत्र**

| वडा नं | वनको नाम | वनको क्षेत्रफल |
|---|---|---|
| १ | तिलकन्या कनारिया वन | २७१५ वर्ग मिटर |
| २ | राजकोट वन | ४९२ वर्ग मिटर |
| ३ | धैरहावा वन | ३० वर्ग मिटर |
| ४ | बैबांग वन | १४ वर्ग मिटर |
| ६ | भवानी सामुदायिक वन | १६०० वर्ग मिटर |

| | | |
|---|---|---|
| ७ | श्री गाउँ सामुदायिक वन | १९६ वर्ग मिटर |
| ७ | मधुवन सामुदायिक वन | २२ वर्ग मिटर |
| ७ | वेलताडि सामुदायिक वन | १०३ वर्ग मिटर |
| ७ | सिम्ठाना बबाई वृक्षरोपण | ९४ वर्ग मिटर |

**(ख) वन व्यवस्थापन**

यस दंगीशरण गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरुको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरु गरिदैं आएका छन् । यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरुलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने छ । सामुदायिक वनहरुको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैर सरकारी संस्थाहरुलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने छ । वनहरुबाट काठ र दाउाको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिर्वतन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्य जन्तुहरुको व्यावसायिक पालन लगायतका गतिविधिहरुबाट आय स्रोतहरुमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने छ ।

**(ग) जैविक विविधता र वातावरणीय सेवा**

दंगीशरण गाउँपालिका समुन्द्र सतहबाट ५२९ मिटरको उचाईदेखि शुरु भएर १,२१० मीटरसम्म गएर अन्त्य भएको छ । यो गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वन क्षेत्र भित्र थुप्रै ताल-तलैया, सिमसार क्षेत्र र ठूला ठूला घाँसे मैदानहरु समेत रहेका छन् । गाउँपालिका बाहिरका अन्य गाउँपालिका तथा जिल्लाहरुमा करिव करिव लोप हुने अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदि तटिय वन यस गाउँपालिकामा प्रशस्तै मात्रामा रहेको छ । वन क्षेत्र तराईको समथल भूभाग देखि चुरे पहाडसम्म भौगोलिक विविधता भएको विविधता भएको कारण यहाँ वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ ।

**(घ) महत्वपूर्ण वनस्पति**

यस गाउँपालिकाका वन निजि आवादिमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिमौ, वकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, वडहर, टीक, खनियोको बाहुल्यता रहेको देखिन्छ भने फलफुल जातका प्रजातिहरुमा अम्बा, कटहर, मेवा, केरा, आँप आदि पर्दछन । वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादि क्षेत्रमा रहेका छन् ।

**२.५.२ भू- संरक्षण तथा जलाधार व्यवस्थापन**

**(क) प्रमुख जलाधार र उपलाधारको अवस्था**

यस गाउँपालिकामा पातुखोला, कलड, अम्बापुर, हेकुली, काला खोला, तिलकन्या बबई लगायतका थुप्रै खोलानालाहरु रहेका छन् भने गाउँपालिकामा वनहरिया, सुजनियाँ, बुट्टिपुरताल र अन्य पोखरीहरु रहेको पाईन्छ ।

**तालिका २६: दंगीशरण गाउँपालिकाको प्रमुख जलाधार**

| क्र.स. | जलाधारको नाम | साविकको गा.वि.स |
|---|---|---|
| १ | पातुखोला | गोल्टाकुरी-हेकुली |
| २ | कलडखोला | गोल्टाकुरी |
| ३ | हेकुली | हेकुली-गोल्टाकुरी |
| ४ | दुविचौर | गोल्टाकुरी |
| ५ | तिलकन्या | श्री गाउँ |
| ६ | बगर खोला | |
| ७ | बबई खोला | बैबांग-बबई गाउँपालिका |

### (ख) तालतलैया र पोखरी र सीमसार क्षेत्र

यस गाउँपालिका वडा नं ३ मा रहेको बुलबुले ताल रहेको छ ।

| तल तलैया रहेको स्थान | वडा नं |
|---|---|
| चखौरा (बलुवुले ताल) | ३ |

### (ग) जलस्रोत र उपयोगको स्थिति विवरण

यस दंगीशरण गाउँपालिकामा सतही तथा भूमिगत दुबै प्रकारको जलभण्डार पाइन्छ । यस गाउँपालिका भएर बग्ने बबई नदी ठुलो नदिको रुपमा छ, त्यस्तै पातुखोला, हेकुली बागर खोला जलस्रोतको प्रमुख आधार हो । यहाँका नदिमा परम्परागत रुपमा माछा मारेर जीविकोपार्जन गर्ने आश्रितहरु पनि रहेकाछन् । सतही पानी मार्फत सिँचाई नहुने  क्षेत्रमा बोरिङ प्रविधि जमिनमुनीको पानी तानेर पनि सिन्चाई विस्तार गरिएकोछ । खानेपानिको लागि पनि यसरी बोरिङ प्रविधि मार्फत जमिनमुनीको पानी तानेर पनि सिँचाइ विस्तार गरिएको छ । खानेपानिको लागि पनि यसरी बोरिङ प्राविधि अबलम्बन गरिएको पाईन्छ । घरेलु स्तरमा साना मोटर पम्प, नल्का र ईनार राखि जमिनमुनीको पानि तानेर खाने पनि गरिएको छ ।

### २.५.३ महामारी तथा विपद व्यवस्थापन

#### (क) जोखिमयुक्त संवेदनशील स्थान

यस दंगीशरण गाउँपालिका भित्र जम्मा ६ वटा जोखिम क्षेत्र रहेका छन् जसमा १५४० घरधुरीहरुको बसोबास रहेको छ । ५ वटा बस्तीहरु बाढी, नदी कटानको जोखिममा छन् भने एउटा बस्ती जंगली जनावर आतङ्कको जोखिममा छ ।

जोखिम क्षेत्र, सम्भावित जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने जोखिम सम्भावित घरधुरीको विवरण तलको तालिकामा उल्लेखित गरिएको छ ।

**तालिका २७: गाउँपालिकाको जोखिमयुक्त स्थान**

| वडा नं | जोखिम भएका क्षेत्रहरु | सम्भावित जोखिमहरु | सम्भावित घरधुरी सङ्ख्या |
|---|---|---|---|
| १ | फुर्केसल्ली, वडाको धेरै भाग | जंगली जनावर आतंक | ३४० |
| २ | कुइरि, गनार, वडाको केहि भाग | बाढि, नदि कटान | १८० |
| ४ | बैबांग, वडाको केहि भाग | बाढि, नदि कटान | ३०० |
| ५ | वडाको केहि भाग | बाढि | ३०० |
| ६ | चिरे गार, थाम्गाउँ, गनारी वडाको केहि भाग | बाढि, नदि कटान | २७० |
| ७ | श्री गाउँ, वडाको केहि भाग | वन, बाढि | १५० |
| | | **जम्मा घरधुरी** | **१५४०** |

#### (ख) विपद्को किसिम अनुसार जोखिमको समय

विपद् अनुसार जोखिमको समय पहिचान गर्दा जंगली जनावरबाट हुने क्षति वडा नं १ मा धेरै पाइएको छ । त्यसैगरि बाढी डुवान, पहिरो तथा सर्पदंसको जोखिम विशेष गरी वर्षायाम ( असार, साउन, भदौ) मा र आगलागि तथा महामारीको जोखिम सुख्खा ( चैत्र, वैशाख ) मा रहेको पाइन्छ । यस सम्बन्धी विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका २८: विपद्को किसिम अनुसार जोखिमको समय**

| **क्र.स.** | **विपद्को किसिम** | **जोखिमको समय** |
|---|---|---|
| १ | बाढि, पहिरो, डुवान, कटान | असार, श्रावण |
| २ | जनावर आतंक | वर्ष भरि |

| | | |
|---|---|---|
| ३ | आगलागि, डढेलो | फागुन, चत्रै, बैशाख |
| ४ | महामारी | जुनै समयमा |
| ५ | चटयांङ्ग | जेष्ठ, असार, श्रावण, चैत्र, बैशाख |
| ६ | सडक दुर्घटना | जुनै समयमा |
| ७ | भूकम्प | |
| ८ | असिना पानी | असार, श्रावण |

### (ग) विपद् व्यवस्थापनको लागि मानविय श्रोत

यस दंगीशरण गाउँपालिका भित्र विपद प्रतिकार्यको लागि काम गर्ने गाउंपालिका, नेपाल प्रहरी र रेडक्रस जस्ता संस्थाहरु र उक्त संस्थाहरुमा जम्मा ५७ जना जनशक्तिहरु रहेकाछन् । आगलागि नियन्त्रण गर्ने १५ जना, खोज तथा उद्धार गर्ने २० जना, प्राथमिक उपचार गर्न सक्ने १९ जना र मनोसामाजिक परामर्शकर्ता ३ जना रहेका छन् ।

तलको तालिकामा सबै संस्थाहरुको दक्ष जनशक्तिहरुको विवरण उल्लेख गरिएको छ ।

| वडा नं | संस्थाको नाम | आगलागि नियन्त्रण गर्न सक्ने दक्ष जनशक्ति | खोज तथा उद्दार गर्न सक्ने दक्ष जनशक्ति | प्राथमिक उपचार गर्न सक्ने | मनोसामाजिक परामशकर्ता |
|---|---|---|---|---|---|
| २ | गाउँपालिका | छैन | छैन | ९ | छ |
| २ | रेडक्रस | छैन | ५ | - | - |
| २ | नेपाल प्रहरी | ५ | ५ | ५ | - |
| ४ | रेडक्रस | ४ | ४ | ३ | - |
| ४ | नेपाल प्रहरी | ५ | ५ | १ | २ |
| ५ | रेडक्रस | १ | १ | १ | १ |
| **जम्मा** | | **१५** | **२०** | **१९** | **३** |

### (घ) सामाजिक स्रोत तथा सामग्रीको अवस्था

गाउँपालिकामा विपद् व्यवस्थापनमा उपलब्ध सामाजिक स्रोतहरु विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा नं | खुला चउर रहेको स्थान | आपतको समयमा अटाउन सक्ने (जना) | सेफ सेल्टरको रुपमा प्रयोग गर्न सकिने भवन रहेको स्थान | आपतको बेला अटाउने क्षमता (जना) | हेलिकप्टर अवतरणको स्थानहरु |
|---|---|---|---|---|---|
| ५ | खेलकुद मैदान | ५००० | छैन | ५००० | खेलकुद मैदान र विद्यालय मैदान |
| ६ | श्री गाउँ | १००० | छ | १००० | श्री गाउँ/पर्सडूवा |

*(स्रोत : गाउँपालिका कार्यालय, २०७७ )*

# अध्याय ३ सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमी

संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह वीचको अन्तर सम्बन्ध सहकारीता, सह अस्तित्व र समन्वय सिद्धान्तमा आधारित हुने व्यवस्था गरेर तीनै तहबीच समान सोच, लक्ष्य, उद्देश्य र रणनीति सहितको सहकारिताबाट मात्र राज्यले सोचेको समृद्धिको सपना पुरा हुने कुराको परिकल्पना गरेको छ । तसर्थ स्थानीय सरकारले निर्माण गर्ने योजना संघीय र प्रादेशिक योजनाको आधारस्तम्भमा तय गर्नु पर्ने हुन्छ । दंगीशरण गाँउपालिकाको हकमा पनि दीगो विकास लक्ष्य, संघीय सरकारको पन्ध्रौ पञ्च वर्षीय योजना, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना ०७६/०७७ देखि ०८०/०८१ सम्मको वार्षिक कार्यक्रमको योजना र पालिकाको वस्तुस्थिती र स्थानीय आवश्यकताका आधारमा योजना तर्जुमा गर्नु पर्ने देखिन्छ । स्थानीय तहको समृद्धिसँगै नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली"भन्ने दीर्घकालीन सोच र सो अनुरुप तर्जुमा गरिएको पन्ध्रौ योजनाले लिएका लक्ष्य र उद्देश्यहरु हासिल गर्न सहयोग पुऱ्याउने गरी यो योजना तर्जुमा गरिएको छ ।

नेपाललाई सन् २१०० सम्ममा उच्च आय भएको मुलुकको रुपमा रुपान्तरित गर्ने दीर्घकालिन सोच तथा संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यलाई सम्वोधन गर्ने गरी गाँउपालिकाले आफ्ने सोच निर्धारण गर्नु पर्ने हुन्छ । दंगीशरण गाँउपालिकाले २३ वर्षे सोचको निर्माण गर्नका लागि बहुसरोकरवालाहरुको सहभागितामा सम्पन्न आवधिक नगरविकास योजना तर्जुमा कार्यशालाले दंगीशरण गाँउपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ ।

संविधानबाट स्थानीय तहलाई प्राप्त अधिकार र कार्य सूचीलाई मध्यनजर गर्दै स्थानीय तहसँग नागरिकका आवश्यकता र अपेक्षालाई सम्बोधन गरी यस दंगीशरण गाँउपालिका लाई समृद्ध नगरका रुपमा स्थापित गर्न आवधिक योजना महत्वपूर्ण हुने र यसले सबल, सक्षम, सुशासन, पारदर्शिता, जवाफदेहीता तथा उत्तरदायी स्थानीय सरकारको निर्माणका लागि नगरमा हुने विभिन्न खालको विकसीत निर्णयहरु मार्गदर्शनका रुपमा हुनेछ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

यो योजनाले दंगीशरण गाँउपालिकाको आर्थिक समृद्धि हासिल गर्ने सिलसिलामा देहायका समस्या तथा चुनौती रहेको आकलन गरेको छ ।

- आर्थिक विकासका प्रशस्त सम्भावना तथा अवसर हुदाँ हुदै पनि दंगीशरण गाँउपालिकाले सहज रुपमा आर्थिक विकासलाई सवल वनाउन आन्तरिक समस्या तथा चुनौतीहरुको सामना गर्नु पर्ने देखिन्छ । **खाद्य सुरक्षा अन्तर्गत** कृषि संकलन केन्द्र नहुनु, मल, विउ तथा प्राविधिक सेवाको अभाव, प्राकृतिक प्रकोप, तथा नदीकटानले पार्ने क्षतिको व्यवस्थापन हुन नसक्नु, चिस्यान केन्द्रको अभाव, स्थानीय रैथाने विउको अभाव, माटोको उर्भराशक्तिमा क्रमिक रुपमा ह्रास आउनु, वजारको उचित व्यवस्थापनको अभाव, कृषि सहकारी केन्द्रको अभाव जस्ता समस्या यस गाँउपालिकाको अधिकांश कृषकका लागि चुनौतीपुर्ण रहेको छ ।

- औद्योगिक कच्चा पर्दाथको अभाव,. पूर्वाधारको कमी, औद्योगिक विकासमा सरकारी उदाशिनता, रोजगार मुलक कलकारखाना नहुनु तथा **वैंक, वित्तिय संस्था तथा सहकारी जनतामा** बचत गर्ने बानी नहुनु, वैंक तथा वित्तिय सेवा प्रभावकारी नहुनु, वैंक प्रतिको विश्वसनीयतामा कमी हुनु, र जनचेतनाको अभाव आर्थिक क्षेत्रका मुख्य समस्या तथा चुनौती हुन् ।

- **सामाजिक विकास अन्तर्गत** शिक्षा क्षेत्रको विकासमा भौतिक पूर्वाधारको आधुनिकिकरण हुन नसक्नु, विषयगत शिक्षकहरुको व्यवस्थापन दरबन्दी अनुसार नहुनु र निजी स्रोतबाट संचालन गरीनु, विद्यालयमा शैक्षिक क्यालेण्डर लागु हुन नसक्नु, परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यवसायिक र उत्पादनमुखी हुन नसक्नु, मध्यम तथा निम्न आय भएका र आदिवासि, जनजाति परिवारका बालबालिकाहरुका लागि विद्यालयमा शैक्षिक सामग्री अभावको हुनु, सुचना प्रविधि सम्बन्धि सामग्रीको अभाव हुनु, सामुदायिक विद्यालयमा अनुगमन तथा निरिक्षण प्रभावकारी नहुनु, विद्यालयमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था नहुनु, शिक्षकको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिमको अभाव शिक्षा क्षेत्रका समस्या तथा चुनौती हुन् ।

- स्वास्थ्य सम्बन्धी चेतनाको कमीको कारण मातृमृत्यु, शिशुमृत्यु र बाल मृत्यु हुने अवस्था रहनु र विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, स्वास्थ्य सम्वन्धि पूर्वाधारको अभाव, प्राविधिक जनशक्ति पर्याप्त नहुनु,  आवश्यकता अनुरुप सवै वडामा स्वास्थ्य उपकरणको अभाव, दक्ष स्वास्थ्य कर्मीको अभाव, वर्थिङ सेन्टरको अभाव सवै वडामा स्वास्थ्य केन्द्र नहुनु, शारीरिक व्यायाम तथा योग केन्द्रको अभाव, स्वस्थ जिवन यापनका उपायहरुको कार्यान्वयनका लागि गाँउपालिकाले काम गर्न नसक्नु **स्वास्थ्य क्षेत्र**का समस्या तथा चुनौती हुन् भने पानीजन्य रोग लाग्ने, लामखुट्टे जन्य रोग, कुपोषण हुने जस्ता समस्याहरु विद्यमान रुपमा रहेका छन् ।

- दंगीशरण गाँउपालिका क्षेत्रका सार्वजनिक सरकारी निकायमा अपाङ्ग तथा महिला मैत्री शौचालय नहुनु र सार्वजनिक शौचालयको उचित व्यवस्थापन हुन नसक्नु, बाल विवाह, जातिय छुवाछुत कायमै रहनु खानेपानी व्यवस्थापनको दीर्घकालीन तथा वैज्ञानिक विधि अपनाउन नसक्नु, ढल प्रशोधनको अभावमा पानी दुशित बन्दै जानु, पालिकाको सरसफाईका लागि फोहर बर्गीकरण तथा प्रशोधन विधि नअपनाउँदा फोहर व्यवस्थापनमा चुनौती देखीनु **खानेपानी तथा सरसफाई** क्षेत्रका चुनैाती हुन् ।

- युवा विकासका लागि संस्थागत, नितीगत व्यवस्था, नेतृत्व तथा समन्वयातमक सिपको विकास, व्यवसायिक क्षमता अभिवृद्धि जस्ता युवा संग सम्बन्धित कुनै पनि किसिमका कार्यक्रमहरु हाल सम्म नगरिनु र यसको साथै अनुशासित युवा र खेलकुद विकासका लागि आवश्यक भौतिक पूर्वाधार जस्तै कवर्ड हल, खेलकुद मैदान आदिको उचित व्यवस्थापन नहुनु, मानविय पूर्वाधार र खेलकुद विकास कोषको समेत व्यवस्था नहुनुले गर्दा क्षेत्र भित्र रहेका विभिन्न खेलका खेलाडीहरुलाई उचित स्वरोजगार गर्न नसकिएको यँहाको युवा तथा खेलकुद संग सम्बन्धित

मुल समस्या हुन् भने यसलाई संगठित रुपमा विकास गरी युवा रोजगारीको लागि परिचालन गर्न चुनौती रहेको छ ।

- विकास निर्माणको काममा स्थानीय जनसहभागितामा कमि हुनु, योजना वद्ध बस्ती बिकासको अभाव रहनु र गाँउपालिका क्षेत्र भित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको हनु यहाँको पूर्वाधार तर्फको समस्याहरु हुन् ।

- संवैधानिक व्यवस्था अनुसार नगरलाई राजस्वका स्रोतहरु कम तर विकास खर्चको आवश्कता बढी भएकाले विकास खर्च धान्ने गरी राजस्वको दायरा विस्तार गरी राजस्व परिचालन गर्नुपर्ने अवस्था छ । कम प्रयोगमा आएको आन्तरिक राजस्वको स्रोत कृषि आय लगायतमा कर लगाउनु र सो को दायरा बढाउनु, बजेट कार्यान्वयन गर्ने निकायको संस्थागत क्षमता अभिवृद्धि गर्नु, संघीय संरचना अनुसार विकास साभ्फेदारहरुको विकास साहयता परिचालन गर्नु वित्तीय संस्थाहरुबाट हुने लगानीलाई कृषि, ऊर्जा र पूर्वाधारमा बढी केन्द्रित गर्नु, सार्वजनिक निजी साभ्फेदारीको अवधारणालाई प्रवर्द्धन गर्दै सहकारी क्षेत्र आकर्षित हुने अत्यावश्यक वस्तुहरुको आपूर्तिमा ती संस्थाहरुको व्यवसायिक भूमिका कुशल बनाउनु र निजी क्षेत्रको लगानी आर्कषण गर्नुपर्ने चुनौती रहेका छन् ।

- अनौपचारिक अर्थतन्त्र लाई औपचारिक बनाउँदै आर्थिक कृयाकलापहरु लाई पारदर्शी बनाउनु

## ३.३ प्रमुख सम्भावना तथा अवसर

- वन, उर्बर कृषि जमिन, नदी नाला भौगोलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता रहेको यस पालिकामा नगदे बाली, तरकारी बाली, फलफुल, उखु, तोरी, तरकारी, मसला र जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।

- सरकारी र सामूहिक खेती प्रणालीमा सरकारको प्राथमिकता रहनु, बजारीकरणमा कृषि सहकारीका सम्भावना वृद्धि हुनु, वैदेशिक रोजगारबाट फर्केका युवाहरु कृषि तर्फ आकर्षित गरिनु, संचार सञ्जालको कमिक रुपमा विकासका कारण कृषि सूचना प्रविधिको सहज पहुँच हुन सक्ने अवस्था हुनु, तुलनात्मक लाभ भएका बाली र पशुपन्छी उत्पादन हुनसक्ने वातावरण हुनु, सिंचाइ विकास गरी खेतीयोग्य जमिन विस्तार गर्न सकिने तथा प्रति एकाइ जमिन र प्रतिश्रमिक उत्पादकत्व बढाउन सकिने सम्भावना हुनु यस नगरका निम्ति कृषि विकासका अवसरहरु हुन् ।

- कृषि बाहेक पर्यटन व्यवसाय यस गाँउपालिकाको अर्को अवसर रहेको छ ।गाँउपालिकामा रहेका थारु समुदायको संस्कृतिलाई प्रवर्द्धन गर्न सके आन्तरिक तथा बाह्य पर्यटनलाई भित्रायाउन सकिने प्रशस्त सम्भावना छ ।

- भौगोलिक अवस्थिति तथा बजारको सहज पहुँचका कारण यस दंगीशरण गाँउपालिका लाई कृषि तथा पर्यटन केन्द्रको रुपमा विकास गर्न सक्ने सम्भावना देखिन्छ र यसका साथै वाह्रवडिउन्हक लठ्ठा, बुलबुल्या ताल, सिद्धभवन्तनाथ समाधिलाई धार्मिक पर्यटनका रुपमा विकास गर्ने सम्भावना रहेको छ ।

- यहाँका स्थानीयवासीमा सामाजिक तथा राजनैतिक चेतनास्तरको विकास भै विकास र समृद्धिका बहस सुरु हुनु । क्रमशः उद्यमशीलता र व्यवसायिकता बढ्दै जानु र वैदेशिक रोजगारी बाट फर्किएका केही युवाहरु सिर्जनशील र उद्यमशील कार्य गर्नु ।

- नेपालको संविधानले सूचनाको हक, सञ्चारसम्बन्धि हकलाई मौलिक हकको रुपमा समावेश गर्नु, प्रकाशन र प्रसारण स्वतन्त्रताको हक हुनु, राज्यको खुला नीतिका कारण आम सञ्चार माध्यमहरु प्रतिस्पर्धा भई देशभरी प्रकाशन र प्रशारण विस्तार हुँदै जाँदा नागरिकले छिटो र सहज सूचना प्राप्त हुने र सरकारका कामकाजमा पारदर्शिता आउने अवस्था हुनु, सार्वजनिक निकायका काम कारवाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु त्यस्तै यस पालिकामा मोबाइल सेवा तथा सञ्चार सेवा मध्येमा टि.भी र रेडियोको पहुँच विस्तारै बढ्नु र आम नागरिक सुचना तथा सञ्चार क्षेत्रमा आकर्षित रहनु यस क्षेत्रको अवसरहरु हुन् ।

## ३.४ सोच, लक्ष्य तथा उद्देश्य

नागरिकहरुको विकास प्रतिको उच्च चाहना, दिर्घकालिन लक्ष्य, नेपाल सरकारको **"समृद्ध नेपाल सुखी नेपाली"** तथा प्रादेशिक सरकारको लक्ष्य तथा दंगीशरणवासीको श्रोत र साधनलाई दृष्टिगत गर्दै संघ र प्रदेश सरकारको आर्थिक सहयोग लाई आधार मानेर बहुसरोकरवालाहरुको सहभागितामा सम्पन्न आवधिक विकास योजना तर्जुमा कार्यशालाले दंगीशरण गाँउपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ ।

साथै अन्तर नगर समन्वय परिषद् र प्रदेशका विच नितीगत कानुन निर्माण, योजना तर्जुमा र विकास निर्माणका कार्यहरु सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा अघि बढाउने दीर्घकालीन सोच र लक्ष्य पनि यस गाँउपालिकाको रहेको छ ।

### ३.४.१ दीर्घकालीन सोच (दूरदृष्टि)

**जल र जडिबुटी !**

**शिक्षा, स्वास्थ्य र सम्बृद्धी, सम्पूर्ण दंगीशरणवासीको अभिव्यक्ति !!!**

**दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरु**

**तालिका २९ : दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरु**

| **१. सुसंस्कार** | **२. सुख** | **३. समृद्धि** |
|---|---|---|
| १.१ सम्पदाहरुको संरक्षण र विकास | २.१ स्वास्थ्य र सन्तुलित पर्यावरण | ३.१ सर्वसुलभ आधुनिक एवम् सघन अन्तर आबद्धता |
| १.२ भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र विकास | २.२ सुशासन | ३.२ मानव पूँजी तथा सम्भावनाको पूर्ण उपयोग |
| १.३ परिष्कृत तथा मर्यादित जीवन | २.३ सबल लोकतन्त्र | ३.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व |
| १.४ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | २.४ राष्ट्रिय एकता, सुरक्षा र सम्मान | ३.४ उच्च र समतामूलक राष्ट्रिय आय |

### ३.४.२ समष्टिगत लक्ष्य

पालिकाको अहिलेको वस्तुस्थितिले दर्शाउने सकारात्मक पक्षहरुलाई सुदृढ गर्दै समाजवाद उन्मुख समृद्धिको दिशातर्फ बढ्न समष्टिगत र क्षेत्रगत विकासका आधारहरुको निर्माण गर्नु नै यसको प्रमख उद्देश्य हो । संविधानले निर्दिष्ट गरे अनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यद्धारा फराकिलो, समावेशी र उच्च आर्थिक वृद्धि हासिल गर्दै नागरिकका आर्थिक सामाजिक विकासका आकांक्षा पूरा गर्न तर्फनै यो आवधिक योजना केन्द्रित छ ।

महिला तथा पछाडि पारिएका वर्ग सहित सवै तह र तप्काका नागरिकहरुको आर्थिक वृद्धि गर्दै दीगो पूर्वाधार, शिक्षा स्वास्थ्य वातावरण जस्ता आधारभूत सेवामा पहूँच बृद्धि गरी सुशासनको अभ्यासवाट समतामूलक समाजको आधारशिला तयार भएको हुने छ ।

### ३.४.३ समष्टितग उद्देश्य

- अन्तर सरकार र बाह्य सम्बन्ध सुधार गरी पुर्वाधार विकास र व्यवस्थित बसोवासको माध्यमबाट सुरक्षाको प्रतिभूति, स्वरोजगारको अवसर सिर्जना गरि समुदायको आर्थिक समृद्धिका लागि सहयोग गर्ने, .
- समुदायको वजार र वित्तीय संस्थामा पहूच बृद्धी गरी यान्त्रिक उपकरणसहितको ब्यबसायिक कृषि, पर्यटन र उद्यमशिलताको विकास मार्फत समुदायको दिगो आर्थिक विकासका साथै र आत्मनिर्भर उन्मूख बनाउने,
- व्यवसायिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सहभागिता मुलक कार्य पद्दति तथा विकासमा लैंगिक र समावेशी अबधारणाको अबलम्बनबाट नागरिकहरु खासगरी महिला, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्ष्याको प्रत्याभूतिका साथै स्थानीय स्तरमा दक्ष्य जनशक्ति विकास गर्ने,
- "पूर्वाधार, समुन्नतिको आधार, विकास जनताको अधिकार" भन्ने मान्यता लाई आत्मसाथ गरी विभिन्न क्षेत्रका पूर्वाधार विकास लाई प्राथमिकता दिइने छ ,
- निमार्ण योजनाको प्रभावकारी संचालन तथा व्यवस्थापनका आधारमा उपभोक्ता समितिहरुलाई प्रोत्साहन तथा दण्ड र जरिवाना गर्ने प्रणाली अवलम्बन गर्ने,
- योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन निर्देशिका तयार गरि सो अनुसार नियमित अनुगमन गर्ने,
- पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन, सार्बजनिक जग्गा र निजि तथा कृषि वन विकास गरि समुदायको काष्ठ जन्य बस्तुको मागलाई सम्बोधन गर्दै हरियालीयुक्त पालिका निर्माण गर्ने,
- समुदायलाई दैवी प्रकोप सम्बन्धि सचेतना अभबृद्धी, पुर्व तयारीका साथै जलबायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अबलम्बन गर्ने,
- प्रकृतिक विपद् र दुर्घटनाको जोखिम न्यूनिकरण गर्न दंगीशरण गाँउपालिकाको सम्पूर्ण घरधुरीलाई विमाको दायरामा समेट्ने,
- गाँउपालिकाको भौतिक संरचनाका साथै दक्ष मानव श्रोतको विकास, सूचना, लेखा तथा भौतिक सामग्रीको कम्प्युटरकृत अभिलेख प्रणाली, र पालिकाका सुशासनका सिदान्तहरुलाई अबलम्बन गरि सेवाग्राहीलाई सहज, निस्पक्ष्य र गुणस्तरीय सेवा प्रदान गर्ने ,
- यस गाँउपालिकामा लगानी अभिवृद्धि तथा विस्तार गर्न लगानी मैत्री वातावरण सिर्जना गरिनेछ ।

### ३.४.४ विकासका मुख्य चालकहरु

पालिकाको विकासका मुख्य चालकहरु देहाय बमोजिम मानिएको छ :

- गुणस्तरीय ग्रामीण तथा शहरी पूर्वाधार ( सडक, खानेपानी, बिजुली, विद्युतीय सञ्चार प्रविधि)
- कृषिको व्यवसायीकरण, जैविक कृषिको प्रवर्द्धन र कृषिलाई उद्यमका रुपमा विकास र विस्तार (विशिष्टीकृत कृषि),
- विशिष्टीकृत सेवा र मानव पूँजीको विकास,
- उद्योग ( मझौला, साना, घरेलु, र लघु उद्यम),
- सम्पदामैत्री गुणस्तरीय पर्यटन,
- सामाजिक-सांस्कृतिक विकास ।

यी चालकहरुका सम्बन्धमा संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ भने विस्तृत विवरण सम्बन्धित परिच्छेदहरुमा उल्लेख गरिएको छ ।

### क) गुणस्तरीय ग्रामीण तथा शहरी पूर्वाधार

यस उत्प्रेरकले उत्पादन, बजारीकरण, प्रशोधन र सहज पहुँच, पूर्वाधारयुक्त व्यवस्थित बस्ती विकास र शहरीकरणमा अन्तरसम्बन्ध माध्यमबाट अर्थतन्त्रलाई गतिशिल तुल्याउने छ । कृषिबाट गैरकृषि क्षेत्रमा श्रमको माग बढाउने र उत्पादन र वितरण लागतमा कमि ल्याउने छ । गुणस्तरीय ग्रामीण पुर्वाधारको विकासले ग्रामीण अर्थतन्त्रको विकास, सेवा सुविधामा पहुँच, ग्रामीण पर्यटनको विकास, गाउँ र शहरको अन्तरसम्बन्धको माध्यमबाट आर्थिक विकासलाई बलियो बनाउँदछ । यसले गाउँबाट शहरतिर हुने बसाईसराईलाई समेत कमी ल्याउन मद्दत गर्न सक्नेछ ।

### ख) विशिष्टीकृत कृषि

यस उत्प्रेरकले कृषिको विशिष्टीकरण गर्दै उत्पादन र रोजगारीका उपायहरु ग्रामीण क्षेत्रमा विस्तार गर्नुका साथै साना किसान उन्मुख सहकारीका माध्ययमबाट गरिबी न्यूनीकरण, ग्रामीण श्रमको आयमूलक उपयोग, खाद्यान्न सुरक्षा र आयात प्रतिस्थापनमा मद्दत गर्दछ । तुलनात्मक लाभ भएका कृषि तथा पशुपंक्षीजन्य उत्पालनतर्फ युवा वर्गलाई आकर्षित गर्ने र विचौलियाको अन्त्य गरी कृषकलाई बढी लाभ पुऱ्याउन मद्दत गर्दछ ।

### ग) विशिष्टीकृत सेवा र मावन पूँजीको विकास

यसले विद्यमान विशिष्टीकृत सेवा र उच्चस्तरको मावन संसाधनको तुलनात्मक लाभलाई विस्तारित गर्छ र उत्पादकत्व बढाउँछ । दंगीशरण गाँउपालिकामा मात्र नभई यस सँग जोडिएका छिमेकी पालिकाहरु त्था समग्र दाङ जिल्लालाई नै जनशक्ति आपूर्ति गर्छ । तसर्थ, विशिष्टीकृत सेवा र मानव पूँजी विकास गरी उपलब्ध सम्भावनाहरुको अधिकतम उपयोगलाई विकासको चालकको रुपमा लिईएको छ ।

### घ) उद्योग

उद्योग आर्थिक विकासको इन्जिन हो । तुलनात्मक लाभ भएका कृषि र गैरकृषिजन्य उद्योग र त्यसका माध्यमबाट रोजगारी सिर्जना गर्न सक्दछ । यसका लागि स्थानीय बजारमा वस्तुको माग, स्थानीय स्रोतको उपलब्धता र तुलनात्मक लाभ भएका क्षेत्रहरुमा लघु उद्यम, जडिबुटी प्रशोधन, काठका उद्योग, स्थानिय फलफुलको जुस उत्पादन गर्ने उद्योगहरुको स्थापना गर्न सकिन्छ । यसका लागि नीतिगत सुधार र गुणस्तरीय पूर्वाधारहरुको विकासमा जोड दिनु पर्ने हुन्छ । पालिकामा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको प्रवर्द्धनको लागि उत्पादन लागत कम गर्ने पूर्ण क्षमतामा सञ्चालन गर्ने उपाय सहितको एकीकृत प्रोत्साहनका कार्यहरुमा जोड दिँदा आर्थिक विकासमा योगदान पुग्ने भएकोले आर्थिक विकासको महत्वपूर्ण चालकको रुपमा यसलाई लिइएको छ ।

### ङ) सम्पदामैत्री गुणस्तरीय पर्यटन

यस उत्प्रेरकले नगरकै तुलनात्मक लाभ भएका प्राकृतिक र गैर प्राकृतिक सम्पदाहरु र ऐतिहासिक धरोहरहरुको संरक्षण र विकासद्धारा पर्यटकलाई आकर्षित गरी आय र रोजगारी विस्तार गर्ने सम्भावना राख्दछ । भविष्यमा हुन सक्ने बैदेशिक पर्यटन र आन्तरिक पर्यटनको बढ्दो प्रवृत्ति समेतलाई ध्यानमा राखी उपलब्ध प्राकृतिक सम्पदाहरुको संरक्षण र अधिकतम उपयोग गर्ने तथा धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण र विकासद्धारा पर्यटन गन्तब्य, वस्तु र सेवको विस्तार गरी गुणस्तरीय पर्यटन प्रवर्द्धनमा ध्यान दिनु पर्ने देखिन्छ र यसका लागि धार्मिक पर्यटकिय हवको रुपमा विकास गर्न पर्यटकिय क्षेत्रको गुरुयोजना निर्माण तथा पूर्वाधार विकासको निर्माण गर्नुपर्ने देखिन्छ । यसले आर्थिक विकास अगाडि बढाउन सहयोग पुऱ्याउँदछ ।

### च) सामाजिक-सांस्कृतिक विकास

दंगीशरण गाउँपालिकाको धरोहरको रुपमा रहेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदाहरुको संरक्षण, सामाजिक न्यायमा आधारित विकास, समावेशिता, भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र विकास मार्फत् सामाजिक-सांस्कृतिक सहिष्णुता र बन्धुत्वको वातावरण निर्माण गरी दंगीशरण गाउँपालिकालाई सुसंस्कृत गाँउपालिकाको रुपमा स्थापित गर्न मद्दत गर्दछ ।

यी उत्प्रेरकहरु एकअर्कासँग आबद्ध छन् र विकासका क्रममा एक अर्कालाई परिपूरण गरी सबल पनि बनाउँछन् । शासन प्रणाली परिणाममुखी र सशक्त नभै योजनाका लक्ष्यहरु प्राप्त हुन सक्दैन । यसका लागि शासकीय सुधार, क्षमता विकास र बृति विकासका उपायहरुको प्राभावकारी कार्यान्वयन हुन जरुरी छ । त्यसैगरी, विकासका सबै प्रयासहरु वातावरणमैत्री बनाउन सकिएन भने तत्काल र भविष्यमा आउन सक्ने चुनौतिहरुको सामना गर्न सकिदैन । विकासले विनास निम्त्याउनु हुँदैन भन्ने कुरामा सजक हुन आवश्यक छ ।

## ३.५ परिमाणात्मक तालिका

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीले तयार पारेको तथा गाउँसभाबाट अनुमोदित दीर्घकालीन सोच, समष्टिगत लक्ष्य र उद्देश्यलाई निश्चित समयावधिमा हासिल गर्नु नगरपालिकाको मुख्य जिम्मेवारी हो । तसर्थ नगरपालिकाले आवधिक विकास योजनाले निर्दिस्ट गरेका देहायका समष्टिगत परिमाणात्मक सुचकका आधारमा लक्ष्य तथा उद्देश्यहरुको आवधिक रुपमा मापन गर्ने छ ।

प्रस्तुत समष्टिगत परिमाणात्मक लक्ष्यको सम्बन्ध राष्ट्रिय लक्ष्यसँग पनि रहेको छ । तसर्थ गाउँपालिकाको तहमा प्राप्त हुन नसकेका तर राष्ट्रिय लक्ष्यसँग तालमेल गरेर अघि बढ्नु पर्ने परिमाणात्मक लक्ष्य सूचकहरुलाई पनि प्रस्तुत तालिकामा तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## तालिका ३० : राष्ट्रिय र प्रदेशको परिमाणात्मक लक्ष्यका आधारमा दंगीशरण गाउँपालिकाको परिमाणात्मक लक्ष्य निर्धारण

| क्र स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | प्रादेशिक लक्ष्य | | गाउँपालिकाको लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक बर्ष २०८०/८१ | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक बर्ष २०८०/८१ | आधाररेखा (आ.व. ०७६/७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | |
| | | | | | | | | ०८०/८१ | ०८१/८२ | ०८३/८४ |
| १ | आर्थिक बृद्धिदर | प्रतिशत | ६.८ | ९.६ | ६.३ | ११.२ | ३.३ | ५ | ७ | १० |
| २ | कृषि क्षेत्रको योगदान | प्रतिशत | २७ | १९.४ | ०.७ | ५.५ | ७.५ | ९ | ११.५ | १४.५ |
| ३ | उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | १६.७ | १४.७ | १८ | २.५ | ५.० | ६.३ | १० |
| ४ | सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६४.२ | ९.७ | १८ | ६.२ | ८.३ | ११ | १८ |
| ५ | प्रति व्यक्ति बार्षिक आय | अमेरिकी डलर | १०४७ | १५९५ | ८०३ | १६०० | ५०० | ८०० | १००० | १४०० |
| ६ | सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | ०.३१ | ०.२९ | | | | | | |
| ७ | वहुआयामिक गरीवी | प्रतिशत | २८.६ | १३ | १८.२ | १० | १३ | १० | ७ | ५ |
| ८ | निरपेक्ष गरिबी | प्रतिशत | १८.७ | ११ | १५.३ | ७ | ४२ | ३२ | २१ | ११ |
| ९ | साक्षरता (१५ बर्ष माथि) | प्रतिशत | ५८ | ९० | ५८ | ९५ | ८६ | ९५ | १०० | १०० |
| १० | माध्यमिक तहमा खुद भर्ना दर | जना | | | ७४.७ | ५२ | ७९ | ८५ | ९५ | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बाल कुपोषण दर | प्रतिशत | २७ | १५ | | | २ | १ | ० | |
| १२ | सिँचाई योग्य भूमिमा सिँचाई | प्रतिशत | | | ५८ | ६३ | ३० | ८५ | १०० | |
| १३ | मापदण्ड अनुसार वनेका आवास | संख्या | | | | | १० | ३० | ५० | |
| १४ | खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ९४ | ९९ | ८९.८३ | १०० | ८० | ९५ | १०० | |
| १५ | वाह्रै महिना सञ्चालन हुने सडक | प्रतिशत | | | | | ४५ | ७५ | १०० | |
| १६ | रुख विरुवाले ढाकेको हरियाली क्षेत्र | प्रतिशत | | | | | ४८ | ६५ | ७० | |
| १७ | गाउँपालिकाको वेरोजगार | प्रतिशत | | | ११.२ | ६ | ४२ | १८ | ८ | |
| २४ | उत्पादनमूलक कार्यमा रेमिट्यान्सको उपयोग | प्रतिशत | | | | | ५ | १० | २० | |
| २५ | बैंक, वित्तिय संस्था र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | | | | | ४५ | २५ | १० | ५ |
| २६ | औषत आयु | बर्ष | ६९.७ | ७२ | ६९.७ | ७५ | ७२ | ७५ | ८० | ८५ |
| २७ | मानव विकास सुचकाङ्क | सुचकाङ्क | ०.५७ | ०.६२ | .५५८ | ०.६५० | ०.५६७ | ०.५८९ | ०.६११ | ०.६७८ |

***स्रोत : राष्ट्रिय योजना आयोग, पन्ध्रौं आवधिक योजनाको आधार पत्र, २०७६,***

## ३.६ रणनीति तथा प्राथमिकता

गाउँपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणात्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन आवधिक विकास योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्मबन गर्नेछ ।

- गाउँपालिकालाई कृषि /पर्या पर्यटनको केन्द्रको रुपमा विकास गर्ने,
- दंगीशरण गाउँपालिकाको योजनाबद्ध विकास गरी सुन्दर दंगीशरण निर्माणका लागी भू उपयोग नीति तयार गरी कार्यान्वयन गरिने
- अन्नबालीको विउ उत्पादन, तरकारी खेति, तथा पशुपंछि पालनलाई व्यवसायिक तथा यान्त्रिकरणको माध्यमबाट तुलानात्मक तथा प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गरिने छ ।
- कृषिमा किटनाशक औषधिको प्रयोगमा कमी ल्याउने तथा कृषि बालीनालीमा प्राङगारिक मलको प्रयोगमा कृषकहरुलाई प्रेरित गर्ने,
- प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दीगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
- पशु शाखा र जिल्ला पशु विकास कार्यालय मार्फत नश्ल सुधार, तालिम तथा प्रचार सेवा,व्यवसायिक फर्म सुधार जस्ता कार्यक्रमहरु विस्तार गर्दै लैजाने
- पूर्वाधार विकासको गुणस्तरीयता तथा दीगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
- नगर क्षेत्रमा बजारको विकास गरी वरिपरिका बस्तीहरुमा सेवा सुबिधा प्रदान गर्ने र जसले गर्दा एकातिर रोजगारीको अवसर सिर्जना हुन्छ भने अर्को तिर बजारको विकास भई अन्य भौतिक पूर्वाधारको समेत विकास हुन पुग्दछ
- गुणस्तरीय तथा व्यवसायिक शिक्षामा महिला, दलित एवमं पिछडिएका वर्गहरुको पहुँच बढाउने तथा आधारभूत स्वास्थ्य सुविधामा नगरपालिकाका सवै नागरिकको पहुँच विस्तार गर्दै लगिने,
- सार्बजनिक, नदी उकासमा वन लगाउनुका साथै निजि तथा कृषि वन विकास गरि समुदायको वन पैदावार सम्बन्धि माग लाई सम्बोधन गर्दै नगरपालिकामा हरियाली पर्बद्धन गर्ने
- समुदायलाई वाताबरण संरक्षण, फोहरमैलाको व्यवस्थापन सम्बन्धि सचेतना अभिबृद्धि गरि सरसफाईको उचित व्यबस्थापन गर्ने,
- जलवायु परवर्तनको असर न्युनिकरंण र दैविप्रकोप व्यबस्थापनका लागि वडा स्तरमानै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गरि परिचालन गर्ने,
- नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरि आन्तरिक राजस्वका क्षेत्रको खोजि गरि तिनको दिगो परिचालन गर्ने,
- यस गाउँपालिका क्षेत्रमा बन्ने आधुनिक भवनहरुलाई भवन निर्माण संहिता लागु गरिने र बाढी प्रभावित क्षेत्रको जोखिममा रहेको भवनहरुको संरक्षण गरिने,

- खानेपानी तथा सरसफाइका कार्यक्रमहरु उपभोक्ता समितिको सहभागिता र संलग्नतामा स्थानिय स्रोत साधनको अधिकतम प्रयोग गरी संचालन गरिने,
- पूर्ण सरसफाई प्रवर्द्धनमा प्रोत्साहन, पुरस्कार र कदरको सिद्धान्तलाई निरन्तरता दिइने,
- दलित एवमं सिमान्तकृत वर्गलाई सबै सामाजिक, आर्थिक कृयाकलापमा संलग्नता र प्रतिनिधित्व बढाउँदै लैजाने,
- महिला एवंम बाल स्वास्थ्य सम्बन्धि स्वास्थ्य सुविधामा सर्वसुलभ बनाउनुको साथै महिला कर्मचारीहरुलाई उचित प्रोत्साहन एवमं हौसला बढाउने कार्य सिर्जना गरी सक्षम र सशक्त बनाउने,
- गाउँपालिकाको संस्थागत संरचना (राजनीतिक प्रतिनिधि, कर्मचारी प्रशासन, विषय विज्ञ तथा भौतिक पूर्वाधार) को वर्तमान अवस्थालाई अत्याधुनिक, स्मार्ट, उच्च मनोवल युक्त, सकारात्मक र परिणाममुखी वनाउन नीतिगत व्यवस्था गरिने ।
- गोल्टाकुरी चौकी भवन देखि रामपुर खाने पानी ट्याङकी हुँदै शिव मन्दिर, भुवन दास डाँगीको घर देखि माथि हुँदै बुर्केसाल सम्म फुर्केसल्ली जाने बाटोमा जोड्ने अग्नी नियन्त्रण रेखा बनाउने र हरेक सामुदायीक वनमा तार जाली लगाउने ।
- जनमुखी असल शासन स्थापित गर्न सङ्घीय र लोकतान्त्रिक सफल राज्यहरुमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरुप अनुशरण गर्ने ।
- मेलमिलाप कर्तालाई मेलमिलाप सम्बन्धी प्रशिक्षणको व्यवस्था गरिने र मेलमिलापकर्ता नभएका वडाहरुमा रोस्टरमा मध्यस्तकर्ता राखिएको मेलमिलापकर्ता सुचिकृत नभए सम्म सो लाई निरन्तरता दिइने ।
- पञ्जिकरणलाई व्यवस्थित गर्न र तथ्यांक अध्यावधिक गर्नका लागि पञ्जिकरण दर्ता शिविर संचालन गरिने ।

## ३.७ लगानी, स्रोत, अनुमान र बाडँफाट

### (क) स्रोत साधनको बाडँफाट तथा परिचालनका आधारहरु

गाउँपालिकाले समग्र विकासका क्रियालापहरु सञ्चालन गर्नका लागि सार्वजनिक आय अर्थात संघीय र प्रदेश सरकारबाट प्राप्त हुने वजेट र गाउँपालिकाको आफ्नै आय तथा नीजि र सहकारी तथा समुदायको समेत लगानीलाई आधार बनाएर गर्दछ । नेपालको संविधानले दिएको अधिकारलाई प्रयोग गरी गाउँपालिकाको विकासमा यिनै लगानीका क्षेत्रहरुबाट विकास निर्माणका क्रियाकलापहरु सञ्चालन हुनेछन्। यसैगरी निजी क्षेत्रको लगानीलाई आकर्षित गर्नका लागि व्यावसायिक वातावरण तयार गरी र लगानीलाई आर्थिक वृद्धि, औद्योगीकरण र रोजगारी सृजना गर्नेतर्फ केन्द्रित गर्ने गरिने छ । सहकारी क्षेत्रको लगानीलाई कृषि, पशु, विद्युत, उद्योग र सामाजिक विकासका क्षेत्रतर्फ लक्षित गरिएको छ ।

### (ख) सार्वजनिक स्रोत व्यवस्था

आधारभूत रुपमा योजनाले निर्देश गरेका क्रियाकलापहरु सञ्चालन गर्नका लागि सार्वजनिक खर्चको व्यवस्थापन गर्नु जरुरी हुन्छ। यो योजना अवधिभर आवश्यक पर्ने सार्वजनिक खर्चको स्रोत व्यव्थापनका लागि गाउँपालिकाले संघीय सरकार, प्रदेश र आफ्नै आयस्रोतका अलवा समपुरक र विशेष अनुदान योजनावद्ध तरीकाले पारदर्शी ढंगले परिचालन गर्ने छ।

**तालिका ३१ : सार्वजनिक स्रोत व्यवस्था**

| **क.सं.** | **लगानीका स्रोतहरु** | **प्रतिशत** | **लगानी योजना रु. लाखमा** | | | **जम्मा** |
|---|---|---|---|---|---|---|
| | | | **२०७८/७९** | **२०७९/८०** | **२०८०/८१** | |
| १ | सार्वजनिक | | | | | |
| १.१ | संघीय सरकार | ४० | २९७५ | २९२४ | २९१३ | ८८१५ |
| १.२ | प्रदेश सरकार | १५ | १११५.६४ | १०९६.५३ | १०९६.५२ | ३३०५.६९ |
| १.३ | स्थानिय सरकार | १० | ७४३.७६ | ७३१.०२ | ७२९.०१ | २२०३.७९ |
| २ | सहकारी तथा सामुदायिक | ५ | ३७१.८८ | ३६५.५१ | ३६४.५ | ११०१.९ |
| ३ | नीजि क्षेत्र | ३० | २२३१.२८ | २१९३.०६ | २१८७.०३ | ६६११.३७ |
| **जम्मा** | | **१००** | **७,४३८** | **७,३१०** | **७,२९०** | **२२०३८** |

# अध्याय चार आर्थिक क्षेत्र

विकासका प्रमुख आयामहरू मध्ये आर्थिक विकास कुनै पनि स्थानको विकासका लागि एक केन्द्रिय स्तम्भ हो जसको सहयोगमा विकासका अन्य स्तम्भहरू सबल हुन सक्छन् । हुन त कुनै पनि स्थानको समग्र विकासका लागि आर्थिक क्षेत्र पूर्णत बलियो भएर मात्र पुग्दैन किनकि आर्थिक सम्पन्नताले मानसिक सुख, सामाजिक सौहार्दता वा सांस्कृतिक सम्पन्नता सुनिश्चित हुन्छ भन्न सकिँदैन । तथापि आर्थिक सम्पन्नताको जगमा उभिएर मात्र विकासका अन्य आयामहरू जस्तै सामाजिक, सांस्कृतिक, वातावरणीय, जातीय, लैङ्गीक, संस्थागत विकास गर्न सम्भव हुन्छ । आर्थिक विपन्नतामा अन्य विकास गर्न प्रायः असम्भव नै हुन्छ ।

आर्थिक सम्पन्नताको सूचकको रूपमा रहेका आम रूपमा प्रयोग गरिने सूचकहरू मध्ये वार्षिक प्रतिव्यक्ति आय (Per Capita Income), कुल ग्राहस्थ उत्पादन (GDP) र समग्रता सूचकमा मानव विकास सूचकाङ्क (HDI), सम्पन्नता सूचकाङ्क (Prosperity Index) आदि हुन् । यी सबै सूचकाङ्कका केन्द्रिय भागमा आर्थिक उर्पाजन तथा उत्पादन र जनसाधारणको त्यसमा रहेको पहुँच नै रहेका छन् । आर्थिक उपार्जन र उत्पादन वृद्धिका लागि कृषिको विकास, उद्योग तथा कल-कारखानाको स्थापना, रोजगारी श्रृजना, निर्यात प्रर्बद्धन, पर्यटन विकास र व्यापार तथा वाणिज्यको विकासका साथै मानवीय सेवा क्षेत्रहरूको व्यापक विकास गर्नु अत्यन्त जरुरी छ । आर्थिक विकासका यी सैद्धान्तिक आधारमा रहेर दंगीशरण गाउँपालिकाको समग्र आर्थिक विकास गर्न निम्न क्षेत्रलाई समेटी तत् तत् क्षेत्रको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने उद्देश्य लिइएको छ ।

- कृषि, जडिबुटी, पशुपंक्षी विकास तथा मत्स्यपालन
- पर्यटन
- खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति
- बैङ्क वित्तीय संस्था तथा सहकारी

कुनै पनि स्थानिय तहको आफ्नो सिमानासँग जोडिएको अरु स्थानिय तह साथै अरु जिल्लासँग राम्रो सम्बन्ध हुन आवश्यक हुन्छ । कतिपय स्थानिय तहको जनसंख्या सिमानाका गाउँपालिका/नगरपालिका साथै अरु जिल्लामा पनि निर्भर हुन सक्छन् । सामान र सेवाहरूको आदानप्रदान नजिकैका जिल्लाहरू वा भित्रका बीचमा सामान्य हुन्छन् । तसर्थ, अन्तर-सम्बन्धको अध्ययन र  विश्लेषण अत्यन्तै महत्वपूर्ण विषय हो र यसको प्रवाह पालिकाको विकास पक्षसँग जोडिएको हुन्छ ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमी

दंगीशरण गाउँपालिकाको अधिकांस घरपरिवारको जीविकोपार्जन र रोजगारी कृषिबाट प्राप्त हुने भएता पनि यसले व्यवसायिकता हाँसिल गर्न सकिराखेको अवस्था छैन र विगतमा जस्तै अहिले पनि कृषि पेशा निर्वाहमुखी नै रहेको छ । कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै

कम भएका कारण यस गाउँपालिकामा श्रमशक्तिको पलायन बढ्दो छ र कृषिजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व पनि न्यून रहेका कारण धेरैजसो घर परिवारमा खाद्यान्नको समस्या रहेको छ । दिगो विकास लक्ष्य, कृषि विकास रणनीति एवं राष्ट्रिय कृषि नीतिलाई मध्यनजर गर्दै सार्वजनिक, निजी तथा सहकारी साझेदारीमा भूमिको दिगो व्यवस्थापन, कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण तथा औद्योगीकरण गरी खाद्य सुरक्षित नगरपालिका बनाउन पर्ने आवश्यकता छ । त्यसैगरी रोजगारी सृजना, गरिबी निवारण र समग्र कृषि अर्थतन्त्रलाई थप सवल बनाउँदै गाउँपालिकाको दिगो सामाजिक, आर्थिक समृद्धिको आधारशीला तयार गर्न यस क्षेत्रलाई उच्च प्राथमिकता राखेर कार्य गर्नु पर्ने आवश्यकता छ । यस गाउँपालिकामा कृषिजन्य वस्तुहरुको लागि उपयुक्त वातावरण तथा उर्वर जमिन साथै सिंचाइ र प्रयाप्त पानीको श्रोत हुँदाहुँदै पनि उपयुक्त वजारीकरण, आधुनिक कृषि प्रणाली सम्बन्धि ज्ञानको कमी, जनचेतनाको कमी, दक्ष जनशक्तिको अभाव, रोजगारीको लागि उर्जाशिल युवाहरुको विदेश पलायन जस्ता समस्याले कृषिजन्य उत्पादनमा प्रतिकूल प्रभाव पारेको देखिन्छ ।

यस दंगीशरण गाउँपालिकामा जम्मा १४६७ विघा क्षेत्रफल अन्नबाली खेती गरिएको छ । १४६७ विघामा गरिएको अन्नबालि खेतीबाट १३३२५६ के.जी. उत्पादन हुन्छ भने २११५२ के.जी.मात्र विक्री हुने छ । यसै गरी दलहन बालीको हकमा भने जम्मा ६९ विघामा मात्र खेती हुन्छ भने ६९ बिघाबाट दलहनको उत्पादन २९०० के.जी. र बिक्री १४३८ के.जी. हुने गरेको छ र यसले उत्पादित वस्तु स्थानीय वजारमा खपत हुने गरेको देखाउछ भने पालिका बाट वाह्य वजारमा हुने निर्यातको मात्रा नगन्य छ । त्यस्तै यस पालिकामा जम्मा ९ वटा पोखरीमा माछापालन व्यवसाय गरिएको छ जसमध्ये ३ वटा निजि पोखरी ,५ वटा सामुदायिक पोखरी र १ वटा साझेदारी रुपमा संञ्चालनमा रहेको छ र यी ९ वटा पोखरीबाट वार्षिक ६१७०० के.जि. माछा उत्पादन हुने गर्दछ ।

### ४.१.२ समस्या तथा चुनौती

**समस्या**

जग्गाको खण्डीकरण हुनु, जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा खेतीयोग्य जमिन घट्दै जानुका साथै आधुनिक तौर तरीका अनुसार खेती नगर्नाले उत्पादनमा ह्रास आउनु, कृषि पेशालाई नाफामूलक र सम्मानित पेशा बनाउन नसक्दा युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन हुनु, जलवायुको विविधता तथा भौगोलिक जटिलता अनुकूलनको कृषि प्रणाली विकास नहुनु, कृषिमा निजी क्षेत्रको लगानी कम हुनु, कृषि उत्पादनको मूल्यको बढी हिस्सा बीचौलियाको हातमा जानु र किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रिकीकरण र व्यवसायीकरण हुन नसक्नु, रासायनिक मल तथा विषादिको अनियन्त्रित प्रयोग र जलवायु परिवर्तनको कारणले बालीहरूमा नयाँ रोग तथा किराहरू देखा पर्नु, गुणस्तरीय विउ, मल, सिंचाई र कृषि सामग्री आदिको आवश्यकता र मागअनुसार सही समय, मूल्य र स्थानमा सहज उपलब्ध हुन नसक्नु, आवश्यकता अनुसार गुणस्तरीय शीत तथा अन्न भण्डारको व्यवस्था हुन नसक्नु, कृषिमा व्यावसायिक करार सम्झौता नहुनु, अझै पनि कृषि प्रसार सेवा, कृषि सुचना, कृषि बीमा, कृषि ऋण जस्ता कार्यक्रमहरू ग्रामीण कृषकहरूको सहज पहुँचमा नहुनु, कृषि उत्पादनलाई मूल्य श्रृङ्खला तथा कृषि उद्योगसँग जोड्न नसक्दा व्यवस्थित र दिगो तरिकाले वजारीकरण गर्न नसक्नु, माछापालक कृषकका लागि बजारको व्यवस्था नहुनु आदि **कृषि क्षेत्रका** प्रमुख समस्याहरू हुन् ।

पशुपंछिजन्य उत्पादनको सहज वजार पहुँच नहुनु, पशुका लागि चरन क्षेत्रको अभाव, पशुपालनमा देखिने रोगको पहिचान, परिक्षण र उपचारको लागि प्राविधिक, उपकरण तथा विधिको अभाव, स्थानीय सरकारले दिने सेवा, सुविधा र अनुदानमा कृषकको पहुँच र सहजिकरणमा कमी, पशुपालनमा प्रयोग हने दाना, चापडको उचित बजार मुल्य नभएकोले खरिद बिक्रिमा समस्या हुनु, नयाँ नयाँ तथा पटक पटक देखिने जुनोटिक एवं महामारीजन्य रोगहरूको प्रकोप देखिनु, **पशुपालन क्षेत्रका** मुख्य समस्या हुन् । त्यस्तै पशु विमा सर्भशुलभ नहुनु, परम्परागत प्रणाली यथावत रहनु, पशु विशेषज्ञता तथा प्राविधिक सेवाको अभाव, पशुजन्य उत्पादनका लागि वजार व्यवस्थापन भरपर्दो नहुनु, गोठ सुधार कार्यक्रम दीगो नहुनु, पूर्वाधारको अभाव, पशुजन्य उत्पादनको मूल्य वैज्ञानिक नहुनु, कृषि तथा पशु अनुदानको (प्रविधि तथा पशु स्वास्थ्यमा) व्यवस्था नहुनु, उन्नत नश्लका पशुपंछिको अभाव, पशु आहारमा गुणस्तरीयताको अभाव, सहुलियत दरमा ऋण व्यवस्थापन नहुनु, नमुना पशुपालन फार्महरुको विकास हुन नसक्नु ।

## चुनौती

वर्षेनी हुने युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषिक्षेत्रमा देखिएको श्रम अभावलाई सम्बोधन गर्नु, जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउनु, कृषि बीमा व्यवस्थालाई प्रभावकारी वनाउनु, कृषि क्षेत्रमा लगानी बृद्धिगर्नु, कृषि प्रणालीलाई यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्नु, कृषि प्रसार सेवामा कृषकहरूको पहुँच वृद्धि गर्नु, गुणस्तरीय बिउ, मलखाद, कीटनाशक विषादि तथा कृषि सामाग्रीको समयानुकूल आपूर्ति बढाउनु, कृषि पेशालाई प्रतिस्पर्धी, व्यावसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्नु, जलवायु परिवर्तन अनुकूलन हुने गरी कृषि प्रणालीको विकास तथा ब्यवस्थापन गर्नु, कृषकले कृषि उत्पादनको सही मुल्य प्राप्त गर्नु, कृषि उत्पादनमा वन्यजन्तुले गर्ने हानी रोक्नु, वालीमा देखिने रोगको पहिचान, परिक्षण तथा उपचारका लागि प्राविधिक र उपकरणको व्यवस्थापन गर्नु आदि यस कृषि क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

आधुनिक तथा व्यवसायिक तरिकाले पशुपालन गर्न आवस्यक पुजी र प्रविधि सहज रुपमा उपलब्ध गराउनु, पशुपंछिजन्य उत्पादनको मुल्य कायम गर्नु, दक्ष प्राविधिक उपलब्ध गराउनु, उन्नत नश्लका पशुपंछिको व्यवस्था गर्नु, स्थानीय सरकारबाट पर्याप्त मात्रामा अनुदान प्राप्त गर्नु पशुपालन क्षेत्रका चुनौती हुन् ।

### ४.१.३ संभावना तथा अवसर

भौगोलिक तथा जैविक विविधतामा धनी हुनु, कृषि विकास रणनीति, २०७२ र कृषि विकासका अन्य मार्गदर्शनहरूको विकास भई कार्यान्वयन अगाडि बढ्नु, स्वदेशी लगानीमै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात हुनु, उच्च मूल्य पर्ने कृषि उपज उत्पादनमा केन्द्रित हुने नीति लिनु, जलवायु परिवर्तन घट अनुकूलन हुने गरी कृषि प्रणालीको विकास गर्ने कार्य प्राथमिकताका साथ अगाडि बढ्नु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पूँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, सिंचाई सुविधा बढ्दै जानु, पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बीमा र नयाँ प्रविधिहरूको उपयोग बढ्दै जानु, प्रांगारिक कृषि प्रणालीप्रति चासो बढ्दै जानु, कृषि क्षेत्रमा लगानी गर्न

निजी क्षेत्र तथा विभिन्न संघ संस्थाहरू आकर्षित हुँदै जानु, बेमौसमि तरकारी बालिका लागि टनेल खेतिको अभ्यासमा रुची बढ्दै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

दुध संकलन केन्द्र निर्माण तथा पशु बजार एवं हाट बजार क्षेत्र निर्माण गर्ने, वडा न. ३ लाई धान र गहुँ खेती पकेट क्षेत्रको रुपमा विकास गरी कृषिको दायरा फराकिलो बनाउने सकिने संभावना पनि रहेको छ ।

### ४.१.४ लक्ष्य ,उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- व्यवसायिक कृषि, पर्यापर्यटन, उद्यमशिलता, बिमा, वित्तीय क्षेत्र, तथा सहकारीको पहूँचको विस्तारबाट स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनबाट आम नागरिकको आर्थिक स्थितिमा सुधार गर्ने ।
- स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाई खाद्य तथा पोषण सुरक्षणमा प्रवर्द्धन गर्ने ।

**उद्देश्य / प्रतिफल**

- करार तथा सहकारीतामा आधारित कृषि प्रणालीको माध्यमबाट कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण तथा मुल्य श्रङ्खलामा आवद्ध गर्दै खाद्यान्न, तरकारी, फलफुलको उत्पादकत्व बृद्धि र उत्पादनहरुको व्यवस्थित बजारीकरणबाट आर्थिक समृद्धि हासिल हुनेछ,
- परम्परागतवाट आधुनिक कृषि प्रणालीमा रुपान्तरण गरी उत्पादन र उत्पादकत्व वढाउनु ।
- पशुपंक्षी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।
- पशुपंक्षी व्यवसायलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।

**रणनीति र कार्यनीति**

गाउँपालिकाको आर्थिक विकासलाई मुर्तरुप दिन पालिका स्तरीय आर्थिक विकास समितिको मातहतमा **“कृषिमा रोजगारी, पर्यटनमा आम्दानी आधारित पालिका समृद्ध कार्यक्रम ”** सञ्चालन गरिने छ । त्यसका लागि आवश्यक नीति, कार्यक्रम तर्जुमा तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

**प्रतिफल १.१ कृषि तथा खाद्य सुरक्षा रणनीति**

- वैज्ञानिक भूमि व्यवस्थापनद्वारा उत्पादकत्व बृद्धि गरी आत्म निर्भर कृषि प्रणालीको विकास गर्ने,
- कृषि व्यवसायलाई व्यवस्थित वनाउन दीर्घकालीन कृषि नीति तथा योजना निर्माण गर्ने,
- तुलनात्मक तथा प्रतिष्पर्धात्मक लाभ हुन सक्ने कृषि वालीमा जोड दिने,
- गाउँपालिका क्षेत्रको विकासले नयाँ बजार केन्द्रहरु विकास हुन्छ भने भएका बजार केन्द्रहरुको आकार तथा क्रियाकलापमा बृद्धि हुनेछ । यसबाट मानिसले रोजागरीको अवसर सिर्जना हुन्छ भने कृषिमा आश्रित जनसमुदायलाई पनि आधुनिक कृषिमा लाग्न मद्दत गर्दछ ।

- भूमिको उत्पादकत्व र उत्पादनशिलता अभिबृद्धिका लागि खण्डिकरण न्यूनीकरण गर्नुका साथै एकिकृत खेति प्रणाली गर्ने नीति अबलम्बन गर्ने
- गाउँपालिकाको धरातलीय स्वरुप अनुसार कृषि क्षेत्रको विशिष्टिकरण गर्ने,
- कृषक समूहहरुको संस्थागत विकास गरी कृषि रोजगारी, आम्दानी बढाउन तर्फ जोड दिने,
- स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने ।
- पशुपालन व्यवसायलाई आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्दै कृषकहरुको दीगो आयश्रोतको रुपमा स्थापित भई गरिवी न्यूनीकरण भएको हुनेछ  त्यस्तै पशुजन्य पदार्थ  र पशु स्वास्थ्यमा उल्लेखनीय सुधार आएको हुनेछ,
- पकेट क्षेत्रको विस्तार संगै पशुपालन व्यवसायमा कृषकहरुको आकर्षण बढेको हुनेछ

**प्रतिफल १.२ पशुपंछिपालन रणनीति**

- पशुपंछि पालनलाई अत्याधुनिक तथा प्रतिष्पर्धात्मक वनाउने
- सहकारीता, समन्वय तथा सहअस्तित्वका आधारमा संघ, प्रदेश र अन्तरपालिकाका कृषि तथा पशुपंछि पालनको रणनीतिको कार्यान्वयनमा जोड दिने,
- कृषि तथा पशु उत्पादनको बजार पहुच बृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी अवधारणामा आधारित उत्पादन र बजारीकरण नीति अवलम्बन गर्ने
- पशुपन्छीजन्य व्यवसायमा आर्थिक, सामाजिक र भौगोलिक रुपमा पछिपरेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षितवर्गको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोतकोरुपमा विकासगर्ने ।
- पशुपंक्षीजन्य उत्पादनको मूल्यश्रृङ्खला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने ।
- पशुपंक्षी क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने ।

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल १.१ कृषि तथा खाद्य सुरक्षा कार्यनीति**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| पालिका स्तरीय कृषि ऐन निर्माण गरी दीर्घकालिन कृषि नीति तथा योजना निर्माण गरिने छ, | मुल्य श्रृङ्खलामा आधारित कृषि व्यवसायीकरण कार्यक्रम |
| आन्तिरिक कृषि उत्पादनलाई स्थानीय वजारमा र भान्सामा प्रोन्साहन गर्ने नीति लिइने छ, | |
| बजारमुखी कृषि उत्पादन र सोकालागि कृषि मुल्य श्रृङखला प्रणालीको अबलम्बन गरिने  छ, | |
| चक्लाबन्दीको माध्यमबाट कृषि उत्पादकत्व वढाउन कृषि | |

| | |
|---|---|
| सहकारीका माध्यमबाट सामूहिक खेती प्रणालीको विकास गरिने छ | |
| आर्थिक रुपमा विपन्न कृषकको पहिचान मापदण्ड तयार गरी पालिका भित्रका घरधुरीको पहिचानको आधारमा पालिकाबाट संचालन हुने कार्यक्रममा अनुदानको व्यवस्था गरिनेछ, | |
| ऋतु अनुसारको उत्पादन तथा रैथाने बालीलाई प्रोत्साहन दिइने, | |
| निरन्तर कृषि पेशामा लागिरहने कृषकहरुलाई सम्मानित र पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ । | |
| कृषि उत्पादनका बढाउनका लागि यस नगरमा हाते ट्याक्टर किन्न कृषक लाई सहुलियत प्रदान गर्ने । | |
| बाँझो जमिन राख्ने प्रवृतिलाई नियन्त्रण गर्न स्तानीय तहले दिन सेवा सुविधामा कडाइ गर्न नीतिगत व्यवस्था गरिनेछ । | |
| वडाको उत्पादकत्वका आधारमा विशेष कृषि पकेट क्षेत्र घोषणा गरी तद्अनुरुपको कार्यक्रम कार्यान्वयनमा जोड दिईने, | |
| प्राङ्गरिक, जैबिक बिषादीलाई ग्राहयता र रायानिक बिषादी प्रयोगलाइ निरुसहित गरि प्राङ्गरिक नगर निर्माण गरिनेछ, | |
| कृषि उपज बेच बिखन केन्द्र स्थापना र हाट बजार ब्यबस्थित गरिने छ । | |
| वडास्तरमा यूवा कृषक समूह तयार गर्ने । | |
| विद्यालय स्तरमा कृषि पर्यावरण, फलफूल तथा तरकारी खेती प्रविधि प्रसार कार्यक्रम, | |
| सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा ब्यबसायिक उत्पादनलाई प्रवर्द्धन गरिने छ । | |
| कृषिको उत्पादन उत्पादकत्व वढाउन वृहत सिँचाई योजना कार्यान्वयन गरिनेछ । | |

| | |
|---|---|
| न्यून रासायनिक मल प्रयोग भएको क्षेत्रमा जैविक खेती प्रोत्साहित गर्ने र त्यसको प्रविधि, गुणस्तर निर्धारण, जनशक्ति विकास र बजारीकरणमा सहयोग गरिनेछ । | |
| कृषि उत्पादनको लागत न्युनीकरणका लागि कृषि अनुदान तथा विमा कार्यक्रमलाई कार्यान्वयन गरिने छ । | |
| एकीकृत् शत्रुजीव व्यवस्थापन (IPM) कृषक पाठशाला तालिम सञ्चालन | |

**प्रतिफल १.२ सँग सम्बन्धित (पशुपालन)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| पशुपंछि विकासका लागि नीतिगत व्यवस्था गरिने छ, | निजी तथा सहकारी क्षेत्रको सहभागितामा मुल्य श्रृङ्खलामा आधारित पशुपंछिपालन व्यवसायिकरण कार्यक्रम |
| व्यवसायिक पशुपालनका लागि पकेट क्षेत्रको विकास गरिने छ, | |
| पशु बिमा कार्यक्रम तथा पशु अस्पतालको व्यवस्था गरिने छ, | |
| पशु स्वास्थ्यमा उल्लेखनीय सुधार आएको हुनेछ, | |
| सहकारीको माध्यमबाट पशुपंछि पालन व्यवसायलाई एकद्वार प्रणालीमार्फत व्यवस्थित तथा वैज्ञानिक वनाईने छ, | |
| उन्नत नश्ल युक्त पशुपालन व्यवसायलाई प्राथमिकता दिईने छ | |
| डालेघाँस प्रवर्द्धन कार्यक्रमको विकास गरिने छ । | |
| मोवाइल भेटेरिनरी एम्बुलेन्सको व्यवस्था गरी पशु स्वास्थ्य सेवालाई चुस्त, दुरुस्त र भरपर्दो बनाइनेछ । | |
| पशुपंछि पालन व्यवसायलाई आधुनिक प्रविधि मैत्री बनाईनेछ । | |

| | |
|---|---|
| दुग्ध चिस्यान केन्द्र स्थापना र पशुपक्षी गुरु योजना निर्माण गरिनेछ । | |

### ४.१.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

उच्च मूल्यका बालीहरुका व्यवसायिक उत्पादन हुन गै व्यवसायिक प्रवर्द्धनतर्फ उन्मुख भएको हुने छ । विद्यालय स्तरमा फलफूल तथा तरकारी खेती प्रविधि प्रसार भै स्थानीय पर्यावरणमा सुधार आएको हुने छ । गाउँपालिकामा फलफूलको व्यवसायिक प्रवर्द्धन भै आयातमा कटौती भै निर्यातमा प्रवर्द्धन भएको हुनेछ । कृषि प्रसार, यान्त्रिकीकरण र आधुनिकीकरणमा वृद्धिभएको हुने छ । कृषकहरुको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि भएको हुनेछ । विपन्न वर्गको जीविकोपार्जनमा उल्लेख्य सुधार आएको हुनेछ । कृषि विमा, राहत र जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशिल कार्यक्रम मार्फत कृषकहरुले राहत महसुस गरेका हुनेछन् । पाखो तथा बाँझो जमीनमा वैकल्पिक खेती मार्फत थप आयआर्जन र स्थानीय पर्यावरणमा सुधार आएको हुनेछ । कृषिमा आधारित दिगो रुपमा वजार प्रवर्द्धनको लागि आवस्यक पूर्वाधारहरुको विकास भएकोहुनेछ ।

दंगीशरण गाउँपालिका भित्र पशुपन्छी उत्पादन पकेटको विकास र विस्तार भएको हुनेछ । पशुपन्छीको उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि भएकोहुने छ । पशुपंक्षीको व्यवसायिक उत्पादन तथा वजारीकरणमा वृद्धि भएको हुनेछ । उच्च मूल्यका पशुपन्छीको व्यवसायिक उत्पादन भै आयातमा प्रतिस्थापन र निर्यातमा प्रवर्द्धन भएको हुने छ । स्थानीय स्तरमा रोजगारीको सिर्जना भएको हुने छ ।

## ४.२ सिँचाई

### ४.२.१ पृष्ठभूमी

नेपालमा परम्परागत कृषि प्रणाली विस्तारै आधुनिक कृषि प्रणालीतर्फ रुपान्तरण हुँदै गैरहेको छ । कृषि आधुनिकीकरणका लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाई द्धद्द सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिंचाईको दिगो व्यवस्थापन गर्न आवश्यक छ । परम्परागत सिंचाई प्रणालीको मर्मत सम्भार र नयाँ प्रविधिमा आधारित सिंचाई प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार भैरहेको छ । दंगीशरण गाउँपालिकाको विभिन्न वडाहरुमा विभिन्न सिंचाई आयोजनाहरु (कुलो/नहर, लिफ्टिङ्ग ) सञ्चालित रहेता पनि गाउँपालिकाको अधिकांस भूभागमा सिंचाई सुविधा पुगि रहेको अवस्थामा छैन । सिंचाई सुविधा पुगेका स्थानहरुमा समेत सिंचाईको उचित सदुपयोग भैराखेको अवस्था छैन र हाल यस पालिकामा १५२५ हे. जमिनमा सिंचाई सुबिधा उपलब्ध भएको पाइन्छ । जम्मा २३ वटा सिंचाई प्रणाली रहेको यस पालिकामा १६ वटा लिफ्टिङ्ग सिंचाइ रहेका छन् भने बाँकी मौसमी प्रकृतीका रहेका छन् ।

### ४.२.२ समस्या तथा चुनौती

**समस्या**

कतिपय सिंचाई योजना प्राकृतिक नदी प्रणाली (Run off the river) मा आधारित भएकोले वर्षैभरी एकैनासले सिंचाईको भरपर्दो सेवा पुऱ्याउन नसक्नु, निर्माण सम्पन्न भैसकेका सिंचाई प्रणालीको प्रयाप्त

मर्मत सम्भार हुन नसक्नु, सिंचाई सुविधा पुगेको वा पुग्न सक्ने भूमिमा खण्डीकरण र अव्यवस्थित शहरीकरण हुनु, प्राकृतिक मूल तथा मुहानहरु सुक्दै जानु, उपलब्ध पानीको स्रोतमाथि चाप बढ्नु, सिंचाई तथा जल उपयोग क्षमता न्यून हुनु, नदीजन्य निर्माण सामाग्रीको दोहन हुन गै नदीको बेड लेभेल घट्दै जानु र ठूला तथा बहुउद्देश्यीय आयोजनामा पर्याप्त लगानी हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

**चुनौती**

गाउँपालिकाको सम्पूर्ण कृषियोग्य भूमिमा उपयुक्त प्रविधिको छनोट गरी वर्षैभरि भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन साना सिंचाइ प्रणाली निर्माण गर्नु, निर्माण सम्पन्न भएका प्रणालीहरूको मर्मत-सम्भारका लागि प्रभावकारी व्यवस्थापन गर्नु, बाह्रै महिना सिंचाइ सेवा उपलब्ध गराउनका लागि साना सिंचाई निर्माण गर्नु, सिंचाइ सुविधा उपलब्ध भएका एवम् हुने जमिन कृषिका लागि सुरक्षित राख्नु र जलवायु परिवर्तनबाट सिर्जित असरका कारण पानीको उपलब्धतामा आएको जोखिम व्यवस्थापन गर्नु, मौली, सुकदेवा हुँदै पातुखोला ववै नदिको दोभन सम्म तटबन्धन निर्माण गरी सिचाई बाँध निर्माण गर्न यस क्षेत्रका चुनौती हुन् ।

### ४.२.३ संभावना तथा अवसर

सतह र भूमिगत जलस्रोतको ठूलो भण्डार उपलब्ध हुनु, सिंचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, नयाँ सङ्गठनात्मक परिवर्तनबाट सबै जिल्लामा सिंचाइ कार्यालयको स्थापना भई सेवा प्रवाहमा सुधार हुनु, कृषि क्षेत्रको उत्पादन र उपादकत्व बढाई कृषि उपजमा आत्मनिर्भर बनाउन सिंचाइको भरपर्दो र दिगो व्यवस्था गर्नैपर्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् । त्यस्तै बोरिङ तथा लिफ्टिङ्ग बाट सिँचाइ गर्ने क्रम बढ्दै जानु, मायां मुर्गेवा डाँडामा लिफ्ट सिचाईको सम्भावना रहनु, प्रत्यक गाँउ गाँउमा डिप बोरिङ बाट सिंचाइ गर्ने क्रम बढ्दै जानु पनि यस क्षेत्रका अवसर हुन् ।

### ४.२.४ लक्ष्य ,उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य/असर**

- कृषि योग्य भूमिमा दिगो एवं भरपर्दो सिंचाइ सुविधा उपलव्ध गराउने ।
- सिँचित क्षेत्रको विस्तारसँगै खाद्य पर्याप्तता सुनिश्चित गरि निर्यातमुखी भई आयमा वृद्धि गर्ने ।

**उद्देश्य/प्रतिफल**

- सवै कृषि योग्य भूमिमा सिंचाई सेवा विस्तार गरी वर्षैभरी भरपर्दो सिंचाई सुविधा उपलव्ध गराउनु ।
- उपलव्ध सिंचाईको बहुउपयोगितामा जोड दिनु ।

**रणनीति**

- जलवायु परिवर्तन अनुकूलन हुने गरी सिंचाई योजनाहरुको विकास एवं विस्तार गर्ने ।
- नयाँ प्रविधिमा आधारित सिंचाईको विकास गर्नुका साथै सिंचाई दक्षता वृद्धि गर्ने ।

- हाल सञ्चालित परम्परागत तथा सिँचाइ प्रणालीको नक्साङ्कन सहित वस्तुगत विवरण (Profile) तयार पार्ने
- उव्जाउ जमीनलाई संरक्षण गर्ने ।
- बाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउनको लागि बहुउद्देश्यीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने ।
- सम्पन्न सिंचाई प्रणालीको मर्मत सम्भार एवं व्यवस्थापनलाई सुदृढ तुल्याई दिगोपना बढाउनु ।
- सिंचाइ प्रणालीको मर्मत सम्भार एवं दिगो व्यवस्थापनका लागि स्रोतसहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने ।

**निर्दिष्ट कार्यनीति**

- कृषियोग्य भूमिमा व्यावसायिक कृषिलाई प्रोत्साहन गर्न भरपर्दो सिंचाई प्रणालीको विकास गरिने छ ।
- सिंचाइ पूर्वाधार बढाउन आवश्यक व्यवस्था गरिने छ ।
- बाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउनको लागि नयाँ सिंचाई आयोजनाहरुका निर्माण गरिनेछ भने भैरहेका सिंचाई आयोजनाहरुका मर्मत सम्भार गरिने छ ।
- पानीको स्रोत न्यून हुने तथा बर्षैभरी सिंचाई उपलब्ध हुन नसक्ने क्षेत्रमा सिंचाइ सेवा पुऱ्याउन आकासे पानीको संकलन, पोखरी तथा जलाशयमा भण्डारण गरी थोपा तथा फोहोरा सिंचाइ प्रविधि समेत उपलवध गराइनुको साथै बोरिङ तथा लिफ्टिङ्ग बाट सिँचाइ प्रविधि लाई बढावा दिइनेछ ।
- मुल एवं पोखरी, ताल तलैयाहरुको संरक्षण तथा सुदृढिकरण गरी सिंचाईको समेत उपयोग गरिने छ ।
- सहकारी तथा समुदायको सहभागितामा सिंचाई प्रणालीको व्यवस्थापन गरिने छ ।
- सिंचाइ प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरुको स्रोत सहितको सहभागितामा सोको नियमित मर्मत सम्भार, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिने छ ।

**प्रमुख कार्यक्रम**

- उत्पादन पकेट क्षेत्रमा सिंचाई आयोजनाको निर्माण र विस्तार
- परम्परागत कृषक कुलाहरुको मर्मत संभार र सुधारमा अनुदान
- मौजुदा तथा जिर्ण सिंचाई आयोजनाहरुका स्तरोन्नति
- लिफ्ट् सिंचाइ आयोजना निर्माण
- पानी अभाव ग्रस्त स्थानहरुमा आकासे पानीको संकलन पोखरी निर्माण
- थोपा तथा फोहोरा सिंचाइको लागि अनुदान सहयोग ।

### ४.२.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

यस योजनाको अवधि भरीमा गा.पामा विभिन्न प्रकारका सिँचाइ मार्फत सिंचाई हुने क्षेत्रफलमा वृद्धि भएको हुनेछ । नयाँ प्रविधिमा आधारित सिंचाईको विकास र दक्षता अभिवृद्धि भएको हुनेछ । बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध भै व्यावसायिक खेती प्रणालीको विकास भएको हुनेछ । सिंचाइको मर्मत सम्भार कार्य समुदायको सहभागितामा भै दिगो रुपमा सञ्चालन भएको हुनेछ, सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुगेको हुनेछ ।

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमी

यस गाउँपालिकामा रहेका जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधताले प्रदेशको पर्यटनमा अहम् भूमिका खेलेका छन् । यहाँ रहेका पर्यटकीय गन्तव्यहरूको विविधिकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ । पर्यटकहरूको आकर्षणको केन्द्र रहेको वाह्रवडिउन्हक लठ्ठा, बुलबुल्या ताल हुँदा पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन मार्फत्‌दिगो रुपमा स्थानीय अर्थतन्त्रको आधारशीला तयार पार्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

भौगोलिक अवस्थिति तथा बजारको सहज पहुँचका कारण दंगीशरण गाउँपालिका लाई **धार्मिक पर्यटन केन्द्रको** रुपमा विकास गर्न सक्ने सम्भावना देखिन्छ । विशेष गरी यस गाउँपालिका लाई कृषि पर्यटन र धार्मिक तथा सांस्कृतिक पर्यटनका हिसाबले विकास गर्न सकिन्छ । कृषि क्षेत्रका रुपमा कृषि ग्रामको विकास गर्न सके पर्यटक तथा कृषकहरु नमूना कृषिका लागि अवलोकन भ्रमण गर्न आउने स्थल हुन सक्छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रको रुपमा विश्वमै सुपरिचित छ । हाम्रा सम्वृद्ध मूर्त तथा अमूर्त सम्पदाहरु राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रुपमा रहेका छन् । परम्परागत संस्कृतिको जगेर्ना गरी भाषा र संस्कृतिको मौलिकतालाई अक्षुण राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्नु हाम्रो दायित्व रहेको छ । असल सांस्कृतिक अभ्यास, सांस्कृतिक सहिष्णुता र सहअस्तित्व मार्फत सामाजिक सद्‌भाव सुदृढ गर्न आवश्यक छ । **"विविधतामा एकता, नेपाली समाजको विशेषता"** भन्ने तथ्यलाई आत्मसात् गरी राष्ट्रिय एकता र अखण्डतालाई मजवुत बनाउनको लागि संस्कृतिको अहं भूमिका रहेको छ । नेपालमा ४ भाषिक समुदायका कुल १२५ जातजाति र १२३ भाषाहरु रहेका छन् । मूर्तअमूर्त संस्कृतिका दृष्टिकोणले नेपाल विश्वमै धनी राष्ट्र मानिन्छ । दंगीशरण गाउँपालिकामा समेत सामाजिक र सांस्कृतिक विविधता पाइन्छ ।

दंगीशरण गाउँपालिकामा अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र समाजिक विबिधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण रहेको छ र यहाँ रहेका रैथाने थारु समुदाय मौलिक सँस्कृतिको दृष्टिले धनी छन् । खासगरी रैथाने आदीवासी थारु समुदायको

मौलिक सँस्कृति, चालचलन, भेषभूषा,भाषा, लवाइखवाइ दंगीशरण गाउँपालिकाको साँस्कृतिक सम्पदा बनेको छ ।

## ४.३.२ समस्या तथा चुनौती

### समस्या

पर्यटन सम्बन्धी स्थानीय संरचना विस्तार नहुनु, स्थानीय उत्पादनसँग पर्यटन व्यवसायको सहकार्य नहुनु, पर्यटकस्तरीय होटेल नहुनु, पर्यटकीय गन्तव्यस्थल तथा सम्पदाको संरक्षण, सुरक्षा तथा पूर्वाधार अभाव, सडक सञ्जालको विस्तारसँगै पदमार्गमा गरिने पदयात्राको समय अवधि छोटिनु, पर्यटन सूचना केन्द्र लगायतका सञ्चारका साधनहरूको पर्याप्त विकास नभएको, पर्यटकको सुरक्षाको उचित प्रबन्ध नभएको, पर्यटकका लागि न्यूनतम मापदण्डका होटेल पर्याप्त मात्रामा नहुनु, पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण नहुनु, आन्तरिक पर्यटक भित्र्याउने बजार नीति विकास नहुनु पर्यटन क्षेत्रका समस्याहरू हुन् ।

प्राचीन सांस्कृतिक सम्पदा एवं तिनिहरुको स्वामित्वमा रहेको सम्पतिको वैज्ञानिक अभिलेखको अभाव हुनु, सम्पदाहरु माथि अव्यवस्थित शहरीकरणद्धारा सिर्जित अतिक्रमण हुनु, विश्व व्यापीकरण तथा आधुनिकीकरणको प्रभाव रहनु, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको व्यवस्थापन सम्बन्धि नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन गर्न प्रयाप्त स्रोत साधन नहुनु, सम्पदाको दिगो संरक्षण तथा सञ्चालनका लागि स्थानीय तह र समुदायमा स्वामित्वको अनुभूति दिलाउनु नसकिनु, भाषा, संस्कृति संरक्षण, प्रवर्द्धन तथा अभ्यास गर्ने विभिन्न क्षेत्रका स्रष्टा तथा समुदायलाई उचित सम्मान तथा प्रोत्साहनमा समेट्न नसक्नु र भाषा, संस्कृतिको क्षेत्रमा प्रयाप्त मात्रामा अध्ययन, अनुसन्धान तथा अन्वयषण कार्य हुन नसक्नु जस्ता समस्या विद्यमान रहेका छन् ।

### चुनौती

पर्यटकहरूको वैज्ञानिक र पूर्ण अभिलेख राख्नु, पर्यटकीय स्थलहरूमा सूचना, सञ्चार तथा प्रविधिको विकास गर्नु, पर्यटक कृयाकलापमा विविधीकरण गरी प्रतिपर्यटक दैनिक खर्च रकम बढाउनु, पदमार्गहरूमा पर्यटकको सुरक्षाको ग्यारेन्टी गर्नु, पर्यटन क्षेत्रका साझेदारसँग कुशल तथा प्रभावकारी समन्वय गरी पर्यटन पूर्वाधार विकासमा पर्याप्त लगानी बढाउनु, पालिका क्षेत्र भित्रका थारु जातजातिको मौलिक साँस्कृतिलाई पर्यटकीय आकर्षणको केन्द्रको रुपमा विकास गर्नु, सामुदायिक वनलाई पर्यटन प्रवर्द्धनमा विकास गर्नु, पर्यटनका लागि आवश्यक पर्ने स्थानीय वस्तु तथा सेवाको उत्पादन गर्नु, पर्यटन क्षेत्रमा चाहिने जनशक्ति अभाव हुन नदिनु र पर्यटन क्षेत्रको लाभको समन्यायिक वितरण गर्नु, पर्यटकीय उपजहरूको बारेमा प्रचारप्रसार गर्नु, पर्यटन क्षेत्रको दिगो विकास तथा व्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

## ४.३.३ संभावना तथा अवसर

राजनीतिक स्थिरता हुनु, गाउँपालिकाले पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहक मान्नु, गाउँपालिकामा मा अद्वितीय पर्यटकीय क्षेत्रहरू रहनु, जैविक विविधता, स्थानीय तहको सहजीकरण तथा समन्वयमा सामुदायिक होमस्टे सञ्चालनको अद्वितीय माहोल सिर्जना हुनु, मध्यम आयवर्गको तीव्र वृद्धि हुनु, पर्यटन

पूर्वाधार विकासमा स्थानीय तहको सरकारको जोड रहनु, निजी क्षेत्र र समुदायको पर्यटन क्षेत्रमा चासो र लगानी वृद्धि हुँदै जानु, पर्यटन पूर्वाधार निर्माणमा सवै क्षेत्रको चासो वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् । संविधानमा भाषा आयोगको प्रावधान रहनु तथा भाषा र संस्कृतिको हकलाई मौलिक हकको रुपमा प्रत्याभूती, सांस्कृतिक एवं धार्मिक विविधताबीच सद्भाव अभिवृद्धि भएकाले राष्ट्रिय एकता सुदृढ गर्नका साथै बाह्य धार्मिक पर्यटकलाई आकर्षण गर्न सकिने अवसर रहेको छ ।

पर्यटनका पूर्वाधारहरुको विकास तथा सम्बर्द्धन गर्दै पर्यटकहरुलाई आकर्षित गर्न सकिएमा पर्यटन विकासको मार्फत आर्थिक रुपले समृद्ध क्षत्रेको रुपमा विकास हुन सक्दछ । यसको निम्ति पालिका स्तरीय पर्यटन गुरुयोजना निर्माण गर्नुपर्ने देखिन्छ । त्यस्तै पालिका क्षेत्रको वडा नं.२ मा स्थित सिद्ध थानकोटमा पिकनिक स्पोर्ट सहितको भिउ टावर, थारु संग्रालयको स्थापना र वडा न. ३ को चखौरा लाई होमस्टेको रुपमा प्रबर्धन गर्न सके यस क्षेत्रका बासीको आर्थिक उन्नतिमा परिवर्तन हुने सम्भावना पनि रहेको देखिन्छ ।

### ४.३.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- दिगो पर्यटन विकासबाट रोजगारीमा वृद्धि गरी आर्थिक स्थिति सुदृढ गर्ने र आगामी ५ वर्षमा पर्यटन क्षेत्रलाई एक आधारशिलाको रुपमा विकास गर्ने ।
- स्थानीय तहका सवै मौलिक संस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्दै राष्ट्रिय एकता एवं अखण्डता मजवुत वनाउने कार्यमा सहयोग पुऱ्याउने ।

**उद्देश्य /प्रतिफल**

- पर्यटन पूर्वाधारको विकास गर्नु ।
- पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु ।
- पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु ।
- सबै जाति/समुदायको संस्कृति र परम्पराको जगेर्ना गरी मौलिक पहिचान र राष्ट्रिय एकता अभिवृद्धिमा सहयोग पुऱ्याउने ।

**प्रतिफल १.३ सँग सम्बन्धित (पर्यटन रणनीति )**

- गाउँपालिकालाई **“पर्यावरणीय, सांस्कृतिक तथा कृषि पर्यटन केन्द्र”** को रुपमा विकास गर्ने,
- पर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरुको विकास गरी नगरमा आन्तरिक तथा वाह्य पर्यटन विकासको माध्यमबाट विदेशी मुद्राको आर्जन, रोजगारी वृद्धि, नगरको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउने,
- विभिन्न थारुको परिकारका मेनुहरूको निर्माण गरी प्रचार प्रसार गर्ने

- पर्यटन गतिविधि तथा पर्यटक स्थलहरूको विभिन्न संचारको माध्यामहरूद्वारा व्यापक प्रचार प्रसार गर्ने र विशेषगरी नगरपालिकामा आउने पर्यटकहरूको प्रस्थान विन्दुहरूमा प्रचार प्रसार सामग्री ब्रोसर, लिफलेट, श्रव्यदृष्य सामग्रीको व्यवस्था गर्ने
- गाउँपालिकाको आधिकारिक वेबसाइटमा Tourism Section राखी प्रचार प्रसारको व्यवस्था मिलाउने
- ऐतिहासिक, धार्मिक एवं पुरातात्विक सम्पदाहरुको अन्वेषण, उत्खनन, संरक्षण, जगेर्ना र प्रवर्द्धन गर्ने
- स्थानीय स्तरका सवै समुदायको सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य मान्यताको कदर, संरक्षण र सम्मान गर्दै एकता प्रवर्द्धन गर्ने गरी संस्कृति परिभाष्य निर्माण गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल १.३ सँग सम्बन्धित (पर्यटन)**

| **कार्यनीति** | **मुख्य कार्यक्रम** |
|---|---|
| दंगीशरण गाउँपालिकालाई **"धार्मिक पर्यटकीय हव"** को रुपमा विकास गर्न पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण तथा अन्य आवश्यक पूर्वाधार विकासका लागि अन्तर पालिका प्रदेश र संघ सँग पहल गरिने छ । | दंगीशरण एकीकृत पर्यटन विकास योजना |
| स्थानीय स्तरमा पर्यटन बस्तु (Tourist products) को पहिचान गरि त्यसको प्रचार प्रसार गरिनुको साथै होम स्टे पर्यटनको लागि अनुदान सहयोग गरिने छ । | |
| दंगीशरण गाउँपालिकाको गौरव राजा दंगीशरण सँग जोडिएको ऐतिहासिक स्थल दंगीशरणमा दंगीशरण पार्क स्थापना गरी बृहत्तर आयोजना सञ्चालन गरिने छ । | |
| पर्यटकको औषत वसाई तथा खर्च बद्धि गर्न जोड दिईने छ र त्यसको लागी पर्यटकीय स्थलहरुमा खाना बस्नको राम्रो सुविधा प्राप्त होटलहरु स्थापना गरिने छ र होटेल व्यवसायीहरुलाई तालिम दिइने छ । | |
| थारु समुदायमा रहेका मौलिक परम्परा ,गित, सँस्कृतिहरु लिपिवद्ध गरिनुको साथै डकुमेन्ट्री प्रकाशन गरिने छ । | |

| | |
|---|---|
| पर्यटन विमाको अवधारणा विकास तथा कार्यान्वयन गरिने छ । | |
| पर्यटन विकासका लागि नगर पर्यटन सूचना केन्द्रको स्थापना गरिने छ र पर्यटकीय क्षेत्रहरुको सार्वजनिक स्थानहरुमा नक्सा सहितको होडिङ बोर्डहरु राखिनेछ । | |
| प्राकृतिक, धार्मिक तथा साँस्कृतिक, जैविक सम्पदाहरुको संरक्षण र विकास भई पर्यटकहरुको आवगमन शुरु भएको हुनेछ । | |

### ४.३.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

यस योजनाको अन्त्यमा आन्तरिक तथा विदेशी पर्यटन आगमन सङ्ख्या उल्लेख्य रुपमा वृद्धि भएको हुनेछ । पर्यटन क्षेत्रबाट गापामा थप रोजगारी सिर्जना भएको हुनेछ । पर्यटन सम्वन्धि पूर्वाधारहरुका निर्माण भएका हुनेछन् । स्थानीय पर्यटन प्रवर्द्धनको लागि व्यापक प्रचार प्रसार भएको हुने छ र दंगीशरण गाउँपालिका आकर्षक पर्यटन गन्तव्यको रूपमा विकास भएको हुनेछ ।

## ४.४ उद्योग, व्यापार , व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमी

नेपालको संविधानले अर्थतन्त्रको विकासका लागि उद्योगधन्दा र स्रोत साधनको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकूल आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिइएको छ । औद्योगिक लगानीले औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय सीपको प्रयोग, स्रोत साधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धनको मार्ग प्रशस्त गर्ने, औद्योगिक क्षेत्रमा निजी स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधार निर्माण गर्दै लैजाने, निर्यात प्रबर्द्धनमा जोड दिन विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालन गर्ने र लघु, घरेलु तथा साना उद्योगहरुको प्रबर्द्धनको माध्यमबाट गरीबी न्यूनीकरण गर्नेतर्फ गापाको यस योजनाको जोड रहनेछ । त्यसरी नै भूमि, पुंजी र श्रम उत्पादनका मुख्यतत्व हुन्भने उद्यमशीलता उत्पादन प्राप्तगर्ने सीप हो । परनिर्भर अर्थतन्त्रबाट सानो स्तरमा भएपनि आत्मनिर्भर बन्न उद्यमशीलताले मद्दत पुऱ्याउँछ । सिर्जनशिल सोच, उपयुक्त वातावरण र सामूहिकताबाट उद्यमशीलताको विकास गर्न सकिन्छ । उद्यमशीलता सामान्य जस्तो लागे पनि यसले देशको अर्थतन्त्रलाई मजबुतबनाउन सहयोग गर्दछ । खासमा उद्यमशीलता स्वरोजगारहुने एक सोच र कार्य हो ।

यस दंगीशरण गाउँपालिकामा ठूला उद्योगहरू नभए तापनि साना खालका व्यापार व्यवसाय तथा निर्माणमा आधारित घरेलु उद्योगहरू सञ्चालनमा रहेको देखिन्छ । यस गाउँपालिकामा गिल्र उद्योग,

कुटानी पिसानी मिल्सहरू, कंक्रिट उद्योग लगायतका उद्योगहरु संचालनमा रहेका छन् र भएका उद्योगहरु सबल र विस्तार भएको भने देखिदैन । हालको अवस्थामा यस पालिकाको अधिकांश बासिन्दाहरू कृषि पेशामा आवद्ध भएका कारण उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागिसकेका छैनन् । कृषिमा आधारित उद्योगहरुको राम्रो सम्भावना भने भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

### ४.४.२ समस्या तथा चुनौती

**समस्या**

स्थानीय स्तरमा साना तथा मझौला उद्योगहरूको विकासको लागि चाहिने पूँजीको अभाव रहनु, उद्योग स्थापनाको लागि चाहिने यातायात, सञ्चार र बिजुली जस्ता आधारभूत पूर्वाधारहरूको अपर्याप्तता, साना तथा मझौला उद्योगका लागि चाहिने सीपमूलक र दक्ष जनशक्तिको अभाव रहनु, उत्पादित वस्तुहरू कम गुणस्तरीय हुनु र प्रतिस्पर्धा गर्न नसक्नु, कुनै पनि वस्तुको बजार मूल्य सामानता नहुनु, गाउँपालिकाको दर्ता प्रकृयामा नआएका व्यवसायको संख्या धेरै हुनु, उद्योग व्यापार व्यावसायिक भन्दा पनि बढी कमिसनमुखी रहनु, सार्वजनिक क्षेत्रले संञ्चालन गर्ने तालिम कार्यक्रमलाई उद्यमसँग जोड्न नसक्नु, उद्यमीहरूलाई शुरु गरेको उद्यममा टिकाइ राख्ने वातावरण जस्तै सम्मान र प्रोत्साहनको अभाव हुनु, बजारको सहज पहुँच नहुनु, वित्तीय क्षेत्रबाट गरिनेलगानी उद्यम विकास गर्नमा कम हुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

**चुनौती**

पर्यटन व्यवसाय र स्थानीय जनताले खपत गर्ने खाद्य पदार्थ गाउँपालिका भित्रै उत्पादन गरेर स्थानीय अर्थतन्त्रलाई बढवा दिनु, औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु, औद्योगिक क्षेत्रको विकासमा अनुकूल वातावरणको सिर्जना गर्नु, सञ्चालित घरेलु तथा साना उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु, नयाँ प्रविधिको प्रयोग गरी स्थानीय उद्योगलाई प्रतिस्पर्धी बनाउनु, औद्योगिक क्षेत्रमा प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु, तालिममा सिकेको सीपलाई उद्यमसँग आबद्ध गराउनु, युवा जनशक्ति विदेश पलायन भइरहनु, उद्यमीहरूलाई वित्तीय पहुँच बढाउनु, उद्यमीहरूले नयाँ प्रविधिहरूको प्रयोग गर्नु, लगानी बढाउनु, नाफामूलक क्षेत्रको पहिचान गर्नु, उद्यमशील संस्कृतिको विकास गर्नु, उद्यमीले उत्पादन गरेका वस्तुहरू बजारमा प्रतिस्पर्धा गर्न नसक्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ४.४.३ संभावना तथा अवसर

स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, गैर आवासीय नेपालीहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, श्रम सम्बन्धमा सुधार हुनु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम्सीपयुक्त जनशक्ति स्वदेशमै तयार हुँदै गएको कारणले उत्पादकत्व र उत्पादनमा वृद्धि हुन सक्ने सम्भावनाहरू विद्यमान हुनु, आयमा भएको बृद्धि सँगै जनताको क्रयशक्ति बढ्दै जानुले घरेलु उत्पादनको बजार विस्तार हुनु, गैर नेपाली नागरिकहरूले लगानी गर्न चाख व्यक्त गर्नु, बढ्दो पर्यटनले माग गर्ने खाद्य सामाग्री र अन्य उत्पादनहरूको माग क्रमशः बढ्दै जानु, बैंक तथा

वित्तीय संस्थाका शाखाहरू स्थानीय तहमा पुग्नु, उद्यमशील संस्कृति क्रमिक रुपमा विकास हुँदै जानु, ब्यक्तिहरू उद्यमशील हुन प्रयत्न गर्नु तथा आकर्षित हुनु, उद्यमीहरू वीचको एकता कायम हुनु, सक्रिय उमेरको जनसंख्याको अनुपात बढी हुँदै जान, अर्थतन्त्र सुदृढीकरणमा साना तथा मझौला उद्योगको योगदान बृद्धि हुदै जानु आदि औद्योगिक तथा उद्यमशिल विकासका अवसरहरू हुन् ।

कृषि जन्य उद्योगहरुको विकास पनि पालिकाको सम्भावनायुक्त क्षेत्र हो । सगँ सगैं कुखुरा, बँगुर, माछा दाना उद्योग र उखु खेतिलाई प्रोत्साहन गर्ने तर्फ ठोस कार्यक्रम ल्याई उचित बजार व्यवस्थान गर्नाले पनि ग्रामिण क्षेत्रको रोजगारी प्रवर्धन गर्न सकिने र साना तथा मझौला उद्योगहरू लाई आर्कषण गर्न सकिने आधारहरु पनि गाउँपालिका सँग रहेका छन् ।

### ४.४.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

स्थानीय स्तरमा उद्योग क्षेत्रको विकास र विस्तार तथा नयाँ सीपको विकास र प्रविधिको प्रयोग गरी आय तथा रोजगारी वृद्धि गर्ने ।

**उद्देश्य /प्रतिफल**

- स्थानीय कच्चा पर्दाथ, स्रोत, साधन र सीपको प्रयोग गर्दै उद्योग तथा व्यपारको प्रर्वद्धन गरी आय वृद्धि गर्नु ।
- उद्योगका लागि आवस्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु
- आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनमा योगदान पुऱ्याउनु ।
- नागरिकमा उद्यमशीलताको विकास गरी स्थानीय तहमा औद्योगिकीकरण गर्नु ।

**प्रतिफल १.४ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्द्धनको रणनीति )**

- स्थानीय स्रोत साधनमा आधारित थोरै पूँजीबाट छिटो प्रतिफल प्राप्त हुने लघु, घरेलु तथा साना उद्योगको स्थापना, संरक्षण र संबर्द्धन गर्दै उत्पादन र गुणस्तर वृद्धि गरी आय तथा रोजगारीका अवसर सिर्जना गर्ने ।

- अन्तरपालिकाको समन्वयमा औद्योगिक नीति निर्माण गर्ने
- समग्र उद्योग क्षेत्र लाई वातावरण मैत्री बनाउने,
- स्थानीय व्यापारिक फर्म तथा व्यवसायको दर्ता अनुमति नवीकरण, खारेजी, बजार तथा गुणस्तर अनुगमन र नियमन गर्न संयन्त्र र नियमित कार्यतालिका बनाउने
- उद्योग दर्ता र बहिर्गमन प्रक्रियालाई सरलिकृत गर्न कानुनी र नीतिगत सुधार गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल १.४ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्द्धन )**

| | |
|---|---|
| उद्योग सञ्चालनका क्रममा हुन सक्ने वातावरणीय क्षतिको | औद्योगिक विकासका लागि नीतिगत |

| | |
|---|---|
| न्युनीकरणका लागि नीतिगत व्यवस्था गरिने छ । | सुधार कार्यक्रम |
| परम्परागत सीपमा आधारित साना तथा घरेलु उद्योगहरूको स्थापनामा प्रोत्साहन गरिने छ जसमा हस्तकला फर्निचर, विभिन्न जडिबुटी संकलन तथा प्रशोधन, माहुरी पालन तथा मह प्रशोधन, पोल्ट्री फर्म संचालन, माछा पालन व्यवसाय संचालन लाई विषेश सहुलियत प्रदान गरीनेछ । | |
| पेय पदार्थ लगायतका आयातित उत्पादनलाई निरुत्साहित गरी स्थानीय उत्पादनले प्रतिस्थापन गरिने छ । | |
| व्यवस्थित बजारको विकासका निमित्त निजी क्षेत्रसँग समन्वय गरी पूर्वाधार विकास लगायतका कार्यक्रम सञ्चालन गरिने छ । | व्यवसायीक पूर्वाधार विकास कार्यक्रम |
| प्रविधिमैत्री एकीकृत व्यापारिक केन्द्रको विकासमा जोड दिईने छ | |
| हाट बजारको स्तरमा बृद्धि तथा व्यवस्थापन गरिने छ । | |
| युवा उद्यमशिलता नीति तयार गरी त्यसै अनुरुप संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा **एक वडा एक औद्योगिक ग्राम स्थापनाका** लागि आवश्यक व्यवस्थापन गरिने छ । | उद्यमशिलता प्रवर्द्धन कार्यक्रम |
| स्वदेशी उत्पादन प्रति व्यापक राष्ट्रिय भावनाको जागरण जागृत गराइनेछ . | |
| व्यवसाय सिर्जना, उद्यमशिलता विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणका लागि युवा लक्षित आवश्यक क्षमता अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ । | |
| स्थानीय श्रम, सीप र प्रविधिमा आधारित उद्योग व्यवसायको स्थापना एवं सञ्चालनलाई प्राथमिकता र प्रश्रय दिइनेछ । | |
| स्थानीयस्तरमा उद्योग व्यवसायको प्रवर्द्धनका लागि व्यवसाय बजार सूचना, पूर्वाधार र संजाल विकास गरिनेछ । | |

| | |
|---|---|
| उद्योग स्थापनाका निम्ति आवश्यक पर्ने जमिन प्राप्त गर्न तथा पूर्वाधार विकासमा लगानीकर्तालाई सहयोग गरिनेछ । | |

#### ४.४.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको हुनेछ । गाउँपालिकामा उद्यमीहरुको संख्यामा बृद्धि भएको हुनेछ र उद्योग क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा १० प्रतिशत भन्दा माथि योगदान हुने छ । स्थानीय स्तरमा संभाव्य क्षेत्रहरुमा लघु, घरेलु, साना, तथा मझौला उद्योगको स्थापना र सञ्चालन मार्फत आयात प्रतिस्थापनभै निर्यात प्रवर्द्धन भएको हुनेछ । स्थानीय स्तरमा उद्यमशील संस्कृतिको विकास भई स्वरोजगार बृद्धि भएको हुनेछ, गापाको अर्थतन्त्र विकासमा उद्यमशील जनशक्तिको योगदान बृद्धि भएको हुनेछ, बैंक तथा वित्तीय संस्था तथा सहकारीहरूले उद्यमशीलता विकासमा कर्जा प्रवाहको दर बृद्धि भएको हुनेछ, घरेलु सीपको संरक्षण तथा नवीनतम प्रविधिको उपयोग उद्यमीहरूले गरेका हुनेछन् । उद्योगका लागि न्यूनतम आधारभूत पूर्वाधार जस्तै सडक, उर्जा, जमिन, श्रमशक्ति, सुरक्षा तथा लगानी आदिको प्रबन्ध भएको हुनेछ ।

## ४.५ श्रम, रोजगार र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमी

गरिबि निवारण र आर्थिक विकासमा उल्लेख्य प्रगति गर्न सकिने तथ्यलाई मध्यनजर गरी श्रम वजारको आवस्यकता अनुरुप सीपमूलक श्रमशक्तिको विकास गर्नु आजको आवस्यकता हो । गुणस्तरीय जनशक्तिको विकास मार्फत्श्रमको उत्पादकत्व अभिवृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशील साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पूँजी तथा प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर उपलब्ध गराउनु आवश्यक छ । स्थानीय स्तरमा विद्यमान बढ्दो बेरोजगारी न्यूनीकरण गर्नु आवश्यकता छ । उत्पादनमुखी, आत्मनिर्भर र समृद्ध नपा निर्माणको प्रमुख साधन मानव संसाधन हो । शिक्षालाई सीपसँग, सीपलाई उत्पादन सँग, उत्पादनलाई बजारसँग, बजारलाई रोजगारीका अवसर र आर्थिक विकाससँग जोड्न सक्ने जनशक्ति विकास गर्नु कुनै पनि स्थानीय तहको आवश्यकता हो । युवा जनशक्तिलाई प्रविधियुक्त सीप विकास गरी प्रतिस्पर्धा गर्न सक्ने बनाउन जरुरी देखिन्छ । गापाभित्र रोजगारीको अवसर सिर्जना गर्ने तथा स्वरोजगार हुन सक्ने वातावरण निर्माण गर्न आवश्यक देखिन्छ ।

हरेक परिवार सबै पूर्ण रोजगार सिर्जना गर्न भूमि, पूँजी र श्रमसँगको सम्बन्ध स्थापना गर्दै तीनै तहका सरकारहरूले कार्यान्वयन गर्ने कार्यक्रमहरू बीच समन्वय र सहकार्य गर्दै सरकारी, सहकारी, सामुदायिक, निजी एवं गैरसरकारी क्षेत्रहरूबीच आपसमा समन्वयात्मक भूमिका निर्वाह हुनु जरुरी रहेको छ ।

### ४.५.२ समस्या तथा चुनौती

**समस्या**

श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रवर्द्धन र उत्पादन कमजोर रहनु, युवा विदेश पलायन हुनु, वैदेशिक रोजगार सुरक्षित र भरपर्दो हुन नसक्नु, वैदेशिक रोजगारीका नाममा हुने मानव तस्करी नरोकिनु, स्थानीय तहमा रोजगारीको सृजना प्रर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीको सीप र पूँजीलाई उत्पादनमा जोड्न नसक्नु, निजी क्षेत्रलाई रोजगार मैत्री लगानीमा प्रोत्साहन गर्न नसक्नु, श्रमबजार सूचना प्रणाली र श्रम प्रशासन चुस्त हुन नसक्नु, स्थानीय स्तरमा आवश्यक जनशक्तिको प्रक्षेपण गर्ने र सोही अनुसार जनशक्तिको उत्पादन नहुनु, उत्पादित जनशक्ति र तिनको बजार व्यवस्थापन हुन नसक्नु, उत्पादित जनशक्तिलाई टिकाई राख्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

**चुनौती**

स्थानीय स्तरमा श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, उत्पादनशील क्षेत्रको पहिचान र रोजगारीका अवसरहरू सिर्जना गर्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, उद्यमशीलता विकास गर्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत्आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो वनाउनु, नयाँ श्रम क्षेत्रको पहिचान गर्नु, जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गर्नु, वैदेशिक रोजगारमा जाने व्यक्तिलाई दक्ष बनाउनु तथा विदेशबाट फर्केर आउने व्यक्तिको सीप र दक्षतालाई उपयोग गर्नु, छोटा मध्यम तथा लामो अवधिका सीपमूलक तालिम संचालन गरी रोजगारको क्षेत्रमा पठाउनु प्रमुख चुनौतीहरू हुन् ।

### ४.५.३ संभावना तथा अवसर

देश संघीय व्यवस्थामा रुपान्तरण भएसँगै राजनीतिक स्थायित्व, शान्ति सुव्यवस्था कायम हुनु, गरिबी निवारण गर्ने विषय तीनै तहका सरकारको प्राथमिकतामा पर्नु, परम्परागत ज्ञान, स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित साना तथा लघु उद्योगलाई प्रवर्द्धन गरेमा स्थानीय स्तरमा नै रोजगारीका अवसरहरू सिर्जना हुनु, दंगीशरण गाउँपालिका प्राकृतिक, धार्मिक, सांस्कृतिक विविधताले सजिएको हुँदा पर्यटन क्षेत्रको विकास र विस्तारका कार्यक्रमहरू तर्जुमा गरी आन्तरिक एवं बाह्य पूँजी भित्र्याउन सकिने प्रसस्त सम्भावना रहनु पनि अवसरका रुपमा लिन सकिन्छ । त्यस्तै श्रममैत्री ऐन कानुनहरू निर्माण हुनु, श्रम तथा रोजगार सम्बन्धी संस्थागत संरचनाहरू स्थापना तथा सञ्चालन हुनु, सामाजिक तथा संस्थाहरू श्रम तथा रोजगारका क्षेत्रमा क्रियाशील रहनु, सरकारको शिक्षालाई बजारसँग जोडने प्राथमिकता रहनु, शिक्षा क्षेत्रमा सीपलाई आबद्ध गर्दै लैजानु, रोजगार तथा सीपमूलक क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको लगानी बढ्दै जानु, रोजगारमूलक क्षेत्रको विकास तथा विस्तार हुँदै जानु, वैदेशिक रोजगारबाट फर्केको युवाशक्ति स्वदेशमा रही स्वरोजगारको क्षेत्रमा आकर्षित हुनु जस्ता थप अवसरहरु रहेका छन् ।

### ४.५.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- दक्ष श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा संलग्न गरी वेरोजगारी न्यूनीकरण गर्ने ।
- सबै प्रकारका गरिबी न्यूनीकरण गर्ने ।

**उद्देश्य /प्रतिफल**

- बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू विस्तार गर्नु ।
- वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनु ।
- आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन गर्ने व्यवस्था गर्नु ।
- प्रतिस्पर्धात्मक सक्षम तथा गुणस्तरीय जनशक्तिको आपूर्ति गर्नु ।

**प्रतिफल १.५ सँग सम्बन्धित ( श्रम, रोजगार र सामाजिक सुरक्षा रणनीति )**

- श्रम सम्बन्ध सुदृढ गरी रोजगार सृजना गर्ने ।
- श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने ।
- स्थानीय तहको निम्ति आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्तिको प्रक्षेपण गर्ने ।
- शिक्षालाई बजारको माग र सीपसँग आवद्ध गर्ने ।
- स्थानीय सरकार तथा निजी क्षेत्रवीच साझेदारी गर्ने ।
- जनशक्ति उत्पादन गर्दा प्राविधिक तथा व्यावसायिक सीप विकासमा जोड दिने ।

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल १.५ सँग सम्बन्धित (श्रम, रोजगार र सामाजिक सुरक्षा )**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| बेरोजगारलाई प्राविधिक, सीपमूलक तथा व्यावसायीक तालिम दिई दक्ष बनाइनेछ । | स्थानीय तहमा जनशक्तिको माग पहिचानका लागि द्रुत बजार सर्भेक्षण |
| श्रम र ज्याला बीचको सन्तुलन कायम गरिनेछ । | |
| रोजगार सूचना केन्द्र स्थापना गरी श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति गरिनेछ । | |
| वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पूँजीलाई उत्पादनमा लगाउन प्रोत्साहन गरिनेछ । | |
| युवाहरूलाई माग तथा आवश्यकताका आधारमा अल्प, मध्यम तथा लामो अवधिको ब्यावसायिक तालिम संचालन गरिनेछ । | बेरोजगारहरूलाई उत्पादनमा लगाउन न्यून ब्याज दरको ऋण तथा प्रविधी सहयोग |

| | |
|---|---|
| विदेशबाट फर्केकाले सिकेको सीपको प्रयोगगरी स्वरोजगार हुन तथा रोजगारी सिर्जनागर्न प्रोत्साहन गरिनेछ । | |
| नयाँ रोजगारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ । | |
| आर्थिक तथा सामाजिक हिसाबले पछि परेका समूहको क्षमता विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरमा छात्रबृत्ति लगायत सुविधाहरू प्रदान गरिनेछ । | |
| रोजगार सेवा केन्द्रमा सूचीकृत भएका वेरोजगारहरु लाई न्युनतम १०० दिनको रोजगारी सुनिश्चित गरिनेछ र प्रधानमन्त्री रोजगार कार्यक्रम लाई थप प्रभावकारी बनाउनका लागि स्थानिय तहबाट समेत लागत साझेदारी गरिनेछ । | |

### ४.५.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

योजनाको अन्तमा स्रोतको उपलब्धता, बजार र श्रमको अवस्था विश्लेषण भएको हुने, बजारको माग अनुसार प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन भएको हुने, उद्यमबाट उत्पादित वस्तुको बजार व्यवस्थापनमा सहयोग पुगेको हुने, वैदेशिक रोजगारीमा जानेको अभिलेख तयार भएको हुने र बेरोजगारहरूलाई उत्पादनमा लगाउन न्यून ब्याज दरको ऋण तथा अन्य सहयोग प्रवाह भएको हुनेछ । जनशक्ति प्रक्षेपण तथा उत्पादन योजना निर्माण तथा कार्यान्वयन पश्चात् स्थानीय तहको आवश्यकता बमोजिम सीपयुक्त जनशक्ति ढद्द उत्पादन भएको हुनेछ । श्रम बजारमा जनशक्तिको माग र आपूर्ति बीच सन्तुलन कायम भएको हुनेछ । जनशक्ति विकासमा स्थानीय तह तथा निजी क्षेत्रहरूबीच सहकार्य र समन्वय उन्नत अवस्थामा हुनेछ ।

# अध्याय पाँच सामाजिक क्षेत्र

सामाजिक विकास तथा सेवाप्रवाह (माध्यामिक तथा आधारभुत शिक्षा, स्वास्थ्य, पोषण, सरसफाई सामाजिक सुरक्षा) को सर्वसुलभता तथा गुणस्तरीयता सुनिश्चितता गर्दै र आम नागरिकहरु विशेषगरी युवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अन्य आर्थिक तथा सामाजिक रुपमा पिछडिएका लक्षित वर्गको पहुँच र उपयोगमा वृद्धिगर्दै समतामुलक समाजको विकास गर्नुनै सामाजिक विकासको मुख्य उदेश्य हो ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमी

संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसै संदर्भमा लोककल्याणकारी राज्यको अवधारणा अनुरुप स्वास्थ्य क्षेत्रलाई नाफामूलक बाट क्रमशः सेवामूलक क्षेत्रमा रुपान्तरण गर्दै लैजानु पर्ने आवश्यकता छ । संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिएको छ । स्वास्थ्य सम्बन्धी उपरोक्त संवैधानिक व्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोचका साथ स्वास्थ्य क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक भएको छ । दंगीशरण गाउँपालिकामा विभिन्न कारणले गर्दा स्वास्थ्य सेवा भरपर्दो र सर्वसुलभ हुन सकेको छैन । यहाँ विगत केहि वर्षदेखि रोगहरुको संरचना बद्लिएको छ । पहिले झाडापखला र सरुवा रोगवाट मृत्यु हुनेको संख्या बढी थियो भने हाल निको हुन गाह्रो हुने रोगहरु जस्तै क्यान्सर, श्वासप्रश्वास, मुटु रोग र मृगौला सम्बन्धी समस्याबाट मृत्यु हुनेको संख्या बढ्दै गएको पाइन्छ । यसले गापामा स्वास्थ्य सेवामा विशिष्टिकृत सेवाहरुको माग बढ्दै गएको देखिन्छ । संविधानको मर्मानुसार मानव विकास सुचकाङ्कमा अपेक्षित उपलब्धि हासिल गरी गाउँपालिकाको **“समृद्ध गापा र सुखी नागरिक”** एवम्“**समृद्ध नेपाल, सुखी नेपाली”** को सोचलाई साकार पार्ने संकल्पकासाथ स्वास्थ्य क्षेत्रको यस पहिलो आवधिक योजना निर्माणको अभ्यासलाई अत्यन्तै संवेदनशील, तथ्यपरक, व्यावहारिक र सर्वस्वीकार्य बनाउनु पर्ने देखिन्छ र हाल यस दंगीशरण गाँउपालिका भित्र जम्मा ८ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् ।

### ५.१.२ समस्या तथा चुनौती

**समस्या**

दंगीशरण गाउँपालिकामा अपेक्षा गरे अनुरुपको आमजनताको पहूँचमा गुणस्तरको स्वास्थ्य सेवा सर्वशुलभ रुपमा नपुग्नु, स्वास्थ्य जनशक्ति कम हुनु, शारीरिक व्यायाम तथा योग केन्द्रको अभाव, स्वस्थ जिवन यापनका उपायहरुको कार्यान्वयनका लागि गाउँपालिकाले काम गर्न नसक्नु, स्वास्थ्य संस्थाहरूमा आवश्यकता अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकको कमी हुनु, सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दूर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, मानिसको खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु, जलवायु परिवर्तनले स्वास्थ्य क्षेत्रमा प्रतिकूल प्रभाव पर्नु, बढ्दो खाद्य असुरक्षा तथा

प्राकृतिक विपद्ले हुने मानवीय स्वास्थ्य समस्याहरू र प्रतिजैविक औषधिका (Antibiotic medicine) समुचित प्रयोग हुन नसक्नु, मातृ मृत्युदर अपेक्षित रुपमा घटाउन नसक्नु, प्रजनन् उमेरका महिला र पाँच वर्षमुनिका बालबालिकाहरूको पोषणमा सुधार हुन नसक्नु, स्वास्थ्य सेवामा निजी क्षेत्रकोव्यवस्थापन तथा नियमन यथोचित हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

### चुनौती

स्थानीय तहका सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्नु, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवालाई स्थानीय तहबाट सर्वसुलभ रुपमा उपलब्ध गराउनु, स्वास्थ्य उपचारमा रहेको उच्च व्यक्तिगत खर्च घटाउनु, वित्तीय स्रोतको परिमाणको निर्धारण र उपलब्धताको सुनिश्चितता गर्नु, औषधीको वितरण तथा नियमन लाई स्वास्थ्य सेवाप्रवाह सँगै सन्तुलन गर्नु, बढ्दो शहरीकरण, बदलिँदो जीवनशैली तथा आहार-व्यवहार र आम नागरिकमा स्वास्थ्य सम्बन्धि सचेतना जगाउनु, कतिपय निजी औषधी पसलले बिना प्रेस्क्रिप्सन औषधी बेच्ने प्रचलनमाथि निगरानी गर्नुपर्ने आदि कार्य चुनौतीपूर्ण रहेका छन् ।

### ५.१.३ संभावना तथा अवसर

स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, दक्ष स्वास्थ्य कर्मीहरूको उपलब्धतामा वृद्धि भैरहेको, स्वास्थ्य बीमा र आधारभूत स्वास्थ्य सेवाका विकास तथा विस्तार हुदै गएको जस्ता अवसरहरू रहेका छन् । प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका छड लागि गरिएको विभिन्न नीतिगत व्यवस्थाहरु स्वास्थ्य सेवा लाई थप व्यवस्थित र गुणस्तरयुक्त बनाउने अवसर प्राप्त भएको छ ।

### ५.१.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- स्थानीय स्तरमा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकहरूको पहुँच विस्तार गर्ने ।

**उद्देश्य /प्रतिफल**

- निःशुल्क आधारभूत, गुणस्तरीय एवम् सामान्य र आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गर्नु ।
- आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु ।
- स्वास्थ्य सम्बन्धी विपद्जोखिम न्यूनीकरण गर्नु ।
- स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु ।

**रणनीति**

- निःशुल्क स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने ।
- गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने ।

- जनताको स्वास्थ्य सम्बन्धि व्यवहार परिवर्तनको लागि प्रबर्द्धनात्मक कार्यक्रम संञ्चालन गर्ने ।
- फोहोर मैलाको उचित व्यवस्थापन गर्ने ।
- जनस्वास्थ्य विपद्व्यवस्थापनका एकीकृत उपायहरू अवलम्बन गर्ने ।
- स्वाथ्यसम्बन्धी निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउँदै लग्नका लागि अनुसन्धान तथा विकासमा जोड दिने र सबै विकास कार्यक्रममा स्वास्थ्यलाई एकीकृत गदै लैजाने ।
- स्वास्थ्य विमाको विस्तार गर्दै जाने ।
- खोप भण्डारणको लागि Ice- Lined Refrigerator को व्यवस्था गर्ने ।
- सूर्तिजन्य, मदिराजन्य र लागूऔषधजन्य पदार्थहरुका प्रयोगलाई निरुत्साहित पार्दै लगिने ।

**निर्दिष्ट कार्यनीति**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| गाउँपालिकावासीको स्वास्थ्यमा हुने खर्च न्यूनीकरणका लागि नीतिगत व्यवस्था गरिने छ । | मेरो स्वास्थ्य मेरो जिम्मेवारी कार्यक्रम |
| टेलिमेडिसिनको अवधारणालाई विकास गरिने छ । समय समयमा विभिन्न संघ संस्था वा विषेशज्ञको परार्शमा आवश्यकता अनुसार गाउँपालिका क्षेत्रमा नि:शुल्क स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था मिलाइने छ । | |
| खोप कार्यक्रमलाई व्यवस्थित वनाउन, मातृ तथा नवजात शिशु मृत्यू दर घटाउन, तथा ५ बर्ष मुनिका बालबालिकाहरु तथा १५ देखि ४९ बर्षका महिलाको पोषण स्वास्थ्य स्थिति सुधार गर्न प्रत्येक वडामा बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य चौकीको व्यवस्था गरिने छ । | |
| बालबालिका तथा गर्भवती महिलाको पोषण आहारमा पुरुष वर्गको जिमेवारी र व्यवहार परिवर्तनका लागि आवश्यक कार्यक्रम अघि सारिने छ र सुनौला हजार दिनका कार्यकमलाई निरन्तरता दिने । | |
| स्वास्थ्य सेवालाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री वनाईने छ । | |
| महिला स्वास्थ्य स्वयमसेविकाको सेवा लाई थप प्रभावकारी बनाउन प्रोत्साहन गरिने छ । | |

| | |
|---|---|
| स्वास्थ्य सम्वन्धी जनचेतना फैल्याई मातृ मृत्यदर, बाल मृत्यदर घटाउन तथा स्वास्थ्य संस्थामा आई सेवा लिनेको संख्यामा बृद्धि गर्नको लागि समुदायमा रहेका आमा समूहलाई सक्रिय बनाइने । | |
| गाउँपालिका भित्र सञ्चालित अस्पताललाई विशिष्टिकृत अस्पतालको रुपमा विकास गरिने छ । त्यसकालागि हाल विद्यमान क्षमतालाई वढाई राष्ट्रिय स्तरको अस्पताल बनाईने छ । | स्वास्थ्य सेवाको विशिष्टिकरण, आधुनिकीकरण तथा समुदाय साझेदारी कार्यक्रम |
| महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि आधारभुत तथा रिफ्रेसर तालिमको ब्यवस्था गरिनुका साथै स्थानीय स्वास्थ्य सेवा प्रर्वद्धनात्मक र प्रतिकारात्मक कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नकालागि क्षमता अभिबृद्धि गरि प्रोत्साहन गरिनेछ । | |
| ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय र गर्भवती महिलाहरुलाई घर-दैलोमा सेवा दिर्ने कार्यक्रमहरु संचालन गरिने छ । | |
| प्रदेश सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाई प्रभाकारी वनाईने छ । | |
| विद्यालय केन्द्रित स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । | |
| प्रसुती सेवालाई प्रभावकारी तथा जनमैत्री बनाउन नीतिगत तथा संस्थागत सुधारका कार्यक्रम लागु गरिने छ । | |
| परिवार नियोजन सेवा कार्यक्रमलाई नीतिगत रुपमा व्यवस्थित बनाईने छ । | |
| स्वास्थ्य सेवाबाट वञ्चित रहेका नगरका कतिपय टोलहरुमा स्वास्थ्य सेवा पुऱ्याउन विशेष प्याकेज कार्यक्रम बनाईनेछ | |
| विपद ब्यवस्थापन गर्न प्राथमिक तथा प्रारम्भिक उपचारका लागि प्रत्येक स्वास्थ्य संस्थामा किट बक्सको ब्यवस्थापन गरिने छ । | |
| किशोर किशोरी कार्यक्रम मार्फत स्वास्थ्य संस्था तथा विधालयहरुमा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । | |
| गर्भवती, सुत्केरी तथा नवजात शिशुको स्वास्थ्यमा विशेष ध्यान दिइने छ । यसका लागि **"पूर्ण सुरक्षित मातृत्व प्राप्त पालिका"** निर्माणका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ । | |
| निजी क्षेत्र र नागरिक समाजलाई स्वास्थ्य क्षेत्रमा लगानी गर्न | |

| | |
|---|---|
| उपयुक्त वातावरण श्रृजना गर्दै लगिनेछ । | |
| कम्तीमा १५ बेडको विपद तथा सरुवा रोग नियन्त्रण आईसोलेसन कक्ष निर्माण गरिने छ । | |
| ५ वर्ष भित्रमा सुविधा सम्पन्न २५ बेडको अस्पताल निर्माण गर्नु पर्ने,<br>स्वास्थ्यमा सबै जनताको पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ विभिन्न स्थानमा स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ । | |

### ५.१.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

योजनाको अन्तमा गाउँपालिकाको सबै नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गरेका हुने, ज्येष्ठ नागरिक स्वस्थ, सबल रुपमा सकृय हुने, जन्मदाको औसत आयु बढेको हुने, जनसंख्या र स्वास्थ्यकर्मीको अनुपात राष्ट्रिय मापदण्ड अनुरुपको हुने, स्वास्थ्य सेवाहरू सेवाग्राहीमुखी तथा नागरिकमैत्री हुने, बहुक्षेत्रीय सहकार्य र स्वास्थ्य प्रवर्द्धन कार्यक्रम मार्फत् स्वास्थ्यमा पर्ने नकारात्मक असरमा कमी आउने, सबै बच्चाहरूले पूर्ण खोप पाइरहेका हुने, कम्तीमा दुईतिहाइ जनसंख्या स्वास्थ्य बीमामा आबद्ध भएको हुने, हालको मृत्यु दरमा एक चौथाईले घटेको हुने, कुल प्रजनन कमहुने, ५ वर्षमुनिका बच्चा मृत्युदर नबजात शिशुमृत्यु दरमा कमी आउने, पाँच वर्ष मुनिका बालबालिका, महिला र ज्येष्ठ नागरिकको पोषण स्थितिमा सुधार भएको हुनेछ ।

## ५.२ शिक्षा ,विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमी

शिक्षा विकासको आधार हो । साथै यो मर्याद्धित एवं परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । नेपालमा शिक्षा मौलिकहक र नागरिक अधिकारका रूपमा स्थापित भएको छ । यस्तो नागरिक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको महत्वपूर्ण माध्यम मानिएको छ । माध्यमिक शिक्षालाई संविधानले स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको छ । स्थानीय सरकारको यस्तो दायित्व पूरा गर्नका निमित्त अन्य विविध पक्षका अतिरिक्त शिक्षा एउटा आधारभूत अवयव भएकाले यस क्षेत्रको सञ्चालन र विकासका लागि दीर्घकालीन नीति, योजना र कार्यक्रमको तर्जुमा पहिलो सर्त हो । तसर्थ, दंगीशरण गाउँपालिकाले शिक्षा क्षेत्रको प्रथम त्रिवर्षीय योजना निर्माणको यस अभ्यासलाई अत्यन्तै संवेदनशील, तथ्यपरक, व्यावहारिक र सर्वस्वीकार्य बनाउनु आवस्यक छ ।

### ५.२.२ समस्या तथा चुनौती

### समस्या

सामुदायिक विद्यालयहरूमा पर्याप्त जनशक्ति, उपयुक्त भौतिक पूर्वाधार लगायत आवश्यक पर्ने साधन स्रोतको व्यवस्थापन गर्न नसक्नु, स्थानीय विशिष्टता सहितको ज्ञान, सीप र प्रविधिको सम्भावना,

विद्यार्थीको रुचि, आवश्यकता तथा अभिभावकको अपेक्षालाई पर्याप्त मात्रामा शिक्षाका पाठ्यक्रममा समेट्न नसक्नु, माध्यमिक तहमा निर्धारित उमेर समूहका नागरिकको भर्ना तथा अध्ययन निरन्तरताको अवस्था कमजोर रहनु, फरक परिस्थिति तथा विभिन्न आवश्यकता भएका नागरिक औपचारिक शिक्षा प्रणाली भित्र समेटिन नसक्नु, स्वआर्जित ज्ञान र सीपको मान्यता र जीवन पर्यन्त सिकाइको अवसर प्रदान गर्न नसक्नु, अनुसन्धान तथा खोजमूलक सिकाइ प्रणालीको न्यूनता, प्रविधिको प्रयोगमा कमी र योग्यता एवम् व्यावसायिक रूपमा दक्ष शिक्षकको अपर्याप्तता जस्ता मुख्य समस्याको रुपमा देखिएका छन्। साथै स्थानीय तहमा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर खस्कँदै जानु र महत्वपूर्ण विषयका शिक्षकहरु अनुभवी र तालिम प्राप्त नहुनु पनि स्थानीय शिक्षा क्षेत्रको समस्याका रुपमा रहेका छन् । त्यसैगरी दृष्टिविहिन, बौद्धिक अपाङ्गता, श्रवण शक्ति कम भएकाको लागि विद्यालय संचालनमा नआउनु र प्रोड शिक्षा जस्ता कार्यकम लाई व्यवस्थित रुपमा कार्य गर्न नसक्नु, सबै जसो विद्यालयमा प्रयोगशालाको उचित व्यवस्थापन नहुनु, विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु, अभिभावकहरु आफ्नो बाल बच्चाको पढाईमा चनाखो नहुनु, यस क्षेत्रको शिक्षाको थप समस्या हुन् ।

## चुनौती

शैक्षिक प्रशासनिक संरचनाको प्रभावकारी परिचालन गर्नु, संविधानको मर्म र भावना अनुरूप स्थानीय सरकारको शिक्षा सम्बन्धी जिम्मेवारी र अधिकार बहन गर्न आवश्यक पर्ने संस्थागत क्षमता निर्माण तथा विकास गर्नु, प्रदेश र स्थानीय तहका लागि अधिकारको हस्तान्तरण सँगै विगतमा आर्जित शासकीय ज्ञान, संस्थागत स्मरण, कार्यसंस्कृति एवम् अनुभवको व्यावहारिक प्रयोग गर्नु, सीमित स्रोत साधन द्वारा सञ्चालित सामुदायिक विद्यालय प्रतिको विश्वसनीयता लाई उल्लेखनीय रूपमा सुधार गर्नु, निजी विद्यालय सञ्चालन प्रणालीलाई सहभागिता मूलक र सरकारको पूरक प्रणालीका रूपमा व्यवस्थित गर्नु, विद्यालय शिक्षा प्रणालीलाई विविधीकरण गर्दै समाजको शिक्षाको विविध आवश्यकतालाई सम्बोधन गर्नु, साक्षरता बढाउने र दक्ष जनशक्ति उत्पादन गर्नु जस्ता उद्देश्यका लागि बिगतमा विश्वविद्यालयहरूले विस्तार गरेका साधारण विषय पढाउने आङ्गिक तथा सामुदायिक महाविद्यालयको उत्पादनसँग उपयुक्त तालमेल मिलाउनु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### ५.२.३ संभावना तथा अवसर

संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको, लामो राजनैतिक संक्रमणपछि तीनवटै तहमा शासकीय संरचना स्थापना र क्रियाशील भइसकेको, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको लागि पहिलो पटक छुट्टै ऐनको निर्माण, दिगो विकास लक्ष्य, २०३० प्राप्तिका लागि नेपाल सरकार तथा प्रदेश सरकारले गरेका प्रतिबद्धता अनुरूप लागु गरिएको विद्यालय क्षेत्र विकास योजना (२०१६- २०२२) जस्ता कानुनी ढाँचा एवम् सुस्पष्ट मार्गचित्र तय भएको, नगरपालिकाभित्र हालसम्म हासिल भएका शैक्षिक उपलब्धि तथा मौजुदा संयन्त्र, शिक्षा सँग जोडिने प्राकृतिक स्रोत साधन तथा रैथाने ज्ञान, सीप र प्रविधि उपयोगको प्रचुर सम्भावना भएको, प्राविधिक तथा व्यावसायिक सीपप्रतिको युवाको आकर्षण रहेको, स्थानीय सरकारले पर्यटन, उर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासनलाई समृद्धिका मुख्य सम्बाहक मानेको छ जस्लाई शिक्षा क्षेत्रको अवसरको रुपमा लिन सकिन्छ । शिक्षकको मनोवल उच्च राख्न विशेष नीतिगत व्यवस्था गर्न सकिने, आवश्यकताका आधारमा आधारभुत बाट

मा.वि मा स्तरोन्नती गर्न सकिनुको साथै बालमैत्री स्थानिय शासनको स्थापना गरी बालमैत्री शिक्षा प्रदान गरिनु शिक्षा क्षेत्रका अवसरहरु हुन् ।

### ५.२.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- रोजगार उन्मुख शिक्षा प्रणालीको बिकास गरी शिक्षण सँस्थाहरुको क्षमता विकास गरिने छ र निरक्षरता शुन्यमा झारी आधारभूत देखि उच्च तह सम्मको गुणस्तरीय शिक्षा गाउँपालिका भित्र उपलब्ध हुनेछ ।
- स्थानीय स्तरमा राष्ट्रिय एवम्अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने दक्ष जनशक्ति उत्पादन गर्ने ।

**उद्देश्य /प्रतिफल**

- साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
- माध्यामिक तहसम्मको शिक्षा सबै बालबालिकाको पहुँचमा पुर्‍याउने र शिक्षाको गुणस्तरमा वृद्धि गर्ने । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोडदिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु ।

**रणनीति**

- ○ दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्नु । सबै विद्यालयलाई संरचनागत, प्राविधिक, भौतिक तथा प्रविधिगत सहजीकरण प्रदान गर्ने प्रणाली विकास गर्ने ।
- ○ अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने।
- ○ विद्यालय शिक्षामा बहुआयामिक शिक्षण सिकाइ प्रणाली विकास गरी सबै शिक्षण संस्थामा लागुगर्न सहकार्य, सहयोग, सहजीकरण अनुगमन तथा समन्वय व्यवस्था सुदृढ गर्ने ।
- ○ माध्यमिक विद्यालयमा आवश्यकता अनुसार क्रमशः प्राविधिक विषयहरू थप गर्ने ।
- ○ विद्यालय बाहिर रहेका वालवालिकाका लागि अनौपचारिक शिक्षा जस्तै चेलीबेटी कक्षा, ओ.एस.पी., प्रौढ शिक्षा आदिको व्यवस्था गर्ने ।
- स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरी लागू गर्ने ।
- समग्र शिक्षा क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने ।

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल २.१ सँग सम्बन्धित (शिक्षा)**

| कार्यनीति | प्रमुख कार्यक्रम |
|---|---|
| स्थानीय आवश्यकता सुहाउदो शिक्षा ऐन, नियमावली र कार्यविधि वनाई त्यसको प्रभावकारी कार्यन्वयनमा जोड दिइनेछ । | शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रम |

| | |
|---|---|
| दंगीशरण गाउँपालिकामा कार्यरत सबै जनप्रतिनिधि, कर्मचारी शिक्षक, विद्यालय कर्मचारी वालविकास स.का र विद्यालय व्यवस्थापन समितिका सदस्यका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा भर्ना गराउन नीतिगत व्यवस्था गरिनेछ । | |
| गाउँपालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न व्यवहारिक तथा रोजगारमुलक शिक्षा प्रणालीलाई अवलम्बन गरिनेछ । | |
| विद्यालयहरुको स्वमूल्याकंनका साथै सामाजिक लेखा परीक्षणका पद्धतिको व्यवस्था गरिनेछ । | |
| संस्थागत विद्यालयमा रहेको प्राज्ञिक ज्ञान, सिप, कला र क्षमतालाई गाउँपालिकाको विकासमा उपयोग गर्न सहकार्य गरीनेछ । | |
| विद्यालयलाई व्यवसायिक तथा प्राबिधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने नीति लिईने छ । | |
| विद्यालयका शिक्षकको मनोवल उच्च राख्न, साथै क्षमता अभिबृद्धि गर्न विशेष कार्यक्रम लागु गरिने छ । | |
| कक्षा १० का विद्यार्थी को सिकाइ उपलब्धीमा सुधारका लागि अतिरित्त कक्षा सञ्चालनको व्यवस्था मिलाइने छ । | |
| अनौपचारिक शिक्षाको कार्यक्रमहरु विस्तार गरी साक्षरता अभिवृद्धि गर्ने र अनौपचारिक शिक्षालाई जीवनोपयोगी बनाउने तर्फ जोड दिइनेछ । | |
| विद्यालय शिक्षाको व्यवस्थापनमा स्थानीय अविभावकहरु लाई नै जिम्मेवार बनाइनेछ । | |
| गाउँपालिका भित्र रहेका सवै विद्यालयहरुलाई सुचना र प्रविधि युक्त वनाईने छ र दैनिक पठनपाठन तथा शैक्षिक सेवा प्रवाहमा प्रविधिको प्रयोग लाई प्रोत्साहन गरिने छ । | दंगीशरण शैक्षिक विकास कार्यक्रम |
| प्रत्येक वडामा नमुना व्यवसायिक विद्यालय सञ्चालन गर्ने नीति लिईने छ । | |
| प्रत्येक विद्यालयमा कम्तीमा २५ जना बालबालिका बराबर २ वटा बालबिकास शिक्षकको व्यवस्थापन गरी बालबिकास कक्षाका विद्यार्थीको ग्रेडिङ गरी कक्षा संचालन गर्ने । | |

| | |
|---|---|
| गाउँपालिका लाई **"शैक्षिक हव"** रुपमा विकास गरिने छ । | |
| विद्यार्थीहरुलाई शैक्षिक विमामा आवद्ध गराउने नीति लिइने छ । | |
| **"एक विद्यालय एक पुष्प उद्यान"** कार्यक्रम लागु गरिने छ । | |
| विद्यालय सुधार योजना अद्यावधिक गरी योजनालाई विद्यालयको सेवा प्रवार्ह प्रभावकारी वनाईनेछ । | |
| सुस्त मन्दस्थिती, दृष्टिविहिन, अपागं तथा असहाय बाल बालिकाहरुकालागि छुट्टै विद्यालयको स्थापना गरी पठनपाठन सञ्चालन गरिनेछ । | |
| स्थानीय पाठ्यक्रममा आधारित शिक्षण शिकाई प्रणाली अवलम्बन गरिने छ । | |
| प्रविधि युक्त शिक्षण कार्यका लागि पालिका भरीका कम्तीमा २५ जना शिक्षक लाई Laptop बितरण गरी शिक्षा लाई प्रविधि मैत्री बनाइनेछ । | |
| विज्ञान प्रविधिमा अनुसन्धान गर्ने स्थानिय निकायको स्थापना र तिनीहरुलाई प्रोत्साहित गर्ने कार्य गरिनेछ । | |
| अपागं तथा असहाय बालबालिकाहरुका लागि छुट्टै किसिमको छात्रवृत्तिको व्यवस्था गर्ने छ । | |
| हरेक विद्यालयमा सभाहलको व्यवस्था गरिनेछ । | |
| प्रत्येक विद्यालयमा सडक संजाल निर्माण गरी विद्यालय बससेवा संचालन गर्ने । | |
| शिक्षाको जोखिम न्यूनिकरण र शिक्षा सम्बन्धी विपद् व्यवस्थापन योजना बनाई लागु गरिनेछ । | |
| विद्यालयमा वालविवाह, लैङ्गिक हिंसा न्यूनिकरणका लागी हाजिरि जवाफ, निवन्ध र वक्तृत्वकला जस्ता जनचेतना मुलक कायैक्रम सञ्चालन गरिनेछ । | |

## ५.२.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

विद्यालयको भौतिक पूर्वाधार विस्तार तथा गुणस्तर सुधार आएको हुनेछ । विद्यालयको भर्ना दरमा उल्लेख्य सुधार हुनेछ र विद्यालय छाड्ने दरमा कटौती भएको हुनेछ । सिकाई अनुकूलताका कारण

शिक्षाको गुणस्तरमा सुधार आएको हुनेछ । त्यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा उपलब्ध हुने छ । नैतिकता, राष्ट्रप्रेम र मानव मूल्यमा आधारित शिक्षाको विकास हुने छ ।

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमी

खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ । त्यसैले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । साथै, अन्तर्राष्ट्रिय रुपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाई सम्बन्धी स्पष्ट लक्ष्यहरु निर्धारण गरेको छ । दंगीशरण गाउँपालिकाले पनि राज्यका योजनालाई कार्यान्वयमा ल्याउदै सहज रुपले नागरिक समक्ष खानेपानी उपलब्ध गराउनको लागि विविध प्रयत्न गर्नुका साथै स्वच्छ खानेपानी उपलब्ध गराउनको लागि राज्य र यसका संचालक निकाय संग पनि समन्वय गदै आइरहेको छ । हरेक घरधुरीमा धाराको पानीको पहूँच पुगेको अवस्था छैन । स्वस्थ नागरिक उत्पादन र समग्र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्न गुणस्तरीय खानेपानी र सरसफाइको सुविधाको व्यवस्था गर्नु स्थानीय सरकारको दायित्व रहेको हुँदा खानेपानी तथा सरसफाई क्षेत्रलाई उच्च प्राथमिकतामा राखी बाँकी घरधुरीमा पनि धाराको स्वच्छ खानेपानीको व्यवस्था गर्नु आवस्यक देखिन्छ । इनार अथवा कुवाको पानिको निर्भर हुने घरधुरी धेरै भएको यस पालिकामा धाराको पाइपको माध्यम बाट पानी खाने ज्यादै थारै भएकोले खानेपानी तर्फ आवश्यक सुधार गर्नुपर्ने दखिन्छ ।

### ५.३.२ समस्या तथा चुनौती

### समस्या

विभिन्न प्राकृतिक तथा मानवजन्य कारणले पानीका श्रोतहरुमा आएको ह्रासका कारण पानीको उपलब्धतामा कमी आएको छ । अपेक्षा अनुरुप खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन सकिएको छैन । मानव मल-मुत्रजन्य फोहोरको उचित व्यवस्थापनको अभावमा बस्ती, नदीनाला, जलाशय तथा वातावरण क्रमशः प्रदुषित हुँदै गएका छन् । यस अतिरिक्त खानेपानीको उचित विकास तथा ब्यवस्थापन हुन नसक्नु, पानीको प्रशिक्षण नभएको, फिल्टर पानीको पहुँचमा कमी, सरसफाई तथा स्वच्छ खानेपानीको क्षेत्रमा पर्याप्त लगानी नहुनु, न्यून बजेटका कारण निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसक्नु, गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाईको मूलप्रभावबाट बाहिरहुनु, खानेपानीका श्रोतहरू सुक्दै जानु र श्रोत प्रदूषित हुनु, फोहरमैलाको ब्यवस्थापनको कमी, आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### चुनौती

पानीको स्रोत पहिचान गरी खानेपानी सुविधा विस्तार गर्नु, ग्रामीणक्षेत्रका बस्तीहरूको आवश्यकता अनुसारको खानेपानीको स्रोत व्यवस्थागर्नु, खानेपानीको गुणस्तर वृद्धिगर्नु, जलवायु परिवर्तन अनुकूलका खानेपानी योजना संचालनगर्नु, बढ्दो शहरीकरण, बसाईसराईबाट खानेपानी, सरसफाई र वातावरण सन्तुलनको क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्नु, पानीको स्रोतहरुको संरक्षण गर्नु, खानेपानी

पाईपलाईनको व्यवस्थापन गर्नु, खानेपानी ट्याङ्की लाई सुरक्षित गर्नु, पूर्ण सरसफाई र व्यवस्थित ढल निकासको प्रबन्धगर्नु, आवश्यकता अनुसारको खानेपानी तथा सरसफाईको विकास र दिगो व्यवस्थापनका लागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु र योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको क्षमता र दक्षता अभिवृद्धिगर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ५.३.३ संभावना तथा अवसर

आधारभूत खानेपानी तथा सरसफाई क्षेत्र उच्च प्राथमिकतामा पर्नु, यस क्षेत्रमा लगानी आकर्षण हुँदै जानु, आयोजनाको छनौट, संचालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, विद्युत् वा सौर्य उर्जा प्रयोग गरी खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु, नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु, फोहोर मैलाको दिगो व्यवस्थापनमा निजीक्षेत्रको सहभागिता वृद्धि हुँदै जानु, फोहोर वर्गिकरण तथा व्यवस्थापनको योजना निर्माण गर्न सकिने, प्रांगारिक मल सम्बन्धी तालिम तथा जनचेतनाका कार्यक्रम गर्न सकिने, खानेपानी वितरणलाई आधुनिक प्रविधिमैत्री वनाउन सकिने, सबै वडा लाई पुग्ने गरी फिल्टर ट्याँकीको व्यवस्था गर्न सकिने, आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ५.३.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- गाउँपालिका भित्र बसोबास गर्ने सबै नागरिकहरु लाई सफा, स्वच्छ र सुरक्षित खानेपानी उपलब्धता र फोहोर व्यवस्थापनको दिगो व्यवस्था गर्ने ।

**उद्देश्य /प्रतिफल**

- शुद्ध, सफा र सुरक्षित खानेपानीको पहुँच शत प्रतिशत बनाई , स्वस्थता सुनिश्चित गर्ने ।
- फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी समुदायमा जनचेतना फैलाउने ।
- आधारभूत सरसफाई सुविधा शतप्रतिशत घर परिवारमा पुऱ्याउनु ।

**रणनीति**

**प्रतिफल २.३ सँग सम्वन्धित (खानेपानी तथा सरसफाई रणनीति )**

- फोहोरमैलाको बैज्ञानिक तथा व्यवसायिक व्यवस्थापनमा जोड दिने,
- पानीका स्रोतहरुको संरक्षण, पुर्नजिवन तथा प्रविधि मैत्री व्यवस्थापनमा जोड दिने,
- स्थानीय जनसहभागितामा गाउँपालिकामा उपलब्ध सम्पूर्ण पानीका मुहानहरू संरक्षण गर्न सामुदायिक स्तरमा संयन्त्रण निर्माण गर्ने
- खानेपानीका श्रोतहरूको संरक्षण गर्न हरित क्षेत्र संरक्षण तथा विस्तार गर्न समुदाय स्तरमा कार्यक्रमहरू सञ्चालन गर्ने
- डिप बोरिङ निमार्ण एंव सञ्चालन गर्ने
- खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा वैकल्पिक वित्तीय स्रोत तथा जनशक्ति परिचालन गर्ने ।

## निर्दिष्ट कार्यनीति

## प्रतिफल २.३ सँग सम्वन्धित (खानेपानी तथा सरसफाई)

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| फोहोर मैला व्यवस्थापनका लागि आवश्यक कानूनी व्यवस्था गरिने छ। | सरकारी, नीजि र समुदायको त्रिपक्षीय सहकार्यमा आधारित खानेपानी तथा सरसफाई कार्यक्रम |
| नीजिक्षेत्रको सहकार्यमा फोहोर व्यवस्थापनाका लागि कम्पोष्ट मल उत्पादनमा जोड दिईने छ। | |
| पूर्ण सरसफाईका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीने छ । | |
| पुर्ण सरसफाई सम्वन्धी योजना निर्माण गरी कार्यक्रमिक रुपमा सञ्चालन गर्न विशेष पहल गरिनेछ। | |
| पालिकाको क्षेत्रको जैविक फोहोर र दिशाजन्य फोहोरको प्रशोधन गरी जैविक मल बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ। | |
| फोहर उत्सर्जन कर्ताले नै फोहरको उचित व्यस्थापन गर्नु पर्दछ भन्ने भावनाको विकास गरि फोहर उत्सर्जनलाई न्यूनीकरण गर्ने तर्फ ध्यान दिइनेछ। | |
| प्लास्टिक झोला र थैलाहरुको उपयोगलाई निरुत्साहित गर्ने र उपयोग भैसकेका झोला थैलाको उचित बिर्सजन गर्ने ब्यबस्था गरिने छ। | |
| योगदानमा आधारित फोहोर व्यवस्थापन प्रणाली अवलम्वन गरिने छ। | |
| स्वच्छ खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना तथा व्यवहार परिवर्तन वारे कार्यक्रम सञ्चालन गरिने छ। | |
| स्वच्छ खानेपानीमा सवैको पहुचका लागि बिशेष कार्यक्रम कार्यान्वयन गरिने छ। | |
| पुनःनिर्माण गर्नुपर्ने ग्रामिण खानेपानी आयोजनाहरु तथा अधुरा रहेका आयोजनाहरुलाई प्राथमिकता दिई संचालन गरिनेछ। | |
| सरसफाईका लागि ढल व्यवस्थापन तथा डस्टविन विस्तार | |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन गरिने छ । | |
| ढलको पानी प्रशोधन पछि मात्र नदीमा मिसाउने व्यवस्था गरिने छ । | |
| विकास साझेदार निकाय, गैरसरकारी संस्था सँगको सहकार्य तथा सहलगानीमा खानेपानीको सुविधा नपुगेका स्थानहरुमा खानेपानी आयोजनाको विकास तथा स्तरवृद्धि गरिनेछ । | |
| खानेपानी आयोजनाहरुको नयाँ निर्माण तथा मर्मत सुधार र विस्तार गर्दा अनिवार्य रुपमा **"एक घर एक धारा**" नीति अवलम्बन गरि सबै खानेपानी योजनाहरुमा अनिवार्य रुपले "खानेपानी सुरक्षा योजना तथा सुरक्षित खानेपानी युक्त समुदाय" को अबधारणा लागु गरिनेछ । | |
| राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६३ मा तोकिए बमोजिम खानेपानीको गुणस्तर तथा सेवा स्तर सुधार गरिनेछ .साथै गाउँपालिका स्तरमा खानेपानीको गुणस्तर परिक्षणका लागि खानेपानी गुणस्तर केन्द्रको स्थापना गरी खानेपानी उपभोक्ताहरुको क्षमता विकास तथा समुदाय स्तरमा सचेतना अभिबृद्धि गरिनेछ । | |

### ५.३.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

योजनाको २ वर्षभित्र शत प्रतिशत घरमा आधारभूत खानेपानी सेवा उपलब्ध भएको हुने, ३ वर्षभित्र शहरोन्मुख क्षेत्रका ५० प्रतिशत घरमा मध्यम देखि उच्च गुणस्तरको खानेपानी उपलब्ध भएको हुने, शत प्रतिशत घरहरूमा गुणस्तरीय शौचालय निर्माण भएको हुने, ढल निर्माणका कार्यहरू योजनाबद्ध रुपमा संचालनभै मध्यम देखि उच्च गुणस्तरको सरसफाई सेवा प्राप्त गरेको हुनेछ । सार्वजनिक स्थल तथा बजार केन्द्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था भएको हुनेछ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमी

नेपालको संविधानले लैंगिक विभेदको अन्त्यगर्ने, बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता बालअधिकारका आधार स्तम्भहरू खडागर्ने, ज्येष्ठ नागरिकको हकको संरक्षण तथा सामाजिक सुरक्षागर्ने, र अपाङ्गता भएका व्यक्तिहरूको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सहितको सम्मानजनक जीवन यापनको अधिकारको संरक्षण र प्रवर्द्धन जस्ता हकलाई मौलिकहकको रूपमा स्थापित गर्ने संकल्प गरेको छ । महिलाको क्षमता, श्रम, सीप र सिर्जनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरुप सामाजिक समानता कायम गर्ने कार्यक्रम सञ्चालन

गर्नुपर्ने आवस्यकता रहेको छ । बालबालिका सम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, को व्यवस्थाका साथै दिगो विकास लक्ष्यमा समेत बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, बालबालिका माथि हुने हिंसा, शोषण, दुर्व्यवहार, उपेक्षाको अन्त्य र सुरक्षित र पहुँच योग्य वातावरण तथा किशोर किशोरी माथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्नुपर्ने अपरिहार्यता विद्यमान रहेको छ । ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नुपर्ने आवश्यकता पनि त्यत्तिकै रहेको छ । अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनका लागि समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिनु आवश्यक छ । यसै संदर्भमा दंगीशरण गाउँपालिकाको महिला, वालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई केन्द्रमा राखी यो योजनाको तयारी गरिएको छ ।

गाउँपालिकामा अपाङ्ग, महिला तथा बालबालिका मैत्री संरचना निर्माण ज्यादै नगन्य मात्रामा छन् । जात र लिङ्गका आधारमा हुने हिंसाको अवस्था सामान्य छ । दलित जनजाति पिछडिएका वर्ग आय आर्जनको अवस्था सन्तोषजनक देखिदैन । तसर्थ समाजमा सीमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जीवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दा सम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न सकिदैन ।

### ५.४.२ समस्या तथा चुनौती

**समस्या**

महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, हानिकारक अभ्यास, लैङ्गिकविभेद तथा हिंसालाई बढावादिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिलामाथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान, जोखिम तथा सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु, बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा पर्याप्त पहुँचनहुनु, बालमैत्री वातावरणको कमीहुनु, बालश्रम शोषणको अवस्था विद्यमान रहनु, असहाय, अनाथ, सडक तथा श्रमिक बालबालिकाको उचित संरक्षण र व्यवस्थापन हुननसक्नु, बालबिवाह, हिंसा, शोषण, यौनदुर्व्यवहार, किशोर किशोरी शिक्षाको कमी, जोखिममा रहेका बालवालिकाको पुनर्स्थापन हुन नसक्नु, ज्येष्ठ नागरिकलाई सेवासुविधा र सामाजिक सुरक्षा पर्याप्तनहुनु, शारीरिक र मानसिक रूपमा असक्त, असहाय, एकल, वेवारिसे तथा जोखिममा परेका ज्येष्ठ नागरिकको उचित संरक्षण नहुनु, परिवारको बाबु आमाप्रति पूरा गर्नुपर्ने दायित्व बहन र हेरचाहमा क्रमशः ह्रासहुँदै जानु, हेरचाह केन्द्रको व्यवस्था नहुनु, अल्जाइमर लगायतका बुढ्यौलीको कारणले लाग्ने विभिन्न रोगहरूको निदान तथा उपचारको यथोचित व्यवस्थानहुनु, ज्येष्ठ नागरिकप्रतिको श्रद्धा र सम्मानमा ह्रासहुनु, अपाङ्गतामैत्री शिक्षा र शैक्षिक पूर्वाधारका अभावहुनु, उनीहरुका लागि रोजगारी उपलब्ध गराउन नसक्नु, भौतिक संरचनाहरू अपाङ्गमैत्री नहुनु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि नियमित स्वास्थ्य सेवा, परामर्श सेवा, निजहरूले प्रयोगगर्ने सहायक सामग्री र पुनर्स्थापना सेवा उपलब्ध नहुनु, अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमा पुनर्स्थापना गर्ने खालका कार्यक्रमको कमी आदि महिला, वालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

## चुनौती

आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैङ्गिक समानता कायम गर्नु, पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, परम्परागत हानिकारक संस्कार तथा अभ्यासहरू विद्यमान रहनु, महिलाको जीवनस्तरमा सुधार ल्याउनु, महिला अधिकारका क्षेत्रमा वनेका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्नु, बालबालिका तथा किशोरकिशोरीहरूले आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण तयारगर्नु, जोखिममा रहेका बालबालिकाको संरक्षण गर्नु, लागुपदार्थ दुर्व्यसन, बालश्रम, हत्या, अपहरण, वाल हिंसा, बलात्कार, बेचबिखन तथा ओसारपसार जस्ता घटनाहरूमा कमी ल्याउनु, राजनीति तथा सामाजिक सेवाका क्षेत्रहरुमा महिला सहभागिता न्यून हुनु र समान कामको असमान ज्याला दिने चलन कायमै रहनु पनि एक अर्को चुनौतीका रुपमा रहेको छ । त्यस्तै बालबालिका तथा किशोरकिशोरी माथि हुने परम्परागत हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्नु, ज्येष्ठ नागरिकका सेवा सुविधाको पर्याप्त मात्रामा व्यवस्था गर्नु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोगगर्नु, परिवारलाई जिम्मेवार बनाउनु, उनीहरूको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षणगर्नु, उनीहरूका लागि उपयुक्त एवं पर्याप्त दिवासेवा केन्द्र, औषधोपचार सहितको आरोग्य आश्रमको निर्माण तथा सञ्चालन गर्नु, अपांगता भएका व्यक्तिहरूको सेवा सुविधाको कार्यान्वय गर्न र सोको लागि आवश्यक स्रोतसाधनको व्यवस्था गर्नु, सेवा सुविधा तथा उपकरणको व्यवस्थापन गर्नु, अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा, स्वास्थ्य, तालिम र आवश्यकता अनुसार रोजगारी उपलब्ध गराउनु आदि चुनौतीहरु रहेका छन् ।

### ५.४.३ संभावना तथा अवसर

नेपालको संविधानले समानताको हक अधिकार सुनिश्चित गर्नु, लैङ्गिकमैत्री संविधान तथा लैङ्गिकमैत्री ऐन कानुनहरू निर्माणहुनु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदैआउनु, दिगो विकास लक्ष्यमा बालबालिका तथा किशोरकिशोरी सम्बन्धी विषयहरू समावेशगरिनु, बालवचाउ, बालसंरक्षण, बालसहभागिता, बालविकास तथा सर्वोत्तम हितलाई जोड दिइनु, मिडियाहरू बाट घटनाहरू उजागर हुनु, बालबालिका खोज तलास समन्वय केन्द्र र वाल हेल्पलाइन कार्यक्रम सञ्चालन हुनु, ज्येष्ठ नागरिकहरूको व्यवस्थापन स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहनु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सृजना हुँदै जानु, अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था हुनु, अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशील भई संगठित हुनु, अपाङ्गताको विषयलाई संवोधन गर्नको लागि सरकार र सरोकारवाला निकायहरू सँग सहकार्य र साझेदारीमा वृद्धि हुनु यस क्षेत्रमा अवसर छन् ।

### ५.४.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- समाजका हरेक तह र तप्काका नागरिकको सम्मानजनक जिवन यापनको प्रत्याभूति गर्ने ।

**उद्देश्य /प्रतिफल**

- लैंगिक तथा जातिय समानता कायम गर्दै अपाङ्ग तथा विपन्नमैत्री बनाउने
- जातीय भेदभाव मुक्त समाजको निर्माण गर्ने ।
- अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई मूल प्रवाहिकरण गर्ने ।
- सामाजिक न्यायपूर्ण समाजको निर्माण गर्ने ।
- महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु तथा महिला विरुद्धहुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु ।
- ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।

**प्रतिफल २.४ सँग सम्वन्धित (महिला, बालबालिका तथा लक्षित वर्ग रणनीति** )

- जातिय पहिचानमा आधारित विकास मैत्री संस्कार र संस्कृतिलाई नगरपालिकाको विकास नीतिको रुपमा अवलम्बन गर्ने,
- नगरपालिकालाई जेष्ठ नागरिक, अपांग तथा वालमैत्री नगरपालिकाको रुपमा विकास गर्ने,

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल २.४ सँग सम्वन्धित (महिला, बालबालिका तथा लक्षित वर्ग**)

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| फरक क्षमता भएका तथा अपांग समुदाय,दलित,उत्पीडित, पिछडावर्ग,विपन्न वर्ग, यौनिक तथा तेश्रो लिंगी सहित वेपत्ता परिवारको संरक्षण तथा आत्मनिर्भरताका ठोस कार्यक्रम संचालन गर्न समुदायको सवलिकरण, सशक्तिकरणमार्फत अल्पकालिन तथा दीर्घकालिन कार्ययोजना निर्माण गरि क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । | सामाजिक समावेशीकरणको नीतिगत व्यवस्था सम्वन्धि कार्यक्रम । |
| महिला, बालबालिका तथा अपांग मैत्री संरचनाहरुको निर्माण गर्न नीतिगत व्यवस्था गरिने छ । | |
| छुवाछुत प्रथा अन्त्यका लागि नागरिकता सम्वन्धि विशेष योजना अंगिकार गरिने छ । | |
| महिला तथा बालवालिका सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा एकद्वार प्रणालीलाई प्राथमिकता दिईने छ । | |
| वास्तविक भुमिहिन सुकुम्वासीहरुको पहिचान गरि व्यवस्थापन गरिने । | GESI नीति निर्माण र GESI Audit गर्ने |

| | |
|---|---|
| अनाथ, असहाय, बेवारिसे, पूर्ण अपाङ्गता भएका, हिंसा प्रभावित बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था गरिनेछ । | |
| बाल विवाह,बालश्रम, बाल दुरव्यवहार, तथा छुवाछुत प्रथाको अन्त्यका लागि विशेष नीतिगत व्यवस्था गरिने छ । | |
| विद्यालय बाहिर रहेका किशोर किशोरीहरुकालागि जिवन उपयोगी सिप र स्वरोजगारकालागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ । | |
| अति विपन्न वर्गका बालबालिकलाई उचित संरक्षण सहित आवासिय शिक्षा उपलब्ध गराइने छ । | |
| महिलाहरुको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ र प्रजनन स्वास्थ्य सम्वन्धि स्वास्थ्य शिविर सञ्चालन गरिने छ । | |
| विपद्मा परेका कुनै पनि महिला तथा बालबालिकाले पुनर्स्थापना गर्ने सेवा केन्द्र, मनो समाजिक परामर्श केन्दहरुबाट सेवा प्राप्त गरेको हुनेछ । साथै जोखिममा रहेका बालबालिकाको उद्धार तथा पुर्नस्थापनका लागि बालबालिका उद्धार कोष मार्फत व्यवस्था मिलाइनेछ । | |
| विपन्न, पिछडिएका तथा एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गरिनेछ । | |
| एकल महिला, बिधवा र जेष्ठ नागरिक महिला को पहिचान गरि सरकारबाट उपलब्ध गरिने सुबिधा प्रदान गरिनेछ । | |
| १२ वर्ष भन्दा बढी समय पति बेपत्ता भएको खण्डमा निजलाई एकल महिला सरहको सुबिधा उपलब्ध गराउने व्यवस्था गरिनेछ । | |
| महिला सेल संचालन गर्न पालिका तहमा आवश्यकता अनुसार महिला परामर्शदाताको व्यवस्थापन गरिनेछ । | |
| अपाङ्गताको प्रकृती हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारी अवसरहरुमा पहुँच विस्तार र स्वरोजगारीको | |

| | |
|---|---|
| अवसरहरुलाई सिर्जना गरिने छ । | |

### ५.४.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

योजनाको अन्त सम्ममा महिला विरुद्धका सबै किसिमका विभेद, शोषणमा उल्लेख्य रूपमा कमी आएको हुने, लैंगिक हिंसा घट्ने र पीडकलाई दण्डित गर्ने व्यवस्था हुनेछ । बाल संरक्षण प्रणाली प्रभावकारी रूपमा सञ्चालन भएको हुने, बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्य सम्बन्धी सेवा सुविधामा पहुँच पुगेको हुने, बालबालिका विरुद्ध हुने सबै प्रकारका शोषण, हिंसा र दुर्व्यवहार उल्लेख्य रूपमा न्यूनीकरण भई गाउँपालिका बालमैत्री उन्मुख भएको हुनेछ । ज्येष्ठ नागरिकले सुरक्षित र सम्मानित भएर बाँच्न पाउने अवस्था सृजना भएको हुने, असहाय, असक्त र परित्यक्त ज्येष्ठ नागरिक संरक्षित भएको हुने, ज्येष्ठ नागरिकमाथि हुने हिंसा, र दुर्व्यवहारमा कमी आएको हुनेछ । अपाङ्गता भएका व्यक्तिको सेवा सुविधा सहज रूपमा उपलब्ध भएको हुने, सार्वजनिक भौतिक संरचनाहरू अपाङ्गमैत्री भएका हुनेछन् ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमी

स्थानीय विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयारगरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । राष्ट्रिय युवा नीति २०७२ अनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या करिव ४० प्रतिशत रहेको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । जनसांख्यिकी पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै स्थानीय विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवाहरू लाई मूल प्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरू बाट स्थानीय विकासमा योगदानको वातावरण सिर्जना गर्नु आवश्यक छ । त्यसरी नै व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ । खेलकुद मानवजातिका लागि अभिन्नअङ्ग रहेकाले वर्तमान सन्दर्भमा सबैका लागि खेलकुद भन्ने अभियान सञ्चालनगरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बाालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो । खेलकुद लाई मनोरञ्जनका रूपमा मात्र नलिई मानव विकासको सूचकाङ्कको रूपमालिई यस क्षेत्रमा लगानी बढाउन सकेको खण्डमा स्थानीय विकासमा महत्वपूर्ण योगदान सावित हुन सक्दछ ।

### ५.५.२ समस्या तथा चुनौती

**समस्या**

युवा विकासका लागि संस्थागत, नितीगत व्यवस्था, नेतृत्व तथा समन्वयातमक सिपको विकास, व्यवसायिक क्षमता अभिवृद्धि जस्ता युवा संग सम्बन्धित कुनै पनि किसिमका कार्यक्रमहरु हाल सम्म नगरिनु र यसको साथै अनुशासित युवा र खेलकुद विकासका लागि आवश्यक भौतिक पूर्वाधार जस्तै

कवर्ड हल, खेलकुद मैदान आदिको उचित व्यवस्थापन नहुनु, भएका पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, प्रशिक्षकहरूका अभाव, मानविय पूर्वाधार र खेलकुद विकास कोषको समेत व्यवस्था नहुनुले गर्दा यस पालिका क्षेत्र भित्र रहेका विभिन्न खेलका खेलाडीहरुलाई उचित स्वरोजगार गर्न नसकिएको यँहाको युवा तथा खेलकुद संग सम्बन्धित मुल समस्या हुन् भने यसलाई संगठित रुपमा विकास गरी युवा रोजगारीको लागि परिचालन गर्न चुनौती रहेको छ ।

### चुनौती

युवालाई रोजगारी प्रदान गर्नु, रोजगारमूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई बेरोजगारी न्यून गर्नु, युवा प्रतिभाहरूको विदेश पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धिगरी श्रम र संस्कृतिप्रति सम्मानगर्ने वातावरणको सिर्जनागर्नु, युवाहरूमा स्वयम्सेवी भावनाको जागृतगर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धिगर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, युवाको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालनगर्नु, युवा लक्षित कार्यक्रमहरूको वृद्धिगर्नु, सुविधा सम्पन्न खेल पूर्वाधार हरूको निर्माण गर्नु, स्थानीय तहमा खेलकुदका आधारशीलाहरू निर्माणगर्नु, समुदाय देखि नै खेलकुदलाई आत्मसात्गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु मुख्य चुनौती रहेका छन् । साथै पूर्वाधारको समूचित विकास गर्न नसकिएका कारण तोकिएका खेलकुद मैदानहरू, क्लव तथा मनोरञ्जनात्मक स्थलहरू स्तरोन्नती गर्ने कार्य चुनौतीपूण रहनु यस युवा तथा खेलकुद क्षेत्रका थप चुनौती हुन ।

### ५.५.३ संभावना तथा अवसर

संविधानमा युवा विकास सम्बन्धी व्यवस्थाहुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्धहुनु, विदेशिने युवाहरूबाट भित्रिने विप्रेषण (Remittance) ले अर्थतन्त्रमा सहयोग पुग्नु, युवालाई विकास निर्माणमा मूलप्रवाह गर्ने सोच राजनैतिक पार्टी लगायत सरकारमा आउनु, स्वदेशमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि उच्च प्राथमिकता रहनु, खेलकुदलाई एकता सुदृढ गर्ने र सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय तहलाई खेलकुदको जिम्मेवारी प्राप्त हुनु, समुदायस्तरमा योग तथा व्यायामप्रति रुचि तथा महत्व वढ्नगई पूर्वाधारको विकास हुँदैजानु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु, विद्यालयतहमा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु आदि प्रमुख अवसरका रुपमा रहेका छन् ।

### ५.५.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- युवा जनशक्तिलाई नगरपालिकाको सामाजिक र आर्थिक विकासमा मूलप्रवाहीकरण गर्ने र नगरपालिकालाई खेलकुद केन्द्र (हव) का रूपमा विकास गर्ने ।

**उद्देश्य/प्रतिफल**

- युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।
- युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउनु ।
- खेलकुद पूर्वाधारको विकास गर्नु ।
- खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

**प्रतिफल २.५ सँग सम्वन्धित (युवा तथा खेलकुद रणनीति** )

- खेलकुद पर्यटन क्षेत्रको रुपमा विकास गर्ने,
- दक्ष युवाहरूलाई शैक्षिक प्रमाणपत्र वा सीपका आधारमा बिना धितो कम ब्याजदरमा ऋण दिई स्वरोजगार बनाउने
- विशेष शारिरिक अवस्थाका युवाहरूको शिक्षाको लागि विशेष छात्रवृत्तिको अनिवार्य व्यवस्था गर्ने
- नैतिकवान, इमान्दार र कर्तव्यनिष्ठ यूवा समुदायको निर्माण गर्न गाउँपालिका स्तरीय नियमित Motivational workshop आयोजना गर्ने
- युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने
- युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने ।

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल २.५ सँग सम्वन्धित (युवा तथा खेलकुद)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| व्यवसायिक खेलाडी विकासको नीति र कार्यक्रम सञ्चालन गरिने छ । | युवा जागरण कार्यक्रम |
| राष्ट्रिय तथा जिल्लास्तरको खेल अयोजना गरिने छ । | |
| खेल मैदानको तथा खेलको स्तरोन्नती गरिने छ । | |
| **जिवनको लागि खेल, स्वास्थ्यको लागि खेल** जस्ता नारालाई सार्थक बनाउनका लागि विद्यालय उमेरका वालवालिकाहरुलाई अनिवार्य रुपमा एक खेल शिक्षकको दरवन्दी तथा खेलकुद प्रशिक्षण तथा सामाग्रीको उपलब्ध गराइनेछ । | |
| बालबालिका तथा युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको संचालन गरि विद्यालय तथा युवाहरुलाई खेलकुद प्रति उत्प्रेरित गराउने व्यवस्था मिलाइने छ । | |

| | |
|---|---|
| महिला खेलाडी प्रवर्द्धन तथा विकासको नीति अवलम्वन गरिने छ । | |
| स्काउटिङ अभियान लाई विकास र विस्तार गराउन सहयोग गरिनेछ । | |
| विभिन्न खेलको खेलाडी पहिचान गरी खेलको उचित प्रवर्द्धन गरी **"दंगीशरणको शान खेलको पहिचान"** भन्ने नारा लाई सार्थक बनाइने छ । | |
| स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धी गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिने । | |
| युवाहरुलाई जीवन उपयोगी सीप प्रदान गरी स्वरोजगार बनाइने छ । | |
| डण्डीवियो, कपर्दी, कुस्ती जस्ता परम्परागत मौलिक खेलहरु जर्गेना गरी प्रवर्द्धन गरिनेछ । | |
| खेलकुदलाई व्यावसायीकरण गरेर खेलाडीहरुको आय आर्जन बढाउने र यस प्रति सामाजिक वातावरण सकारात्मक बनाउन अभिमुखीकरण गरिनेछ । | |
| प्रतिभावान युवाहरूलाई प्राविधिक शिक्षा जस्तै : मेडिसिन, इन्जिनियरिङ, कम्प्युटर प्रविधि, लगायतका क्षेत्रहरूमा अध्ययन गर्नका लागि निश्चित मापदण्डका आधारमा छात्रवृत्ति, निःशुल्क वृत्ति तथा सुलभ कर्जाको व्यवस्था गर्ने | |
| वातावरण संरक्षण र सरसफाइ तथा सामाजिक दायित्वमा युवाहरूलाई जागरण बढाउन वडास्तरीय युवा समितिहरू गठन गरी वृक्षारोपण कार्यक्रम, साप्ताहिक सरसफाइ, फोहर प्रशोधन, पुनर्प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने | |
| युवाहरुलाई लागु पदार्थ तथा दुर्व्यसनबाट सचेत गराइने छ । | |

### ५.५.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

योजनाको अन्तमा सीपमूलक तालिम र वित्तीय स्रोतमा युवाहरूको पहुँच वृद्धि भएको हुने, युवाहरूमा नेतृत्व विकास भई अर्थपूर्ण सहभागिता भएको हुने, रोजगार र स्वरोजगार व्यवसायमा युवाको सहभागिता वृद्धि भई जोखिमपूर्ण कार्यमा युवाहरूको विदेश पलायनमा कमी आउने, प्रत्येक वडामा खेल मैदानको निर्माण भै खेलकुद क्षेत्रको विकास भएको हुनेछ ।

# अध्याय छ पूर्वाधार क्षेत्र

जुनसुकै गाँउ तथा शहर/बजारहरु एक अर्कासँग सम्बन्धित भएर रहेका हुन्छन् । गाउँको उत्पादन शहरमा निर्यात गरी कुनै पनि गाउँले आर्थिक आम्दानी गर्न सक्छ र उसलाई चाहिने आवश्यक सामग्रीहरु शहरबाट आयात गर्न सक्छ । त्यसैगरी शहरले उसको जनसंख्यालाई चाहिने उपभोग्य सामग्रीहरु तथा आवश्यक श्रम शक्ति समेत गाउँबाट प्राप्त गर्दछ र शहर र गाउँ बीच एक अर्कामा अन्योन्यास्रित सम्बन्ध स्थापित हुन्छ । मानिस तथा सामानहरुको प्रवाह एक गतिशिल प्रक्रिया हो र यो विभिन्न तत्वहरु जस्तै : जनसंख्या र यसको वितरण, सडक, सुविधा, शहरको कार्यगत संरचना तथा श्रोत आदिमा भर पर्दछ । कार्यगत संरचनाले बजार क्षेत्रमा रहेको पसलहरुको किसिम तथा ती पसलहरुले पुऱ्याएको सुविधाको किसिम भन्ने जनाउँदछ । आवत् जावत्को मापन भने मागको आकार तथा दूरीमा भर पर्दछ । त्यसैगरी सामान र सुविधाहरु शहरको भौगोलिक वितरण तथा यातायात र सञ्चारको किसिममा भर पर्दछ ।

मालसामान तथा सेवा प्राप्तिको लागि मानिसहरुको आवत् जावतबाट बजार केन्द्रहरु कुनै पनि क्षेत्रमा विकसित हुन्छन् । बजार केन्द्रहरुले आफ्ना वरिपरिका जनसंख्यालाई सेवा सुविधा प्रदान गर्दछन् । मानिसहरु मालसामान, सेवा तथा रोजगारीको लागि बजार केन्द्र सम्म आउने गर्दछन् । तसर्थ ग्रामीण तथा शहरी सम्बन्धको प्रगाढता भनेको त्यँहा हुने सहज यातायातको पहुँच र सामानको किनबेचले त्यस्तो किसिमको प्रगाढ सम्बन्धको संकेत गर्दछ । यस्तो आवत्जावत्को किसिम र मात्राले ग्रामीण शहरी अन्तरसम्बन्ध तथा बजार केन्द्रहरुको यसको पृष्ठ प्रदेश सँग सँगै जिल्ला सदरमुकाम घोराही र तुलसिपुर सँग तुलनात्मक सम्बन्धलाई देखाउंछ । अन्तरसम्बन्ध आर्थिक, सामाजिक, प्राविधिक, प्राकृतिक, सांस्कृतिक, शैक्षिक, राजनैतिक, मानव संसाधन आदिका आधारमा हुने गर्दछ । वस्तु तथा सेवाको प्रवाह प्रणालीलाई विभिन्न कारक तत्वहरु जस्तै : जनसंख्या परिमाण, वितरण र परिवर्तन, सडक प्रणाली, सञ्चार, बजारको कार्य स्वरुप, संसाधनको प्रयोग र उत्पादन आदि तत्वहरुले असर गरिरहेका हुन्छन् ।

## ६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमी

नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, बातावरण मैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । केन्द्रिकृत योजना र वजेट प्रणालीले गर्दा स्थानीय विकास निर्माणमा जनताको आवस्यकता प्रतिबिम्बित हुन सकेको थिएन । फलस्वरुप, स्थानीय पूर्वाधार विकासका योजना प्रक्रियामा जनसहभागीता र अपनत्व अपेक्षकृत स्थापित हुन नसकी जन आकांक्षा अनुरुप परिणाममुखी कार्य हुन सकेको छैन । **"सम्वृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय सोच पूरागर्न आधुनिक पूर्वाधारयुक्त योजनावद्ध वातावरणमैत्री विपद्प्रतिरोधी, व्यवस्थित, समावेशी, आर्थिक रुपमा गतिशिल र सुरम्य शहर निर्माण गर्नु पर्दछ । शहरहरुमा हाल उपलव्ध अपर्याप्त भौतिक, सामाजिक तथा आर्थिक पुर्वाधारमा अतिरिक्त चापपर्न गै शहरी जीवन असहज बन्दै गएको अवस्थामा गुणस्तरीय शहरी पुर्वाधार सेवा तथा सुविधा उपलव्ध गराई शहरी वातावरण र जीवनस्तरमा सुधार ल्याउनु आवश्यक छ । त्यसरी नै ग्रामीण विकास आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक र भौतिक

पूर्वाधारको बहुपक्षीय परम्परागत समाजबाट आधुनिक ढाँचामा सामाजिक रुपान्तरण हुने विकास प्रक्रिया हो । शहरहरुलाई बढि स्वच्छ, सुरक्षित र आधुनिक बनाउनु र ग्रामीण पूर्वाधारमा पनि गुणस्तरीयता कायम गर्नु अपरिहार्य भएको छ । शहरी क्षेत्रवाट ग्रामीण क्षेत्रतर्फ स्रोतहरू प्रवाह हुनुको सट्टा ग्रामीण क्षेत्रवाट शहरतर्फ स्रोतहरूको प्रवाह हुँदै गएकोले ग्रामीण क्षेत्र उजाड बन्दै जान थालेको छ । यसर्थ, ग्रामीण परिवेशको जीवनशैली संरक्षणगर्दै ग्रामीण पूर्वाधार निर्माण गर्ने र दिगो आय तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सके गरिबी निवारण गर्न र नागरिकको जीवनस्तर उकास्न ग्रामीण विकासको कार्यलाई अगाडि बढाउन आवश्यक छ । भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारलाई सुविधा सम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र विपन्न तथा शहरी क्षेत्रमा अनाधिकृत तथा अब्यवस्थित रुपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकता राखी कार्य गर्नुपर्ने आवश्यकता छ । विकास निर्माण र सेवा प्रवाहमा सन्निकटताको सिद्धान्तअनुसार स्थानीयतह बाट जनताको घरदैलोको सरकारको रुपमा जनचाहना अनुसार सरोकारवालाहरुको सहभागितामा स्थानीय पूर्वाधारको विकास गर्ने अभ्यासको थालनी भैसकेके छ । यसै संदर्भमा स्थानीय पूर्वाधारलाई केन्द्रीत गरी यो योजना तयार गरिएको छ ।

आगामी १५ वर्षमा दंगीशरण गाउँपालिकाको जनसंख्यामा उल्लेख वृद्धि हुने देखिँदैन । आवास योजना निर्माण गर्दा हालको जनसङ्ख्यामा हुने नगण्य वृद्धिलाई ख्याल गरी सो जनसंख्यालाई पर्याप्त हुने आवासको जोहो गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको अधिकांश घरहरु अर्धपक्की, कच्ची तथा विपन्न अवस्थामा रहेका छन् । तसर्थ यी घरहरु भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले अत्यन्त असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ । अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्नका लागि सुरक्षित आवासका दीर्घकालीन योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । दंगीशरण गाउँपालिकाको आवास तथा वस्ती विकासको अवस्था व्यवस्थित छैन ।

### ६.१.२ समस्या तथा चुनौती

**समस्या**

छरिएको वस्ती, वसाई सराई, युवा जनशक्तिको विदेश पलायन, साधन स्रोतको उचित व्यवस्थापनमा कमि, स्थानीय क्षेत्रको आयोजना प्राथमिकिकरण कार्यमा कठिनाई, विकासका पूर्वाधारको कमि हुनु, एकिकृत गुरुयोजना निर्माण गरी योजनाबद्ध रुपमा पूर्वाधार विकास तथा ब्यवस्थापनका कार्यहरू अगाडि नबढ्नु, युवा वर्गका लागि आवश्यक आय वृद्धि तथा रोजगारका अवसरहरू सिर्जना हुन नसक्नु, ग्रामीण पूर्वाधार विकासमा पर्याप्त लगानी हुन नसक्नु, निर्माण भएका पूर्वाधारको दिगो ब्यवस्थापन हुन नसक्नु, छरिएर रहेका बस्तीहरूमा आवश्यक सेवा तथा सुविधा पुऱ्याउन खर्चिलो हुनु, ग्रामीण क्षेत्रमा आय तथा रोजगारको अवसर सिर्जना गरी वसाईसराई रोक्न नसक्नु, ग्रामीण क्षेत्रको वातावरण तथा पहिचानको उचित जगेर्ना गर्न नसक्नु, ग्रामीण क्षेत्रबाट शहरतर्फ स्रोतहरूको प्रवाह बढ्दै गएर स्रोत विहीन हुनु, आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिनु, निर्माण सामाग्री कम गुणस्तर र खर्चिलो हुनु,

सुरक्षित, स्वास्थ्य र सुविधायुक्त आवास नहुनु, सामूहिक आवास निर्माणमा जनचासो नहुनु, भूउपयोग नीति अनुसार बस्ती विकास नहुनु, मापदण्ड अनुसार आवास निर्माण नहुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

## चुनौती

एकीकृत बस्ती विकास गर्नु, स्थानीय भौतिक पूर्वाधारको गुणस्तर कायम तथा दिगोपना अभिवृद्धि गर्नु, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको रकमलाई प्रभावकारी र उपलब्धिमूलक ढंगले सदुपयोग गर्नु र जनशक्तिको व्यवस्थापन र क्षमता वृद्धि गर्नु, सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको ब्यवस्था गर्नु, शिक्षा स्वास्थ्यमा पहुँच पुऱ्याउनु, दिगो आय तथा रोजगारका अवसर सिर्जना गरी बसाईसराईको चापलाई न्यूनीकरण गर्नु, ग्रामीण विकास योजना निर्माण गरी योजनाबद्ध विकास तथा निर्माण गर्नु, छरिएर रहेका ग्रामीण बस्तीमा आधारभूत पूर्वाधार तथा सेवाहरूको ब्यवस्थापन गर्नु, ग्रामीण क्षेत्रमा रहेका सक्रिय जनसंख्यालाई उत्पादन मूलक क्षेत्रमा परिचालन गर्नु, ग्रामीण पर्यावरण तथा वातावरणको जगेर्ना गर्नु, भौगोलिक हिसाबले विकट र विपदको उच्च जोखिममा रहेका घरपरिवारको लागि एकीकृत् आवास तथा बस्ती विकास गर्नु, अनाधिकृत रुपमा बसोबास गर्ने घरपरिवारको स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामाग्रीको उच्चतम प्रयोग गरी किफायती र सुरक्षित आवास निर्माण गर्नु, गरिवीको रेखामुनी रहेका, पिछडिएका, दलित, अति सीमान्तकृत र जोखिम क्षेत्रमा रहेका वर्गहरूलाई आवासको व्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.१.३ संभावना तथा अवसर

स्थानीय तहको वित्तीय तथा प्रशासनिक स्वायत्तता, उत्साहित र सक्षम निर्वाचित जनप्रतिनिधि तथा समावेशी सहभागिता, साधन स्रोतमा बढोत्तरी, सेवा प्रदायक निकाय आम नागरिकको बीचमा पुग्नु, लोकतान्त्रिक शासन प्रणाली, उदार अर्थतन्त्र हुनु, शहरी विकास प्राथमिकता पर्नु, ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाईसराई बढ्नु, एकीकृत् शहरी विकास प्रति निजी क्षेत्रको आकर्षण बढ्नु, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, स्थानीय सडक संजालको द्रुत गतिमा वृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुनाले शहर बसाल्ने सम्भावना रहनु, निर्वाचित स्थानीय जनप्रतिनिधिको कारण ग्रामीण विकासका जनसहभागीता र अपनत्व वृद्धिहुनु, वडा केन्द्रहरू स्थानीय विकास बिन्दुको रुपमा स्थापित हुँदै जानु, स्थानीय पूर्वाधार विकासमा स्थानीय अगुवाई बढ्नु र योजनबद्ध पूर्वाधार विकासका लागि प्रयास रहनु, वैदेशिक रोजगार बाट फर्केको युवा वर्गलाई आकर्षित गर्ने कार्यक्रममा विस्तार हुनु, स्थानीय सरकार जनताको नजिक रहँदा वास्तविक सूचना प्राप्तिमा सहजता हुनु, विकट र विपद्को उच्चजोखिममा रहेका अति सीमान्तकृत, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम संचालन हुनु, सुरक्षित आवास निर्माणमा जनचेतना बृद्धि हुनु, प्रविधि, निर्माण सामग्रीमा क्षमता र चेतना अभिवृद्धि हुनु, व्यवस्थित शहरीकरणका लागि नीतिगत व्यवस्था गर्न सकिने, भू उपयोग योजना तर्जुमा गरी लागु गर्न सक्ने, सुरक्षित तथा वस्ती विकास

योजना तर्जुमा गर्न सक्ने, सार्वजनिक जग्गाको व्यवस्थापन गर्न नीतिगत व्यवस्था गर्न सक्ने, बस्ती तथा आवास निर्माणमा निजी क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.१.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- भु उपयोग योजना बमोजिम सुरक्षित, सभ्य, समावेशी तथा हरियाली वस्ती तथा आवासको निर्माण गर्ने
- स्थानीय, शहरी तथा ग्रामीण क्षेत्रमा पूर्वाधारको निर्माण, आयआर्जन तथा रोजगार वृद्धि, र एकीकृत आवास तथा बस्ती विकास गर्ने

**उद्देश्य /प्रतिफल**

- स्थानीय स्तरमा र ग्रामीण क्षेत्रमा आर्थिक गतिविधिको दायरा र पहुँच वृद्धि गर्नु ।
- स्थानीयतहको प्रशासनिक केन्द्र र गुणस्तरीय यातायात पूर्वाधार पुगेकोक्षेत्र वरिपरि ब्यवस्थित शहर विकास गर्नु ।
- आर्थिक गतिविधिको दायरा र पहुँच वृद्धि गर्नु ।
- एकीकृत आवास तथा बस्ती विकास गरी अनाधिकृत, अब्यवस्थित र छरिएर रहेका विपन्न र सीमान्तकृत् घर परिवारलाई एकताबद्ध गर्नु
- संविधानको मौलिक हक अन्तर्गत रहेको सुरक्षित आवासको हक सम्पूर्ण जनतालाई सुनिश्चित गर्न नगरपालिकाले स्थानीय श्रोत र साधनमा आधारित आवास योजना निर्माण गरी कार्यान्वयन गर्ने

**प्रतिफल ३.२ सँग सम्बन्धित ( वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण रणनीति )**

- एकिकृत वस्ती विकासको प्रारुप तयार पार्ने,
- सार्वजनिक जग्गाको उत्पादनशील प्रयोग गर्ने,
- उत्पादन मुलक र आयमुलक सूक्ष्म योजनाहरु सञ्चालनका शिलशिला नगर स्थित कार्यालयहरु, दातृनिकाय, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु संग समन्वय गरी अपेक्षित उपलब्धि हासिल गर्न जोड दिइने,
- शहरी क्षेत्रको आवासिय पूर्वाधारलाई व्यवस्थित र वैज्ञानिक वनाउने
- वडा कार्यालय भवन नभएका प्रत्येक वडाका लागि भवनको आवश्यक डि.पि.आर. तयार गरी भवन निर्माण सम्पन्न गर्ने
- गतिशील र प्रतिस्पर्धी ग्रामीण उद्यम तथा उद्यमशीलता विकास गर्ने,
- स्थानीय तथा ग्रामीण वातावरणको संरक्षण गर्ने,
- बजार केन्द्र र आवासीय बस्तीहरूमा वातावरणमैत्री भौतिक पूर्वाधार तथा सेवाहरूको विस्तार गर्ने,

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ३.२ सँग सम्बन्धित (आवास, वस्ती, बजार तथा भवन)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| वस्ती विकास योजना तर्जुमा गर्दा खेतीयोग्य जमिन नमासीने, वातावरण प्रदुषण नहुने गरी निर्माण गर्न सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ । यसका लागि तत्कालिन रुपमा गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरुको लगत संकलन गरी गाउँपालिकाको सम्पतिको रुपमा अभिलेखिकरण गरिनेछ । साथै बस्ती विकास गुरु योजना निमार्ण गरी कार्यान्वयन गरिने छ । | गाउँपालिक स्मार्ट सिटी विकास कार्यक्रम |
| भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि बारे स्थानीय समुदायलाई जानकारी दिने तथा नक्शा पास अनिवार्य गरिनेछ । | |
| गाउँपालिक भर नदी कटान, पहिरो, भूकम्प तथा अन्य प्राकृतिक प्रकोपका हिसाबले असुरक्षित र विपदको जोखिममा परेका बस्तीहरूको पहिचान गरी नक्सांकन गर्ने । यस्ता स्थानमा बसोबास गर्ने परिवारहरू लाई स्थायी रूपमा पूर्ण सुरक्षित आवासको प्रत्याभूत गर्न दीर्घकालीन हिसाबले एकीकृत वस्तीको डि.पी.आर. कार्य गर्ने | |
| हरित इन्जिनियरिङका माध्यमबाट जोखिममा रहेका बस्ती, पूर्वाधारहरूको संरक्षण र सुरक्षाको व्यवस्था गरिनेछ । | |
| ऐलानी जग्गामा बसोबास तथा सुकुम्बासी व्यवस्थापनबारे कानूनी तथा नीतिगत व्यवस्थाकोलागि संघीय सरकारसँग पैरवी गरिनेछ । साथै सुकुम्वासी व्यवस्थापनकालागि अन्तरपालिका समन्वयमा आवश्यक योजना निर्माण गरिने छ । | |
| निजी क्षेत्रलाई प्रोत्साहन गरी व्यवसायिक सभाहल तथा कवर्ड हल निर्माण गरिनेछ । | |
| ग्रामीण पर्यटन पदमार्गहरू पहिचान गरी विकास तथा व्यवस्थापन गरिनुको साथै समुदायमा आधारित पर्यटक होमस्टेहरू संचालनको अवसर सिर्जना गरिनेछ । | |

| | |
|---|---|
| अति सीमान्तकृत्, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम अन्तर्गत आवासको व्यवस्था गरिनेछ । | |
| सुरक्षित आवास क्षेत्रको लागि शहरी विकास तथा भवन निर्माण विभाग सँग समन्वय गरिनेछ । | |
| गाउँपालिका लाई स्मार्ट सिटीको अवधारणा अनुसार विकास गरिने छ । | |
| गुठी जग्गाको पहिचान तथा व्यवस्थापन गरिने छ । | |
| मूल सडक मार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ । | |

### ६.१.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

योजनाको अन्तमा गाउँपालिकाको एकिकृत पूर्वाधार विकास गुरुयोजना निर्माण भई योजनाबद्ध निर्माणले गति लिएको हुने, सडक, खानेपानी, स्वास्थ्य, सूचना र वित्तिय सेवा तथा सुबिधामा सबै नागरिकको पहुँच स्थापित भएको हुनेछ । व्यवसायिक तथा आर्थिक हिसावले रणनीतिक महत्वका क्षेत्र पहिचान गरी नयाँ शहर बसाल्ने कार्य अगाडि बढेको हुने र गापा शहरी विकासतर्फ उन्मुख भएको हुने छ । सक्रिय उमेर समूहका जनसंख्यालाई व्यावसायिक तथा व्यापारिक तालिम प्रदान गरी उत्पादनमूलक क्षेत्रमा परिचालन गरिएको हुनेछ । ग्रामीण तथा शहरी जग्गा र बस्ती विकास भएको हुने, नागरिकलाई आवासको व्यवस्था भएको हुने, सुरक्षित आवास निर्माणको माहोल सिर्जना भै सामुहिक आवासको व्यवस्था भएको हुनेछ ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमी

आर्थिक-सामाजिक विकासलाई गतिशील पार्न, सर्वसाधारणलाई पुऱ्याइने सेवालाई सहज तथा सरलपार्न र आर्थिक सामाजिक एकीकरण एवम् प्रादेशिक तथा भौगोलिक सन्तुलन कायमगरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चितगर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ । आवश्यक पूर्वाधारको विकास केही हदसम्म भएतापनि यातायात सेवा दिगो र भर पर्दो हुन सकेको छैन । निजी क्षेत्रको प्रमुख लगानी रहेको सार्वजनिक यातायात सेवालाई व्यवस्थित र मर्यादित बनाई सहज तरीकाबाट नागरिकले निर्वाध रुपमा आवतजावत गर्न पाउने हकको यथोचित उपयोग अझै गर्न नपाएको अवस्था छ । शहरीकरणको चाप र ग्रामीण भेकसम्म पनि सडक संजाल विस्तार हुँदै गरेको सन्दर्भमा सबै नागरिकलाई किफायती, सुरक्षित, प्रदूषणरहित र सुविधा सम्पन्न

यातायात सेवाको प्रत्याभूति गराउन यातायात व्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ । स्थानीय यातायात पूर्वाधारको बढ्दो माग र आवश्यकतालाई दिगो विकास र व्यवस्थापनगर्दै लैजानुपर्ने आवश्यकता रहेको छ । दंगीशरणको सबै गाउँ तथा वस्तीहरुमा सडक को निर्माण र संजाल विस्तार भैसकेको अवस्था छैन । जम्मा ९४.८६ किलोमिटर सडक रहेको यस पालिकामा कच्ची सडकहरु धेरै भएता पनि ती सडकहरुमा ग्राभेल र कालोपत्रे गर्ने काम हुन सकिरहेको अवस्था छैन ।




**ग्रामीण र शहर अन्तरसम्बन्ध र यसका तत्वहरु**

## ६.२.२ समस्या तथा चुनौती

### समस्या

पूर्वाधारको विकास भए पनि गाउँपालिकाले बदलिदो परिस्थिती तथा बजारको माग अनुसार पुर्वाधार विकासमा ध्यान पुऱ्याएको देखिदैन । सडक निर्माणमा स्थानीय जनताको साथ नमिल्नु, सडकको चौडाई साँघुरो हुनु, पर्यावरणलाई जोगाउने तर्फ ध्यान नपुग्नु, सडक निर्माणसँगसँगै ढल निर्माण नहुँदा असहज परिस्थिती उत्पन्न हुनु, सडकको गुणस्तरीयतामा कमी हुनु, सडक विस्तारमा मुआव्जा सम्वन्धि समस्या हुनु, सडक चिन्हको अभावका कारण दुर्घटनाको वृद्धि हुनु, भएको सडकमा पनि पुलहरु नबन्नु जसले गर्दा यातायात नियमित हुन सकिरहेको छैन ।

उपभोक्ताहरुको संस्थागत क्षमता अभिवृद्धि नहुनु, वैज्ञानिक र व्यवहारिक योजनाहरु छनौट हुन नसक्नु, नगर भित्र पनि केही सुगम ठाउँहरुमा मात्र सेवा प्रवाह केन्द्रित हुनु, योजनाहरुको दीगोपनामा पर्याप्त ध्यान नपुग्नु, सवारी साधनको नियमित र व्यवस्थित परीक्षण प्रणाली नहुनु जस्ता समस्याहरु पूर्वाधार विकास संग जोडिएका थप समस्या हुन् ।

**चुनौती**

साना तिना आयोजनामा बजेट छर्ने प्रवृत्ति अन्त्य गर्नु, व्यापार, ब्यवसाय तथा उत्पादन बढाउन मद्दत पुराउन सक्ने रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मत सम्भार तथा ब्यवस्थापन कार्यलाई दिगो बनाउनु, गुणस्तरीय सार्वजनिक यातायातको व्यवस्था गरी साना निजी सवारी साधन प्रयोग कम गराउनु, अपांग मैत्री यातायात प्रणालीको विकास गर्नु, सडक दुर्घटना न्यूनीकरण गर्नु, प्रदूषण नियन्त्रणको अनुगमन प्रभावकारी बनाउनु, सडक सुरक्षा लगायत नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउनु, वैज्ञानिक भाडा दरको व्यवस्था गर्नु र सवारी साधनहरूको अनुगमन गर्नु, सडक तथा पुल निर्माणको कानूनी प्रकृयालाई प्रभावकारी बनाउनु, योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुताविक सडक सञ्जाल विस्तार तथा स्तरोन्नति गर्न ठूलो आकारको बजेट आवश्यक पर्नु, सडक निर्माणको गुणस्तरीयताको मापदण्ड तयार पारी लागू गर्न यस क्षेत्रका चुनौती हुन् ।

**६.२.३ संभावना तथा अवसर**

स्थानीय सरकारले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकता राख्नु, यातायात पूर्वाधार निर्माणमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको चासो थप बढ्दै जानु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु, यातायात क्षेत्रमा विद्युतीय सवारी साधनको चर्चा सुरु हुनु, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, सार्वजनिक यातायातको आवश्यकता थप महसुस हुदै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात ब्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुदै जानु, शहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात ब्यवस्थापनका अवसरहरू हुन् । यस योजना अबधिमा पालिकाको प्रमुख व्यापारिक केन्द्र हेकुली, पोटली, बालापरु र अन्य ग्रामीण क्षेत्र बिच यातायात सञ्जालको सुधार र आबद्धताले बहुसङ्ख्यक किसान र तिनका कृषि उपजहरुको विस्तार हुने अपेक्षा रहेको छ भने ट्राफिक युनिटहरू स्थापना गरी सडक यातायातलाई व्यवस्थित बनाउन सकिने छ ।

**६.२.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना**

**लक्ष्य /असर**

- दिगो सडक संजालको विस्तार गरी आर्थिक तथा सामाजिक अवसरहरुमा दंगीशरणवासीको पहुचँ वृद्धि गर्ने ।
- सडक सञ्जालको विस्तार गरी यातायात प्रणालीको दिगो तथा वैज्ञानिक ब्यवस्थापन गर्ने ।

## उद्देश्य/प्रतिफल

- सडक तथा पुल लगायतका पुर्वाधारलाई दिगो, भरपर्दो तथा गुणस्तरीय बनाउने
- स्थानीय सडक निर्माण गर्दा वातावरणीय सन्तुलनमा ध्यान दिने
- स्थानीय सडक निर्माण गर्दा निश्चित प्रतिशत सडकहरू निर्माणमा बायो इन्जिनियरिङ प्रविधि अवलम्बन गर्ने
- गाउँपालिकामा माग भए बमोजिमको यातायात सेवा प्रदान गर्न सार्वजनिक यातायातलाई भरपर्दो र सुविधा सम्पन्न बनाउन आवश्यकता अनुसार नयाँ रुट निर्माण, निजी क्षेत्रसँग साझेदारी साथै आवश्यक परे गाउँपालिकाले समेत लगानी गर्ने ।

**प्रतिफल ३.१ (सडक, पुल तथा यातायात सँग सम्बन्धित रणनीति )**

- गुणस्तरीय तथा हरित सडक विकासका लागि नीतिगत व्यवस्था गर्ने,
- ऐतिहासिक, प्राकृतिक, जातिय तथा सांस्कृतिक पहिचान युक्त पूर्वाधार निर्माणको नीतिगत व्यवस्था गर्ने,
- नगर यातायातको सञ्जालको विकास, संरचना र व्यवस्थापनमा सुधार गर्ने,
- मुख्य सडकहरूमा सडक संकेत र माइलस्टोनहरूको व्यवस्था गर्ने
- रुटमा चल्ने सवारी साधनहरूको प्रकार (जस्तै बस, मिनीबस, जीप आदि) अनुसारका रुटहरू तय गर्न यातायात व्यवसायीहरू तथा निजी क्षेत्रसँग अन्तर्क्रिया गर्ने

## निर्दिष्ट कार्यनीति

**प्रतिफल ३.१ (सडक, पुल तथा यातायात सँग सम्बन्धित)**

| कार्यनीति | मूख्य कार्यक्रम |
|---|---|
| नगर यातायातको सञ्जालको विकास, संरचना र व्यवस्थापनमा सुधार गर्ने | दंगीशरण एकीकृत पूर्वाधार विकास कार्यक्रम |
| न्यूनतम पूर्वाधार जस्तै सडक, विजुली, खानेपानी, संचार, जस्ता पूर्वाधार निर्माण गर्दा निश्चित मापदण्डको आधारमा मात्र संरचनाहरु निर्माण गर्ने परिपाटी बसालिनेछ । | |
| गाउँपालिकाको विशिष्ट पहिचान दिने अस्तित्वको पहिचान एंव सांकेतिक समृद्धि झल्किने खालका योजनाहरु निर्माणमा प्राथमिकता दिइनेछ । | |
| योजनावद्ध विकासमा निर्द्धिष्ट गरे अनुसार प्राथमिकताका आधारमा भौतिक पूर्वाधारमा लगानी  गरिनेछ । | |

| | |
|---|---|
| सडक पूर्वाधारलाई पर्यटन विकासको मेरुदण्डको रुपमा विकास गर्ने नीति लिईने छ । | |
| सडक गुरु योजना (MTMP) अनुसार सडकहरुको निर्माण र स्तरीकरण गरिनेछ । | |
| स्थानीय नदीहरुमा तटबन्धन निमार्ण गरी ट्रेकिङ रुट सहितको हरित सडक निर्माण कार्यलाई प्राथमिकता दिईने छ । | |
| उपभोक्ता समिति र ठेक्केदारलाई कामको गुणस्तरताका आधारमा प्रोत्साहन तथा दण्डित गर्न नीतिगत व्यवस्था गरिने छ । | |
| गाउँपालिकाको क्षेत्र भित्रका साविकमा नेपाल सरकारका बिभिन्न निकायहरुबाट मापदण्ड नतोकिएका सडकहरुको सडक अधिकार क्षेत्र (**राईट अप वे** ) तोकिने छ । सबै वडाहरुमा **'एक वडा, एक रणनीतिक सडक'** छनौट गरि मर्मत संभार र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईने छ । | |
| पालिकाको सबै वडा केन्द्रसम्म पक्की सडक निर्माण गर्न प्रदेश सरकार र संघीय सरकार सँग सहकार्य गरिनेछ । | |
| शवदाहस्थल तथा चिहान क्षेत्र सम्म जाने सडकको स्तरोन्नति गर्ने । | |
| एक भन्दा वढी वडा समेट्ने गरि निमार्ण भएका महत्वपूर्ण सडकहरुलाई क्रमश स्तरोन्नती गर्नका लागि संघिय तथा प्रदेश सरकारसँगको सहकार्यमा निर्माण गर्ने कार्य अगाडी बढाउन आवश्यक पर्ने डि.पि.आर (Detailed Project Report) तयार गर्ने कार्यलाई प्राथमिकता दिईने छ । | सडक र संरचनाहरुलाई व्यवसायिक सिद्धान्त अपनाई सञ्चालन र व्यवस्थापन गर्ने |
| सडक संरचना मर्मत सम्भारको निम्ति निश्चित बजेट नगरले नै छुट्याई वा प्रयोगकर्ताबाट नै निर्धारित शुल्क उठाई संरचनाहरुको (डिजाइन) कार्य क्षमता बनाइ राख्ने बिधिमा आधारित सक्रिय मर्मत सम्भार व्यवस्था ( पर्फमेन्स बेस्ड मेन्टेनेन्स) मिलाइनेछ र सो को लागि आवश्यक सहकार्य गरिनेछ । | |

| | |
|---|---|
| दिगो तथा वातावरण मैत्री सवारी साधनको प्रयोगका लागि नीतिगत व्यवस्था गरिनेछ । | |
| दंगीशरण गाउँपालिकाको सबै बस्तीलाई समेट्ने गरी चक्रपथ निमार्णको सम्भाव्यता अध्ययन गरी प्रदेश तथा संघीय सरकारको सहयोगमा कार्य प्रारम्भ गरिनेछ । | |
| विद्युतिय सवारी साधन प्रवर्द्धन गरिनेछ र ठाउँठाउँमा चार्जिङ्ग स्टेशनको स्थापना र सञ्चालन गरिनेछ । | |
| सडकको जोखिम क्षेत्रहरू तथा सडकको अवस्था बारे डिजिटल डिस्प्लेको व्यवस्था गर्ने । | |
| रुट सुरु हुने र अन्त्य हुने स्थानहरूमा बस टर्मिनलहरू तथा सूचना कक्षहको निर्माण गर्ने । | |
| कृषि सडकहरूको पहिचान गरी स्तरोन्नती र विस्तार गरी नगरपालिका सडक सञ्जालसँग आवद्ध कृषि सडक सञ्जाल निर्माण गर्ने । | |
| उपभोक्ता समितिहरुलाई योजना सम्पन्न गर्न अपनाउनु पर्ने विधि प्रकृया लगायतका सम्पूर्ण विषयमा जानकारी हुने गरी प्रारम्भमै तालिम दिने व्यवस्था मिलाइनेछ । | |

### ६.२.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

गाउँपालिकाको सवै वडाका वस्तीहरुमा सडक सञ्जाल पुगेको हुनेछ । सडक संरचनाहरूको मर्मत सम्भार तथा पुनर्निर्माण र पुलहरू मर्मत सम्भार भएको हुनेछ । स्थानीय सडकहरूको आवश्यकता अनुसार मर्मत तथा सुधार गरी आवागमनमा सहज भएको हुने, स्थानीय नयाँ सडक तथा पुल पहिचान तथा प्राथमिकीकरण गर्दै वातावरणमैत्री सडकहरुका निर्माण भएको हुने छ । यातायात क्षेत्रको व्यवस्थापनबाट यात्रुले सहज, सरल र भरपर्दो सेवा पाएका हुने, दुर्घटना न्यूनीकरण हुने, यातायातमा सिण्डीकेट प्रणालीको अन्त्य भएको हुने, र सडक सुरक्षामा बृद्धि भएको हुनेछ ।

## ६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा

### ६.३.१ पृष्ठभूमी

प्रदेशमा दिगो र भरपर्दो विद्युत्को पहुँच सबै नागरिकमा पुगि नसकेको र प्रदेश सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जलविद्युत् विकास र व्यवस्थापनमा लुम्बिनी प्रदेश

सरकारको महत्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । प्रकाश उर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रुपमा विद्युत उर्जालाई लिने गरिन्छ । यसका अलावा पनि प्रकाश उर्जाका अन्य विभिन्न स्वरुपहरु हुने गर्दछन् । दंगीशरण गाउँपालिकाको प्रकाश उर्जालाई प्रमुख मानेर गरिएको सर्वेक्षणमा यस क्षेत्रका ९४ प्रतिशत घरहरुमा मात्र विद्युत पुगेको छ । हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न नवीकरणीय क्षेत्रको तीव्र विकास हुनु आवश्यक छ । राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका ग्रामीण बस्तीहरूमा सेवा पुऱ्याउन, शहरी क्षेत्रमा बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम्आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनु जरुरी छ । विविध कारणवश केही घरधुरीमा मात्र विद्युत लाइनको विस्तार गर्न नसकिएको र वैकल्पिक तथा अन्य उर्जाको विकास सहज रुपमा नभैरहेको संदर्भमा, त्यसैमा केन्द्रित रहेर यस योजनाको तर्जूमा गरिएको छ ।

### ६.३.२ समस्या तथा चुनौती

**समस्या**

विद्युत् उत्पादन र अनुमति प्रदान गर्ने सम्पूर्ण अधिकार संघ सरकारमा निहीत रहनु, सर्वेक्षण अनुमति देखि विद्युत्खरिद सम्भौता गर्दा सम्मका कार्य प्रक्रिया, जग्गा ब्यवस्थापन र वातावरणीय अध्ययन कार्य भन्भटिला र केन्द्रीकृत हुनु, विद्युत् वितरण प्रणालीको गुणस्तर खाना पकाउन तथा उद्योग संचालन गर्नलाई समेत मिल्ने गरी विस्तार हुननसक्नु, विद्युतीय सवारी साधन प्रबर्द्धनगर्न आवश्यक चार्जिङ्ग स्टेसनहरूको निर्माण नहुनु, गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास हुन नसक्नु, वैकल्पिक ऊर्जाको श्रोत भएको ठाउँ भए पनि प्रयोगमा खासै नआएको, सडकबत्तिहरुको अभाव, उर्जा सुरक्षामा वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विस्तारको लागि सहुलियत ऋण, जोखिम ब्यवस्थापन र बीमाको व्यवस्था नहुनु, वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्रको लगानी अपेक्षाकृत रुपमा आकर्षित हुन नसक्नु, स्थानीय तहमा वैकल्पिक ऊर्जाको प्रवर्द्धन, विकास र ब्यवस्थापन दक्षता उपलब्ध नहुनु आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।

**चुनौती**

उपलब्ध साधनस्रोत तथा प्रविधिलाई आकर्षित गर्दै आयोजनाहरू बनाएर स्थानीय तहको राजस्वमा वृद्धि गर्दै दिगो अर्थतन्त्रको आधारशीला तयार गर्नु, उच्च गुणस्तरका प्रसारण लाइन विस्तार गर्नु, इन्धन प्रयोगको ढाँचामा परिवर्तन गर्दै एलपी ग्यास र पेट्रोलियम पदार्थलाई विद्युत्ले प्रतिस्थापन गरी इन्धन आयात घटाउने र विद्युत्को आन्तरिक खपत बढाउनु, बत्ती बाल्नको लागि निर्माण गरिएका पुराना वितरण प्रणालीलाई खाना पकाउन, विद्युतीय सवारी साधन चलाउन र उद्योगमा खपत गर्न पनि उपयुक्त हुने गरी स्तरोन्नति गर्नु, विद्युतीय सवारी साधनको लागि चार्जिङ्ग केन्द्रहरूको विस्तार गर्नु, राष्ट्रिय प्रसारण लाइन नपुगेका क्षेत्रमा नवीकरणीय उर्जामार्फत्आधुनिक उर्जामा पहुँच स्थापित गर्नु, खानेपानी र सिंचाई आयोजनाहरूमा पानी तान्न सौर्य उर्जाको प्रयोग वृद्धि गर्नु, ग्रामीण क्षेत्रका लघु जल तथा सौर्य विद्युत् आयोजनाबाट खेर गैरहेको विद्युत् प्रसारण लाइनमा प्रबाह गरी आयवृद्धि गर्नु,

खाना पकाउन स्वच्छ ऊर्जाको व्यवस्थापन गर्नु, घरायसी इन्धनको रूपमा अझै पनि मानव स्वास्थ्यमा प्रतिकूल हुने तथा वनजंगल विनासको कारक तत्वको रूपमा रहेको काठदाउराको प्रयोग उच्च रहेको र यसको बिस्थापन गरी वैकल्पिक ऊर्जा बढाउन थप चुनौती रहेको छ । सहुलियत कर्जाको व्यवस्था गर्नु, सौर्य तथा वायु उर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

**६.३.३ संभावना तथा अवसर**

जलविद्युत् विकासको लागि चाहिने सडक, प्रसारण लाइन तथा सब स्टेसन जस्ता भौतिक पूर्वाधारहरू निर्माणलाई संघ तथा प्रदेश सरकार दुबैले प्राथमिकतामा राख्नु, अन्तरदेशीय प्रसारण लाइनहरूको निर्माण र विद्युत्निर्यात गर्ने समझदारी हुनु, विद्युतीय सवारी साधन तथा चुल्हो प्रयोगलाई प्रोत्साहन गर्दै लैजाने नीति लिनु, नवीकरणीय ऊर्जाका प्रविधिहरू द्रुत गतिमा सस्तो हुँदै जानु, स्वच्छ उर्जाको विकास र प्रयोगमा लहर आउनु, नवीकरणीय ऊर्जा विकासलाई प्राथमिकतामा राख्नु दक्ष जनशक्ति विकास हुँदै जानु, छोटो समयमा नै ठूलो मात्राको सौर्य उर्जा उत्पादन गर्न सकिने अवस्था रहनु, सौर्य तथा वायु उर्जा उत्पादनको सम्भावना भएको क्षेत्र हुनु, सौर्य, वायु तथा जैविक ऊर्जा प्रतिको आकर्षण बढ्दै जानु, नवीकरणीय ऊर्जा क्षेत्रमा निजीक्षेत्रको सहभागिता बढ्दैजानु, नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रको सहभागिता बढ्दैजानु, नवीकरणीय ऊर्जाका प्रविधि तथा कार्यक्रमहरूलाई कार्बन परियोजनाको रुपमा विकासगर्दै लैजान सकिने अवस्था रहनु आदि नवीकरणीय उर्जा क्षेत्रका अवसरहरू हुन् । पशुपालनमा निकै अग्रसर क्षेत्र भएकोले वैकल्पिक ऊर्जा लाई प्रोत्साहन गर्न व्यवसायिक रुपमा अनुदान दिन सकिने, सामुदायिक गोबर ग्याँसको राम्रो सम्भावना रहेको छ ।

**६.३.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यकम तथा आयोजना**

**लक्ष्य /असर**

- वैकल्पिक ऊर्जाको विकास र प्रर्वद्धन गर्दै गुणस्तरीय विद्युत सेवा सुनिश्चित गर्ने ।
- उर्जाका उत्पादन, प्रयोग क्षमता र दक्षता बृद्धिगरी स्थानीय आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउने ।

**उद्देश्य/प्रतिफल**

- नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास र ब्यवस्थापन गर्दै दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु ।
- वैकल्पिक उर्जाको विकास र सत प्रतिशत विद्युतीय पहुँच सगैं कृषि तथा औद्योगिक अभ्यासहरुलाई प्रविधिमैत्री तथा मितव्ययि बनाउने ।
- ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु

**प्रतिफल ३.३ सँग सम्बन्धित (विद्यूत र वैकल्पिक उर्जा रणनीति )**

- पूर्वाधार विकासमा नीजि तथा सहकारी क्षेत्रको सहकार्य अभिबृद्धि गर्ने,
- गाउँपालिका लाई बैकल्पिक उर्जा (विशेष गरी सौर्य उर्जा)को केन्द्रको रुपमा विकास गर्ने,

- वैकल्पिक उर्जा उत्पादनको सम्भाव्यता हेरी निजी क्षेत्रलाई आर्कषण गर्ने नीति अवलम्बन गर्ने,
- विद्युत् प्रसारण लाइन सुधार गर्न विद्युत प्राधिकरणसँग समन्वय गर्ने,
- माग अनुसार आवश्यक voltage परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गर्ने,
- प्राविधिक र आर्थिकरुपमा आकर्षक आयोजना निर्माणगरी स्थानीय अर्थतन्त्रलाई मजबुत तथा दिगो बनाउने ।

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ३.३ सँग सम्बन्धित (विद्यूत र वैकल्पिक उर्जा)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| सम्भाव्यता अध्ययन मार्फत दंगीशरण लाई सौर्य उर्जाको केन्द्रको रुपमा विकास गरिने छ । | विद्युतिय तथा वैकल्पिक उर्जा विकास, प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम |
| नविकरणीय उर्जाको प्रयोगमा बृद्धी गर्ने नीति अवलम्वन गरिने छ । | |
| केन्द्रीय विद्युत लाईन विस्तार लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ । | |
| गाउँपालिकाको कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, आदि लगायत सार्वजनिक कार्यालयमा सौर्य उर्जा जडान गर्ने । | |
| विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | |
| वैकल्पिक उर्जालाई फोहोरमैला व्यवस्थापन प्रणालीसंग आवद्ध गरिने छ । | |
| गाउँपालिकाले परम्परागत उर्जामा निर्भर परिवारलाई अनुदान सहितको बैकल्पिक उर्जाको प्रयोगमा प्रात्साहन गर्नेछ  र प्रत्येक घरमा सौर्य चुलोको जडान गर्ने । | |
| विद्युत् चुहावट रोक्न र विद्युत् सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर तथा स्मार्ट ग्रिड र अनलाइन सिस्टमबाट बिल भुक्तानीको विकास गर्दै लगिनेछ । | |
| पालिका क्षेत्रको विद्युतीय तथा अन्य केवल तारको वैज्ञानिक व्यवस्थापनका लागि अण्डरग्राउण्ड गरिने छ । | |

#### ६.३.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

यस योजनाको अन्त सम्ममा उच्च क्षमताका प्रसारण लाईन तथा सब-स्टेशन संजालहरू निर्माण भएको हुने, विद्युत्चुहावट रोक्न र विद्युत्सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर, स्मार्ट ग्रिड गर्ने कार्य अगाडि बढेको हुने, विद्युत्उत्पादन, जडान गर्न र मर्मत सम्भार गर्न तालिमप्राप्त दक्ष जनशक्ति वृद्धि भएको हुनेछ । उर्जाको पहुँच नभएका क्षेत्रमा उत्तम नवीकरणीय ऊर्जाको स्रोतबाट शतप्रतिशत विद्युतीकरण भएको हुने, खान पकाउन सौर्य तथा विद्युत्को प्रयोग वृद्धि भएको हुने, सुधारिएको चुलोको प्रयोग उल्लेखनीय रुपमा वृद्धि भएको हुने, वायो डिजेल उत्पादन गरिएको हुनेछ ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमी

नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवं सूचनाका हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । आर्थिक विकासको संवाहक एवं उत्प्रेरकको रुपमा रहेको सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यवसायिक, सक्षम र सवल बनाउने दायित्व र जिम्मेवारकि साथ अगाडि बढ्नु पर्ने खाँचो छ । दिगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा उल्लेख्य वृद्धि गर्ने उल्लेख गरेको छ । सूचना तथा सञ्चारसँग सम्बन्धित विश्वव्यापी विकास एवम् उपलब्धि अनुरुप सेवा पुऱ्याउँदै आर्थिक विकासका समग्रपक्षमा सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग बढाउन सञ्चार र सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी सुशासन कायम गर्नु र सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा विकास गर्नु आजको आवस्यकता हो । समग्र दंगीशरण गापामा सञ्चार तथा सूचना प्रविधि पूर्वाधारको विकास त्यति हुन नसकेको परिप्रेक्ष्यमा यस नपालाई सूचना प्रविधी सञ्जालमा आवद्धगरी सञ्चार र सूचनाको माध्यमबाट स्थानीय उत्पादन र रोजगारी तथा जीवनयापनमा योगदान गर्न सकिन्छ ।

स्थानीय स्तरमा कृषि तथा औद्योगिक क्षेत्रमा रहेको न्यून उत्पादन तथा उत्पादकत्वलाई विज्ञान तथा प्रविधिको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्व हाँसिलगर्न अधिकतम प्रयोगगर्नु जरुरी छ । स्थानीय तहमा विज्ञान तथा प्रविधि सम्बन्धी नयाँ नीति र कार्यक्रम तय गरी उत्पादन प्रणालीलाई उच्च उत्पादन र उत्पादकत्व जोड्न आवश्यक देखिन्छ ।

यस गाउँपालिका सञ्चार र प्रविधि क्षेत्रबाट पछाडि रहेको छ र गाउँपालिकामा इन्टरनेट सेवा पनि ज्यादै कम मात्रामा पहुँच रहेको छ भने हालसम्म यस पालिका क्षेत्रबाट दैनिक पत्रिका, साप्ताहिक पत्रिका जस्ता पत्रिका प्रकाशन भएको छैन । आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस गाउँपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता  रहेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

**समस्या**

विभिन्न विषयगत क्षेत्रहरुमा सूचना केन्द्रको व्यवस्था नभएको, विद्यालयहरुमा विद्यार्थीका लागि कम्प्युटर तथा इन्टरनेटको व्यवस्था पर्याप्त नभएको, कमजोर संचार प्रविधि, NTC, NCELL का टावरहरु अपर्याप्त, अव्यवस्थित संचारको पोलहरु तथा तारहरु हुनु यस क्षेत्रका समस्या हुन् । त्यस्तै स्थानीय तह

शासकीय स्वरुपको नयाँ संरचना भएकाले सूचना तथा संचार सम्बन्धी पर्याप्त नीतिगत र कानुनी व्यवस्था नहुनु, विद्यमान सञ्चार तथा सूचना प्रविधि सम्बन्धि तथ्याङ्कको अभाव हुनु, भौगोलिक विकटताका कारण सबै स्थानीय तहसम्म इन्टरनेट सेवा र अन्य सञ्चारका माध्यमको उपलब्धता नहुनु, सञ्चार र सूचना प्रविधि सम्वन्धि स्थानीय स्तरमा दक्ष जनशक्तिको अभाव हुनु, स्थानीय विज्ञापन एजेन्सीलाई सशक्त र सक्षम बनाउन नसक्नु, र प्रकाशन गृहको क्षमता प्रभावकारी नहुनु आदि यस क्षेत्रका मुख्य समस्याका रुपमा रहेका छन्।

विज्ञान प्रविधि सम्बन्धी विषय यस दंगीशरण गाउँपालिकाको कार्यादेश भित्र नपर्नु, विज्ञान तथा प्रविधि सम्बन्धी स्थानिय सरकारमा संस्थागत संरचना नहुनु, सेवा प्रवाहमा विज्ञान र प्रविधिलाई आवद्ध गर्न नसक्नु, विज्ञान प्रविधिको क्षेत्रमा अत्यन्त न्यून लगानी, प्राविधिक जनशक्तिको न्यूनता र भएको पनि उचित परिचालन र उपयोग हुन नसक्नु, वैज्ञानिक अनुसन्धान केन्द्रहरुमा अनुसन्धानकर्ताहरुको अभाव, मा.वि तथा उच्च मा.वि हरुमा अनुसन्धानका क्षेत्रमा लगानी न्यून रहनु जस्ता समस्या रहेका छन् ।

## चुनौती

विज्ञान तथा प्रविधि क्षेत्रमा निरन्तर र दिगो लगानी, शिक्षामा विज्ञान तथा प्रविधि भित्राउनु, सेवा प्रवाहलाई प्रविधि अनुकुल बनाउनु, रेडियोधर्मी पदार्थको मानव स्वास्थ्यमा अहित नहुने गरी प्रयोगमा ल्याउनु, स्थानिय तहमा विज्ञान र प्रविधिको सन्तुलित विकास गर्न आवश्यक संरचना र कानुनी व्यवस्था मिलाउनु, विज्ञान शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउनु, युवा वैज्ञानिकहरुको पलायन रोकेर नगरमै काम गर्ने स्थिति बनाउनु, आवश्यक दक्ष तथा प्राविधिक जनशक्तिको पहिचान गरी आपूर्ति गर्नु जस्ता चुनौतीहरु विद्यमान छन् ।

सूचना तथा सञ्चार सम्बन्धी नीतिगत एवं कानुनी रिक्तता पूरा गर्नु, गापा भित्र सूचना तथा सञ्चार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार पार्नु, सञ्चार माध्यमहरूलाई ग्रामीण भेगसम्म विस्तार गर्नु, गापा भित्रका पर्यटकीय क्षेत्रहरूमा तार युक्त प्रविधिलाई निरुत्साहित गर्दै तार रहित प्रविधिको प्रयोगलाई बढावा दिनु, सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रदायकका रुपमा विकास गर्नु, साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयारगरी आमजनतामा यससम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, टेलिसेन्टरहरूलाई व्यवस्थित गर्नु, विज्ञापन र चलचित्र उत्पादनलाई यस क्षेत्रको पर्यटन प्रवर्द्धनसँग आवद्ध गर्दै यस सम्बन्धी संस्थाहरूलाई व्यवस्थित गर्नु, श्रमजीवी पत्रकारहरूको हकहित संरक्षण गर्नु आदि यसक्षेत्रमा चुनौतीका रुपमा रहेका छन् ।

### ६.४.३ संभावना तथा अवसर

सूचना तथा सञ्चार सम्बन्धी अधिकारलाई संविधानमा नै मौलिक हकका रुपमा लिपिबद्ध हुनु, पालिकालाई प्राप्त सूचना र सञ्चार सम्बन्धमा प्रशस्त अधिकारहरू संविधान द्वारानै संरक्षित हुनु, सञ्चार क्षेत्रको विकासका लागि स्थानीयतह सँगको सहकार्य गर्ने अवसर प्राप्त हुनु, ग्रामीण क्षेत्र सम्म सञ्चार माध्यमहरूको पहुँचमा क्रमश वृद्धि हुदै जानु, स्थानीयतहको केन्द्र सम्म इन्टरनेट सेवा पुग्नु, इन्टरनेट सेवा प्रदायकहरूको संख्या बढ्दै जाँदा गुणस्तरमा समेत प्रतिस्पर्धात्मक अवस्था सिर्जना हुदैजानु, डिजिटल साक्षरता बढ्दै जानु, एफ.एम. रेडियोको विस्तार हुनु, र बहुसंख्यक जनताको हातमा

मोवाइल सेवा पुग्नु यस क्षेत्रका अवसरहरू हुन् । त्यस्तै राज्यको खुला नीतिका कारण आम सञ्चार माध्यमहरु प्रतिस्पर्धा भई देशभरी प्रकाशन र प्रशारण विस्तार हुँदै जाँदा नागरिकले छिटो र सहज सूचना प्राप्त हुने र सरकारका कामकाजमा पारदर्शिता आउने अवस्था हुनु,सार्वजनिक निकायका काम कारवाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु, इन्टरनेटको पहुँच अझै विस्तार गर्न सकिने, WIFI free zone हरुको स्थापना गर्न सकिने, e-library को स्थापना गर्न सकिने, सुचना प्रविधिलाई सेवा प्रवाहको माध्यम वनाउन सकिने यहाँका अवसरहरु हुन् ।

### ६.४.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- गुणस्तरीय सुचना तथा सञ्चारको सत प्रतिशत पहुँच भई गाउँवासीको जिवनयापन सहज र प्रविधिमैत्री बनाउने ।

**उद्देश्य**

- पालिकाको कार्यलय तथा सामाजिक सँस्थाहरुमा सुचना केन्द्रको स्थापना सगैं शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रलाई प्रविधिमैत्री बनाउने ।
- पालिका वासीमा सुचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल बनाउने
- आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउदै नपाभरी सञ्चारको पहुँच बृद्धि गर्नु ।

**प्रतिफल ३.४ सँग सम्बन्धित (सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित रणनीति )**

- गाउँपालिकालाई प्रविधि मैत्री गाउँपालिकाको रुपमा विकास गर्ने,
- इन्टरनेट प्रदायक निजी कम्पनीहरूलाई आकर्षण गरी पूर्वाधार निर्माण गर्ने,
- गाउँपालिका वासीमा साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने
- विज्ञापन व्यवसायको प्रवर्द्धन गर्ने ।
- सूचना प्रविधिमा आधारित रोजगारीको बृद्धि गर्ने ।
- आमसञ्चार माध्यम तथा श्रमजिवी सञ्चारकर्मीहरूको दक्षता, क्षमता र व्यावसायिकता प्रवर्द्धन गर्ने ।

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ३.४ सँग सम्बन्धित (सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| सूचना प्रविधि प्रवर्द्धन तथा विस्तार गरी सेवा प्रवाहलाई विद्यूतीय प्रणालीमा आधारित तथा चुस्त बनाइनेछ । | दंगीशरण डिजिटल सिटी विकास कार्यक्रम |
| दंगीशरण गाउँपालिका डिजिटल सिटीको रुपमा विकास गरिने छ । | |

| | |
|---|---|
| सवै वडा कार्यालयमा इन्टरनेटको व्यवस्था गरिने छ । | |
| गाउँपालिका अर्न्तगतका कार्यालयलाई चूस्त र प्रभावकारी वनाउन सूचना प्रविधिको विकास गरिने छ । | |
| अनलाईन सञ्चार माध्यमलाई अभिलेखीकरण गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ । | |
| सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि प्रचार प्रसारमा जोड दिइनेछ र सो को प्रभावकारी अनुगमन गरिनेछ । | |
| पालिकाको सूचना प्रवाहका लागी एकद्धार प्रणाली अपनाईनेछ र सूचना अधिकारी मार्फत जानकारी गराई सूचना प्रदान गरिनेछ । | |
| युवा लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । | |
| दुर सञ्चार कार्यालयसंग समन्वय गरी टेलिकम टावर जडान तथा मर्मत । | |
| विपद व्यवस्थापन पूर्व सूचना प्रणालीको विकास गरिने छ । | |
| प्रविधि प्रदर्शनीको आयोजना र Apps मार्फत उन्नत कृषि प्रविधिको प्रचार प्रसार | |
| सामुदायिक एफ.एम, स्थानीय पत्रपत्रिका प्रकाशन तथा वितरणका लागि आवश्यक पहल तथा सहयोग गर्ने र निजी क्षेत्रलाई दर्ता तथा नविकरणमा विशेष आर्थिक सहुलियत दिनुका साथै FM रेडियोको स्थापना गर्ने । | |

### ६.४.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

योजनाको अन्तमा सबै वडाहरूमा सिर्जना भएका सरकारी सूचनाहरू डाटा सेन्टरमा भण्डारण भई जुनसुकै प्रकोपको अवस्थामा समेत सुरक्षित रहने व्यवस्था भएको हुने, सबै नागरिकमा इन्टरनेटको पहुँच पुगेको हुने, सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधिको पहुँच पुगेको हुने, स्थानीय स्तरमा नै सूचना प्रविधिको क्षेत्रमा दक्षता अभिवृद्धि मार्फत् रोजगार सिर्जना भएको हुने, सरकारी कार्यहरूमा कागजको न्यूनतम प्रयोग भएको हुने, संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि भएको हुनेछ ,आम नागरिकले आफ्नो र सार्वजनिक सरोकारको सूचना माग्न सक्षम भएको हुनेछ ।

प्रविधिको संरक्षण र स्तरोन्नति, कृषि, वन तथा स्वास्थ्य क्षेत्रमा विभिन्न प्रकारका एप्स (Apps) को तयारी भै प्रयोगमा आएको हुने, गापा ई- भिलेजको रुपमा विकास भएको हुने, उन्नत कृषि प्रविधिको व्यापक अनुशरण भएको हुने र विज्ञान तथा प्रविधिका क्षेत्रमा उल्लेखनीय कार्यगर्ने व्यक्तित्वलाई प्रोत्साहन गरिएको हुनेछ ।

# अध्याय सात वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

सामान्यतया यस खण्डमा वातावरण भन्नाले भौतिक वातावरण भन्ने बुझ्नुपर्दछ। हाम्रो वरपर रहेका प्राकृतिक वस्तुहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, जीवजन्तु, वनस्पति, जीवजन्तु र वनस्पतिको प्राकृतिक जीवन चक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेको भौतिक अवस्थालाई वातावरण भनिन्छ। मानिसको जीवनचक्र तथा विकासका क्रियाकलापहरू भौतिक वातावरणसँग प्रत्यक्ष सम्बन्धित हुन्छन्। भौतिक वातावरण अनुकूल हुँदा विकासले उपयुक्त गति लिन सक्छ भने भौतिक वातावरण प्रतिकूल र असन्तुलित हुँदा विकास अवरुद्ध हुन्छ। अर्कोतर्फ मानिसका क्रियाकलापहरूले प्रत्यक्ष रूपमा भौतिक वातावरणमा असन्तुलन पैदा गर्दछन्। तर दिगो विकासको अवधारणाअनुरूप वातावरणीय सन्तुलनलाई यथेष्ट ध्यान दिइ गरिने विकास निर्माणले वातावरण सन्तुलनमा सहयोग पुऱ्याउनुका साथै त्यो दिगो हुनगई वर्षौंवर्षसम्म लाभ लिन सकिने हुन्छ।

दिगो विकास लक्ष्य सन् २०३० को लक्ष्य नं. १२ मा दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने, लक्ष्य नं. १३ मा जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कार्य थाल्ने र लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने , भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने उल्लेख गरिएको छ। यी लक्ष्यहरू विश्वव्यापी रूपमा वातावरण सन्तुलनको आवश्यकतालाई टड्कारो रूपमा महशुस गरी तय गरिएका हुन्। स्थानीय स्तरका विकास योजना निर्माण गर्दा दिगो विकास लक्ष्यलाई मध्यनजर गर्नु अनिवार्य भएकोले यी लक्ष्यहरूको प्राप्तिका लागि ध्यान दिनु जरुरी छ। गाउँपालिकाको सम्पतीको रूपमा रहेका वनजंगल, जलाधार, वनस्पति र वन्यजन्तु, सुरभ्य प्राकृतिक छटा, कृषि योग्य जमिन र उपयुक्त जलवायु यहाँका वातावरणीय आयामहरू हुन्। यी प्राकृतिक सम्पदाहरू नै यस गाउँपालिकाका विकासका आधारहरू भएकोले यिनीहरूको दिगो उपयोग गरी पुस्तौंसम्म संरक्षण गर्नु नगरपालिकाको दायित्व भएकाले यस योजनाले वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी निम्न पक्षहरूलाई समेटछ।

- वन तथा भू-संरक्षण
- जलाधार व्यवस्थापन
- विपद व्यवस्थापन तथा जलवायु परिवर्तन
- वातावरण संरक्षण

विपद् भन्नाले चट्याङ्ग, असिना, भूकम्प, आगलागी, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, महामारी, युद्ध, भोकमरी, आदिबाट सृजित समाजको अस्तव्यस्त अवस्थालाई बुझिन्छ । चापाकोट नगरपालिका विभिन्न प्रकृति तथा मानव सिर्जित प्रकोपको जोखिममा रहेको छ । यी अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनमा पनि पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहेको छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्ने सम्बन्धी जस्ता कार्य आवश्यक हुन्छन् । विपत् व्यवस्थापन र

जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमी

वायुमण्डलको स्वच्छता तथा जीवजन्तुहरूको बासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकताका साथ गर्नुपर्दछ । गाउँपालिकामा दिगो वन व्यवस्थापन प्रणाली लागू हुन सकिरहेको छैन । दिगो विकास लक्ष्यको लक्ष नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ । तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ । अर्कोतर्फ यस गाउँपालिकामा वन क्षेत्रबाहेक झाडी बुट्यान क्षेत्र र खेर गइरहेका जमिन पनि केही मात्रामा रहेकोले उक्त जमिनमा व्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी वनलाई आयआर्जन सँग जोड्न सकिन्छ । त्यसैगरी तराईको समथर क्षेत्र भएकाले अधिकांश क्षेत्रमा वर्षातको समयमा निरन्तर नदी कटान हुने र विभिन्न वडाहरु डुबानमा परी सडक अवरुद्ध हुनुका साथै धनजनको क्षति हुने हुनाले भू-संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरुमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ । यस दंगीशरण गाउँपालिकामा कुल क्षेत्रफल ११०.७ वर्ग कि.मि मध्ये ४९.७१ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ ।

### ७.१.२ समस्या तथा चुनौती

ताल तलैया झरनाहरुको पहिचान र नक्शांकन गर्न नसक्नु, सार्वजनिक जग्गाको उचित व्यवस्थापनमा चुनौती हुनु, पानी मुहान संरक्षण ,पोखरीको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन गर्न नसक्नु, आगलागी, चोरीनिकासी तथा चरीचरण नियन्त्रण हुन नसक्नु, नदि नियन्त्रण, पहिरो नियन्त्रण, गल्छि रोकथाम हुन नसक्नु, खोलाहरुको किनार संरक्षण, सामुदायिक वनको आयश्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेही बनाउन नसक्नु, वन जंगल क्षेत्रमा बर्षेनी हुने आगलागी नियन्त्रण्न गर्न नसक्नु, सडक किनारमा नालाको व्यवस्थापन,सार्वजनिक जग्गा वृक्षारोपण,नदि उकास गरि जमिनलाई उपयोगमा ल्याउन र जलाधार क्षेत्रको उचित संरक्षण गर्न नसक्नु, भूक्षय तथा खाली जमिनमा वृक्षारोपण नहुनु, नदी किनार तटवन्धन हुन नसक्नु **वन तथा जैविक विविधता** क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन् ।

### ७.१ं.३ संभावना तथा अवसर

- सामुदायिक वन कार्यक्रमलाई आय आर्जन तथा गरीबी निवारणमा जोड्न सकिने
- गाउँपालिकामा रहेका सामुदायिक वनहरूलाई थप विकसित र सबल बनाउन सकिने
- खाली रहेका सार्वजनिक जग्गा, ऐलानी जग्गाहरूलाई वनको रूपमा विस्तार गर्न सकिने

- जडिबुटीको व्यावसायिक उत्पादन र प्रशोधन गर्न सकिने
- वैज्ञानिक भू-उपयोग योजना तथा भू-संरक्षण कार्यक्रम लागू गर्न सकिने
- बृक्षारोपण, बृक्षसुधार तथा निजीवन प्रर्वद्धन कार्यक्रम सन्चालन गरि **"हरियो वन दंगीशरण गाउँपालिकाको धन"** भन्ने नाराका साथ कार्यक्रम तथा कार्ययोजना बनाउने नीति अवलम्वन गर्न सकिने

### ७.१.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यकम तथा आयोजना

**लक्ष्य /असर**

- गाउँपालिका लाई वातावरण सन्तुलित हरित क्षेत्रको रूपमा विकास गर्ने ।

**उद्देश्य /प्रतिफल**

- वन क्षेत्रको दिगो व्यवस्थापन गरी गाउँपालिकाको आर्थिक श्रोतको प्रमुख आधार बनाउनु

वनको दिगो विकास सुनिश्चित गर्नु

**वन, वातावरण तथा विपद व्यवस्थापन अन्तर्गतका रणनीतिहरु**

**प्रतिफल ४.१ सँग सम्बन्धित (वन/हरियाली तथा जैविक विविधता रणनीति )**

- वन पैदावरमा आत्मनिर्भरता हासिल गर्दै त्यसमा आधारित उद्यमशिलता र रोजगारी बृद्धि गर्ने,
- उत्पादनमुखी व्यवस्थापनका माध्यमबाट नगरपालिकाको आर्थिक समृद्धिको दीगो स्रोतका रुपमा वन क्षेत्रको विकास गर्ने
- पानीका मूल सुकाउने प्रजातिका विरुवाहरूको पहिचान गरी तिनीहरूलाई उत्पादनशील फलफूल तथा पानीका मुहान संरक्षणमा सहायक बोट बिरुवाले प्रतिस्थापन गर्दै जाने
- राष्ट्रिय नीति र कानून बमोजिम संरक्षित वनस्पति र वन्यजन्तुको उत्पादन वा सिधै निकासी वा ओसारपसार नियन्त्रण गर्न स्थानीय समुदायसँग सहकार्य गरी स्थानीय संयन्त्र निर्माण गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ४.१ सँग सम्बन्धित (वन/हरियाली तथा जैविक विविधता)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| पालिक क्षेत्रको वन, जैविक विविधता तथा प्राकृतिक स्रोतहरुको व्यवस्थापन गर्न आवश्यक नीति, मापदण्ड तयार गरिने छ, | सहभागितामुलक वन तथा जैविक विविधता संरक्षण कार्यक्रम |
| गाउँपालिका क्षेत्रभित्र पर्ने सामुदायिक वनलाई पर्यापर्यटन केन्द्रका रुपमा विकास गरिने छ । | |
| प्रदेश सरकारसँगको सहकार्यमा वन तथा जैविक विविधता अध्ययन, सर्वेक्षण तथा अनुसन्धान केन्द्र, सग्राहलय, तथा उद्यान स्थापनाका लागि आवश्यक तयारी गरिने छ, | |

| | |
|---|---|
| समुदायमा आधारित वन व्यवस्थापन प्रणाली मार्फत वन तथा पारिस्थतिकीय प्रणालीको संरक्षण गरिनेछ । | |
| प्रत्येक वनजंगल क्षेत्रलाई लक्षित गरी कम्तीमा **“एक वन एक नर्सरी”** को स्थापना गर्न संम्भाव्यता अध्ययन गर्ने | |
| स्थानीय **“वन ऐन”** जारी गरी वनको प्रभावकारी संरक्षण गर्ने | |
| गाउँपालिका क्षेत्रका विशेष संरक्षण क्षेत्र छुट्याई महत्वपूर्ण पारिस्थतिकीय प्रणालीको संरक्षण गरिनेछ । | पर्यटन उन्मुख वन संपदा प्रवर्द्धन कार्यक्रम |
| गैर काष्ठ वन पैदावरको खेती विस्तार तथा वजारीकरण गरिने छ । | |
| गाउँपालिका लाई पुष्पजन्य वनस्पतीको केन्द्र बनाईने छ । | |
| वन्यजन्तुबाट मानव वस्ती र खेतीपातीमा हुने आक्रमण र मानवबाट वन्यजन्तुको वासस्थानमा हुने अतिक्रमण कम गर्न | |
| वन्य जन्तु पालन, प्रजनन् तथा व्यवसायिकरण गर्न नीतिगत व्यवस्था गरिने छ । | |
| वन क्षेत्रमा हुने आगलागी तथा अतिक्रमणलाई रोक्न आवश्यक प्राविधिक क्षमताको व्यवस्था गरिने छ । | |
| वन व्यवस्थापन र संरक्षण क्षमता अभिवृद्धि तालिम संचालन गर्ने | |
| वन क्षेत्र कम भएका वडाहरुमा कृषि वनको विकासमा जोड दिईने छ । | |
| काठजन्य वस्तुको उत्पादन, प्रशोधन उपभोगमा विविधिकरण र प्रविधि विकास गरी नयाँ रोजगारी तथा उत्पादनका क्षेत्र सिर्जना गर्ने, | |

### ७.१.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

दिगो वन व्यवस्थापन सुनिश्चित हुनेछ । जैविक विविधताको संरक्षण भएको हुनेछ । भू संरक्षणका नमुना क्षेत्रहरुको संख्यामा उल्लेख्य वृद्धि हुनेछ । हरित क्षेत्र विस्तार हुनुका साथै गाउँपालिकामा रहेका जैविक विविधता क्षेत्रको नक्साङ्कन भएको हुनेछ ।

## ७.२ भू संरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमी

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ । यस दंगीशरण गाँउपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ । गाउँपालिकामा पातु खोला, कलङ, अम्बापुर, हेकुली, काला खोला, तिल कन्या, तुई खोला लगायतका थप्रै खोला नालाहरु रहेका छन् भने गाउँपालिकामा बनहरिया,

सुजनियाँ, बुट्टीपुर ताल र अन्य पोखरीहरू जलाधार क्षेत्रका रुपमा रहेका छन् । तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ । समृद्धिका आधारहरु मध्ये जलस्रोत पनि एक हो । तसर्थ यस गाँउपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र गाँउपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ ।

अर्कोतर्फ यस गाउँपालिकामा वन क्षेत्रबाहेक झाडी बुट्यान क्षेत्र र खेर गइरहेका जमिन पनि केही मात्रामा रहेकोले उक्त जमिनमा ब्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी वनलाई आयआर्जन सँग जोड्न सकिन्छ । त्यसैगरी तराईको समथर क्षेत्र भएकाले अधिकांश क्षेत्रमा वर्षातको समयमा निरन्तर नदी कटान हुने र विभिन्न वडाहरु डुबानमा परी सडक अवरुद्ध हुनुका साथै धनजनको क्षति हुने हुनाले भू-संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरुमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ ।

### ७.२.२ समस्या तथा चुनौती

- जलसम्पदा खेर गइरहेको
- आमजनमानसमा जलाधार क्षेत्र संरक्षणको महत्व बुझाउन नसकिएको
- जलाधार क्षेत्र वरिपरिका मानव बस्ती बाढी र डुवानको उच्च जोखिममा रहेका
- संरक्षण गर्न नसके भविष्यमा पानीका मुहानहरू सुक्न गई पिउने पानीको चरम अभाव हुन सक्ने

### ७.२.३ संभावना तथा अवसर

- सिमसार क्षेत्रहरूको पहिचान गरी तिनीहरूको संरक्षण र विकास गर्न सकिने
- पानीका मुहानहरूमा वृक्षारोपण गरी जलसम्पदाको संरक्षण गर्नुपर्ने
- खोला, नाला, पोखरी संरक्षण तथा वृक्षारोपण, तटबन्ध गरी विपत जोखीम न्यूनीकरण गर्न सकिने
- वन, जलाधार र भू-संरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्न सकिने
- वैज्ञानिक भू-उपयोग योजना तथा भू-संरक्षण कार्यक्रम लागू गर्न सकिने

### ७.२.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

गाउँपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जलसम्पदामा आत्म निर्भर बन्ने ।

**उद्देश्य / प्रतिफल**

जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने ।

**प्रतिफल ४.२ सँग सम्बन्धित (जलाधार तथा भूमि संरक्षण रणनीति)**

- एकीकृत जलाधार व्यवस्थापन मार्फत जल, जमिन, जंगलको संरक्षण गर्दै भूमिको उत्पादकत्व बृद्धि गरी त्यसमा आश्रित जनताको जिवनस्तर उकास्ने
- जलाधार व्यवस्थापन योजना निर्माण गरी भू क्षमता वर्गीकरण अनुसार भू उपयोग गर्ने
- सम्पूर्ण पानीका मुहानहरू, जलाधार क्षेत्र तथा सिमसार क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी विस्तृत प्रोफाइल तयार गर्ने
- स्थानिय तह भित्र रहेका बाँझो जग्गाहरुको एकिकृत तथ्यांक संकलन गरी सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमी बैंकको अवधारणा कार्यान्वयन गर्न सहजीकरण गरी यस्तो कार्य लाई प्रोत्साहन गनै ऋण सहुलियत तथा अनुदान लगायतका व्यवस्था गर्ने

**निर्दिष्ट कार्यनीति**

**प्रतिफल ४.२ सँग सम्बन्धित (जलाधार तथा भूमि संरक्षण)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने सार्वजनिक पोखरीहरुको चार किल्ला निर्धारण गरि तिनको संरक्षण, सम्वर्द्धन र दीगो उपयोग गरिने छ । | दंगीशरण जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम |
| गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण जलाधार क्षेत्रका तथ्याङ्क अद्यावधिक गरिने छ । साथै जलाधार क्षेत्रमा हुने अतिक्रमण हटाउन आवश्यक नीतिगत व्यवस्था गरिने । | |
| प्रत्येक वडाका उपयुक्त स्थानहरूमा जल पर्यावरणीय प्रणाली अन्तर्गत जलचर, वनस्पति र भौतिक अवयवहरूको प्रवर्धन गर्नका लागि नमूना पोखरीहरु निर्माण गर्ने । उक्त पोखरीहरुमा वर्षातको पानी संकलन गर्ने व्यवस्था गर्ने | |
| पानीको मुल सुकाउने प्रजातिका बिरुवाहरूको पहिचान गरी तिनीहरूलाई उत्पादनशील फलफुल तथा पानीका मुहान संरक्षणमा सहायक बोटबिरुवाले प्रतिस्थापन गर्दै लैजाने र जलाधार संरक्षणमा सहायक प्रजातिका बिरुवाहरूको वृक्षारोपण गर्ने | |
| पर्याप्त मात्रामा जलाधार नभएका वडाहरुलाई दृष्टिगत गर्दै आवश्यक नीतिगत व्यवस्था गरिने छ । | |
| वन तथा भू-संरक्षण कार्यक्रममा जनसहभागिता सुनिश्चित गर्ने | |
| निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया गर्ने | |

| | |
|---|---|
| जलाधार तथा सार्वजनिक भूमिलाई पर्यटकीय आकर्षणको केन्द्र वनाईने छ । | |

### ७.२.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

जलाधार प्रतिकूल जंगल प्रतिस्थापन भई जलाधार संरक्षण हुने वनस्पतियुक्त वनमा परिणत हुनेछन्, गाउँपालिकामा रहेका सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन भएको हुनेछ । जलाधार क्षेत्रहरूमा जलाधार संरक्षण विरुद्ध हुने मानवीय क्रियाकलापहरू जस्तैः वनजंगल फँडानी, निर्माण र अतिक्रमणलाई पूर्णत निषेध गरिएको हुनेछ । प्रत्येक वडामा कम्तीमा एक एक वटा वर्षातको पानी सङ्कलन गर्ने नमुना पोखरीको निर्माण भएको हुनेछ । प्रत्येक जलाधार क्षेत्रमा संरक्षण कार्यक्रमहरू लागू भई नियमित वृक्षारोपाण, तार जाली, बाँध निर्माण, पोखरी निर्माण, भू-संरक्षण तथा क्षयीकरण रोक्ने परम्परागत विधिको प्रयोग जस्ता क्रियाकलापहरू सूचारु भएका हुनेछन् ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमी

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ । वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ । वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरू निम्त्याउँछ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ । तसर्थ यस गाँउपालिकामा समग्र वातावरण संरक्षण गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ ।

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसंग प्रत्यक्ष रुपमा जोडिएको विषय हो । स्थानीय तहमा विकास निर्माणका क्रममा वातावरण प्रदूषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन्। वायु र जल प्रदूषणले मानिसमा विभिन्न रोगहरू समेत निम्त्याउने गर्दछ । वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था हुन सकेको छैन । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन गरेर मात्र सञ्चालनको अनुमति दिने जस्ता कार्य स्थानीय स्तरबाट हुन आवश्यक छ । मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनुपर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्न सकिन्छ ।

### ७.३.२ समस्या तथा चुनौती

**समस्या**

बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आयको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अब्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, जलकुम्भी, वनमासा, निलोगन्धे, मरट्ठी, माइकेनिया जस्ता बाह्य मिचाहा झारको प्रकोप लगायत मुख्य वातावरणीय समस्या रहेका छन् । प्रदूषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन नहुनु, प्रदूषकलाई नियमानुसार तिराउने व्यवस्था नहुनु, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जँगलको अतिक्रमण तथा ह्रास हुनु, विषादिको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसक्नु, बढ्दो शहरीकरण, सवारी साधनहरूको बढ्दो प्रयोग, भौतिक पूर्वाधारहरूको निर्माणमा भएको वृद्धि, वनजंगलको विनाशका कारण जमिनमाथिको वायुमण्डलको तापक्रम बढ्नु, पर्यटन, कृषि, जैविक विविधता र उर्जा लगायतका क्षेत्रहरू एवं जीविकोपार्जनमा समेत प्रतिकूल प्रभाव पर्नु, समयमै स्तरउन्नती नहुँदा तथा अनावश्यक मानवीय गतिविधि कारण पानीका श्रोतहरू सुक्ने खतरा बढ्दै जानु, जटिल भौगोलिक अवस्था अनुरुपका विभिन्न किसिमका प्रकोपहरू, संवेदनशील तथा जोखिमपूर्ण क्षेत्रमा जलवायु परिवर्तनको बढी असर हुने र दंगीशरण गाउँपालिका जोखिमपूर्ण अवस्थामा रहनु, अनुसन्धान तथा तथ्याङ्कको कमी हुनु तथा अन्तरनिकाय समन्वय नहुनु, नीति तथा कार्यक्रमहरूमा जलवायुको मुद्दा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

## चुनौती

ढल निकास तथा फोहरमैला व्यवस्थापन, वातावरणमैत्री विकास संस्थागत हुन नसक्नु, खोला सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवा, माटोको अत्यधिक र अनियन्त्रित प्रयोग, प्राकृतिक स्रोतको अधिक दोहन, शहरोन्मुख क्षेत्रमा धुलो तथा धुँवाले वायु प्रदूषण, भूक्षय, स्थानीय तहमा वातावरण संरक्षण सम्बन्धी चेतनाको अभाव हुनु, नागरिक स्तरमा वातावरण सम्बन्धी दायित्वबोध गराउनु, निश्चित क्षेत्रमा मात्र पर्यटकको अत्याधिक चाप हुनु, र विकाससँगै हरित गृह ग्याँसको उत्सर्जन कम गर्नु, विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्नु तथा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यून गरी अनुकूलन क्षमता बृद्धि गर्नु, ढठ आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पुरा गरी प्रभावकारी तुल्याउनु, संवेदनशील र कमजोर भू-बनोट भएको क्षेत्रका संरक्षण गर्नु आदि प्रमुख चुनौती रहेका छन् ।

### ७.३.३ संभावना तथा अवसर

- गाँउपालिकाका विभिन्न ठाउँमा व्यापक वृक्षारोपण गर्नुका साथै बगैंचा, पार्कहरू निर्माण गरी हरियाली प्रवर्द्धन गर्न सकिने
- गाउँपालिका भित्रका विकास निर्माणलाई वातावरणमैत्री बनाउन सकिने
- समुदायको सक्रियतामा एक वडा एक उद्यान निर्माणको कार्यलाई अभियानको रूपमा अगाडि बढाउन सकिने
- गाउँपालिकामा जैविक खेतीबाट माटोको गुणस्तर बढाउन सकिन

- कटानबाट प्रभावित क्षेत्रमा बृहत् तटबन्ध, पुलहरू, कल्भर्ट, ड्याम निर्माण गरी जोखिम न्यूनिकरण गर्न सकिने
- कृत्रिम ताल तथा पोखरीहरू निर्माण गरी पर्यावरणीय सन्तुलन कायम गर्न सकिने

### ७.३.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- स्थानीय स्तरमा वातावरण मैत्री विकास मार्फत् सफा, स्वच्छ र हरित वातावरण सहितको समृद्धि हांसिल गर्ने र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन गर्दै जलवायु परिवर्तन उत्थानशील समाज निर्माण गर्ने ।
- गाँउपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने

**उद्देश्य / प्रतिफल**

- जल, जमिन, वायू र ध्वनि प्रदुषण नियन्त्रण गर्ने ।
- सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरूलाई दिगो र वातावरणमैत्री बनाउने ।
- जलवायुपरिवर्तन अनुकुलन तथा न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

**प्रतिफल ४.३ सँग सम्बन्धित (वातावरण तथा फोहोरमैला व्यवस्थापन रणनीति )**

- एक घर एक बिरुवा, तथा एक वडा एक आयुर्वेदिक वनस्पती उद्यान कार्यक्रम लागु गर्ने ।
- स्वास्थ्य सफा तथा हरित लाई मुर्त रुप दिने,
- फोहर मैला व्यवस्थापनका सन्दर्भमा विभिन्न सूचकहरु निर्धारण गरी सरसफाईयुक्त नमुना वस्ती घोषणा गरिनेछ ।
- उत्पादनमूलक उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याँङ्कन गर्ने व्यवस्था गर्ने ।
- कार्वन उत्सर्जन कम गर्ने भूउपयोग तथा प्रविधि प्रयोग गर्ने ।
- सबै स्थानीय तहको अनुकूलन योजना निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने ।
- ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका स्थलहरूको एकीकृत संरक्षण योजना तयार गरी यस्ता क्षेत्रलाई सम्पदा क्षेत्र घोषणा गरी वातावरण अनुकूल दिगो विकास र संरक्षण गर्ने
- मरेका पशुचौपायाहरूको व्यवस्थापन गर्न वडास्तरमा स्थानहरू तोक्ने
- घरआँगन, टोल र सडक सफा राख्ने र सामुदायिक वा टोलस्तरमा नियमित सरसफाई अभियान सञ्चालन गर्ने ।
- प्रत्येक घरमा खाना पकाउन प्रयोग हुने मुख्य इन्धनमा काठ दाउरा तथा गोबर गुइँठालाई विस्थापन गर्न वैकल्पिक उर्जा जस्तै गोबरग्याँस, वायोग्याँस, सौर्य तथा वायु उर्जा, सुधारिएको चुलो आदिको व्यवस्था गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिने ।

## निर्दिष्ट कार्यनीति

**प्रतिफल ४.३ सँग सम्बन्धित ( वातावरण तथा फोहोरमैला व्यवस्थापन )**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| गाउँपालिका क्षेत्र भित्र पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी वातावरणमैत्री कार्यक्रमलाई प्राथममिकताका साथ अगाडी बढाउने व्यवस्था मिलाइने छ। | **दंगीशरण वातावरणीय स्वच्छता र सुन्दरता कार्यक्रम** |
| गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा मानवीय कारणले हुन सक्ने क्षतीलाई न्युनिकरण गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्तिको व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिईने छ। | |
| गाउँपालिकामा उत्सर्जित ठोस फोहरलाई गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारीमा व्यवसायिकीकरण गर्दै व्यवस्थापन गरिने छ। | |
| गाउँपालिका भित्र पुराना गाडीहरु सञ्चालनलाई निरुत्साहित गर्ने नीति लिइने छ भने विद्युतिय गाडी सञ्चालनमा प्राथमिकता दिईने छ। | |
| जमिनको उपयोगिताको आधारमा भु उपयोग नीति निर्माण गरिने छ। | |
| जलवायुमैत्री खेती प्रविधि कार्यक्रम सञ्चालन र जलवायु परिवर्तन सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन | |
| गैसस र अन्य संघ संस्थासँग समन्वय गरी पूर्ण सरसफाई अभियान सञ्चालन गरिने छ। | |
| प्लाष्टिकजन्य सामग्री लगायत वातावरण प्रदुषित गर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गरिनेछ। | |
| पलिका क्षेत्र भित्र भएर वग्ने पानीका स्रोतको स्वच्छता कायम राख्न आवश्यक व्यवस्था गरिने छ। | |
| गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकुल प्रविधिको प्रयोगमा जोड दिईने छ। | |
| पालिका स्तरको जलवायु नीति निर्माण गरी कायान्वयनमा ल्याईने छ। | |

| | |
|---|---|
| जलवायु अनुकुल रैथाने प्रविधिको पहिचान गरि विकास र विस्तार गरिने छ । | |
| विकास निर्माणका ठूला कार्यक्रमहरु, खानी उत्खनन्, ढुंगा, गिटी, वालुवा तथा माटो उत्खनन् आदि कार्य गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्ने | |
| जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरण र जोखिम न्यूनिकरण तथा स्थानीय अनुकुलनको उपायहरु अवलम्बन गरी जनकेन्द्रीत सेवा विकासको अवसरमा बृद्धि गरिनेछ । | |

### ७.३.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

योजनाको अन्तमा वातावरण संरक्षण सम्बन्धी नीतिगत व्यवस्था, नियमनकारी संयन्त्र तथा संरचनाको विकास भएको हुनेछ । सम्पूर्ण स्थानीय तहमा फोहर व्यवस्थापन तथा प्रशोधनका पूर्वाधार विकास भएको हुनेछ । वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ । प्राकृतिक स्रोतको पूर्ण रुपमा संरक्षण भएको हुनेछ । खाली जग्गामा वृहत् वृक्षारोपण गरी वनको क्षेत्रफलमा वृद्धि भएको हुनेछ । जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण, अनूकूलन तथा समानुकूलन भएको हुनेछ । स्थानीय तहहरूको जलवायु अनुकूलन योजना तयार तथा कार्यान्वयन भएको हुनेछ । महत्वपूर्ण सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालय निर्माण भएका हुनेछ, जलवायुमैत्री गाउँ (Climate Smart Village), हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा अनुकूलन तथा समानुकूलनका कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमी

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ। नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ। नेपालमा २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ। औद्योगिक राष्ट्रहरूले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, शहरीकरण, जनसंख्या वृद्धि, वनजंगल विनाश, रेफ्रिजेरेशन प्रविधिमा प्रयोग हुने क्लोरोफ्लोरो कार्वन (CFCs) जस्ता कारणले हरितगृह प्रभाव (Green House Effect) बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामीसामु छ। यसरी भूमण्डलीय तापक्रम वृद्धिले प्रत्यक्षरुपमा जलवायुमा प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यस तथ्यलाई मनन गरी तयार पार्नुपर्ने हुन्छ किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरू नै विकाससम्बन्धी मानवीय गतिविधिहरू हुन्। विकाससम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि अपनाउने र जलवायु परिवर्तन बिरुद्ध अभियान सञ्चालन गरी कम भन्दा कम कार्वन उत्सर्जन गर्ने र बढी भन्दा बढी कार्वन उपभोग हुने वातावरण सिर्जना गरेर जलवायु समायोजन र सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्न श्रेयस्कर हुन्छ ।

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ। नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ। नेपालमा २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ। दंगीशरण गाँउपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ। यस गाँउपालिकामा विशेषगरी बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढैंलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन् । कोभिड-१९ पछीको जीवन थप जटिल बनाएको छ । यस्ता प्रकोपहरू सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि गाँउपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नु आवश्यक हुन्छ ।

### ७.४.२ समस्या तथा चुनौती

**समस्या**

पूर्व मनसुन र मनसुनको समयमा हुने मेघगर्जन र चट्याङ्ग, मनसुनी बर्षाले नियमित रुपमा सृजना गर्ने बाढी, पहिरो, डुवानका अतिरिक्त विकासका लागि भैरहेको डोजरको जथाभावी प्रयोगले भू–क्षय भई ताल, तलैया, खेतीवारी, जलविद्युतका बाँध पुरिने तथा भौतिक पुर्वाधारमा समेतक्षति पुग्ने समस्या छन् । गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, सरसफाई तथा खानपानमा सतर्कता सम्बन्धी चेतनाको कमी, शहरी क्षेत्रमा खुला स्थलको कमी, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानमा कमी यस क्षेत्रका प्रमुख समस्या हुन्।

जलवायु परिवर्तनबाट वातावरणमा पर्न सक्ने नकरात्मक असर, पेट्रोलियम पदार्थमा हुन सक्ने मूल्यवृद्धि, माहामारी तथा उत्पन्न हुन सक्ने अन्य विपद्, गापा आर्थिक रुपले सम्वृद्ध हुँदै गर्दा, मानवीय, भौतिक तथा आर्थिक क्षति पनि प्रमुख समस्याका रुपमा रहेका छन् ।

**चुनौती**

स्थानीय स्तरमा विपद् व्यवस्थापनको महत्वपूर्ण पाटो पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था नहुनु, विपद व्यवस्थापनमा दक्ष जनशक्तिको अभाव हुनु, विपद्व्यवस्थापनको आधुनिकीकरण, प्रविधि तथा उद्धार सामग्रीको अभाव हुनु, उद्धार, राहत र पुनर्स्थापनाको लागी प्रभावकारी संयन्त्रको कमी हुनु, वर्षातको समयमा हुने नदी कटान तथा डुबानको समस्या चुनौती पूर्ण रहनु, जलवायु परिवर्तनले अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि, जलवायु परिवर्तन, हरितगृह प्रभाव, मौसम परिवर्तन आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर (पात्रो) परिवर्तन हुन थाल्नु, दुर्गम क्षेत्रमा सडक लगायतका पूर्वाधारको कमीले उद्धार कार्यमा चुनौती थपिएका छन् । बढ्दो जनसंख्या, वनजंगल जस्ता प्राकृतिक स्रोतको अत्याधिक दोहन, विकासमा नाममा उचित सर्वेक्षण नै नगरी यत्रतत्र डोजर लगाई सडकको निर्माण आदि चुनौतीको रुपमा रहेका छन् ।

### ७.४.३ संभावना तथा अवसर

नदी प्रणाली व्यवस्थित गर्ने, विपद् जोखिम न्यूनीकरणलाई स्थानीय निकायका नयाँ वन्ने नीति तथा योजनाहरूलाई मूलप्रवाहीकरण गर्ने, गाउँपालिकाले जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनिकरण तथा अनुकूलनका उपायहरु अवलम्वन गर्ने नीति अनुरुप कार्यान्वयन गर्ने सबै योजनाहरु जलवायु

परिवर्तन अनुकूलन हुने गरि निर्माण गर्ने नीति लिनु, विपद् व्यवस्थापन कोष स्थापना गर्न सकिने , स्थानीय स्तरमा तथा विद्यालयहरूमा जलवायु परिर्वतनका बारेमा अन्तरक्रिया कार्यक्रम गर्न सकिने ,नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा विपद व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्ने, खुला क्षेत्र संरक्षण गर्ने, विपद् उत्थानशील शहर तथा एकीकृत बस्ती विकास जस्ता अवसरहरू रहेका छन् ।

### ७.४.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- प्राकृतिक तथा गैर-प्राकृतिक विपद एंव जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाज र अर्थतन्त्र निर्माण गर्ने ।
- विपद् जोखिम न्यूनिकरण तथा प्रतिकार्य योजना तत्काल लागू गरी पूर्णत कार्यान्वयन गर्ने ।

**उद्देश्य / प्रतिफल**

- जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु ।
- विपद् पश्चातको पुनर्लाभ, पुनःस्थापना, पुनर्निर्माण र नव निर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु ।
- प्राकृतिक विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनिकरण गर्नु ।

**प्रतिफल ४.४ सँग सम्बन्धित (विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलता रणनीति )**

- खुल्ला क्षेत्र पहिचान तथा अभिलेखाङ्कन कार्य गर्ने,
- जोखिमयुक्त क्षेत्रमा अनिवार्य बिमाको व्यवस्था गर्ने
- स्थानीय श्रोत र साधनमा आधारित भूकम्प प्रतिरोधी घर निर्माण गर्न स्थानीय डकर्मीहरूलाई अनिवार्य निशुल्क तालिम दिने
- जलवायु परिवर्तनले निम्त्याएका समस्याहरूको पहिचान गरी त्यस्ता समस्यासँग जुध्न स्थानीय तथा समुदाय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने
- गाउँपालिकामा जलवायु परिवर्तनले पारेका मुख्य-मुख्य प्रभावहरूको अध्ययन गर्न विज्ञको परामर्श लिने र ती प्रभावहरू यकिन गर्ने
- नकारात्मक प्रभाव न्यूनीकरणका लागि जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गर्ने
- प्राकृतिक प्रकोप जोखिमयुक्त क्षेत्रमा घर, विद्यालय, अस्पताल तथा अन्य बस्ती जस्ता पूर्वाधार निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्ने
- मापदण्ड नपुगेका घरहरूलाई निश्चित मापदण्ड पुरा गरी निर्माण वा पुननिर्माण गर्न समय प्रदान गर्ने

## निर्दिष्ट कार्यनीति

**प्रतिफल ४.४ सँग सम्बन्धित (विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलता )**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| पालिका र वडा स्तर विपद व्यवस्थापन समिति गठन गरि विपद व्यबस्थापन योजना तयार गरि कार्यान्वन गरिने छ । | दंगीशरण विपद् व्यवस्थापन कार्यक्रम |
| विपद व्यवस्थापन र जोखिम न्यूनिकरण कोष प्रत्येक वडामा खडा गरिने छ । | |
| गाउँपालिका क्षेत्रमा जोखिमपूर्ण क्षेत्रहरु पहिचान गरि आश्रय स्थल, पूर्व तयारी, विपद व्यवस्थापन सम्बन्धि तालिम, तथा आपतकालिन सामग्रीहरुको भण्डारण गर्ने व्यवस्था मिलाईने छ । | |
| तटबन्ध तथा स्पर निर्माण गरिएको क्षेत्रमा बृक्षारोपण कार्यक्रम गरिने छ । | |
| विपद् व्यवस्थापनका लागि विपद् पूर्व तथा विपद पश्चात गर्नु पर्ने सचेतना तथा प्रतिकार्य योजना तयार गरिने छ । | |
| स्थानीय विपद् जोखिम व्यवस्थापन योजना (LDRMP) निर्माण गर्ने र गाउँपालिकाको आपतकालिन पूर्व तयारी तथा प्रति कार्य योजना (MEPRP) निर्माण गरिने छ । | |
| विपद तथा उच्च जोखिममा परेका घर परिवारलाई तत्काल राहत उद्धार र पूर्नस्थापना सम्बन्धी कार्यकम सञ्चालन गरिने छ । | |
| प्राकृतिक प्रकोपबाट हुने जोखिम, न्यूनिकरण गर्न पूर्व सूचना तयारी, उद्धार, राहत एवम् पूर्नस्थापना गरिने छ । | |
| समुदायमा आधारित विपद जोखिम न्यूनिकरण तथा विपद व्यवस्थापनको योजना तर्जुमा गरिने छ । | |
| भौतिक संरचनाहरूको वृद्धि एबम् कमजोर संरचनाको पुनर्स्थापना गरी समुदायको विपद् प्रतिरोधि क्षमता वृद्धि गरिने छ । | |
| संक्रामक रोग तथा महामारीबाट बच्ने उपायहरूका बारेमा स्थानीय सञ्चार माध्यमहरूबाट जनचेतनामूलक सन्देश नियमित रूपमा प्रवाह गर्ने | |

| | |
|---|---|
| सुरक्षा निकाय अन्तर्गत शसस्त्र प्रहरी, नेपाली सेना र नेपाल प्रहरीसँग समन्वय गरी विपद्को समयमा तम्तयार रहने संयन्त्र निर्माण गर्ने | |

**विपद् पश्चात्**

- विभिन्न रोगव्याध तथा महामारी फैलन सक्ने जोखिमको पूर्वानुमान गरी जनचेतना फैलाउने
- महामारीको सामना गर्न आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी तथा औषधीसहितको स्वास्थ्य उपचार टोलीको प्रबन्ध गर्ने
- सामुहिक भोजनको लागि भण्डारा ९ऋथ्कयल :भकक० सञ्चालन गर्ने
- सुरक्षित पिउने पानी, खाद्यान्न, औषधी, कम्बल, त्रिपाल, भाँडाकुडा लगायत लत्ताकपडाको आपूर्तिको व्यवस्था मिलाउने
- मनो-सामाजिक परामर्श टोली परिचालन गर्ने
- आवास पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने
- भत्केका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी लगायत सार्वजनिक संरचनाहरूको पुनर्निर्माण तथा पुर्नस्थापना गर्ने
- पोषणयुक्त आहारको प्रबन्ध गरी बालबालिका, सुत्केरी, गर्भवती, बृद्धबृद्धा, अनाथ, अपाङ्गहरूलाई प्राथमिकता दिने
- अस्थायी प्रकृतिका सेवा केन्द्रहरूको व्यवस्था गर्ने
- अस्थायी शौचालयहरूको निर्माण गर्ने
- जनजीवन सामान्य हुँदै जाँदा विद्यालय सञ्चालन गर्न पहल गर्ने

**७.४.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका**

योजनाको अन्तमा विपद् व्यवस्थापन सम्बन्धी कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था र यस सँग सम्बद्ध योजना तथा कार्यक्रम तर्जुमा गरी लागु भएको हुनेछ। जलाधारको व्यवस्थापनबाट जल उत्पन्न प्रकोप तथा जोखिम न्यूनीकरण भएको हुनेछ। विपद्जोखिमको पूर्वानुमान सूचना, खोज तथा उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ । मानवीय कारणले उत्पन्न हुने प्रकोप न्यून हुनुका साथै जलवायु परिवर्तनका असरहरूको अनुकूलन तथा न्यूनीकरण भएको हुने छ ।

# अध्याय आठ संस्थागत विकास तथा सुशासन क्षेत्र

नेपालको संविधानले कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सवै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने, शासन व्यवस्थामा समानुपातिक सहभागिता मूलक सिद्धान्तलाई आत्मसात गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने उद्देश्य लिएको छ । संविधानले निर्देश गरेका सिद्धान्तमा आधारित भै देश र जनताका लागि परिलक्षित दायित्व पूरा गर्न लोकतान्त्रिक प्रणालीमा अपनत्व र विश्वास रहने गरी विकासका लागि टेवा दिन सक्ने राजनीतिक र प्रशासनिक प्रणालीको विकास गर्न जरुरी छ । त्यस्तै नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई संघीय शासन पद्दतिको मूल आधार मानेको छ । सोही मर्मलाई आत्मसात् गर्दै संविधानले निर्धारण गरेको क्षेत्राधिकारको अभ्यासबाट सुशासनमैत्री र समृद्ध गाउँपालिका निर्माण गर्न आवश्यक छ ।

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ । राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुर्‍याउन सकिन्छ ।

गाउँपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ ।

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमी

स्थानीय तह सेवा प्रवाहको अग्रणी सरकार भएकोले स्थानीय स्तरमा प्रभावकारी सेवा प्रवाह गर्न शासकीय प्रणालीमा राम्रा अभ्यासहरुका शुरुवात गर्दै पारदर्शी र छरितो रुपमा सार्वननिक सेवा प्रवाह गर्न जरुरी हुन्छ । सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जन उत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्तहुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति दिन आवश्यक हुन्छ । सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै स्थानीय सरकारवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न आवश्यक छ । शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समुदाय डछ र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु प्रशासकीय सुशासनको मूलमर्म हो ।

त्यस्तै, सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत्‌वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु स्थानीय सरकारको दायित्व हो । सार्वजनिक आय व्ययको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउँदै लैजानको लागि सूचना प्रविधिमा

आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिन आवश्यक छ । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको समेत विकास गरिनु आवश्यक छ । सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, जनमुखी, अनुमानयोग्य र कानुन सम्मत रुपमा सहज र सरल तरिकाले उपलब्ध गराई सबै तह र स्वरुपका भ्रष्टाचार एवं अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त समाज बनाउन जरुरी छ । नीतिगत भ्रष्टाचार वर्तमान समयमा मूल समस्याको रुपमा रहँदै आएको छ । स्थानीय तहमा सार्वजनिक निकायमा हुने ढिलासुस्ती, अनियमितता तथा अनिर्णय जस्ता विकृति एवं भ्रष्टाचारजन्य क्रियाकलापको निराकरण गर्न आवश्यक रहेको छ । स्थानीय तहमा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको विकास गरी सदाचार र सुशासन प्रवर्द्धन गर्न जरुरी छ ।

## ८.१.२ समस्या तथा चुनौती

### समस्या

स्थानीय तहको क्षमता अभिवृद्धि नहुनु, सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रविधिको समुचित उपयोग गर्न नसक्नु, पारदर्शिता र जवाफदेहिताको प्रणालीमा पूर्ण रुपमा विकास भई नसक्नु, समन्वयको अभाव, पर्याप्त दक्ष जनशक्ति उपलब्ध नहुनु, कर्मचारीमा सुशासन कायम गर्न चाहिने सीप र ज्ञानको कमी, सुशासन कायम गर्न दिशानिर्देश गर्ने संयन्त्रको कमी, प्रशासनिक क्षेत्रमा बढ्दो राजनीतिक हस्तक्षेप, प्रशासनिक अनुशासनमा ह्रास, न्यून वेतनधारी कर्मचारी, वृत्ति विकास प्रणालीको अभाव, प्रोत्साहन र प्रशिक्षणको अभाव, चालु खर्चमा बढोत्तरी र वेरुजुको मात्रामा वृद्धि हुदै जानु, आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था कमजोर हुनु, विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु, भ्रष्टाचारका आयाम तथा स्वरुपमा परिवर्तन हुनु, भ्रष्टाचार विरोधी संस्कृतिको विकास नहुनु, अपेक्षित उत्तरदायित्व र जवाफदेहिता बहन गर्ने संस्कृति नहुनु, संघीयता कार्यान्वयनको स्पष्ट मार्गचित्र तयार भइ नसक्नु, संघ, प्रदेश र स्थानीय तहका सरकार बीच अन्तरसम्बन्ध परिभाषित भए तापनि कार्यान्वयनमा प्रष्टता नहुनु, एक अर्को सरकार बीच अपेक्षित समन्वय कायम हुन नसक्नु र स्थानीय तहको क्षमता विकासको स्पष्ट योजना नबन्नु आदि यी क्षेत्रहरुका प्रमुख समस्या रहेका छन् ।

### चुनौती

जनताको घर दैलोमा विकासका कार्यक्रम पुऱ्याउनु, पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र प्रभावकारिता कायम गर्नु, स्थानीय प्रशासनको क्षमता अभिवृद्धि गर्नु, जनतामा उत्साह पैदा गर्नु, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु, सदाचार र मितव्ययिता कायम गर्नु, प्रभावकारी व्यवस्थापन गर्नु, सहभागितामूलक गुणस्तरीय सेवाप्रवाहको सुनिश्चितता गर्नु, राष्ट्र सेवकहरूमा समर्पण र जनताप्रति सेवाभाव जगाई स्थानीय सरकारको उपस्थिति, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्नु, कर्मचारीको क्षमता विकास गर्नु, कर्मचारीमा सदाचार संस्कृतिको विकास गर्नु, स्थानीय सरकारको अनुभूति जनतामा दिलाउनु, समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु, पूँजीगत खर्च वृद्धि गर्नु, आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु, अनुगमन कार्यक्रमलाई यथार्थपरक बनाउनु, खरिद कार्यलाई मितव्ययी र प्रतिस्पर्धी बनाउदै आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्य गर्नु, भ्रष्टाचार

नियन्त्रण सम्बन्धी संस्थागत व्यवस्था गर्नु, कर्मचारीको न्यून बेतन हुनु, भ्रष्टाचारीलाई सामाजिक बहिष्कार हुनुपर्नेमा सम्मान प्राप्त हुनु प्रमुख जस्ता चुनौती रहेका छन् ।

त्यस्तै प्रशासन र राजनीतिबीच अन्तर सम्बन्ध परिभाषित गर्नु, स्पष्ट कानुनी आधार नहुनु, पर्याप्त संस्थागत संरचना तथा भौतिक पूर्वाधारको व्यवस्था गर्नु, कर्मचारी व्यवस्थापन गर्नु, वित्तीय संघीयताको वैज्ञानिक विधि अपनाई कार्यान्वयन गर्नु, संघीयताको मूल्य र मान्यतालाई आत्मसात गर्नु र सबैका बीचमा समन्वय स्थापित गरी संविधानले तोकेका अधिकारको अभ्यास गर्नु थप प्रमुख चुनौती रहेका छन् ।

### ८.१.३ संभावना तथा अवसर

स्थिर सरकार गठन हुनु, साक्षरता दर बढ्नु, नागरिकले आफ्नो घरदैलोमै सेवा र सुविधा पाउने अवस्था सिर्जना हुनु, सरकारको काम कारबाहीमा नागरिक स्तरबाट निगरानी गर्न सक्ने वातावरण तयार हुनु, आयोजनाको छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा जनसहभागीता बढ्ने वातावरण बन्नु, अपेक्षित विकासको लक्ष्यमा पुग्न अनुकूल वातावरण तयार हुनु, सवै तहमा कर्मचारी समायोजन हुनु, सुशासनको व्यवस्थापन गर्न विभिन्न आवश्यक ऐन, नियम तर्जुमा हुनु, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग अभिवृद्धि हुनु, सार्वजनिक प्रशासन समावेशी हुँदै डट जानु, विकास र सेवा प्रवाह प्रभावकारी हुँदै जानु, स्थानीय सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ १ भित्र पेश गर्ने व्यवस्था गरिनु, लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली, सार्वजनिक सेवा लेखामान (NEPSAS) तयार गरी सो अनुसार प्रतिवेदन प्रणाली विकास गरिनु, भ्रष्टाचार विरुद्ध कानुनी संरचनाको निर्माण हुनु, सक्रिय नागरिक समाज तथा सञ्चार जगत हुनु, भ्रष्टाचार विरुद्धको अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाउनु आदि अवसरका रुपमा रहेका छन् । त्यस्तै सुरक्षा निकायहरुका संरचनाहरुमा विस्तार, जन चेतनामा आएको सुधार, अनुसन्धान र सूचना प्रविधिमा भएको विकास र सञ्चार सुविधाको तीव्र विस्तार पनि यस क्षेत्रको अवसरका रुपमा रहेको छ ।

### ८.१.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना

**लक्ष्य /असर**

- सुशासन, जनउत्तरदायी प्रशासन, व्यवस्थित तथा पारदर्शी आयव्यय र भ्रष्टाचार मुक्त गाउँपालिकाको प्रत्याभूति गर्नु ।
- गाउँपालिकाले समाबेशी सहभागीता मुलक प्रक्रिया मार्फत विकासका योजनाहरु तर्जुमा एवम् सुशासन र सामाजिक उत्तर दायित्वको अबधारणालाई अबलम्बन गर्दै श्रोतको अधिकतम परिचालनबाट नागरिक तथा सेवाग्राहीहरुलाई सहज रुपमा  गुणस्तरीय एवं प्रभावकारी सेवा प्रदान गर्ने ।
- स्थानीय तहका सबै नागरिकलाई संघीय शासन पद्धतिबाट प्राप्त हुने लाभमा समान पहुँच र अवसर सुनिश्चित गर्ने ।

**उद्देश्य /प्रतिफल**

- संघिय, प्रादेशिक तथा स्थानीय ऐन, कानूनको परिपालना बाट सेवा प्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि भएको हुनेछ,

- प्रभावकारी सँगठन संरचना निर्माणका साथै संस्थागत क्षमता विकास भई गुणस्तरीय सेवा प्रवाहमा अभिवृद्धि भएको हुनेछ,
- गाउँपालिकाको काम कारवाहीलाई पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री बनाई शासन व्यवस्थामा जनविश्वास अभिवृद्धि गर्नु,
- गाउँपालिकाको दीगो र नियमित प्राप्त हुने सक्ने वित्तीय श्रोतको पहिचान भई अधिकतम उपलव्धी हुने क्षेत्रहरुमा श्रोत परिचालन भएको हुनेछ,
- स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजा मूलक र प्रभावकारी भएको हुनेछ,
- जनताको नजिकमा रहेर छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु,
- राजनीतिक एवं प्रशासनिक नेतृत्व विकासको माध्यमबाट संघीयता सुदृढीकरण गर्नु
- सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारिता वृद्धि गर्नु,
- भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्नु,

**संस्थागत विकास तथा सुशासन अन्तर्गतका रणनीति**

**प्रतिफल ५.१ सँग सम्बन्धित (सुशासन)**

- प्रशासनिक संयन्त्रको मनोवल उच्च राख्न आवश्यक पर्ने संयन्त्रको नीतिगत व्यवस्था, त्यसको कार्यान्वयन र अनुगमन गर्ने,
- पदाधिकारी तथा कर्मचारीको कार्य सम्पादनलाई मापन योग्य बनाउने,
- स्थानीय परिप्रेक्ष र आवश्यकताका आधारमा कानून निर्माण तथा कार्यान्वयन गर्ने,
- **"भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता"** को नीति अवलम्बन गरिने,
- सहभागीतात्मक लोकतान्त्रिक चरित्रको विकास गर्ने ।
- आपसी सद्भाव र मेलमिलापको माध्यम बाट सभ्य समाजको निर्माण गर्न नागरिकलाई प्रेरित गर्ने ।

**प्रतिफल ५.२ सग संबन्धित (संस्थागत संरचना तथा मानव संसाधन विकास )**

- "**स्मार्ट कर्मचारी प्रशासन**"को संरचनात्मक व्यवस्था र जनप्रतिनिधि र कर्मचारीको क्षमता बृद्धी गर्ने,
- स्थानीय प्रशासनलाई जनउत्तरदायी बनाउन आवश्यक व्यवस्था गर्ने ।
- स्थानीय तहबाट सम्पन्न गरिने योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा मानव अधिकारमुखी पद्धति अपनाउने ।

**प्रतिफल ५.३ सँग संबन्धित (वित्तीयश्रोत परिचालन)**

- आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृणीकरण गर्ने,
- सार्वजनिक, नीजि तथा स्थानीय समुदायको सहभागितामुलक प्रकृयाबाट स्रोत परिचालनको मोडालिटी बनाउने,

**प्रतिफल ५.४ सँग संबन्धित (योजना व्यवस्थापन)**

- समाबेशी सहभागीतामुलक योजना तर्जुमा प्रक्रिया, सामाजिक उत्तरदायित्व तथा जबाफदेहिताका बिधिहरुको कार्यान्वयनलाई संस्थागत गर्ने,
- वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने ।

**कार्यनीति**

**क) वहुआयामिक कार्यनीति**

- गाउँपालिकाको संस्थागत सुधारकालागि सुशासन तथा संस्थागत विकास मातहत "**संस्थागत विकास कार्यक्रम**" सञ्चालन गरिने छ ।
- गाउँपालिकामा विषय क्षेत्रगत विज्ञको स्थाई संरचना निर्माण गरिने छ ।

**ख) निर्दिष्ट कार्यनीति (प्रतिफल ५.१ सँग सम्बन्धित (सुशासन, ऐन नियम, कानून, नीति तथा जवाफदेहिता उपक्षेत्रको उद्धेश्य** )

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| नेपालको संविधान, अनुसूची-८ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भए अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरुमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ । | संस्थागत विकासका लागि नीतिकार्यक्रम तथा योजना तजुर्मा कार्यक्रम |
| संघीयता कार्यान्वयन गर्न प्रदेश र स्थानीय तह बीचका समस्याहरू समाधान गरिनेछ । | |
| विगत आर्थिक वर्षमा भएका ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधिहरुको आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्ने र यसको प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । | |
| गाउँपालिकाको न्याय प्रणालीलाई प्रभावकारी बनाउन न्यायीक समिति अर्न्तग सम्बन्धित क्षेत्रका विज्ञको संलग्नतालाई सुनिश्चित गरिने छ । | |

| | |
|---|---|
| सुशासन तथा ऐन कानुन जवाफदेहिताको लागी गुनासो सुनवाई योजनाको सुपरीवेक्षण गरिने छ । | |
| सार्वजनिक सेवा प्रवाहमा र सुशासन स्थापनामा समस्याको रुपमा रहेको **“भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता”** को नीति अवलम्बन गरिनेछ । जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति लगायत सबै निकायलाई नागरिक प्रति उत्तरदायी बनाउने व्यवस्था मिलाइनेछ । | |
| प्रत्येक वडामा कानुन व्यवसाहीको परामर्शदाताको गरिने छ । | |
| सार्वजनिक पदधारण गरेका व्यक्तिले सदाचारलाई जीवन शैलीकै रुपमा अनुसरण गर्नुपर्ने व्यवस्था गरिने छ । | |
| गाउँपालिका तथा वडा कार्यालयहरुलाई सूचना प्रविधि युक्त बनाईनेछ । सेवा प्रवाहको प्रभावकारीतालाई नियमित रुपमा अनुगमन गर्न सामाजिक सञ्जाललाई जनतासँग स्थानीय सरकार जोड्ने माध्यमको रुपमा प्रयोग गरिने छ । | प्रविधि मैत्री शुसासन कार्यक्रम |
| सामाजिक सुरक्षा भत्ता लगायत स्थानीय सरकारले दिने सम्पूर्ण सेवा सुविधालाई आधुनिक सूचना प्रविधि प्रणालीसँग आवद्ध गरी सेवालाई मितव्ययी वनाईने छ । | |
| गाउँपालिकाको निर्णय प्रकृयामा स्थानीयको सहभागितालाई सुनिश्चित गर्न सुचना प्रणाली तथा सामाजिक सञ्जालको प्रयोग गरिने छ । | |
| वाल, अपाङ्ग तथा महिला मैत्री स्थानीय शासन कायम गर्न कार्यक्रमहरु सञ्चालन गरिने छ । | |
| गाउँपालिकाको मुख्य मुख्य बजार क्षेत्रमा सिसि टि.भि. जडान गरी अपराध नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न सहजिकरण गरीने छ । | |

**प्रतिफल ५.२ सग संबन्धित (संस्थागत संरचना तथा मानव संसाधन विकास )**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| गाउँपालिकाको जनशक्ति व्यवस्थापनकालागि संगठन तथा व्यवस्थापन सर्वे गरी तदअनुरुप संस्थागत संरचना निर्माण गरिने छ | **संस्थागत संरचना तथा मानव संसाधन विकास** |
| दरबन्दी र आवश्यक्तानुसारको कर्मचारी व्यवस्थापनको लागी संघ तथा प्रदेशमा पहल गरिनेछ र क्षमता विकासको लागी तालिम प्राप्त जनशक्तिको व्यवस्था मिलाईने छ। | |
| गाउँपालिका सबै वडा कार्यालयलाई भौतिक सुविधा सम्पन्न बनाईने छ। | |
| गाउँपालिका द्वारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका कोषहरु स्थापना गरी आवश्यकता र आर्थिक श्रोतको आधारमा रकम जम्मा गर्ने व्यवस्था मिलाईने छ। | |
| गाउँपालिकामा नगर प्रमुख मातहत रहने गरी विषय विज्ञताको समुह निर्माण गरिने छ। | |
| निश्चित कार्ययोजना सहित कार्यसम्पादनको मापन गर्ने गरी परिचालन गरिनेछ। | |
| सफल नेतृत्वलाई आदर्श र अनुकरणिय व्यक्तिको रुपमा सम्मान गर्ने संस्कृतिको विकास गरिने छ। | |
| पदाधिकारीको कार्य जिम्मेवारी र जवाफदेहिता तोकेर कार्य सम्पादन सूचक सहितको कार्यसम्पादन सम्झौताको व्यवस्था गरिनेछ। | |

**प्रतिफल ५.३ सँग संबन्धित (वित्तीयश्रोत परिचालन)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| हाल विद्यमान कर, सेवा शुल्क तथा दस्तुरको दर घटाई दायरा बढाउने रणनीति लिईने छ। त्यसका लागि राजश्व सुधार कार्ययोजना तयार गरिने छ। | आन्तरिक राजश्व सुधार तथा अभिबृद्धि कार्यक्रम |

| | |
|---|---|
| सरकार, निजि क्षेत्र, सहकारी तथा समुदायको समान सहभागितामा पूजी निर्माण युक्त आयोजनाहरु निर्माण गरी कार्यान्वयन गरिने छ । | |
| नगरवासी क्रयशक्ति वढाउने तथा व्यवासायी र उद्योगी को उत्पादन वचत वढ्ने उपायहरुको नीतिगत व्यवस्था गरिने छ । | |
| गाउँपालिका अर्न्तगताका वडाहरुको स्रोत नक्शा तयार गर्ने कार्य अगाडी बढाईने छ । | |
| गाउँपालिकामा कार्यरत स्थानीय तह तर्फका स्थायी कर्मचारीहरुका लागि योगदानमा आधारित अवकाश कोषको व्यवस्था मिलाईने छ । | वित्तिय स्रोत परिचालन तथा पूजी निर्माण कार्यक्रम |
| गाउँपालिका र वडा कार्यालयबाट संचालन हुने योजनाहरुको अनुगमन र निरीक्षण कार्यमा सम्बन्धीत वडाका निर्वाचित वडा सदस्यहरुलाई जिम्मेवार बनाउने विधि र प्रक्रियाको पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ । | |
| गाउँपालिकाको समग्र विकासका लागि आवश्यक पर्ने जनशक्तिको पहिचान गरी दक्षता अभिबृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ । | |
| वेरुजु न्यूनिकरणका लागि नीति तथा कार्यक्रम निर्माण गरिने छ । | |
| लगानी मैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिने छ । | |

**प्रतिफल ५.४ सँग संबन्धित (योजना व्यवस्थापन)**

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| पालिका स्तरीय योजना वैंक निर्माण गरीने छ | योजना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम |
| लाभ लागत विश्लेषणका आधारमा योजनाको छनौट तथा कार्यान्वयन गरिने छ । | |
| संघीय ऐन तथा स्थानीय कार्यविधिअनुसार वार्षिक योजना तथा बजेट तर्जुमाको प्रकृया अवलम्बन गरिनेछ | |

| | |
|---|---|
| । | |
| स्थानीय वस्तुगत विवरण, तथ्यांक र आवश्यकताको आधारमा योजना तर्जुमा गरिनेछ । | |
| चौमासिक योजना कार्यान्वयन तथा प्रगतिको समिक्षा सम्बन्धी प्रकृया तयार गरी कार्यान्वयन गरिनेछ । | |
| विषय क्षेत्रगत  योजना तर्जुमा गरी लागू गरिनेछ । | |
| योजना व्यवस्थापनका लागी बनाइएका योजना संरक्षण गरी कार्यान्वयनमा ल्याइनेछ । | |

### ८.१.५ अपेक्षित उपलब्धीहरु तथा नतिजा खाका

स्थानीय तहको शासन व्यवस्था प्रभावकारी रुपमा सञ्चालन गर्न सक्ने क्षमतायुक्त र कुशल नेतृत्व निर्माणका लागि आवश्यक योजना निर्माण भएको हुने, सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरिएको हुने, सक्षम र सफल नेतृत्व मार्फत नपाको विकासले गति लिएको हुनेछ । गाउँपालिकाको लागि आवश्यक कानुन, नीति, संस्थागत संरचना निर्माण भएको हुने, संघीयता सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने, जनताले सरल, सहज र छरितो सेवा प्राप्त गरेको हुने, जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि भएको हुनेछ ।

त्यस्तै प्रत्यक्ष अनुगमन प्रणालीबाट विकास कार्यक्रम समयमै सम्पन्न भै दंगीशरण गाउँपालिकाको शासन व्यवस्थामा सकारात्मक सुधार आएको हुनेछ । सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित कार्यप्रणालीको विस्तार भै गुणस्तरीय सेवाप्रवाह भएको हुनेछ । कर्मचारी सेवाप्रति उत्तरदायी भई जिम्मेवारीपूर्वक कार्य सम्पादन हुनेछ । जनताले स्थानीय सरकारसँग सहज ढंगले सूचना प्राप्त गर्न सक्नेछन्। वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको, राजस्व परिचालन प्रभावकारी रुपमा भएका र सार्वजनिक खर्च व्यवस्थित भई बेरुजु कम भएको हुनेछ । भ्रष्टाचार नियन्त्रणमा उल्लेख्य प्रगति भएको हुनेछ ।

# अध्याय नौ कार्यन्वयन व्यवस्था

नेपालको नयाँ संविधान, २०७२ ले संघ, प्रदेश र स्थानीयतहको तथ्यांकिय अधिकार स्पष्ट किटानी गरेकोछ । उत्पादित तथ्यांक तीन तहका सरकारका नीति तथा योजना तर्जुमा, अनुगमन र मूल्यांकनका साथै विकासको दीर्घकालीन सोच, दिगो विकास र लक्ष्य हाँसिल गर्नका लागि वस्तुगत आधार बन्न सक्नेछन् । प्रशासनिक अभिलेख, सूचना व्यवस्थान प्रणाली, अध्ययन अनुसन्धानका प्रतिवेदनको प्रशोधन र विश्लेषणबाट समेत तथ्यांक उत्पादन भैरहेको छ । तथ्यांक प्रणालीको विकासको लागि राष्ट्रिय रणनीति तर्जुमा भएको र नयाँ तथ्यांक ऐन तर्जुमाको चरणमा छ । योजना अवधिमा स्थानीय तहबाट उत्पादित यी तथ्यांकहरु राष्ट्रिय तथ्यांक प्रणालीमा आवद्धभएमा योजना तर्जूमा, अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढ गर्न सहयोग गर्नेछ ।

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा सशक्त स्वःअनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । कार्यान्वयन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । त्यसैले, गाउँपालिकाले आवधिक योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ । वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तदअनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनु पर्दछ ।

## ९.१ पृष्ठभूमी

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ । गाँउपालिकामा गरिने हरेक विकासका क्रियाकलापहरू र समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा प्रतिबिम्बित गर्न मिल्दछ । तसर्थ हरेक क्रियाकलापलाई परिमाणमा देखाउँदा विकास र समृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा गाँउपालिकाको स्थितिबारे थाहा पाउन सकिन्छ । यसका लागि हरेक सूचनालाई अध्यावधिक गर्ने सूचना तथा तथ्यांक प्रणालीको आवश्यकता रहन्छ । अर्कोतर्फ राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग हुन सक्ने जोखिम रहन्छ ।

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र ब्यावहारिक कार्यनीति सहितको योजना आवश्यक पर्दछ । पहिलो योजनाकालदेखि नै सामाजिक-आर्थिक क्षेत्रमा उल्लेख्य उपलब्धि हाँसिल गर्ने लक्ष्य सहित रणनीति र कार्यकम समावेश गरी आवश्यक श्रोतको विनियोजन गर्दै

आएको भएता पनि अपेक्षाकृत उपलब्धि भने हाँसिल हुन सकेको छैन । योजना प्रणालीलाई राजनैतिक परिवर्तन सापेक्ष नतिजामुखी र यथार्थपरक बनाउन निरन्तर प्रयासहरु हुँदै आएका छन्। तेह्रौं योजनाबाट नतिजा खाकाको अवधारणालाई आत्मसात गरी यसलाई थप परिष्कृत बनाउँदै योजनासंग मध्यकालीन खर्च संरचना र आर्थिक विकास कार्यक्रमलाई आबद्ध गर्दै लगिएको छ । परिवर्तित संघीय संरचना अनुसार स्थानीय तहमा समेत योजना प्रणालीको विकास गरी संस्थागत गर्ने प्रयास बमोजिम स्थानीय तहमा योजनाबद्ध विकासको संस्थागत अवस्था भएको छ । प्रादेशिक तथा स्थानीय योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय र प्रादेशिक अनुगमन तथा मूल्यांकन दिगदर्शन तर्जुमा गरी कार्यान्वयनमा लगिएको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र सरकारले कार्यान्वयन गरेको योजनाको नियमित रुपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

## ९.३ विषय क्षेत्रगत अनुसार अनुमानित बजेट

| विषय क्षेत्र | आ व | वजेट अनुमान | | | | स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल वजेट ( लाख मा) | चालु ( लाख मां | पूँजीगत ( लाख मा) | वित्तिय व्यवस्था | संघ | | | प्रदेश | | | आन्तरिक स्रोत | आन्तरिक ऋण | नीजि क्षेत्र |
| | | | | | | १ | २ | ३ | १ | २ | ३ | | | |
| आर्थिक विकास | २०७८/७९ | ८००० | १६०० | ६४०० | | ० | ० | २००० | ० | ० | २००० | २००० | ० | २००० |
| | २०७९/८० | ४००० | ८०० | ३२०० | | ० | ० | ५०० | ० | ० | १५०० | १००० | ० | १००० |
| | २०८०/८१ | ४१५० | ८३० | ३३२० | | ० | ० | ५०० | १५०० | ० | ० | ५५० | ० | १५०० |
| **जम्मा** | | **१६१५०** | **३२३०** | **१२९२०** | | **०** | **०** | **३०००** | **१५००** | **०** | **३५००** | **३५५०** | **०** | **४५००** |
| सामाजिक विकास | २०७८/७९ | ८०७० | १६१४ | ६४५६ | | ० | ३००० | ० | ० | ३००० | ० | २०७० | ० | ० |
| | २०७९/८० | ७६०० | १५२० | ६०८० | | ० | २००० | ५०० | ० | २५०० | ५०० | १६०० | ० | ५०० |
| | २०८०/८१ | ४००० | ८०० | ३२०० | | ० | ५०० | ० | ० | १००० | ५०० | २००० | ० | ० |
| **जम्मा** | | **१९६७०** | **३९३४** | **१५७३६** | | **०** | **५००** | **५००** | **०** | **६५००** | **१०००** | **५६७०** | **०** | **५००** |
| पुर्वाधार विकास | २०७८/७९ | १०००० | २००० | ८००० | | ६०० ० | ५०० | ० | २०० ० | ० | ० | १००० | ० | ५०० |
| | २०७९/ | ८०५० | १६१० | ६४४० | | ४००० | ५० | ५०० | २५०० | ० | ० | १००० | ० | ० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ८० | | | | | | | | | | | | |
| | २०८०/८१ | ८००० | १६०० | ६४०० | | ३०००० | ० | ५०० | ० | २५०० | ० | १५०० | ० | ५०० |
| **जम्मा** | | २६०५० | ५२१० | २०८४० | | १३००० | ५५० | १०० | ४५०० | २५०० | ० | ३५०० | ० | १००० |
| **वन तथा विपद् व्यवस्थापन** | २०७८/७९ | ४००० | ८०० | ३२०० | | ० | ५०० | ५०० | ० | १००० | ५०० | ५०० | ० | १००० |
| | २०७९/८० | २००० | ४०० | १६०० | | ० | ५०० | ० | ० | ५०० | ० | १००० | ० | ० |
| | २०८०/८१ | १९५० | ३९० | १५६० | | ० | ३०० | २०० | ० | ५०० | २०० | ५०० | ० | २५० |
| **जम्मा** | | ७९५० | १५९० | ६३६० | | ० | १३०० | ७०० | ० | २००० | ७०० | २००० | ० | १२५० |
| **सँस्थागत विकास** | २०७८/७९ | ४०० | ८० | ३२० | | ० | ० | ० | ० | ० | ० | ४०० | ० | ० |
| | २०७९/८० | २०० | ४० | १६० | | ० | ० | ० | ० | ० | ० | २०० | ० | ० |
| | २०८०/८१ | १०० | २० | ८० | | ० | ० | ० | ० | ० | ० | १०० | ० | ० |
| **जम्मा** | | ७०० | १४० | ५६० | | ० | ० | ० | ० | ० | ० | ७०० | ० | ० |

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

तोकिएको समयसिमा भित्र समष्टिगत लक्ष्य, उद्देश्य र प्रतिफल प्राप्त गर्न दंगीशरण गाउँपालिकाले आफ्नो आन्तरिक राजस्व तथा आयकासाथै संघ र प्रदेशबाट प्राप्त हुने अनुदानमा भरपर्नुपर्ने हुन्छ । गाउँपालिकाले आगामी पाँच वर्षमा प्रक्षेपित राजश्वका आधारमा आवधिक योजनामा उल्लिखित प्रतिफल हासिल गर्न बार्षिक योजना र त्यसको  कार्यान्वयनमा ध्यान दिनु पर्ने हुन्छ । त्यसकालागि पालिकाले आन्तरिक  श्रोतको खोजि र त्यसको परिचालन गर्नु पनि त्यतिकै आवश्यक हुन्छ ।

तालिकामा गाउँपालिकाको चालु आवको लागि विनियोजित बजेट र त्यसैको आधारमा आगामी ५ बर्षकालागि प्रक्षेपित राजश्व परिचालनको अवस्थालाई प्रस्तुत गरिएको छ । आ व २०८२ /८३ सम्म गाउँपालिकाले परिचालन गर्न सक्ने कुल पुजीगत खर्च २ अर्व ८० करोड ३५ लाख प्रक्षेपण गरिएको छ । उक्त प्रक्षेपण संघ, प्रदेश, आन्तरिक आम्दानी र अन्य निकायबाट गाउँपालिकाले प्राप्त गर्ने राजश्व प्रतिवर्ष न्युनतम ७ प्रतिशतका दरले वढ्दै जाने अनुमानका साथ तयार पारिएको हो । ७ प्रतिशतको बृद्धि दर यस अघिका राजश्वको बृद्धिदरको प्रबृत्तिका आधारमा तयार पारिएको हो ।

| आय शिर्षक | आ.व.०७७।७८ | आ.व.०७८।७९ | आ.व.०७९।८० | आ.व.०८०।८१ | आ.व.०८१।८२ | आ.व.०८२।८३ | कूल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|
| **समानिकरण** | | | | | | | **१,०५६,०९७,५३८.३८** |
| संघ | १३५,२००,००० | १४४,६६४,००० | १५४,७९०,४८० | १६५,६२५,८१४ | १७७,२१९,६२१ | १८९,६२४,९९४ | **९६७,१२४,९०८** |
| प्रदेश | १२,४३८,००० | १३,३०८,६६० | १४,२४०,२६६ | १५,२३७,०८५ | १६,३०३,६८१ | १७,४४४,९३८ | **८८,९७२,६३०** |
| **राजश्व वांडफांड** | | ० | ० | ० | ० | ० | **८७५,९००,४२२** |
| संघ | ९०,४७५,२०० | ९६,८०८,४६४ | १०३,५८५,०५६ | ११०,८३६,०१० | ११८,५९४,५३१ | १२६,८९६,१४८ | **६४७,१९५,४१०** |
| प्रदेश | ३१,९७२,००० | ३४,२१०,०४० | ३६,६०४,७४३ | ३९,१६७,०७५ | ४१,९०८,७७० | ४४,८४२,३८४ | **२२८,७०५,०१२** |
| शसर्त | | ० | ० | ० | ० | ० | **२,४५५,३८१,३५३** |
| संघ | ३२८,२५२,००० | ३५१,२२९,६४० | ३७५,८१५,७१५ | ४०२,१२२,८१५ | ४३०,२७१,४१२ | ४६०,३९०,४११ | **२,३४८,०८१,९९२** |
| प्रदेश | १५,०००,००० | १६,०५०,००० | १७,१७३,५०० | १८,३७५,६४५ | १९,६६१,९४० | २१,०३८,२७६ | **१०७,२९९,३६१** |
| समपुरक | | ० | ० | ० | ० | ० | **१७८,८३२,२६९** |
| समपुरक संघ | २५000000 | २६,७५०,००० | २८,६२२,५०० | ३०,६२६,०७५ | ३२,७६९,९०० | ३५,०६३,७९३ | **१७८,८३२,२६९** |
| समपुरक प्रदेश | ८७1000 | ९३१,९७० | ९९७,२०८ | १,०६७,०१२ | १,१४१,७०३ | १,२२१,६२३ | **६,२३०,५१६** |
| विशेष अनुदान संघ | 10000000 | १०,७००,००० | ११,४४९,००० | १२,२५०,४३० | १३,१०७,९६० | १४,०२५,५१७ | **७१,५३२,९०७** |
| आन्तरिक | ९२,०००,००० | ९८,४४०,००० | १०५,३३०,८०० | ११२,७०३,९५६ | १२०,५९३,२३३ | १२९,०३४,७५९ | **६५८,१०२,७४८** |
| | **७४१,२०८,२००** | **७९३,०९२,७७४** | **८४८,६०९,२६८** | **९०८,०११,९१७** | **९७१,५७२,७५१** | **१,०३९,५८२,८४४** | **५,११७,०१४,९६९** |
| प्रशासनिक खर्च र सामाजिक सुरक्षा भ | २८७२11000 | ३०७,३१५,७७० | ३२८,८२७,८७४ | ३५१,८४५,८२५ | ३७६,४७५,०३३ | ४०२,८२८,२८५ | **२,०५४,५०३,७८७** |
| सशर्त अनुदानको ६० प्रतिसत | | | | | | | **९८२,१५२,५४१** |
| कुल लगानी योग्य राजश्व प्रक्षेपण | | | | | | | **२,०८०,३५८,६४१** |

### (क) मध्यकालिन खर्च संरचनाको खाका

दंगीशरण गाउँपालिकाको त्रिवर्षिय मध्यकालिन खर्च संरचना अन्तर्गत कुल ७ अर्व ५२ करोड राजश्व परिचालन हुने प्रक्षेपण गरिएको छ । कुल प्रक्षेपित विनियोजित राजश्व मध्ये सवै भन्दा वढी ३६.९४ प्रतिशत पूर्वाधार क्षेत्रका लागि विनियोजन गरिएको छ भने सामाजिक विकासका लागि २७.८९ र आर्थिक विकासका लागि २२.९ प्रतिशत राजश्व परिचालन हुने अनुमान गरिएको छ । यो प्रक्षेपण गाउँपालिकाको राजश्व परिचालनको प्रक्षेपण भन्दा करीव ५ अर्वले वढी हुन आउँछ । तसर्थ गाउँपालिकाले आगामी ५ वर्षमा तपशिलका आयोजना तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ को अनुसूची ११ अन्तर्गत प्राथमिकतामा पर्न सक्ने योजनाहरुको कार्यान्वयनका लागि संघ, प्रदेश, नीजि क्षेत्र, सहकारी लगायतका विभिन्न निकायहरुसँग सहकार्य गर्नु पर्ने हुन्छ ।

आयोजनाहरु तथा राजश्व परिचालानको प्रक्षेपण पाँच वर्षका लागि गरिएकाले गाउँपालिकाले सम्पूर्ण आयोजनाहरुलाई चक्रिय रुपमा मध्यमकालिन खर्च संरचनाको खाका अनुसार कार्यान्वयन गर्दै जाने छ ।

| विषय क्षेत्र | कुल विनियोजित वजेट (रु लाखमा) | प्रतिशत |
|---|---|---|
| **१. आर्थिक विकास** | **१६१५०** | **२२.९०** |
| कृषि विकास | ३७०० | ५.२५ |
| पशु पंछि विकास | १६०० | २.२७ |
| उद्यम तथा व्यवसाय | २७०० | ३.८३ |
| पर्यटन विकास | ७९०० | ११.२० |
| बैंक वित्तिय संस्था तथा सहकारी | २५० | ०.३५ |
| **२. सामाजिक विकास** | **१९६७०** | **२७.८९** |
| शिक्षा | १०९० | १.५५ |
| स्वास्थ्य | ८५०० | १२.०५ |
| खानेपानी सरसफाई | ५८६० | ८.३१ |
| महिला, बालबालिका र लक्षित वर्ग | ५७० | ०.८१ |
| युवा तथा खेलकुद | २८५० | ४.०४ |
| कला भाषा साहित्य | ८०० | १.१३ |
| **३. पूर्वाधार विकास** | **२६०५०** | **३६.९४** |
| सडक, पुल | १८३५० | २६.०२ |
| आवास वस्ती विकास | २००० | २.८४ |
| विद्युत तथा उर्जा | ३३५० | ४.७५ |
| सूचना तथा संचार | ८५० | १.२१ |
| सिंचाइ | १५०० | २.१३ |
| **४.वन, वातावरण तथा विपद व्यवस्थापन** | **७९५०** | **११.२७** |
| वन तथा जैविक विविधता | १३०० | १.८४ |
| जलाधार तथा भुमि संरक्षण | २५०० | ३.५५ |
| सुन्दरता तथा स्वच्छता | १०५० | १.४९ |
| विपद व्यवस्थापन | ३१०० | ४.४० |
| **५. सुशासन तथा क्षमता विकास** | **७००** | **०.९९** |
| सुशासन तथा जवाफदेहिता | **१००** | **०.१४** |
| संस्थागत तथा मानव संसाधन क्षमता | **४००** | **०.५७** |
| **राजश्व तथा स्रोत परिचालन** | **१००** | **०.१४** |
| **योजना व्यवस्थापन** | १०० | **०.१४** |
| **कुल बजेट** | **७०,५२०** | **१००.००** |

त्यसैगरी मध्यकालिन खर्च संरचना अन्तर्गत दंगीशरण गाउँपालिकाले आफै कार्यान्वयन गर्ने तथा संघ प्रदेश लगायतका अन्य निकायसँग सहकार्य गरी कार्यान्वयन गर्ने आयोजनाको विस्तृत कार्यक्रममा प्रस्तुत गरिएको छ ।

## ९.५ स्रोत परिचालन रणनीति

### रणनीति

- स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ ।
- आवधिक विकास गयोजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ ।
- आवधिक विकास योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ ।
- विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ ।
- गाउँपालिका भित्र कानूनको परिधिमा रही सम्भाव्य करका दायरा बढाई सबै प्रकारका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने
- राजश्वका सम्भाव्य स्रोतहरूको अध्ययन गरी स्रोतको यकिन गर्ने । सार्वजनिक निजी साझेदारीलाई प्रबर्द्धन गर्न रणनीति बनाउने
- करदाता विवरणलाई डिजिटल प्रविधिमा आवद्ध गरी प्रत्येक करदाताको विद्युतीय कर खाता (Smart Tax Account) बनाई लागू गर्ने
- सम्पदा क्षेत्र तथा प्रमुख पर्यटकीय क्षेत्र, पोखरी आदिको ठेक्का गरी आगन्तुकहरूबाट शुल्क उठाई राजश्व सङ्कलन तथा त्यस्ता क्षेत्रको व्यवस्थापन गर्ने
- गाउँपालिकाको भोगाधिकारमा रहेको सार्वजनिक सम्पत्तिहरूको सदुपयोग गरी ती सम्पत्तिलाई उत्पादनशील कार्यमा लगाई नियमित राजश्व सङ्कलनको माध्यम बनाउने,
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ ।
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ ।
- प्राप्त अनुगमन प्रतिवेदन अनुगमन समितिमा र चौमासिक र बार्षिक प्रतिवेदनको चौमासिक र बार्षिक समीक्षा नियमित रुपमा नगरपालिकामा सबै सरोकारवालाहरुको संलगनतामा गरिनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइनेछ ।
- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ ।

- योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइनेछ । यसका लागि संघ र प्रदेशसंग समन्वय गरी कम्प्युटरमा आधारित एकिकृत सूचना प्रणालीका फर्मेटहरु विकास गरी आबद्ध गरिनेछ ।
- आवधिक विकास योजनाको मध्यावधि मूल्याङ्कन तेश्रो वर्षमा र अन्तिम मूल्याङ्कन गुरुयोजनाको समाप्ति पछि गरिनेछ ।
- दलित, अपाङ्ग, सीमान्तकृत समुदायको सशक्तिकरणका लागि उनीहरूले सञ्चालन गर्ने उद्योग, कलकारखाना तथा व्यवसाय दर्ता गर्दा विशेष छुटको व्यवस्था गर्ने ।
- अनुगमन र मूल्याङ्कन प्रतिवेदन गाउँपालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिनेछ ।

## ९.६ आवधिक योजना कार्यन्वयन

### (क) विकास योजना प्राथमिकीकरण गर्दा अवलम्बन गर्नु पर्ने आधारहरू

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि गाउँपालिका वा स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयबासीका आधारभूत आवश्यकताहरू जस्तै भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुर्‍याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न प्रभावकारी सिद्ध हुनेगरी निम्नानुसार गर्नुपर्दछ ।

सामान्यतया कुनैपनि कार्यक्रमलाई प्राथमिकताको आधारमा चार तहमा राखेर मूल्याङ्कन गर्न सकिन्छ ।

- **"अति उत्तम"- ३ अंक**

"अति उत्तम" तह अन्तर्गत कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **प्रत्यक्ष र उल्लेखनीय** योगदान पुर्‍याउँछ । अर्थात् कुनैपनि स्थानमा आवागमनमा निकै कठिनता छ र सडकको स्तरोन्नति गर्ने कार्यक्रमले आवागमनलाई प्रत्यक्ष र उल्लेखनीय प्रभाव पार्दछ भने सो कार्यक्रम कार्यान्वयनका हिसाबले पहिलो प्राथमिकता तथा अति उत्तम वर्गमा पर्दछ । यस प्रकारका कार्यक्रममा सो शिर्षक अन्तर्गत विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी रकम पर्न आउँछ ।

- **"उत्तम"- २ अंक**

"उत्तम" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **अप्रत्यक्ष तर उल्लेखनीय** योगदान पुर्‍याउँछ । अर्थात् कुनैपनि स्थानमा धार्मिक तथा अन्धविश्वासले सामाजिक कुरीति र जटिलता सिर्जना गरेको छ भने विद्यालय खोली शिक्षाको विकास गर्दा सामाजिक जटिलता न्यून गर्न अप्रत्यक्ष तथा उल्लेखनीय योगदान पुर्‍याउँछ । यस प्रकारको कार्यक्रम प्राथमिकताको हिसाबले दोस्रो प्राथमिकतामा पर्दछ भने यसलाई उत्तम मानी २ अंक प्रदान गर्नुपर्दछ । यस प्रकारको कार्यक्रममा समेत सम्बन्धित शिर्षक मध्ये ५० प्रतिशत भन्दा बढी बजेट विनियोजन हुन्छ ।

- **"सामान्य"- १ अंक**

"सामान्य" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **सामान्य वा कम** मात्र योगदान दिन्छ भने सो कार्यक्रममा विनियोजित रकम मध्ये ५० प्रतिशत भन्दा कम रकम मात्र छुट्याइन्छ । यस प्रकारको कार्यक्रम प्राथमिकताको आधारमा तेस्रो तहमा पर्दछ भने त्यसलाई १ अंक दिनुपर्दछ ।

- **"न्यून"- ० अंक**

"न्यून" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **न्यून वा योगदान नै नपुऱ्याउने** हुन्छ । यस प्रकारको कार्यक्रम प्राथमिकतामा पर्दैन तसर्थ यसलाई शुन्य अंक प्रदान गरिन्छ ।

यसरी कार्यक्रम प्राथमिकिकरण गर्दा विषय क्षेत्रगत विकास कार्यक्रम तथा उपक्षेत्रहरूका प्रत्येक कार्यक्रमहरूको मूल्याङ्कन गरी चार तहमा विभाजन गर्न सकिन्छ । अर्थात् उदाहरणको लागि भौतिक पूर्वाधार अन्तर्गत कुनै निश्चित स्थानदेखि अर्को स्थान जोड्न सडकको स्तरोन्नति गर्दा सो सडकले स्थानीयबासीको तत्कालीन वा दीर्घकालीन प्रमुख समस्या वा मागलाई कुन तहबाट सम्बोधन गर्न सक्छ भनी मुल्याङ्कन गर्नुपर्दछ । त्यसोगर्दा सो कार्यक्रम

अति उत्तम भए → पहिलो प्राथमिकता

उत्तम भए → दोस्रो प्राथमिकता

सामान्य भए → तेस्रो प्राथमिकता

न्यून भए → प्राथमिकतामा नपर्ने हुन्छ ।

एवम रीतले प्रत्येक विषयगत क्षेत्र र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रका सम्पूर्ण कार्यक्रमहरूलाई तोकिएको लक्ष्य हासिल गर्न कस्तो प्रकारको योगदान पुऱ्याउँछ भनी मूल्याङ्कन गर्दा माथि उल्लेखित तहहरूमा विभाजन गरेर प्राथमिकता निर्धारण गर्नुपर्दछ । यसकासाथै अन्य आधारमा :

(१) चालु वार्षिक योजनाको फराकिलो आधारको समावेशी आर्थिक उद्देश्य वृद्धिको लक्ष्य प्राप्तिमा कुन तहको योगदान पुऱ्याउँछ ?
(२) दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुन तहको योगदान पुऱ्याउँछ ?
(३) जनसहभागिता सुनिश्चित गर्न कुन तहको योगदान पुऱ्याउँछ ?
(४) समावेशीकरणमा कुन तहको योगदान पुऱ्याउँछ ?
(५) यदि सञ्चालित आयोजनाहरू छन् भने पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारीको अवस्था हेरी कुन तहको योगदान पुऱ्याउँछ ?

यसरी यी प्रश्नहरूले गर्दा कस्तो उत्तर आउँछ सोको आधारमा कार्यक्रमलाई माथि उल्लेखित

"अति उत्तम"
"उत्तम"
"सामान्य" र

"न्यून" तहमा विभाजन गरी प्राथमिकता निर्धारण गर्न सकिन्छ साथै स्थानीय विकास गुरुयोजनाको मूल लक्ष्य स्थानीयबासीका आधारभूत आवश्यकता सम्बोधन गरी क्रमशः उच्च विकासतर्फ लम्कनु पर्ने भएकाले कार्यक्रम तय गर्दा वडास्तरमा निम्न बमोजिम गर्नुपर्दछ ।

**वडा तहका योजना छनौट तथा प्राथमिकीकरण**

बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्न मद्दत गर्ने कार्यक्रमबारे छलफल गर्नु पर्दछ । वडा तहअन्तर्गतका बस्ती र टोल स्तरको आयोजनाहरू छनौट गर्दा निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ ।

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्ने हुन्छ ।

(ख) प्रत्येक वडाले वडा भित्रका बस्ती र टोलहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत् जानकारी गराउनु पर्नेछ ।

(ग) गाउँपालिका अन्तर्गतका वडाअन्तर्गत रहेका बस्ती/टोलको भेलामार्फत् बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने बस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्नुपर्ने हुन्छ ।

